# शिक्षक

www.teacher.org.np

मूल्य रु ५०/-

असार २०६९



शिक्षाको जपना र तपना

- डा. चैतन्य मिश्र



# कक्षामा ताजा कुरा

## कति लैजाने, कसरी लैजाने ?


Dabur
Glucose होइन,
Dabur
Glucose-D
33% FREE
Dabur
Glucose-D
VITAMIN D
& CALCIUM
NON-STOP ENERGY
99.4% Pure Glucose
FREE
Glass
नेपालमा सर्वाधिक
बिक्री हुने ग्लूकोज
Source: Nielsen Nepal - RMS (Dec - 2011)







## राहत, आराम र तरोताजा

९ वटा महत्वपूर्ण जडिबुटीयुक्त नवरत्नको नरम मालिसले मस्तिष्कलाई तरोताजा र शरीरलाई शितल राख्दछ ।

यसमा छ : लताकस्तुरी, नगरमोठा, जापा पुष्पा, भिङ्गराज, शैलजा, कसिर काकोली, करचुर, अमला र कुन्च


Mahindra
2 Wheelers
YOUR TRUE COMPANION
The most powerful and durable scooter of all, Duro is a perfect blend of durability, power & comfort. Be it design, speed, handling, or storage space, you can depend on it; Mahindra Duro has it all.
ANS-12
Duro
POWERFUL ENGINE
DIGITAL DISPLAY
LARGE FUEL TANK
LARGE BRAKES
ROOMY SEATS & AMPLE LEGROOM
LONGEST WHEEL BASE
LARGEST STORAGE
LONG-LASTING BATTERY
CHROME PLATED EXHAUST FENDER
TRENDY DECALS
Available colours:
Mahindra Duro 125
Authorised Distributor:
SHANKER S GROUP
SG GLOBAL PVT. LTD.
Showroom & Service Center: Malla Complex, Teku Road, Kathmandu, Contact: 4231057, 423105
Showroom: Narayan Chaur, Naxal, Kathmandu, Contact: 9808598647, 9841664671, 9841356183
Dealers: Jorpati : 01-4916068 • Chabahil : 9849707175 • Kumaripati : 01 - 5520041 • Bhaktapur : 01 - 5092336 • Banepa - 016226169 • Birtamod : 023 - 543044
• Damak : 023 - 582096 • Itahari : 025 - 587308 • Dharan : 9842491405 • Biratnagar : 9852048548 • Birgunj : 051-529685 • Janakpur : 041 - 527397
• Narayanghat : 056 - 533647 • Butwal : 071 - 543179 • Bhairahawa : 071 - 526419 • Dang : 082 - 560293 • Pokhara : 061 - 522905, 539279 • Nepalgunj : 081 - 550138
• Hetauda - 9841781263 • Surkhet : 083 - 521979 • Kawasoti : 9845026710 • Tikapur : 9848432092 • Tandi : 056-561061

# शिक्षक
## मासिक

वर्ष ५ पूर्णाङ्क ५१

असार २०६९
June–July 2012



ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडका लागि अध्यक्ष दीपक थापा द्वारा प्रकाशित

**सम्पादक**
राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक**
केदार शर्मा

**सहायक सम्पादक**
सुदर्शन घिमिरे

**वरिष्ठ संवाददाता**
बाबुराम विश्वकर्मा

**संवाददाता**
प्रमोद आयाम

**ले-आउट**
कामसिंह चेपाङ
विपेन्द्र घिमिरे
खड्गबहादुर मगर

**प्रमुख कार्यकारी अधिकृत**
पीताम्बर कट्टेल

**विज्ञापन**
रामचन्द्र घिमिरे

**लेखा**
बन्दना श्रेष्ठ

**बिक्री वितरण/ग्राहक सेवा**
हरि ढकाल, तारानिधि रेग्मी

**कार्यालय**
**ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड**
**(*शिक्षक* मासिक)**
पूर्णचण्डी मार्ग
जावलाखेल, ललितपुर
**पो.ब.नं. ३९१, ललितपुर**
फोन: सम्पादकीय- ५५४३२५२
व्यापार/विज्ञापन- ५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र)- ४२६५६८६,
इमेल: mail@teacher.org.np,
वेब: www.teacher.org.np,
मुद्रण: जगदम्बा प्रेस,
हात्तीवन, ललितपुर

जिप्रका लपु द.नं ५३/०६५/०६६


आवरण: रबिन सायमि



परोपकार आदर्श उमावि, भीमसेनस्थानका विद्यार्थी समसामयिक मुद्दामा छलफल गर्दै।

बाबुराम विश्वकर्मा

पृष्ठ २६-४६

# कक्षामा ताजा कुरा
## कति लैजाने, कसरी लैजाने ?


जति भित्र्यायो, उति धेरै लाभ २६
विद्यार्थी विवेचना: कलह नबढोस्, देश सिंगो रहोस्! ३२
संवाद: छलफल नगर्दा क्षति ३६
समसामयिक मामिला शिक्षण: किन र कसरी ?
- *डा. विनयकुमार कुशियैत, ४२*
संश्लेषित संघीयता: यसो पो भनिदिऊँ कि ?
- *डा. विद्यानाथ कोइराला, ४४*


### समाचार १६-१९


■ माध्यमिक तहमा नयाँ ढाँचा ■ ६६६ स्कूलमा 'बुक कर्नर' ■ कारागारको पढाइ ■ शिक्षकलाई मोसो दल्नेलाई सार्वजनिक मुद्दा ■ घट्दै एसएलसी नतिजा ■ नानीहरूको हातमा ल्यापटप


### अन्य सामग्री


शिक्षक र युनिफर्म
*किशोर दरक, १०*
सुधारोन्मुख सरकारी स्कूल २०
अबको जपना र तपना
*डा. चैतन्य मिश्र, ५२*
जाँतोको विज्ञान र प्रविधि
*डा. तीर्थबहादुर श्रेष्ठ, ६४*


### मन्थन: गरे, शिक्षकले नै सक्छन्


राजनीतियुक्तबाट मुक्तितिरको महायात्रा!
- *नन्दलाल आचार्य, ५८*
शिक्षकले धेरै कुरा गर्नुपर्छ
- *मदन अधिकारी, ६०*
संक्रमणले छुँदैन लुइरे हुँदैनौं!
- *जनकराज कोइराला, ६१*
को कति जिम्मेवार ?
- *रमेशहरि शर्मा ढकाल, ६२*


### स्तम्भ


विषय-सन्दर्भ ४, हेराइ र बुझाइ ५, प्रतिक्रिया र सुझाव ६, मनका कुरा १४, शिक्षाको दुनियाँ ४८, जिज्ञासा र जवाफ ६६, फुर्सद ६९, आलोपालो ७२


**ग्राहक तथा बिक्रेताहरूले समयमै पत्रिका प्राप्त नभएमा फोन नं. ९७२१५८००४८ मा तत्काल जानकारी गराउनुहोला। यो नम्बरमा जानकारी गराउँदा पनि पत्रिका प्राप्त नभएमा फोन नं. ९८५११३६३४५ मा प्रमुख कार्यकारी अधिकृतलाई खबर गरिदिनुहोला।**
**साथै, मेसेज पठाएर पनि आफ्नो गुनासो टिपाउन सक्नुहुनेछ। जसका लागि मोबाइलको मेसेज बक्समा गई COMP टाइप गरी एउटा खाली ठाउँ छाडी आफ्नो नाम, ठेगाना र सम्पर्क नम्बर लेखी 5006 मा SMS पठाउनुहोस्। (comp<space>5006)**

# कक्षा बाहिर, कक्षा भित्र

**'कलम बलियो कि तरवार' भन्ने जस्ता चल्तीका विषयहरूमा गरिने वादविवाद वा 'विद्यार्थीको कर्तव्य' जस्ता सामान्य विषयमा गरिने वक्तृत्वकला जस्ता क्रियाकलापले अब पुग्दैन। समाज जति आधुनिक, जटील र गतिशील हुँदै जान्छ, हामीले छलफल गर्नुपर्ने विषयवस्तुहरूमा पनि त्यसै अनुरूपको विविधता चाहिन्छ।**

शिक्षा समय र समाज सापेक्ष हुनुपर्छ भन्ने मान्यता नयाँ होइन। शिक्षालाई समय अनुकूल बनाउनका लागि कैयन् सैद्धान्तिक व्यवस्थाहरू पनि गरिएका पाइन्छन्। तर के हामी त्यसमा सफल भइरहेका छौं त? के हाम्रा विद्यार्थी अहिलेको समय र समाजका बारेमा हुनुपर्ने जति सूचित छन्? के उनीहरू विभिन्न सामाजिक र समसामयिक विषयहरूमा विचार र बहस गर्न प्रशिक्षित छन्?

हुन त नेपालमा विचारले निर्वाध रूपमा अभिव्यक्ति पाउन थालेको २०४७ सालपछि मात्र हो। सम्भवत: यही कारण हाम्रो शिक्षाले पनि विचारशीलताको विकास गर्न सकेको छैन; परिणामत: स्वस्थ र सार्थक बहसको संस्कृति विकास हुनसकेको छैन। विचारले दिशा र गति पाउन नसकेपछि बहसहरूकै बीचमा बाँचे पनि, अनेकानेक विषय र शीर्षकमा बहसका शृङ्खलाहरू चलाए पनि, चर्काचर्का स्वरमा बहस गरे पनि सार्थक परिणाम हासिल हुन सक्दैन।

विचार र बहसले कुरौटेपन र गफाडीपनको अन्त्य गर्छ। त्यसले आलोचना गर्नुपर्ने कुराको आलोचना गर्न र आवश्यक सुधार गर्न सिकाउँछ। फलत: समाजले निराशा, अराजकता र क्षुद्रताबाट मुक्ति पाउँछ। तर त्यो सहज काम भने छैन। विचार र बहसको संस्कृतिको जग हाल्ने काम स्कूलहरूको हो। त्यसैले हामीले सर्वप्रथम हाम्रा सामाजिक र शैक्षिक क्षेत्रमा विद्यमान कमी कमजोरीहरूलाई केलाउनु पर्छ र सम्बन्धित सबैले सम्भव भएसम्मका पहलहरू गर्नुपर्छ।

शिक्षकले सिंगो मुलुकको विचार र बहसको शैलीमा ठूलो परिवर्तन ल्याउन सक्छन् भन्ने अपेक्षा गर्नुहुँदैन। तर भावी पुस्तालाई विचार र बहसको संस्कृति सिकाउनमा भने उनीहरूको नै सबभन्दा महत्त्वपूर्ण भूमिका हुन्छ। स्कूल तहमा गरिने वादविवाद वा वक्तृत्वकला प्रतियोगिताका रूपमा यस्ता अग्रसरता लिइँदै आएका हुन्। तर अब 'कलम बलियो कि तरवार' भन्ने जस्ता चल्तीका विषयहरूमा गरिने वादविवाद वा 'विद्यार्थीको कर्तव्य' जस्ता सामान्य विषयमा गरिने वक्तृत्वकला जस्ता क्रियाकलापले पुग्दैन। समाज जति आधुनिक, जटील र गतिशील हुँदै जान्छ, हामीले छलफल गर्नुपर्ने विषयवस्तुहरूमा पनि त्यसै अनुरूपको विविधता चाहिन्छ।

केही वर्षयता विभिन्न गैरसरकारी संस्थाहरूले पनि विचार र बहस गर्न विद्यार्थीहरूलाई प्रेरित गरिरहेका छन्। तर उनीहरूका प्राथमिकता आफूले अघि बढाइरहेका विषयले नै पाउँछन्। अहिले हाम्रा विद्यार्थीहरू एचआईभी/एड्सका बारेमा छलफल गर्न सक्ने भएका छन्, यौन र प्रजनन स्वास्थ्यका बारेमा कुरा गर्न नलजाउने भएका छन्, खुला दिसामुक्त क्षेत्रको बारेमा बहस चलाउन सक्ने भएका छन्। तीमध्ये कतिपय विषयहरू आवश्यक पनि छन्। तर समाजका सामु अरू जल्दाबल्दा विषयहरू विद्यमान छन्। समाज पहिलेको तुलनामा धेरै जटील भएको छ र विद्यार्थीहरूले कक्षाकोठा बाहिर एकदमै अप्ठ्यारा विषय सन्दर्भहरू थाहा पाइरहेका छन्। तीमध्ये छलफल गरिनुपर्ने विषयहरूको पहिचान कसरी गर्ने र तिनलाई बहसमा कसरी ल्याउने भन्ने नै अहिलेको मुख्य प्रश्न हो।

मुलुकमा चार वर्षयता सबैभन्दा धेरै चर्चा भएको कुरा भए पनि संविधानसभा र संविधानका बारेमा शिक्षक-विद्यार्थीका बीचमा कुराकानी र बहस एकदमै नगण्य मात्रामा भयो। मुलुकमा संघीयता र जातीय पहिचानका बारेमा विचार बहसहरू जारी छन्, तर विद्यार्थीहरूलाई यस्ता बहसका लागि कसैले योग्य ठानेन। हो, विद्यार्थीहरूले यस्ता विषयमा कुराकानी गरेर संविधान बन्ने होइन, तर यस्ता विषयहरूमा उनीहरूलाई सहभागी गराउँदै लैजाने हो भने संविधान नबने पनि भावी पुस्ता चाहिं अवश्य बन्छ।

संविधान त उदाहरण मात्र हो। यस्ता समसामयिक विषयहरू के हुन सक्लान्? त्यसमा कसरी छलफल गर्ने? भन्ने कुराको निर्णय शिक्षकहरूले नै गर्न सक्छन्। गर्नुपर्ने कुरा नयाँ काम गर्ने आँट मात्र हो, राम्रो नियत राखेर गरेको काम कदाचित केही समयलाई विवादास्पद भए पनि दीर्घकालमा समाजले त्यसको महत्त्व बुझ्छ, विवादहरू हराएर जान्छन् र सत्यको विजय हुन्छ।

# केही छैन ! धेरै रहेछ !!

**एक** प्रौढ पुरुषलाई मनोचिकित्सक कहाँ पुऱ्याइयो। ऊ अत्यन्त निराश र गलेको स्वरमा आफू सबै हिसाबले बर्बाद भइसकेको, बाँच्नका लागि कुनै आधार बाँकी नरहेको व्यथा दोहोऱ्याइरहेको थियो।

बिरामीका कुरा शान्त मुद्रामा सुनिरहेका मनोचिकित्सकले विस्तारै "अब तपाईंका समस्या र विवरण टिपौं है !" भनेर सादा कागज निकाले। त्यो कागजमा उनले ठाडो र तेर्सो धर्को तानेर दुई वटा खण्ड बनाए। त्यसपछि, देब्रे अर्थात् पहिलो खण्डमा 'आफूले गुमाइसकेका कुरा' र दाहिनेतिरको खण्डमा 'आफूसँग अझै बाँकी रहेका कुरा' हरूको सूची तयार पार्न भनी त्यो कागज बिरामीलाई दिए। बिरामीले पनि "दाहिने खण्डको त कामै छैन, किनभने मसँग केही बाँकी नै छैन" भन्दै कागज समाए।

बिरामीले आफ्नो नाम, ठेगाना लेखिसकेपछि बाँकी प्रश्नको जवाफ चाहिं दायाँ या बायाँको खण्डमा लेख्नु भन्दै मनोचिकित्सकले प्रश्नको क्रम अघि बढाए।

मनोचिकित्सक: "अनि, तपाईंकी श्रीमतीले चाहिं तपाईंलाई कहिले छोडिन् ?"

"तपाईंले के भन्न खोज्नुभएको ? उनले मलाइ छोडेकी छैनन्। उनी त मलाइ साह्रै माया गर्छिन्।"

"त्यसो हो भने त गज्जबै भइहाल्यो नि !" मनोचिकित्सकले उत्साहित हुँदै भने, "दाहिने खण्डको १ नं. मा लेख्नुहोस्; 'श्रीमतीले छोडेकी छैनन्।' अब अर्को प्रश्न छ– तपाईंका छोराछोरी कहिले थुनिएका हुन् ?"


"ए ! डाक्टर, के मूर्ख कुरा गरेको ? मेरा कुनै पनि सन्तान थुनामा परेका छैनन्।"

"झन् गज्जब ! दाहिने कोलमको २ नं. बुँदामा लेख्नुहोस्, 'छोराछोरी जेल परेका छैनन्।"

यस्तै प्रकृतिका थप केही प्रश्न गरेपछि त्यो मान्छेले कुरा बुझ्छ र भन्छ, "डाक्टर, तपाईंले हेर्ने दृष्टिकोणबाट हेऱ्यो भने उही कुरा पनि कति भिन्न हुँदोरहेछ। मैले कुरो बुझें।"

**पाठः आफूसँग हुँदै नभएका वा गुमेका ठूला कुरासँग होइन, सानै वा थोरै किन नहोऊन्, आफूसँग भएका कुराप्रति गर्व गर, तिनको प्रशंसा गर, तीप्रति आशावादी होऊ।**






## यस्तो वर्णविन्यास ?

*शिक्षक* जेठ २०६८ को प्रतिक्रिया/सुझावमा प्रकाशित नेत्रबहादुर ऐरको हस्तलिखित पत्र पढें। उहाँ के भन्ने स्पष्ट नभए पनि अनुमानले शिक्षक नै हुनुपर्छ। तर, उहाँको लेखाइमा वर्णविन्यास देखेर दिक्क लाग्यो। हो, नेपाली वर्णविन्यासमा अहिले मतान्तरहरू छन् तर यसभित्रका त्रुटिहरू मतान्तरले ल्याएका होइनन्। त्यसैले *शिक्षक* ले यस्ता पत्रहरू सम्पादन गरेर मात्र छापोस्। यसका त्रुटिहरू:

| **भएको** | **हुनुपर्ने** |
|---|---|
| भट्टराइ | भट्टराई (थरको अन्तिम ई दीर्घ हुन्छ) |
| पुस्तक | पुस्तक (पूस्तक कतै लेखिंदैन) |
| वोध | बोध ('ब' हुन्छ) |
| संग | सँग (चन्द्रविन्दु हुन्छ) |
| आगामि | आगामी (विशेषण दीर्घ हुन्छ) |
| हामि | हामी (सर्वनाम दीर्घ हुन्छ) |
| पाइरहु | पाइरहूँ (पुरानै नियममा पनि) |
| बासुदेबि | वासुदेवी |

**रमेशहरि शर्मा ढकाल**
**जनज्योति उमावि, चन्द्रनिगाहपुर, रौतहट**

(**टिप्पणी: उक्त पत्रको सम्पादन पाठकहरूबाटै होओस् भनेर नै जस्ताको तस्तै छापिएको थियो। सम्पादन र सुझावका निम्ति रमेशजीलाई धन्यवाद। -सं.**)

## वाणिज्य बैंकले पनि निराश पार्‍यो

*शिक्षक,* फागुन २०६८ मा 'वाणिज्य बैंकको शिक्षक केन्द्रित योजना' शीर्षकको समाचार पढ्न पाइयो। राज्यले १६ वर्षदेखि शिक्षक सेवा आयोग नखोली नव जनशक्तिलाई शिक्षा क्षेत्रमा प्रवेश गर्ने मौका नदिइरहेको तथा अस्थायी लगायतका शिक्षकहरू दोस्रो/तेस्रो दर्जाका जस्ता रहिरहेको अवस्थामा वाणिज्य बैंकले पनि स्थायी शिक्षक र प्राध्यापकलाई मात्रै लक्षित गरी ल्याएको शून्य मौज्दातमा 'शिक्षक बचत खाता' भन्ने कार्यक्रमले गैर-स्थायी शिक्षकहरूलाई थप निराशा नै पस्किएको छ। सम्भव छ भने थोरै परिमार्जन र परिष्कृत गरी यस कार्यक्रममा अस्थायी शिक्षकलाई पनि समेट्ने प्रयास गरियोस्। त्यसबाट हजारौं अस्थायी शिक्षकको भलाइसँगै वाणिज्य बैंकको संस्थागत विकास र समृद्धिमा थप योगदान नै पुग्नेथियो।

दीपक भट्टराई, जोगबनी प्रावि
भुवनपोखरी-३, अर्सौदी, पाल्पा

## स्कूल-स्कूलमा *दिवास्वप्न !*

*शिक्षक* मासिकमा गिजुभाईको *दिवास्वप्न* बारे खुबै चर्चा गरेको पाइयो। तर दुर्गम जिल्लामा अहिलेसम्म कस्तो खालको पुस्तक हो सबैलाई जानकारी छैन। यो पुस्तकसँग सम्बन्धित सरोकारवालाले रोल्पा जस्ता सञ्चारको क्षेत्रबाट पछाडि परेका जिल्लामा प्रत्येक विद्यालयमा एकप्रति पठाइदिने र पुस्तक पाएपछि बैंकको खातामा पैसा जम्मा गरिदिने नियम भए दुर्गम वा सञ्चारबाट पछाडि परेका शिक्षक-विद्यार्थी उचित ज्ञानबाट लाभान्वित हुने थिए।

रोशनकुमार वली
श्री जनसेवा उमावि, राङ्सी-२, रोल्पा

(**टिप्पणी: *दिवास्वप्न* पुस्तकको सरोकारवाला वा सम्बन्धित पक्ष भनेको *शिक्षक* मासिक नै हो। *शिक्षक* मासिककै प्रकाशन हो– *दिवास्वप्न*। यो पुस्तक बिक्री गर्न वा खरीद गर्न चाहनेले *शिक्षक* को कार्यालयमा सम्पर्क राख्न सक्नुहुन्छ। जहाँसम्म हरेक विद्यालयमा एक-एक प्रति पुस्तक पठाइदिने वलीजीको सुझाव छ, त्यसो गर्न व्यावहारिक नहुने जानकारी गराउँछौं। किनभने एउटै जिल्लाका सबै विद्यालयलाई किताब पठाउन पनि लाखौं खर्च लाग्छ। त्यस्तो खर्च व्यहोर्ने हैसियत *शिक्षक* मासिकको छैन। सुझावका निम्ति धन्यवाद ! -सं.**)

## *दिवास्वप्न* अर्को गीता नबनोस्

अहिले शिक्षण पेशामा संलग्न कुनै साथी भेटियो भने सोधिहाल्छ– '*दिवास्वप्न* पढियो ? गजब छ नि किताब !' भारतीय लेखक गिजुभाईको *दिवास्वप्न* नामक लघु उपन्यासले यो बेला शैक्षिक जगतमा एउटा तरङ्ग नै पैदा गरेको छ। संस्थागत र सामुदायिक विद्यालयका शिक्षकदेखि प्रशासक एवं व्यवस्थापकहरूबीच *दिवास्वप्न* को चर्चा एउटा दैनिकी बनेको छ। शैक्षिक सभा, गोष्ठी, सेमिनार र भेलाहरूमा वक्ताहरूले *दिवास्वप्न* को यसरी बखान गर्छन् मानौं अब यो पुस्तिकाको जादुमय शक्तिले बालमैत्री शिक्षण विधि हाम्रा कक्षाकोठाहरूमा स्वाट्टै पस्नेछ। शिक्षकहरू एकाएक मायालु र बालमैत्रीपूर्ण विधिमा पढाउन थाल्नेछन्। हुँदाहुँदा शिक्षणको व्यावहारिक विज्ञान दिवास्वप्न लाई शिक्षणको गीता भन्न थालेको पनि पाइयो।

के दिवास्वप्न नेपालीमा अनुवाद भएर आउनुअघि हाम्रो शैक्षिक जगत बालमैत्री शिक्षण परिपाटीका बारेमा पूरै बेखबर थियो त ? मलाई लाग्छ नेपालको

# कर्मचारीतन्त्र पनि उत्तिकै जिम्मेवार

वि.सं. २००७ बाट शुरू भएको शिक्षाको विस्तार अहिले पनि कुनै न कुनै रूपमा अगाडि बढिरहेको नै छ। विद्यालय तथा विश्वविद्यालयको संख्या, साक्षरता दर र शिक्षामा राज्यले गरेको लगानीलाई हेर्दा ६ दशकमा निकै उपलब्धि भएको देखिए तापनि गुणस्तरको पक्षमा कमजोर हुँदै गएको अनुभूति सर्वत्र गरिएको छ। मेरो अनुभवमा ग्रामीण विद्यालयका विद्यार्थीको सिकाइ उपलब्धि *शिक्षक* मासिकले उल्लेख गरेजस्तै सिरहा-सप्तरीकै स्तरमा रहेको छ। वास्तविक आवश्यकताको पहिचान नगरी टोलैपिच्छे खोलिएका सयौं सामुदायिक विद्यालय अहिले अत्यन्त न्यून विद्यार्थी संख्या र कमजोर भौतिक पूर्वाधारका भरमा सञ्चालन भइरहेका छन्, जहाँ अनावश्यक रूपमा लाखौं रकम खर्च भइरहेको छ।

भइरहेकै विश्वविद्यालयहरू राम्रोसँग चल्न नसकेको अवस्थामा राजनीतिक दलको उक्साहटमा खोलिएका र खोल्ने तयारीमा रहेका नयाँ विश्वविद्यालयको संख्याले भविष्यको उच्च शिक्षाप्रति पनि चासो र चिन्ता बढाएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षामा राज्यको ध्यान पुग्न सकेको छैन। शैक्षिक कार्यक्रमहरू दाताका भरमा चलिरहेका छन्। सान्दर्भिकता, व्यावहारिकता र जनचाहनालाई ध्यान नदिई दाताको चाहनामा आउने कतिपय कार्यक्रमले नेपालका विद्यालयलाई प्रयोगशाला बनाउन खोजेको समेत भान हुन्छ।

हाम्रो शिक्षा प्रणालीले आशातीत उपलब्धि हासिल गर्न नसक्नुमा राजनीतिक नेतृत्वभन्दा स्थायी सरकारको रूपमा चिनिने कर्मचारीतन्त्रको अक्षमता बढी जिम्मेवार रहेको छ। छिटो-छिटो परिवर्तन भइरहने राजनीतिक नेतृत्वलाई सल्लाह सुझाव दिने, बुझाउने, गर्न नमिल्ने कुराहरूलाई मिल्दैन भनेर अडान राख्ने काम कर्मचारीतन्त्रको हो यस अर्थमा दातालाई रिझाउने र दलीय गुटका आधारमा काम गर्ने कर्मचारीतन्त्र राजनीतिक दलभन्दा बढी जिम्मेवार रहेको छ। दाताको चाहना अनुसार चलिरहेको हाम्रो शिक्षालाई विकास गर्ने प्रशस्त अवसर रहेका छन् तर खाँचो इच्छाशक्तिको रहेको छ। इच्छाशक्ति राजनीतिक दल र कर्मचारीतन्त्र दुवैमा हुनु जरुरी छ। यसका लागि राजनीतिक दलको प्रतिबद्धतासँगै स्थायी सरकारको रूपमा चिनिने कर्मचारीतन्त्रको मानसिकता परिवर्तन हुनु आवश्यक देखिन्छ।

देवीराम आचार्य
विद्यार्थी, काठमाडौं विश्वविद्यालय

---

शैक्षिक क्षेत्रमा बालमैत्री शिक्षण प्रणालीको बारेमा चर्चा/परिचर्चा शुरू भएको यो पहिलो पटक होइन। हाम्रामा शिक्षणलाई बालमैत्रीपूर्ण बनाउने उद्देश्य राखेर शुरू भएका योजना/परियोजनाहरूको नाममा पैसाको खोलो बगेको छ। विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण पद्धतिका विषयमा अनेक गोष्ठी, सेमिनारहरू र भेला भएका छन्। तर किन लागू हुन सकेन त बालमैत्री शिक्षण विधि हाम्रा कक्षाकोठाहरूमा? यसो भन्नुको अर्थ दिवास्वप्न को विचार र यसको उपयोगिताप्रतिको असहमति भने होइन।

श्रीमद्भागवत गीता समस्त उपनिषद्हरूको सार हो। गीता जत्तिको कालजयी र उत्कृष्ट आध्यात्मिक दर्शनको ग्रन्थ दुर्लभ नै छ। तर हामीलाई गीताको पुस्तकलाई पूजा गर्न सिकाइयो। चन्दन र अक्षताको चिसोले किताबका पानाहरू उप्किँदै गए। हामीलाई गीतामा वर्णित ज्ञान र सीपलाई जीवनको साँचोमा ढाल्ने उपाय कसैले सुझाएन। हामीले गीता सिरानीमा राख्यौं। तर आध्यात्मिक जीवन कर्मकाण्डरुपी मृत परम्पराका जब्बर साङ्ला बोकेर घिस्री नै रह्यो। *दिवास्वप्न* लाई शिक्षण गीता मान्दा कतै यो पनि सिरानीमुनि किच्चिने, धूप, दीप, चन्दन, अक्षताले पुरिने तर यसले परिकल्पना गरेको शिक्षण विधि चाहिं जहाँको तहीं, हामी चाहिं उही सुगारटाइ शिक्षणका बेतुक परम्पराका बन्दी नै भइरहने पो हौं कि? त्यसकारण *दिवास्वप्न* लाई अर्को गीता हुनबाट जोगाउने दिशामा सबैको ध्यान जाओस्।

माधव खतिवडा
अरुणिमा उमावि, बौद्ध, काठमाडौं



## SMS प्रतिक्रिया

### गणित किताबमा त्रुटि

कक्षा ४ को गणित किताबको 'ठोस आकृतिहरू' शीर्षक अन्तर्गत पृष्ठ ३ मा आयताकार ठोस वस्तुमा ६ वटा किनारा र ६ वटा कुनाहरू हुन्छन् भनी लेखिएको छ। यो त्रुटिपूर्ण भयो। ठोस वस्तुमा १२ वटा किनारा र ८ वटा कुना हुनुपर्ने थियो। यसमा पाठ्यक्रम विकास केन्द्रका अधिकृतहरूको ध्यान पुगोस्।

भवानी कँडेल
जनजागृत निमावि, विद्यापुर-७, सुर्खेत

### उत्तर नेपालीमा, प्रश्न किन अंग्रेजीमा ?

विश्वविद्यालय तहमा नेपाली भाषाबाट उत्तर लेखिने/लेख्न पाइने प्रश्नपत्रहरू किन अंग्रेजीमा सोधिन्छ? यो त नेपाली युवाहरूलाई असफल, अदक्ष र बेरोजगार बनाउने तरिका हुन गयो कि? यसमा बहस चलाइयोस्।


बलराम वली, खारा-८, रुकुम

### पढ्न पाइयोस्

सरकार र शिक्षकबीच भएको नयाँ सहमति अनुसार अहिलेको श्रेणीगत प्रणालीलाई तहगतमा लैजाने भनिएको छ, त्यसको खाकाको बारेमा अथवा जनार्दन नेपाल वा डिल्लीराम रिमालका प्रतिवेदनमा प्रस्तावित तहगत प्रणालीका बारेमा *शिक्षक* मा पढ्न पाइयोस्।

युवराज भट्टराई
श्री उमावि, जाँते-८, मोरङ

**sms प्रतिक्रियाका लागि**
**ltr<space>5006**

प्रतिक्रिया / सुझाव

# *शिक्षक* ले उठाउनुपर्ने समस्या

*शिक्षक* मासिकले आगामी दिनमा निम्न विषयलाई थप सशक्तताका साथ उठाउन सक्नुपर्छ–

१. विद्यालयका प्रअहरूले जिल्ला शिक्षा कार्यालयबाट निकासा हुने छात्रवृत्ति फण्ड, नन सेलरी फण्ड लगायतका कैयौं फण्डहरू गोप्य राख्छन्। त्यसकारण प्रअले यस्ता शीर्षकमा आउने गरेको रकम भ्रष्टाचार गर्न नपाओस् भनी *शिक्षक* पत्रिकाले सो कुराको जानकारी विद्यालयका शिक्षक, अभिभावक र विद्यार्थीसम्म पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ।


२. अहिले सरकारी विद्यालयमा सरकारले नै पुस्तकहरू निःशुल्क वितरण गर्दैछ। तर, कैयौं प्रअ तथा प्राचार्यहरूले विद्यार्थी संख्या झूटो रूपमा धेरै देखाएर एकापट्टि त्यसलाई निजी आम्दानीको स्रोत बनाइरहेका छन् भने अर्कातिर पुस्तक खरीद गर्दा बिक्रेताले दिने छूटको प्रतिशत पनि खल्तीमा लगाइरहेका छन्। कतिपय शिक्षा अधिकारीकै मिलेमतोमा नक्कली विद्यालय र दरबन्दी सिर्जना गरी अकूत सम्पत्ति कमाइरहेका छन्।

३. भ्रष्टाचार न्यूनीकरण गर्न रिक्त दरबन्दीहरूमा महिला शिक्षकहरूलाई प्राथमिकता दिनुपर्ने कुरामा यस पत्रिकाले पहलकदमी नै गर्नुपर्छ। किनकि नेपालको भ्रष्टाचार हेर्दा महिलाभन्दा पुरुषहरू बढी भ्रष्टाचारी देखिएका छन्। महिलाहरू पुरुषले जस्तो हाकाहाकी आफूलाई भ्रष्टाचारी भनाउन र बनाउन लाग्दैनन्। त्यसकारण महिला शिक्षकहरूलाई प्रअ बनाए भ्रष्टाचारको रोग पनि केही कम हुन्थ्यो कि ?

४. विद्यालय जस्तो पवित्र मन्दिरमा हुने गरेको राजनीतिक हस्तक्षेप र गन्धलाई न्यूनीकरण गर्न पत्रिकाले विशेष भूमिका निर्वाह गर्नुपर्छ।

५. विद्यालयहरूमा हुने अर्को वितण्डा नियुक्ति र दरबन्दी मिलानमा हो। योग्य र अनुभवीलाई पन्छाएर स्थानीयताको नारामा अयोग्य र असक्षम व्यक्तिलाई शिक्षक नियुक्त गर्ने परम्पराले शिक्षा गुणस्तरमा ठूलो ह्रास आएको छ त्यसकारण आगामी दिनहरूमा *शिक्षक* मासिकले यस्ता समस्या भएका विद्यालय पहिचान गर्न छड्के नजर लगाउनुपर्ने देखिन्छ।

६. सधैं नकारात्मक कुरालाई मात्र प्रकाशमा ल्याउँदा पेशाप्रति नै वितृष्णा भाव जाग्न सक्छ। त्यसैले नमूनाका रूपमा चिनिएका विद्यालय, शिक्षक र ओझेलमा परेका तर शिक्षकको विकासमा अविस्मरणीय भूमिका निर्वाह



गर्दै आएका विद्यालयका शिक्षक, शिक्षाप्रेमी, समाजसेवी, व्यक्तित्वहरूको खोजी र पहिचान गरी उज्यालोमा ल्याई असल काम गर्नेलाई अरू 'केही गरौं' भन्ने पुनर्बल र नगर्ने ठगाहा, अल्छे शिक्षकहरूलाई पनि केही प्रेरणा मिल्ने समाचारहरूलाई पनि यस पत्रिकाले आफ्नो कर्मक्षेत्रको विषय बनाउनुपर्छ।

७. शिक्षा जगतमा देखिएका कैयौं समस्याहरूको जग जनचेतनाको अभाव पनि हो। सबै अभिभावकले विद्यालयमा हुने गरेका विभिन्न प्रकृतिका अनियमितता, विकृति र विसङ्गति बुझ्न र त्यस अनुरुपको दायित्वलाई पूरा गर्न सक्दैनन्। त्यसकारण विद्यालय हाताभित्र हुने विकृति, विसङ्गतिका विरुद्धमा बोल्न अभिभावक र विद्यार्थीहरूका मस्तिष्कमा चेतना र ओठमा बोली भरिदिन सक्नुपर्छ। यसका लागि *शिक्षक* मासिकले शिक्षक, अभिभावक र विद्यार्थीमाझ अन्तरक्रिया, छलफल र बहस जस्ता कार्यक्रमहरू सञ्चालनमा ल्याउन सक्नुपर्छ।


८. सरकारी विद्यालयमा प्राय: गरेर कक्षाकार्य र गृहकार्य नदिने, दिए पनि त्यसलाई राम्ररी चेक नगरी दिनाले विद्यार्थीले के-कति र कस्ता प्रकारका गल्ती गर्दैछन् भन्ने कुराको जानकारीमा शिक्षकहरू बेखबर रहन्छन्। *शिक्षक* मासिकले आउँदा दिनमा यस्ता प्रकृतिका समस्या पहिचान गर्न कक्षाकोठासम्मै पस्नुपर्ने देखिन्छ।

९. सरकारी विद्यालयका धेरैजसो शिक्षकहरू कक्षामा पाँच मिनेट ढिलो जाने र पाँच मिनेट छिटो निस्कने तथा कक्षामा रहँदा पनि चाहिने भन्दा बढी अलमल गर्ने गरेको पाइन्छ। यसरी नै विद्यालयको नयाँ सत्र प्रारम्भ भएको महिनादिन हुँदा पनि भर्नाको समय भनेर विद्यालय नलगाउनु र पूरा समय लाग्न थालेपछि पनि सातौं पिरियड पूरा समय नपढाइ छोडिदिनु जस्ता कार्यले विद्यार्थीको पठनपाठनमा ठूलो समस्या परेको देखिन्छ। आउँदा दिनहरूमा *शिक्षक* मासिकले यस्ता समस्याहरूलाई पनि उजागर गर्दै जानु राम्रो देखिन्छ।

१०. शिक्षकहरूलाई सरकारी कर्मचारीलाई जस्तो मासिक रूपमा तलब नदिई ३/४ महिनापछि दिइन्छ जसले गर्दा शिक्षकहरू आर्थिक रूपले पिरोलिन्छन्। तिनले चर्को व्याजमा ऋण समेत खोज्नुपर्छ। यस्तो प्रकृतिको विवशता दिमागमा बोकेर कुशल ढंगबाट शिक्षकले अध्यापन गर्न कहिल्यै सक्दैन। त्यसकारण यस्ता समस्या हल गर्नका लागि पनि *शिक्षक* मासिकले सरकारलाई घचघच्याउनुपर्छ।

११. शिक्षकले नाडीमा घडी नबाँध्नु पनि शिक्षण क्षेत्रको अदृश्य समस्या हो भन्ने मैले महसूस गरेकी छु। समयको जानकारी बिना पढाउँदै गरेको पाठ कति समयसम्म पढाउने र कति समयपछि मूल्याङ्कन गर्ने अनि कक्षाबाट कतिबेला बाहिरिने भन्ने निर्णय गर्न कठिन हुन्छ। शिक्षकको नाडीमा समयसूचक यन्त्र भइदिए यस्तो समस्या आइ नै पर्दैन। *शिक्षक* मासिकले यस्ता कुरालाई पनि चर्चामा ल्याउनुपर्छ।

विन्दु दाहाल
जनता उमावि, चुलाचुली-३, बाहृगोठे, इलाम



किशोर दरक



# शिक्षक र युनिफर्म

**परिषद्को पत्र अनुसार, युनिफर्मको प्रबन्ध शिक्षकहरूले आफ्नै पैसाबाट गर्नुपर्नेछ। कुनै शिक्षक युनिफर्म नलगाइ विद्यालय आएमा जरिवानास्वरुप उसको एक दिनको तलब काटिनेछ। सोलापुरका मुख्य कार्यकारी अधिकृत वीरेन्द्र सिंहले युनिफर्मले शिक्षकको शैक्षणिक गुणस्तर वृद्धि गर्ने दाबी गरेका छन् भने जिल्ला शिक्षा अधिकारीले यसबाट शिक्षकको प्रतिष्ठा वृद्धि हुने बताएका छन्।**

महाराष्ट्र (भारत) को सोलापुर तथा नासिक जिल्ला परिषद्हरूले सरकारी विद्यालयका शिक्षकका लागि युनिफर्म अनिवार्य गरेका छन्: पुरुषहरूका लागि खास रंगको, पूरा बाहुलाको सर्ट र पाइन्ट अनि महिलाका लागि सारी र चोलो। मुस्लिम समुदायका महिला शिक्षकहरूलाई भने कुर्ता-सलवार लगाउन 'अनुमति' प्रदान गरिएको छ। यसरी युनिफर्म अनिवार्य गर्नुका थुप्रै कारण दिइएका छन्; जस्तै, शिक्षकहरूमा अनुशासनहीनता कम गर्नु, एकता र सामूहिकताको भावना पैदा गर्नु, शिक्षकको नयाँ पहिचान विकास गर्नु, शिक्षकलाई बढी उत्साही बनाउनु, छात्र र शिक्षकबीचको सम्बन्ध अधिक स्नेहपूर्ण बनाउनु आदि। तथापि, यो कदम चालिनुका पछाडिको मूल कारण चाहिँ विद्यालय–समयमा विद्यालयमा हुने शिक्षकहरूको अनुपस्थिति अनि त्यही बेला विद्यालय बाहिर हुने उनीहरूको उपस्थिति नै थियो।

सोलापुर जिल्ला परिषद्को पत्र अनुसार, युनिफर्मको प्रबन्ध शिक्षकहरूले आफ्नै पैसाबाट गर्नुपर्नेछ। कुनै शिक्षक युनिफर्म नलगाई विद्यालय आएमा जरिवानास्वरुप उसको एक दिनको तलब काटिनेछ। सोलापुर जिल्ला परिषद्का मुख्य कार्यकारी अधिकृत वीरेन्द्र सिंहले युनिफर्मले शिक्षकको शैक्षणिक गुणस्तर वृद्धि गर्ने दाबी गरेका छन् भने कार्यवाहक जिल्ला शिक्षा अधिकारीले यसबाट शिक्षकको प्रतिष्ठा वृद्धि हुने बताएका छन्। दुवैको भनाइको सार हो: युनिफर्मले शिक्षकहरूलाई व्यवस्थित तथा स्वच्छ बनाउँछ; अत: उनीहरूको कामको गुणवत्तामा वृद्धि हुन्छ।

जहाँसम्म विद्यार्थीको प्रश्न छ, युनिफर्म विद्यालयीय वास्तविकता बनिसकेको छ। विद्यार्थीका निम्ति युनिफर्मको अवधारणा हामीले परम्परागत रूपमा यति गहिरोसँग आत्मसात् गरिसकेका छौं, विना युनिफर्म विद्यालय जाने बालक-बालिकाको कल्पनासम्म गर्न सक्तैनौं। युनिफर्म नभएको असल विद्यालयको चित्र हाम्रो कल्पनामा आउँदैन। जुन विद्यालयले युनिफर्म अनिवार्य गरेका हुँदैनन् तिनलाई हामी प्रायोगिक/वैकल्पिक विद्यालय मान्छौं जहाँ अनुशासनहीनता व्यहोरिन्छ'। यसैले त, सोलापुरका कतिपय शिक्षकलाई पनि लागेको छ, विद्यालयमा युनिफर्म हुनु एउटा स्वाभाविक प्रक्रिया हो; विद्यार्थीलाई युनिफर्म चाहिन्छ भने शिक्षकलाई नचाहिने कुरै हुँदैन, यो त 'पेशागत' आवश्यकता नै हो!

आधुनिकताबारे शोध गर्नेहरूले विद्यालय, बन्दीगृह, अस्पताल, कारखाना, आश्रय गृह जस्ता आधुनिक संस्थाहरूबीच एउटा कुरामा समता रहेको उल्लेख गरेका छन् र त्यो हो- युनिफर्मको अनिवार्यता। फ्रान्सेली दार्शनिक-समाजशास्त्री मिशेल फुको त विद्यालयलाई एक खालको बन्दीगृह नै मान्दछन्। युनिफर्मको अनिवार्यताले पनि यसैतर्फ संकेत गर्छ। खास-खास पेशाको 'स्वाभाविक' आवश्यकताका रूपमा युनिफर्मको लामो परम्परा रहिआएको छ। उन्नाईसौं शताब्दीको मध्यमा जब युरोपका उद्योगहरूमा साक्षर तथा कुशल मजदूरहरूको माग बढ्न थाल्यो, विद्यालयको संख्यामा पनि वृद्धि हुन थाल्यो। उद्योगको माग आपूर्ति गर्ने सिलसिलामा विद्यालयहरूले पनि तिनका कतिपय शैली अपनाए। जस्तै: युनिफर्म, रुटिन, घण्टी र विद्यार्थीहरूबाट एकसाथ एउटै काम गराउने प्रचलन। विद्यालयमा गरिने यस प्रकारको 'सामाजिकीकरण' ले तिनका विद्यार्थीलाई कारखानामा 'नोकरी पाउन लायक' बनाउँथ्यो।

युनिफर्मको परिकल्पना शुरू हुँदाखेरिदेखि नै के मानिन्थ्यो भने, एकै किसिमका लुगा लगाइदिंदा विद्यार्थीहरूमा अनुशासित समूहको सदस्य भएको भावना जगाउन सकिन्छ। शोधकर्ताहरूका अनुसार, बालबालिकालाई अनुशासित गर्ने तमाम उपायहरूमध्ये युनिफर्म पनि एउटा हो। शिक्षकको प्राथमिक दायित्व विद्यार्थीलाई अनुशासित बनाउनु हो भन्ने मानिन्छ। त्यसैले, आज पनि, युनिफर्म नलगाउँदा विद्यार्थीलाई दण्डित गरिन्छ, कैयौं पटक त शारीरिक रूपमै। विद्यालयमा युनिफर्मको आग्रहको जरो डेढ शताब्दी पुरानो त्यही 'औद्योगिक परम्परा' सँग जोडिएको छ, जसमा विद्यालयहरू एउटा खास किसिमको सामाजिकीकरणको प्रयास गर्दथे।

विद्यालय जाने बालबालिका चाँडै के स्वीकार गर्न थाल्छन् भने विद्यालयमा उनीहरूले युनिफर्म लगाउनै पर्छ अनि सम्पूर्ण वयस्कहरू

जस्तै, तिनका शिक्षक र बाबु-आमा लाई चाहिं आफूखुशी लुगा लगाउने स्वतन्त्रता हुन्छ। युनिफर्मले विद्यार्थीलाई 'विरोध प्रकट नगरी' बाहिरी सत्तालाई स्वीकार गर्न सिकाउँछ; यस्तो सत्ता, जो ऊ स्वयम् तथा उसको परिवारका सदस्यहरूभन्दा बाहिर रहेको छ। वस्तुत: बालबालिकालाई विद्यालय जान थाल्नुभन्दा पनि पहिलेदेखि नै के सन्देश दिइसकिएको हुन्छ भने, विद्यालय यस्तो ठाउँ हो, जहाँ तिनीहरूले अनुशासित रहनुपर्छ। यस प्रक्रियामा युनिफर्मले एउटा कठोर सन्देशवाहकको भूमिका खेल्छ। यो सन्देश आत्मसात् गराउनासाथ 'सामाजिकीकरण' को काम स्वत: सरल हुन पुग्छ। बी.जे. म्याकवे जस्ता शोधकर्ताका अनुसार युनिफर्म भनेको निर्धारित लुगाभन्दा धेरै गहिरो कुरा हो: 'विद्यार्थीहरू साधन हुन् र युनिफर्म त्यो माध्यम हो, जसबाट वैचारिक संस्थागत शक्तिहरू तिनमा पराधीनताको निर्माण गर्छन्।'

शिक्षकको युनिफर्मका पक्षमा दिइएका तर्क पनि त्यस्तै छन् जस्ता तर्क विद्यार्थीको युनिफर्मका पक्षमा दिने गरिएका छन्। अन्य कतिपय देशहरूमा जस्तै भारतमा पनि कर्मचारीतन्त्रको मर्यादाक्रममा शिक्षक सबैभन्दा तल्लो खुडकिलामा पर्छन्। आधुनिक शिक्षा प्रारम्भ भएदेखि नै कर्मचारीतन्त्रले शिक्षकलाई तल्लो दर्जामा राख्तै आएको छ। त्यहाँ शिक्षकलाई चूपचाप निर्देश/आदेश पालन गर्ने त्यस्तो व्यक्तिका रूपमा लिइन्छ, जसले 'आधिकारिक पाठ्यक्रम लागू गरोस् र त्यसबेला मात्र आफ्नो मुख खोलोस् जब अधिकारीहरूले त्यस्तो इच्छा गर्छन्। शिक्षकको यो छवि अंग्रेजहरूले मात्र बनाएका होइनन्, त्यस्ता भारतीयहरूको पनि यसमा महत्वपूर्ण योगदान छ, जो आफूलाई राष्ट्रवादी दाबी गर्छन् र शिक्षकको कामलाई राष्ट्रनिर्माणको गतिविधिका रूपमा हेर्छन्। उदाहरणका लागि, सन् १८८० मा विनायक कोण्डदेवले, जो विद्यालय निरीक्षक र शिक्षक-प्रशिक्षक पनि थिए, विनम्रता, ठूलाहरूको सम्मान आदिलाई शिक्षकको गुण बताएका थिए। यस्तै 'गुण'हरूले शिक्षकको कामलाई 'वाहक' को काम बनाइदिएका हुन्। शिक्षक केवल एउटै ठाउँमा आफ्नो सत्ताको प्रदर्शन गर्न सक्छ र त्यो ठाउँ हो कक्षा, जहाँ त्यस सत्ताका दर्शक र प्राप्तकर्ता मूक विद्यार्थी हुन्छन्। भारतीय शिक्षकको कामलाई बढीभन्दा बढी एउटा आज्ञाकारी प्राविधिकको कामसम्म मानिन्छ, बौद्धिक गतिविधि मानिदैन। अध्ययनहरूले देखाएका छन्, शिक्षक सम्बन्धी आधुनिक विचारको कल्याणकारी राज्यको विकाससँग घनिष्ठ सम्बन्ध छ।

यो पृष्ठभूमिमा, शिक्षकका लागि युनिफर्म अनिवार्य गराउने सरकारी निर्णयको विश्लेषण गर्नु निकै रोचक हुनेछ। पुरुष शिक्षकका निम्ति निर्धारित रंगको सर्ट-पाइन्ट तोकिएको छ भने महिला शिक्षकका निम्ति निर्धारित रंगको सारी-चोलो। यसबाट राज्य वयस्कहरूको स्वतन्त्रता हनन गर्न मात्र होइन, वैयक्तिकता, सांस्कृतिक अन्तर अनि सामाजिक विविधताको धारणालाई नकार्न समेत अघि सरेको बुझिन्छ। परम्परागत मराठी वेषभूषा हेर्ने हो भने पुरुषहरू धोती-कुर्ता लगाउँछन् र महिलाहरू विभिन्न प्रकारका सारी। शिक्षकको युनिफर्ममा पुरुषका लागि सर्ट-पाइन्ट र महिलाका लागि सारी-चोलो अनिवार्य बनाएर राज्यले पुरुषका निम्ति 'आधुनिकता' र महिलाका निम्ति 'परम्परा'लाई अनिवार्य गर्न खोजेको भान हुन्छ। निस्सन्देह, कर्पोरेट दुनियाँ पुरुषहरूलाई जीन्स र टी-शर्ट अथवा अन्य अनौपचारिक पोशाक लगाउन अनुमति दिंदैन किनभने पुरुषहरूको आधुनिकताले कर्पोरेट-शिष्टाचारको घेरा नाघ्न हुँदैन भन्ने उसको मान्यता छ। कर्पोरेट-शिष्टाचारको अर्थ सफा-सुग्घर र शालीन देखिनु मात्र होइन, विना शर्त र विना कुनै प्रश्न सत्ता (संस्थापन) का आदेश/निर्देशहरूको अनुपालन गर्नु पनि हो। यसै अनुरुप, शिक्षकहरू 'आधुनिक' देखिनु त जरुरी हुन्छ तर आफ्ना क्रियाकलापमा विद्रोही बन्नु फिटिक्कै वाञ्छनीय छैन।

सारी लगाएका महिलाले स्नेहमयी माताको बिम्ब निर्माण गर्छन्, जुन हाम्रो सांस्कृतिक सन्दर्भमा 'असल महिला' को छवि पनि हो।

**आधुनिकताबारे शोध गर्नेहरूले विद्यालय, बन्दीगृह, अस्पताल, कारखाना, आश्रय गृह जस्ता आधुनिक संस्थाहरूबीच एउटा कुरामा समता रहेको उल्लेख गरेका छन् र त्यो हो– युनिफर्मको अनिवार्यता। फ्रान्सेली दार्शनिक-समाजशास्त्री मिशेल फुकोका त विद्यालयलाई एक खालको बन्दीगृह नै मान्दछन्।**

'आमाजस्तै' हुनुपर्ने अवधारणा महिला शिक्षकको निम्ति अत्यन्त स्वाभाविक हो। सारी लगाउन अनिवार्य गरेर राज्य महिला शिक्षकहरूमा धाईआमाको पहिचान आरोपित गर्न चाहन्छ। ऐतिहासिक दृष्टिले, महाराष्ट्रमा महिला शिक्षकहरूको पहिलो पुस्ता विधवा, पारपाचुके गरेका तथा अविवाहित महिलाहरूको थियो। उन्नाइसौं शताब्दीको अन्त्य तथा बीसौं शताब्दीको प्रारम्भमा आर्थिक बाध्यताले उच्च जातिका मध्यमवर्गीय महिलाहरूलाई पहिले शिक्षा प्राप्त गर्न र त्यसपछि शिक्षकका रूपमा काम गर्नका निम्ति 'सार्वजनिक' हुन विवश बनायो। यस्ता महिलाहरूलाई पुरुषसँग हिमचिम बढाउनबाट पूर्णत: रोक लगाउन त असम्भव थियो, तैपनि उच्चवर्गका पुरुषहरूले यो सम्भावना कम गर्न तिनको वेषभूषालाई 'नियमित' गर्ने चेष्टा गरे। बालिकाहरूलाई नौ गजको सारी लगाउन र बीसौं शताब्दीको मध्यतिर मराठी साहित्यमा चित्रित गरिने पात्र 'काकूबाई' (अनाकर्षक, बुद्ध महिला) जस्ती देखिन बाध्य बनाइयो। त्यसबेला, पाँच-छ गजको सारी लगाउन थालेका उच्चजातीय शहरी महिलाहरूलाई नीच, अयोग्य र नक्कली मानिन्थ्यो। नौ गजको सारीमा बेरिएकी महिलालाई मात्र पवित्र, सदाचारी र पारिवारिक स्त्रीका रूपमा लिइन्थ्यो। जब महिलाहरूले पेटिकोट र चोलो लगाउन थाले, उच्चजातीय पुरुषहरूले तिनको उपहास गर्दै 'मेम-साहेबको नक्कल गरेको' आरोप लगाए। तर, केही समय नबित्दै तिनै कपडा प्रतिष्ठा र पवित्रताका संकेत बन्न पुगे। यो सबै, स्पष्टत: पुरुषद्वारा महिलाहरूको यौनिकता नियन्त्रण गर्ने प्रयास थियो।

भारतको शैक्षिक क्षेत्र महिलाहरूको यौनिकता नियन्त्रित गर्ने विचारधारा र युनिफर्मका बीच रहेको दह्रो सम्बन्धको साक्षी रहिआएको छ। बी.एड्. पढ्ने छात्राहरूलाई आजसम्म पनि सेतो सारी-चोलो लगाउन बाध्य पारिन्छ, जुन रंग मानक रूपमा वैधव्यको प्रतीक हो। महाराष्ट्रका शिक्षिकाहरूको पहिलो पुस्ताको यथार्थ र १०० वर्षदेखि छात्राहरूको युनिफर्मको रंग रहँदै आएको सेतो रंग (जो 'संयम' को रंग पनि हो) लाई एक ठाउँमा ल्याएर हेर्ने हो भने स्पष्ट हुन्छ- युनिफर्मलाई निर्देशित गर्ने विचारधारा महिलाहरूको यौनिकतामाथि पितृसत्तात्मक नियन्त्रणकै एउटा अहम् पाटो हो।

शिक्षकहरूलाई युनिफर्म अनिवार्य गर्ने निर्णय गर्दा कोलकाता उच्च न्यायालयको फैसलालाई पनि पूरापूर उपेक्षा गरियो। न्यायालयले सरकारद्वारा सञ्चालित अथवा सरकारी अनुदान पाउने विद्यालयहरूमा युनिफर्म लाद्न मनाही गरेको थियो। न्यायाधीश जयन्त विश्वासले युनिफर्म सम्बन्धी नियम, खास गरी महिलाहरूमाथि, लागू गर्ने शैक्षिक संस्थाका प्रबन्धकहरूको प्रवृत्तिको निन्दा गरेका थिए।

सन् १९९० को दशकपछि विश्वमा शिक्षकहरूमाथि बजारको आक्रमण बढी घनीभूत भएको छ। 'बजार' का सहयोगीहरूले शिक्षक, खासगरी सरकारी विद्यालयका शिक्षकहरूको निन्दा शुरू गरे र शिक्षण पेशाको प्रतिष्ठामाथि धावा बोले। 'सहयोगी, कोटा, राहत शिक्षक' जस्ता योजनाहरूमार्फत लागू गरिएका संरचनागत सम्झौतावाला




**भारतको शैक्षिक क्षेत्र महिलाहरूको यौनिकता नियन्त्रित गर्ने विचारधारा र युनिफर्मका बीच रहेको दह्रो सम्बन्धको साक्षी रहिआएको छ। युनिफर्मलाई निर्देशित गर्ने विचारधारा महिलाहरूको यौनिकतामाथि पितृसत्तात्मक नियन्त्रणकै एउटा अहम् पाटो हो।**

कार्यक्रमले ऐतिहासिक तवरमै तल्लो खुडकिलामा रहेको शिक्षकको दर्जालाई अझ तल झारिदिएका छन्। 'बजार' ले शिक्षाको गुणवत्तालाई केवल विद्यार्थीले जाँचमा पाउने अंकसँग जोडेर परिभाषित गर्दै शिक्षकहरूबाट तिनको कौशल समेत खोस्यो (उनीहरूलाई 'डि-स्किल' गरिदियो)। यस्ता मान्यता पनि अगाडि आए, जसले विद्यार्थीको खराब परीक्षा-परिणामका लागि प्रत्यक्षत: शिक्षकहरूलाई जिम्मेवार घोषित गरिदिए। यसरी शिक्षालाई 'संस्कृतिरोधी' (कल्चरप्रूफ) गतिविधि बनाइयो अनि शिक्षणका प्रमुख सरोकारवालाहरूलाई सामाजिक निगरानीबाट समेत मुक्त गरियो। यस सन्दर्भमा अब के दाबी गरिन थालेको छ भने अनिवार्य युनिफर्म जस्ता सतही परिवर्तनले शिक्षकहरूलाई नयाँ ऊर्जा तथा प्रतिष्ठा प्रदान गर्नेछन्। यसले देखाउँछ, सरकार शिक्षकको दर्जा र उनीहरूको पेशागत प्रतिष्ठाप्रति गम्भीर नरहेको मात्र होइन अहिले पनि पूर्णत: उदासीन छ। शिक्षकको स्वतन्त्रतामाथि हमला गर्ने अभिप्राय यसैको अर्को पाटो हो। यस्तो हमला शिक्षकमाथिको अविश्वासको विस्तार र उसको पेशागत स्वायत्ततामाथिको नियन्त्रणद्वारा गरिदैछ।

हालै महाराष्ट्र सरकारले शिक्षकहरूका लागि एउटा आदर्श आचारसंहिता प्रस्तावित गऱ्यो। त्यसमा भनिएको थियो- 'शिक्षकहरूलाई सार्वजनिक स्थलमा भाषण गर्न, कविता रचना गर्न, लेख लेख्न, शेयर किन्न र आफ्नो वैवाहिक साथी जीवित रहेसम्म सम्बन्धविच्छेद भएको कुनै व्यक्तिसँग बिहा गर्न आदि-इत्यादिमा प्रतिबन्ध लगाउनुपर्छ।' साहित्यिक तथा राजनीतिक मामिलाका प्रख्यात टिप्पणीकार जीपी देशपाण्डेले त्यो प्रस्तावलाई प्रदेशमा व्याप्त आम सोचाइको उदाहरण बताए। शिक्षकहरूमाथिको अविश्वास र शंका सरकार र बजारका निम्ति मात्र सुविधाजनक 'विचार' होइन। कतिपय अवस्थामा त प्रगतिशील शिक्षाविदहरू पनि, जसमा स्वतन्त्र चिन्तन गर्न सक्ने ल्याकत छैन, यस्ता खाले संरचनामा बाँधिएका कार्यक्रम लागू गर्न अघि बढिरहेका हुन्छन्। सन् २००५ मा राष्ट्रिय पाठ्यक्रमको रूपरेखाले विद्यार्थीलाई ज्ञानको निर्माता र शिक्षकलाई त्यसको सक्रिय सहायकका रूपमा चित्रित गर्ने प्रयास गरेको थियो। यसबाट राजनीतिक रूपले 'प्रगतिशील' प्राज्ञ र शिक्षक-शिक्षाविदहरूले आफूलाई ठूलो धक्का लागेको महसूस गरे र उनीहरू क्रुद्ध भए। प्राध्यापक कृष्ण कुमारका अनुसार उनीहरूको यो 'क्रोध' शिक्षकहरूप्रति आस्थाको कमी, अझ खास गरी चिन्तन गर्न सक्ने र निर्णय लिन सक्ने तिनको क्षमतामाथिको अविश्वासका कारण उत्पन्न भएको थियो।

युनिफर्म सरकारी विद्यालयका शिक्षकहरूका निम्ति मात्र अनिवार्य गरिएको छ। निजी विद्यालयका शिक्षकबारे केही भनिएको छैन। यसबाट के स्पष्ट हुन्छ भने सरकार निजी विद्यालयहरूको गुणस्तरमाथि प्रश्न उठाउन चाहँदैन। सरकार र दिउँसै मैनबत्ती बाल्ने प्रकृतिका एकथरी 'प्रजातन्त्रवादीहरू' मोटामोटी रूपमा के मान्छन् भने निजी विद्यालयमा दिइने शिक्षा गुणस्तरीय छ तर सरकारी विद्यालयमा गुणस्तरको अभाव छ। यो अभावको दोष सरकारी विद्यालयका शिक्षकको टाउकामा थोपरिन्छ। निजी विद्यालयहरूले कार्यात्मकतालाई नै गुणस्तरीय मानिरहेका हुन्छन् भन्ने तथ्यमाथि कुनै प्रश्न उठाईंदैन। सरकारी शिक्षकलाई युनिफर्म लगाउन बाध्य बनाएर महाराष्ट्र सरकार उनीहरूमाथिको आम अविश्वासलाई मात्र बलियो बनाइरहेको छैन, निजी क्षेत्रमा 'शिक्षा उपलब्ध गराउने' हरूको बाटो पनि चौडा पारिरहेको छ।

'अल्छी, अक्षम, पाखण्डी तथा समाजको बोझ' का रूपमा शिक्षकको छवि भारतीय सामाजिक मानसिकताको एउटा जब्बर अंग बनिसकेको छ। शिक्षाको घट्तो स्तरका निमित्त, खासगरी सरकारी विद्यालयहरूमा, एउटा त्यस्तो व्यक्तिको आवश्यकता छ, जसमाथि सारा दोष थोपर्न सकियोस्। सबैभन्दा सजिलो शिकार शिक्षक नै हो। शिक्षक सरकारी शिक्षा व्यवस्थाको देखिने अनुहार हो, त्यसैले समाज पनि उसमाथि कडा दृष्टि राख्छ। शिक्षा व्यवस्थालाई गुणात्मक र संख्यात्मक दुवै दृष्टिले कार्यात्मक बनाइराख्ने जिम्मेदारी शिक्षककै हुन्छ। यस्तो अवस्थामा, शिक्षकको क्षमता वृद्धि गर्नुको सट्टा उसलाई उत्पीडित गर्नु र सही शिक्षण-प्रशिक्षण दिनुको सट्टा उसमाथि अविश्वास गर्नुलाई उक्त लक्ष्य हासिल गर्ने उपाय मानिएको छ। भारतमा शिक्षाको गुणस्तर सम्बन्धी छलफलमा सदैव शिक्षकको उत्प्रेरणामाथि मात्र प्रश्न उठाइन्छ, उनीहरूको बौद्धिक सबलीकरणको कुरा कहिल्यै उठाईंदैन- मानौं उत्प्रेरणाले कुशलताको काम स्वत: पूरा गर्दो होस्! कतिपय शिक्षकहरू आफ्नो जिम्मेदारीको वास्ता गर्दैनन् भन्ने कुरा सही पनि हुनसक्छ, तर सत्य के पनि हो भने भारतमा निजी तथा सार्वजनिक सेवाको कुनै पनि अंग यस्तो प्रवृत्तिबाट मुक्त छैन। केही शिक्षकहरूको गैरजिम्मेदार प्रवृत्तिको चर्चा गर्दा हामीले के बिर्सनु हुँदैन भने शिक्षाको यो विशाल प्रणाली लाखौं मिहिनेती तथा कुशल शिक्षकहरूकै भरमा चलिरहेको छ। युनिफर्म नै समस्याको समाधान हुँदो हो त प्रहरीको 'कार्य-संस्कृति' अथवा सैनिकहरूको सम्भावित विद्रोहबारे दुनियाँको कुनै पनि देशमा चर्चा नहुँदो हो!

शिक्षकको युनिफर्मले शिक्षाको अवस्था परिवर्तन गरिदिनेवाला छैन। परिवर्तन त वास्तवमा व्यवस्थात्मक तथा सामाजिक दृष्टिकोणमा ल्याउनु जरुरी छ। आधारभूत दृष्टिकोणमा परिवर्तन नआउने हो भने अनिवार्य युनिफर्म जस्ता उपायले शिक्षकमाथिको अविश्वासको संस्कृतिलाई नै थप बलियो बनाउने छन्। यहाँ प्राध्यापक हेनरी जीरूको भनाइ हामीले बिर्सनु हुँदैन: "शिक्षकहरूलाई तटस्थ प्राविधिक जस्तो ठान्नुको सट्टा हामीले उनीहरूलाई व्यस्त बुद्धिजीवीका रूपमा हेर्नुपर्छ जसले कक्षामा ज्ञान, कौशल तथा प्रश्न गर्ने संस्कृति उपलब्ध गराउने वातावरणको निर्माण गर्छन्। छात्र-छात्राहरूलाई यसकै आवश्यकता हुन्छ किनभने यस्तो वातावरणमा नै उनीहरू आफ्नो अतीतसँगको आलोचनात्मक संवादमा सहभागी बन्न सक्छन्, सत्तासँग प्रश्न गर्न सक्छन्, वर्तमान सत्तासँग संघर्ष गर्न सक्छन् अनि स्वयम्लाई सक्रिय तथा कटिबद्ध नागरिक बनाउने तयारी गर्न सक्छन्- त्यस्तो नागरिक, जसले 'सबैको हित' सँग जोडिएका स्थानीय, राष्ट्रिय तथा विश्वव्यापी मामिलाहरूमा चासो राख्छ।' शिक्षकहरूको पेशाका प्रति यस्तो दृष्टिकोण आलोचनात्मक शिक्षालाई विस्तारित गर्ने प्रस्थानबिन्दु हो जसले मुलुक र समाजलाई सशक्त लोकतन्त्रको दिशातर्फ लैजान्छ। 📖

*(भारत, महाराष्ट्रका गणित तथा विज्ञान विषयका शिक्षक किशोर दरक मराठी अखबारहरूमा नियमित लेख्ने गर्छन्।)*

*('शिक्षा विमर्श' नोभेम्बर २०११-फरवरी २०१२ मा प्रकाशित)*

भाषान्तर: **शरच्चन्द्र वस्ती**

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

# दुर्बल तप्काको अनुकूलन यात्राका चुनौती

■ अजय दीक्षित र शुभेच्छा खड्का

यसभन्दा अगाडिका लेखहरूमा जलवायु परिवर्तनले गर्दा सिर्जना हुने दुर्बलता घटाउन खानेपानी, बाटोघाटो, बिजुली एवं सञ्चार लगायतका स्थानीय प्रणालीको सहयोगी भूमिकाबारे छलफल गरियो। त्यस्ता प्रणालीमा व्यक्ति या परिवारको पहुँच छ वा छैन भन्ने प्रश्नले पनि जलवायु परिवर्तनका प्रभावसित अभ्यस्त रहने तिनको क्षमता निर्धारण गर्छ।

सामाजिक, आर्थिक या अन्य कारणले शिक्षा र जीविकाका वैकल्पिक उपायबाट वञ्चित घरपरिवार र व्यक्तिहरूलाई संरचनागत रूपमै अभ्यस्त रहन कठिन हुन्छ; उनीहरूको क्षमताले धान्दैन। *आइसेट नेपाल* ले गर्दै गरेको अध्ययनको क्रममा पहाडी जिल्ला अर्घाखाँचीको हंसपुर गाविसलाई स्थानीय सरोकारवालाहरूले अत्यन्तै दुर्बल क्षेत्रको रूपमा पहिचान गरे। त्यहाँ उपलब्ध प्रणालीहरूको स्थिति हेर्दा पनि सो गाविस दुर्बल नै देखिन पुग्यो। वडागत तहमा वडा नं. ६ सबैभन्दा दुर्बल देखियो। सो वडामा बत्ती बाल्न बिजुली छैन, शिक्षाको स्तर निकै कमजोर छ भने रोजगारीका सम्भावनाहरू सारै न्यून। सो वडाका महिलाहरूका निम्ति सञ्चालित प्रौढ शिक्षा कार्यक्रममा पनि थोरै महिला मात्रै सहभागी भए। यसको कारण खोज्दा निमेक गरेर छाक टार्नुपर्ने बाध्यताले प्रौढ कक्षा जानबाट विमुख पारेको पाइयो।

वडा नं. ६ मा न त खानेपानी प्रणाली र सरसफाइको सुविधा छ न सिंचाइ व्यवस्था नै। स्थानीय खाद्य उत्पादन पनि एकदम न्यून छ। त्यहाँ सामान्य सञ्चार सुविधा, स्कूल र सरकारी कार्यालयहरू पनि छैनन्। सीमान्त खेती र विप्रेषणबाट आएको रकम वडावासीको आम्दानीको मुख्य स्रोत हो। त्यहाँका बासिन्दा बाहिर काम गर्न जान बढी इच्छुक देखिन्छन्। यसो हुनुको एउटा कारण त्यहाँको सुक्खा जमिनमा सिंचाइ सुविधा पुऱ्याउने कुनै प्रणाली नहुनु पनि हो। वडाका बहुसंख्यक पुरुष कामको खोजीमा जिल्ला बाहिर गएकाले गाउँमा महिला, केटाकेटी र बूढापाकाको बाहुल्य भेटिन्छ।

**समुदायसित निरन्तर गरिने संवादले समस्याको चुरोमा पुग्न सहयोग गर्छ। स्थानीय सरकार, स्थानीयस्तरमा रहेका समुदायमा आधारित समूहहरूले सहजकर्ताको भूमिका निर्वाह गर्नु त्यत्तिकै जरुरी छ, अनुकूल रहने प्रयास प्रभावकारी बन्नका लागि।**

त्यस वडाका म्यालनेती, गोपीचौर र आरन टोलका ३० वटा दलित घरपरिवार सबै नै दुर्बल श्रेणीमा पर्छन्। परम्परागत हिसाबले सीमान्तकृत यी परिवार एकलास क्षेत्रमा बसोबास गर्छन्। तिनको बस्तीसम्म आवत-जावत गर्नका लागि गतिलो बाटोसम्म छैन। यो वडा मात्र होइन पूरै हंसपुर गाविसको चेतनाको स्तर न्यून छ। परिणामत: यहाँका बासिन्दा बृहत्तर सन्दर्भ र परिवर्तनका कारण र परिणामप्रति अनभिज्ञ छन्।

विगतमा त्यस गाउँका केही घरपरिवारमा वर्षाको पानी सङ्कलन गर्न घैंटा निर्माण गरिए। तर हाल ती प्रयोगमा छैनन्, किनभने घैंटा चर्किइसकेका छन्। फलत: त्यहाँका महिलाहरू खानेपानी लिन दुई घण्टा टाढा रहेको पानीको पुरानै स्रोतमा पुग्ने गर्छन्। केही घरपरिवारले सौर्य प्रणालीबाट बत्ती बाल्ने व्यवस्था नगरेका होइनन्। तर लोग्ने मानिसले जडान गराएका सोलार टुकी बिग्रिएपछि महिलाहरूले मर्मत गर्न/गराउन सकेका छैनन्। जडान गर्ने पुरुष गाउँमा छैनन्।

उल्लिखित परिवेशमा जलवायु परिवर्तनले कस्तो असर गर्ला? सन् २००८ मा सम्पन्न नेपालमा जलवायु परिवर्तन सम्बन्धी अध्ययन ले त्यस क्षेत्रको औसत तापक्रम बढ्ने देखाउँछ। सो अध्ययनका अनुसार पानी पर्ने चरित्रमा फेरबदल हुने अर्थात् खडेरी बढ्ने वा हाँडीघोप्टे पानी धेरै पर्ने स्थिति आउन सक्छ। यद्यपि यस्तै हुन्छ भन्ने किटान अध्ययनले गर्न सकेन। यसै पनि कम उत्पादन, न्यून रोजगारी र खानेपानीको असुविधा भएको परिस्थितिमा बस्दै गरेका घरपरिवारको स्थिति झनै नाजुक बन्नेछ। सामान्य तर्कबाटै पुग्न सकिने यो निष्कर्षमा प्रणालीको आँखाबाट अध्ययन गर्दा पनि पुगियो। यस्तो परिवेशमा बाँचेका परिवारले जलवायु परिवर्तनका कारण झनै ठूलो जोखिम भोग्नुपर्ने निश्चित छ।

हंसपुर गाविसको वडा नं. ६ स्थित दलित घरपरिवारलाई जलवायु परिवर्तनसँग अभ्यस्त रहन सक्ने पार्न के गर्नु पर्ला? त्यसनिम्ति कसले सहयोग गर्ने? यी प्रश्नको जवाफ स्पष्ट नै छ- यो दायित्व राज्य र यसका इकाइको हो। अनि के गर्ने भन्ने प्रश्नको उत्तर हो- ती घरपरिवारलाई प्रणालीबाट उपलब्ध हुने सेवा प्रत्याभूत गराउने। अर्थात् तिनलाई वर्तमान स्थितिबाट सक्षमतातर्फ लाग्न सहयोग गर्ने र सो क्रमलाई निरन्तरता दिई समृद्धितर्फ लाने। राज्यले विकासको यस्तो बाटो छाने त्यसको प्रतिफल पनि दिगो हुन सक्छ। जलवायु परिवर्तनले ल्याउने जाखेमसित जुध्न के गर्दा राम्रो हुन्छ भन्ने संवादमा यस्ता दुर्बल परिवार र स्थानीय इकाइहरूलाई पनि सहभागी गराइनुपर्छ।

विकासका सुविधाहरू उपलब्ध नभएको स्थितिमा अनुकूल रहने क्षमता बढाउन सम्बन्धित समुदायको वास्तविक स्थिति के कस्तो छ जान्नु-बुझ्नु जरुरी हुन्छ। खाली सकारात्मक कार्यक्रम गर्ने भनेर मात्र पुग्दैन। समुदायसित निरन्तर गरिने संवादले समस्याको चुरोमा पुग्न सहयोग गर्छ। राष्ट्रियस्तरमा यसो, उसो गरिनेछ भन्दैमा प्रस्तावित प्रावधानहरू अनकन्टारमा एक्ला-एक्लै रहेका नेपालका गाउँठाउँ र त्यहाँ बस्ने घरपरिवारसम्म पुग्दैनन्। स्थानीय सरकार, स्थानीयस्तरमा रहेका समुदायमा आधारित समूहहरूले सहजकर्ताको भूमिका निर्वाह गर्नु त्यत्तिकै जरुरी छ, अनुकूल रहने प्रयास प्रभावकारी बन्नका लागि।

*(दीक्षित र खड्का आइसेट नेपाल मा अनुसन्धानरत छन्।)*



**मनका कुरा**

# विद्यार्थी उत्प्रेरित गराउने रमाइलो गणितीय खेल

■ **गणेशप्रसाद रिमाल**

शिक्षक मासिक नियमित पढ्दै आएको छु। विद्यार्थीलाई कसरी सिकाउने ? कसरी विषयभित्र आन्तरिक रूपबाटै उत्प्रेरित गराउने ? विषयवस्तुलाई कसरी सहज र सरल तरिकाले सिकाउने भन्ने विषयमा डा. विद्यानाथ कोइराला तथा केदार शर्माका लेखहरू र विभिन्न शैक्षिक क्षेत्रमा कार्यरत शिक्षक एवं विशेषज्ञहरूका अनुभवहरू, कुशल शिक्षणका सूत्रहरू, कक्षा व्यवस्थापन गर्ने तरिकाहरू पढ्न पाउँदा शिक्षण कार्यमा धेरै नै सहयोग पुगेको कुरा अवगत गराउन चाहन्छु। 'गणित साह्रै गाह्रो विषय हो' भन्ने गलत सोचाइलाई चिरफार गरी विद्यार्थीहरूलाई यो विषयमा उत्प्रेरित गर्न सकिने मेरो एउटा सानो शिक्षण अनुभव यहाँ प्रस्तुत गर्ने जमर्को गरेको छु।

शुक्रबारको दिन थियो। सदा झैं कक्षा ८ मा गएँ। अरू दिन पूर्व तयारीका साथ कक्षामा प्रवेश गर्दथें। आज म भिन्न रूपमा एउटा रमाइलो गणितीय खेल तयार गरी कक्षाकोठामा प्रवेश गरिरहेको थिएँ। सबै विद्यार्थीहरू आ-आफ्नो ठाउँमा शान्तसँग बसिसकेपछि मैले भनें, "आज म तिमीहरूलाई एउटा रमाइलो गणितीय खेल खेलाउँदैछु।" गणितीय खेल कस्तो होला भनी विद्यार्थीहरू उत्सुक भएको मैले देखिरहेको थिएँ। मैले भनें, "आजको यस रमाइलो गणितीय खेल खेल्नको लागि तिमीहरू सबैमा मुख्य तीन वटा कुरा राम्रो हुनु आवश्यक छ।" ती तीन कुरा उदाहरणसहित ब्ल्याकबोर्डमा लेखेर निम्नअनुसार प्रष्ट पारिदिएँ:

१. **लगातार आउने अङ्क (Consecutive digits) मिली बनेका संख्या लेख्नुपर्नेछः** यस चरणमा निम्न खालका संख्या लेख्न सकिन्छ, जस्तैः १२३४, ३४५६७, २३४, ६७८९, १०१११२, २४२५२६२७, ५०५१५२५३ इत्यादि। यहाँ माथि लेखिएको संख्या १२३४ लगातार आउने अङ्कहरू १, २, ३ र ४ मिलेर बनेको छ। त्यसैगरी संख्या ५०५१५२५३ लगातार आउने अङ्कहरू ५०, ५१, ५२ र ५३ मिलेर बनेको छ। यो चरणमा यस्तै प्रकृतिमा लगातार आउने अङ्कहरू प्रयोग गरी आफूलाई इच्छा लाग्ने कुनै एउटा संख्या लेख्नुपर्दछ।

२. **पहिलो चरणमा लेखिएको संख्यालाई उल्टाउनेः** यस चरणमा शुरूमा लेखिएको संख्यालाई निम्नअनुसार उल्टाउने गरिन्छ, जस्तैः शुरूमा लेखेको लगातार अङ्कको संख्या १२३४ लाई उल्टाउँदा ४३२१ हुन्छ। त्यसैगरी ३४५६७ लाई उल्टाउँदा ७६५४३ र ५०५१५२५३ लाई उल्टाउँदा ३५२५१५०५ हुन्छ।

३. **पहिलो चरणमा लेखेको संख्या र दोस्रो चरणमा उल्टाइएको संख्या बीचको फरक निकालिन्छः** यस चरणमा फरक निकाल्दा जुन ठूलो संख्या हुन्छ त्यसबाट सानो संख्या घटाइन्छ। जस्तैः

१. शुरूमा लिएको संख्या = १२३४
२. उल्टाउँदा बनेको संख्या = ४३२१
३. फरक = ४३२१-१२३४ = ३०८७

यसरी विद्यार्थीले बुझ्ने गरी यी तीन वटा कुराहरूको स्पष्ट जानकारी दिएपछि मैले सम्पूर्ण विद्यार्थीहरूलाई माथिका तीन चरण अनुसार शुरूमा लगातार अङ्कहरू मिलेर बनेको एउटा संख्या लेख्न लगाएँ। त्यसपछि त्यसलाई उल्टाउन लगाएँ र शुरूमा लेखिएको संख्या र उल्टाएको संख्याबीचको फरक निकाल्न लगाएँ। घटाउफल निकाल्दा नआत्तिकन होशियारपूर्वक गर्न आग्रह गरें। सबैले सजिलैसँग तीन चरण समाधान

# शिक्षा अधिकारीको चिठी

**प्यारा विद्यार्थी भाइबहिनीहरू**

म विभिन्न जिल्लाहरूमा विद्यालय निरीक्षक, शाखा अधिकृत, प्रशिक्षक र जिल्ला शिक्षा अधिकारीको भूमिका निर्वाह गर्दै अहिले दाङ आइपुगेको छु। त्यसअघि तपाईंहरू जस्तै विद्यार्थी भाइबहिनीहरूलाई पढाएर १० वर्ष बिताएको थिएँ। अहिले पनि विद्यालयतिर अनुगमनमा निस्किएको समयमा तपाईंहरूसँग कुरा गर्न पाउँदा खुशी लाग्छ।

तपाईंहरूलाई कस्तो लाग्छ, खै ? मलाई त तपाईंहरूलाई दिनका लागि आफूसँग केही भए जस्तो लाग्दैन। मसँग मात्र होइन, मेरो पुस्ताका धेरै मानिसहरूसँग तपाईंहरूलाई काम लाग्ने खास केही चिज भए जस्तो लाग्दैन। तपाईंहरूले अध्ययन गर्ने विद्यालयका कक्षाकोठाहरूमा भोटे ताल्चा लगाएर बन्द गर्ने र बन्द गरेको दृश्य मूकदर्शक भएर टुलुटुलु हेर्ने हाम्रो पुस्तासँग तपाईंहरूलाई अर्ति-उपदेश दिएर बोल्ने नैतिक हैसियत पनि हराइसक्यो जस्तो लाग्छ। तपाईंहरू जस्तै बालबालिकाको नाममा देशमा अर्बौं बजेट विनियोजन हुन्छ। कति बजेट ऋण मागेर ल्याइएको हुन्छ भने कति बजेट देशकै आर्जन हुन्छ। त्यही बजेटबाट हामीमध्ये कतिपयले तलब खाएका छौं, रोजगारी पाएका छौं र तपाईंहरूलाई बालमैत्री वातावरणमा गुणस्तरीय आधारभूत शिक्षा प्रदान गर्ने भनेर अन्तर्राष्ट्रियस्तरमा सहीछाप पनि गरेका छौं। तथापि व्यवहारमा हामी त्यस्तो हुन सकिरहेका छैनौं। तपाईंहरूको शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न हामी गम्भीर नभएको कुरा घामजत्तिकै छर्लङ्ग छ। हामीले वर्तमानलाई त बरबाद पार्‍यौं, पार्‍यौं, तपाईंहरूलाई समेत अप्ठ्यारोमा पारेर भविष्यलाई समेत बरबाद पार्न लागिपरिरहेका छौं भन्दा सत्य बोलेको ठहर्छ जस्तो लाग्छ।

गरे । यसरी घटाइसकेपछि आएको घटाउफलमध्ये कुनै एउटा अङ्क लुकाउन लगाएँ। अङ्क लुकाउँदा ० (शून्य) बाहेक अरू जुनसुकै अङ्क पनि लुकाउन पाइने कुरा बताएँ। लुकाइएका एउटा अंक बाहेक बाँकी रहेका अङ्कहरू मलाई बताउन आग्रह गरें। तिनै बाँकी रहेका अङ्कहरूको आधारमा मैले विद्यार्थीले लुकाएको अङ्क थाहा पाइदिएँ।

यसरी विद्यार्थीको कपी नै नहेरिकन तिनले लुकाएको अङ्क पालैपालो थाहा पाइदिंदा विद्यार्थीहरू दङ्ग परिरहेका थिए भने कोही विद्यार्थी भने कसरी थाहा पायो होला भनी रहस्य पहिल्याउने प्रयासमा लागिसकेका थिए । समग्रमा कक्षा अत्यन्तै रमाइलो भइरहेको थियो । ठूल्ठूला अङ्कहरू लिई माथिका चरणहरूको प्रयोग गरी अङ्क लुकाउँदै मलाई सोधिरहेका थिए। म पनि बडो होसियारपूर्वक तिनले लुकाएको अङ्क ट्याक्क चिनिदिन्थें । घटाउफल बिगारेको अवस्थामा लुकाएको अङ्क थाहा पाउन नसकिने हुँदा घटाउ गर्दा सावधानीपूर्वक नआत्तिई गर्न आग्रह गरिरहेको थिएँ।

गणित विषय अत्यन्तै गाह्रो र निरस मान्ने विद्यार्थीहरू पनि रमाई रमाई यस खेलमा सहभागी भई एउटा अङ्क लुकाउँदै सोध्दै गर्न थालेका थिए । सबै विद्यार्थीहरू 'कसरी सरले नहेरिकन थाहा पाउनुभयो ?' भनी जान्न आतुर थिए। लुकाएको अङ्क नहेरी थाहा पाउने तरिका भोलिपल्ट बताउने जानकारी पहिल्यै गराएको थिएँ। तर विद्यार्थीको चाहनाले गर्दा तत्काल नभनी सुखै भएन। मैले २/३ वटा उदाहरण लिई लुकाएको अङ्क थाहा पाउने तरिका निम्नअनुसार बताएँ:

क) ४३२१-१२३४=३०८७

ख) ७६५४३-३४५६७=४१९७६

ग) ५०५१५२५३-३५२५१५०५=१५२६३७४८

यहाँ माथि पहिलो उदाहरणमा लुकाइएको अङ्क ७ छ। यसलाई नहेरिकन थाहा पाउन बाँकी रहेका अङ्कहरूलाई जोड्ने जस्तै: ३+०+८=११ अब ९ का अपवर्त्यहरू (Multiples): (९-१८-२७-३६-४५-५४-६३-७२...) मा योगफल ११ पछि पर्ने अपवर्त्य: (Multiple) १८ हुन्छ। ११ मा ७ जोड्दा १८ हुन्छ। त्यसकारण ७ लुकाएको अङ्क हो भनी थाहा पाउन सकिन्छ। यसरी बाँकी रहेका अङ्कहरूलाई जोड्दा आएको जोडफल ९ भन्दा सानो आएमा कति थप्दा ९ हुन्छ, त्यो नै लुकाएको अङ्क हुन्छ। योगफल ९ भन्दा ठूलो आएमा कति थप्दा १८ हुन्छ। त्यो नै लुकाएको अङ्क हुन्छ। यदि योगफल १८ भन्दा ठूलो आएमा कति थप्दा २७ हुन्छ, त्यसैगरी योगफल २७ भन्दा पनि ठूलो भएमा कति थप्दा ३६ हुन्छ। त्यो नै लुकाएको अङ्क हुन्छ। यसरी आएको योगफललाई यही तरिका अनुसार ९ को गुणन तालिका (९-१८-२७-३६-४५-५४-६३-७२...) लिई लुकाएको अङ्क सजिलै थाहा पाउन सकिन्छ।

माथिको अर्को उदाहरणमा ४ लुकाइएको छ। यहाँ बाँकी रहेका अङ्कहरू जोड्दा १+९+७+६=२३ हुन्छ। ९ को गुणन तालिकामा २३ पछि पर्ने अपवर्त्य २७ हो। अब २३ मा कति जोड्दा २७ हुन्छ भनी पत्ता लगाउनु नै लुकाएको अङ्क हुनेछ। यसअनुसार २३ मा ४ जोड्दा २७ हुन्छ। त्यसैले लुकाएको अङ्क ४ हो भनी थाहा पाउन सकिन्छ। यदि कुनै अवस्थामा बाँकी अङ्कहरू जोड्दा १८ आयो भने कति जोड्दा २७ हुन्छ त्यो नै लुकाएको अङ्क हुनेछ। यसै प्रकारले माथिको तेस्रो उदाहरणमा २ लुकाइएको छ । यहाँ बाँकी रहेका अङ्कहरू जोड्दा १+५+६+३+७+४+८=३४ हुन्छ। यो संख्यामा २ जोड्दा ३६ भएको हुँदा लुकाएको अङ्क २ हुन आउँछ। यो तरिका बताएपछि विद्यार्थीहरू रमाई-रमाई साथी-साथीमा लुकाएको अङ्क चिन्ने गणितीय खेल खेल्न थाले । गणितीय खेलको माध्यमबाट गणित विषयप्रति विद्यार्थीहरू जागरुक रहेको देख्न पाउँदा अत्यन्तै खुशी लाग्यो। विद्यार्थीको गणितीय खेलप्रतिको रुचि, उत्साह र सहभागिता अवलोकन गरिरहेको थिएँ। समय सकिइसकेछ। पिरियड सकिएको जानकारी थाहा पाएपछि अब तिमीहरू घरमा गएर दिदी, दाइ, बुबा, ममी र अन्य साथीहरूसँग रमाई-रमाई खेल्नु भन्दै म कक्षाबाट बाहिरिएँ। विद्यार्थीहरू खुशीसाथ हुन्छ सर भनिरहेका थिए।

सधैं किताबभित्रकै मात्र सिकाउनुको सट्टा समय समयमा यस्तै गणितीय खेल; mathematics quiz, fun with mathematics and I.Q. test mirror जस्ता रमाइला प्रश्नहरू लिएर कक्षामा प्रवेश गरेमा विद्यार्थीहरूको गणितप्रतिको रुचि, चाहना बढ्नुका साथै विद्यार्थीका नजरमा गणित विषय जटिल र निरस रहने थिएन भन्ने मलाई लाग्दछ।

आगामी अङ्कहरूमा गणित विषय शिक्षक एवं अन्य विषय विशेषज्ञहरूबाट गणितसम्बन्धी विद्यार्थी उत्प्रेरित गराउने, गणित शिक्षणविधिहरू, गणित शिक्षणसम्बन्धी अनुभवहरू *शिक्षक* मासिकमा पढ्न पाइओस् भन्ने आशा राख्दछु।

नमूना आवासीय मावि, कुश्मा, पर्वत

म तपाईंहरू जस्तै सानो छँदा हाम्रो घरमा एउटा पोथी कुकुर थिई। उसले एकपटकमा ५-६ वटा बच्चा जन्माउँथी। छाउराछाउरीले दूध चुस्दै गर्दा पोथी कुकुर लम्पसार परेर बाटोमा ढलेकी हुन्थी। आमा अशक्त भएर हाडछालाको मात्र हुँदा पनि ती बच्चाहरूले दूधका लाम्टा चुस्न छोड्दैनथे। मलाई अहिले हाम्रो देशको अवस्था त्यही कुकुरको जस्तो लाग्दैछ र हामी सबैको व्यवहार ती छाउराछाउरीको जस्तो। देशलाई एउटा नागरिकको हैसियतले के योगदान गर्ने भन्दा पनि देशबाट बढी भन्दा बढी कसरी हसुर्ने भन्ने मनोभावबाट हाम्रो पुस्ता आक्रान्त छ। तपाईंहरूलाई मेरो अनुरोध छ- हामीबाट यस्तो प्रवृत्ति सिक्ने काम नगर्नु होला। बरु थोरै भए पनि देश र समाजलाई जे सकिन्छ त्यो दिने आँट गर्नुहोला। त्यसले नै तपाईंलाई खुशी र महान बनाउनका लागि बाटो प्रशस्त गर्नेछ।


तपाईंहरूलाई यो चिठी लेख्दै गर्दा म दाङमा छु। हिजोआज दाङ लगायत देशका जिल्लाहरूमा विद्यालयहरू अस्वाभाविक रूपमा बन्द गरिने गरेका छन्। हालसालै पनि हाम्रा विद्यालयहरू दुई हप्ता लामो बन्दमा परे। आफ्ना माग पूरा गर्नका लागि आन्दोलन गर्ने जो-कोहीले पनि बन्दको आह्वान गर्ने क्रममा तपाईंहरूले पढ्ने विद्यालयहरू शिकार हुने गरेका छन्। यसको प्रत्यक्ष मार तपाईंहरूलाई परिरहेको छ। मैले जिल्ला शिक्षा अधिकारीको हैसियतले विभिन्न शैक्षिक फोरम र बहसहरूमा विद्यालयहरूलाई बन्दमुक्त गर्नुपर्छ भन्ने कुरा प्राथमिकता दिएर अघि सार्दै पनि आएको छु तथापि यसले उचित निकास पाउन सकिरहेको छैन र यो सबैको सरोकार र चासोको विषय पनि हुन सकिरहेको छैन। मलाई त लाग्छ, अब तपाईंहरू आफैंले विद्यालयहरू कहिल्यै बन्द नहुने तुल्याउन एकपटक सडक तताउनुपर्छ जस्तो लाग्छ।

प्यारा भाइबहिनीहरू, कहिलेकाहीं तपाईंहरूलाई लाग्छ होला, एउटा जिल्ला शिक्षा अधिकारीले चाहे हाम्रो निम्ति के गर्न सक्दैन भनेर। यसको बारेमा पछिका पत्रमा विस्तृत कुरा गर्ने बाचा गर्दै र तपाईंहरूको उत्तरोत्तर प्रगतिको कामनासहित बिदा हुन्छु।

उही तपाईंहरूको शुभेच्छुक
जीतबहादुर शाह
शिक्षा कार्यालय, दाङ

समाचार

# माध्यमिक तहमा नयाँ ढाँचा




**कक्षा ९-१२ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई समेट्दै सरकारले माध्यमिक तहको नयाँ पाठ्यक्रम संरचना स्वीकृत गरेको छ।**

**सरकारले** माध्यमिक तह (कक्षा ९-१२)को शैक्षिक संरचनामा परिवर्तन गरेको छ। माध्यमिक तहमा साधारण तथा संस्कृत र प्राविधिक तथा व्यावसायिक शिक्षाको दुई वटा धार रहने गरी शिक्षा मन्त्रालयले २१ वैशाख २०६९ मा नयाँ पाठ्यक्रम संरचना स्वीकृत गरेको हो। विद्यालय क्षेत्र सुधार कार्यक्रम (एसएसआरपी) को जगमा उभिएर बनाइएको यो संरचनाले गुरुकुल, मदरसा र गोन्पालाई पनि साधारण शिक्षाकै धारमा समेटेको छ।

नयाँ संरचना अनुसार, साधारण शिक्षातर्फ कक्षा ९-१० मा अहिलेकै जस्तो ८०० पूर्णाङ्क रहनेछ। अनिवार्य विषयतर्फ हालकै ६ वटा विषय रहनेछन्। 'सफ्ट स्किल' नाम दिइएका व्यावसायिक प्रकृतिका नयाँ विषयहरू साधारण शिक्षा अन्तर्गतको ऐच्छिक समूहमा थपिएका छन्। त्यसमा खाद्य विज्ञान, गृह विज्ञान, पुस्तकालय विज्ञान, पशु-पक्षी पालन, फलफूल खेती, पुष्पखेती, जडीबुटी खेती, फोटोग्राफी, सिलाइबुनाइ, रेशम खेती र मौरीपालन जस्ता विषयहरू छन्। यस्तै, विभिन्न अन्तर्राष्ट्रिय भाषा पनि ऐच्छिक समूहमा पारिएका छन्। ऐच्छिक समूहबाट विद्यालयले कुनै दुई वटा विषय रोज्न पाउनेछन्।

यस्तै, साधारणतर्फ कक्षा ११ र १२ को पूर्णाङ्क ६५०/६५० बनाइएको छ। अहिले ५०० पूर्णाङ्कको पठनपाठन हुँदै आएको छ। कुल पूर्णाङ्कमध्ये २५० अनिवार्य र ४०० अंक ऐच्छिक विषयका निम्ति छुट्याइएको छ। अनिवार्यतर्फ १०० पूर्णाङ्कको अंग्रेजी र ५०-५० पूर्णाङ्का नेपाली, प्रायोगिक गणित र समसामयिक अध्ययन रहनेछन्। ऐच्छिक विषयहरू भने निर्धारण भइसकेका छैनन्। धार्मिक समूहतर्फ भने ६५० पूर्णाङ्क नै रहने गरी कक्षा ११-१२ का अनिवार्य र ऐच्छिक विषयहरू निर्धारण भइसकेका छन्।

प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ कक्षा ९ र १० मा समान १००० पूर्णाङ्क रहनेछ। यो धारमा साधारणतर्फकै नेपाली, अंग्रेजी, गणित र विज्ञानलाई अनिवार्य विषयका रूपमा समेटिइनेछ भने ६०० पूर्णाङ्कका विधागत (डिस्सिप्लिनरी) विषय रहनेछन्। विधागत विषय र यसको पाठ्यक्रम निर्धारणको जिम्मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) लाई दिइएको छ। सीटीईभीटीका पाठ्यक्रम महाशाखा प्रमुख शिवशंकर घिमिरेका अनुसार, कक्षा ९-१० का निम्ति सिभिल, इलेक्ट्रिकल, कम्प्युटर र कृषि (पशु तथा बाली विज्ञान) विषयका पाठ्यक्रमहरू तयारीको क्रममा छन्। कक्षा ११-१२ का प्राविधिक विषय र पूर्णाङ्कको भने टुंगो लागेको छैन।

साधारण र प्राविधिक दुवै शिक्षा समकक्षी तहका हुनेछन्। एउटा धारमा कक्षा ९-१० पुरा गरेका विद्यार्थीले कक्षा ११-१२ मा अर्को धार रोज्न पाउने गरी पाठ्यक्रम लचिलो बनाइएको छ। साधारण शिक्षाबाट कक्षा ९-१० उत्तीर्ण गर्ने विद्यार्थीले 'ब्रिज कोर्स' पूरा गरेपछि कक्षा ११-१२ मा व्यावसायिक विषय पढ्न पाउनेछन्। यस्तै, व्यावसायिक धारबाट साधारणतर्फ प्रवेश पाउनका लागि प्रवेश परीक्षा उत्तीर्ण गर्नुपर्नेछ।

नयाँ ढाँचाले विद्यमान मूल्याङ्कन प्रणालीलाई पनि सुधार गर्न खोजेको छ। सुधारात्मक शिक्षण सिकाइका निम्ति कक्षाकार्य, योजना कार्य, अतिरिक्त क्रियाकलाप, एकाई परीक्षा, मासिक परीक्षा जस्ता निरन्तर मूल्याङ्कन पद्धतिलाई आत्मसात् गर्न खोजिएको छ। माध्यमिक तहको निर्णयात्मक मूल्याङ्कन पहिलो त्रैमासिक, दोस्रो त्रैमासिक र अन्तिम परीक्षाबाट हुनेछ। तीन वटा परीक्षाको अङ्कभार क्रमश: १०, ३० र ६० प्रतिशत हुनेछ। शिक्षाविद् प्रा.डा. तीर्थ खनियाँ भन्छन्, "विगतको परीक्षा प्रणालीभन्दा यो सुधारोन्मुख देखिन्छ। तर, यसलाई शिक्षकले आत्मसात् नगरेसम्म र शिक्षण सिकाइको संस्कार नसुध्रिएसम्म प्रभावकारी मूल्याङ्कन हुन सक्दैन।"

नयाँ पाठ्यक्रम संरचनाले साधारणतर्फ कक्षा ९-१२ को उत्तीर्णाङ्क प्रतिशतलाई बढाएर ४० पुऱ्याएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षाका विधागत विषयको मूल्याङ्कन प्रक्रिया सैद्धान्तिकतर्फ ४० र प्रयोगात्मकतर्फ ६० प्रतिशतको हुनेछ। कक्षा ९ को परीक्षा विद्यालयले नै सञ्चालन गर्नेछ भने कक्षा १० को परीक्षा क्षेत्रीय र कक्षा १२ को परीक्षा राष्ट्रियस्तरमा हुनेछ। दुवैको प्रमाणीकरण राष्ट्रिय परीक्षा बोर्डले गर्नेछ। कक्षा ११ को परीक्षा सञ्चालनबारे पाठ्यक्रम संरचना मौन देखिन्छ। पाठ्यक्रम विकास केन्द्रका उपनिर्देशक गणेशप्रसाद भट्टराई भन्छन्, "कक्षा ११ को परीक्षाको टुंगो राष्ट्रिय परीक्षा बोर्ड गठन भएपछि लाग्नेछ।" प्राविधिक शिक्षा पूरा हुनका निम्ति निश्चित अवधिको कार्यगत तालिम (अन द जब ट्रेनिङ) गर्नुपर्नेछ।

सीटीईभीटीको प्राविधिक एसएलसी र डिप्लोमा तह तथा त्रिभुवन विश्वविद्यालयको प्रमाणपत्र तह स्वत: विद्यालय शिक्षाका अंग

## 'एनेक्स कार्यक्रम' ७३ विद्यालयमा

सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गर्ने गरी शुरू गरिएको 'एनेक्स कार्यक्रम' यस वर्ष थप २९ विद्यालयमा विस्तार गरिने भएको छ। हाल ४४ विद्यालयमा यो कार्यक्रम सञ्चालित छ। हरेक जिल्लामा कम्तीमा एउटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गर्ने उद्देश्य राखिएको भए तापनि अझै दुई वटा जिल्लामा कार्यक्रम पुग्न बाँकी रहने देखिन्छ। यो कार्यक्रमको व्यवस्थापनको जिम्मेवारी लिएको सीटीईभीटीका योजना महाशाखा निर्देशक गोपालकृष्ण श्रेष्ठका अनुसार मनाङ र मुस्ताङमा दुई पटक आवेदन माग्दा पनि एउटै विद्यालयको आवेदन नपरेका कारण ती जिल्ला छुटेका हुन्।

यो कार्यक्रमको पूर्वाधारका निम्ति रु.२० देखि ३० लाख खर्च लाग्ने गरेको छ। सञ्चालन खर्चको २०-५० प्रतिशत रकम विद्यालयले व्यहोर्ने गरेका छन् भने बाँकी शिक्षा मन्त्रालयले। 'एनेक्स' कार्यक्रम अन्तर्गत कृषि, सिभिल, इलेक्ट्रिकल र मेकानिकल विषयमा प्राविधिक एसएलसी तहको पठनपाठन हुँदै आएको छ। 📖

### कक्षागत पूर्णाङ्क

| साधारण तथा संस्कृत शिक्षा | | प्राविधिक तथा व्यावसायिक शिक्षा | |
|---|---|---|---|
| कक्षा | पूर्णाङ्क | कक्षा | पूर्णाङ्क |
| कक्षा-९ | ८०० | कक्षा-९ | १००० |
| कक्षा-१० | ८०० | कक्षा-१० | १००० |
| कक्षा-११ | ६५० | कक्षा-११ | टुंगिन बाँकी |
| कक्षा-१२ | ६५० | कक्षा-१२ | टुंगिन बाँकी |

हुनेछन्। हाल सीटीईभीटीका आङ्गिकसहित सम्बन्धनप्राप्त प्राविधिक शिक्षालयहरूको संख्या तीन सयभन्दा माथि छ। त्रिवितर्फ इन्जिनियरिङ, स्वास्थ्य र वनविज्ञानमा प्रमाणपत्र तह सञ्चालित छन्।

शिक्षा मन्त्रालयका उपसचिव डा. नकुल बानियाँका अनुसार, प्रारम्भमा १०० वटा विद्यालयमा प्राविधिक शिक्षा शुरू गरिनेछ। एसएसआरपीको मूल दस्तावेज अनुसार कक्षा ९-१० को प्राविधिक तथा व्यावसायिक शिक्षाका निम्ति सन् २००९/१० मै पाठ्यक्रम र शिक्षक तालिम सामग्री तयार गर्नुपर्ने थियो। २०१०/११ मा शिक्षकको तालिम सञ्चालन गरी यतिबेला कक्षा ९ को परीक्षण शुरू भइसक्नुपर्थ्यो। तर, आउँदो वर्ष मात्रै यस्तो परीक्षण शुरू हुने जानकारी अधिकारीहरूले दिएका छन्।

### चुनौती पनि छन्

प्राविधिक शिक्षामा सबैभन्दा चुनौतीपूर्ण पाटो शिक्षक व्यवस्थापन देखिन्छ। सीटीईभीटीको योजना महाशाखा प्रमुख गोपालकृष्ण श्रेष्ठको भनाइमा कक्षा ९ र १० का निम्ति कम्तीमा तीन जना प्रशिक्षक र दुई जना सहायक प्रशिक्षक आवश्यक पर्नेछन्। प्राविधिक शिक्षा कक्षा ११ र १२ सम्म पुग्दा थप जनशक्तिको खाँचो पर्नेछ। प्रशिक्षकका निम्ति सम्बन्धित विषयमा स्नातक र सहायक प्रशिक्षकका निम्ति प्रमाणपत्र तह उत्तीर्ण हुनु जरुरी हुन्छ। तर प्राविधिक शिक्षाको विषयगत अध्यापनका निम्ति बजारमा कति जनशक्ति छन्? तीमध्ये शिक्षण सेवामा आउन कति इच्छुक छन्? तिनको शिक्षण तालिम व्यवस्थापन कसरी गर्ने? भन्ने जस्ता कुराको योजना हालसम्म बनाइएको छैन। प्राविधिक शिक्षा शुरू भएपछि भौतिक पूर्वाधार, शिक्षक व्यवस्थापनमा सरकारको खर्च पनि स्वाभाविक रूपमा बढ्नेछ। प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा मामिलामा लामो अनुभव सँगालेका शिक्षाविद् डा. टंकनाथ शर्मा भन्छन्, "भौतिक व्यवस्थापनका निम्ति वित्तीय स्रोत र दक्ष शिक्षकको सुनिश्चितता हुनैपर्छ। नत्र प्राविधिक शिक्षा सफल हुन सक्दैन।" 📖

**प्रमोद आयाम**

# ६६६ स्कूलमा 'बुक कर्नर'

शिक्षण कार्यमा प्रयोग हुने सन्दर्भ सामग्रीको व्यवस्थापनका निम्ति शिक्षा विभागले आधारभूत तहका ६६६ वटा विद्यालयलाई प्रतिविद्यालय रु.१५ हजार उपलब्ध गराउने भएको छ। यो रकमबाट विद्यालयले र्‍याक/दराज, एक सेट पाठ्यक्रम, विषयगत शिक्षक निर्देशिका, पाठ्यपुस्तक जस्ता सन्दर्भ सामग्रीहरू खरीद गर्नुपर्नेछ। 'बुक कर्नर'को नाम दिइएको यस कार्यक्रमका निम्ति शिक्षा विभागले रु.१ करोड छुट्याएको छ।

सबैभन्दा कम मनाङ र मुस्ताङका दुई तथा अधिकतम सर्लाहीका १९ विद्यालयले 'बुक कर्नर'को सुविधा पाउने भएका छन्। विद्यालयको छनोट गर्ने जिम्मा जिल्ला शिक्षा कार्यालयलाई दिइएको छ। 'बुक कर्नर' नभएका, विद्यार्थी संख्या सन्तोषजनक भएका, सामाजिक परीक्षणको प्रतिवेदन बुझाएका विद्यालयहरूमध्येबाट छनोट गर्नुपर्ने आधार बनाइएको छ।

शिक्षा विभागका शाखा अधिकृत लक्ष्मण बस्याल भन्छन्, "बुक कर्नरलाई हामीले विद्यालयमा हुनैपर्ने न्यूनतम सक्षमताको सूचकका रूपमा लिएका छौं।" यो कार्यक्रमलाई आउँदो वर्ष पनि निरन्तरता दिइने बताइएको छ। 📖


समाचार र विचारको स्वतन्त्र संवाहक
कालपृष्ठ
राष्ट्रिय दैनिक
नेपालगञ्जबाट प्रकाशित







# कारागारको पढाइ

**सिरहा** कारागारभित्रको स्कूलको पढाइ र सिकाइ लोभलाग्दो छ। ५० वर्षका विल्टु यादव जेल पर्नुअघि निरक्षर थिए। तर अहिले उनी नेपाली र अंग्रेजीका अक्षर मात्रै चिन्दैनन्, लेखपढसँगै जोड, घटाउ, गुणन र भाग समेत गर्न सक्ने भएका छन्। "जेल परेको १५ महीना भयो, कक्षा ४ मा पुगेको छु", आफ्नो उपलब्धिप्रति गर्व गर्दै उनी भन्छन्।

सिरहाको बन्दीपुर-४ का ज्ञान यादव पनि कारागार स्कूलमै पढेर आफ्ना भावना र विचार लेखेर अभिव्यक्त गर्न सक्ने भएका छन्। उनले जेलव्यथा *विना कसुर* शीर्षकमा लेखेका छन्:

*"विना कसुर जेलको चिसोमा जीवन*
*काट्दैछु, आँशुसित क्षणिक हाँसो साट्दैछु।*

*मानवता र दयामाया रित्तो छ यहाँ,*
*सात सय ग्राम चामल र ४५ रुपैयाँसित*
*जीवन साट्दैछु।"*

जेल पर्नुअघि निरक्षर रहेका ललिया महरालाई जेल स्कूलले कवि बनाएको छ। उनले *जेलको पीडा* शीर्षकको कवितामा लेखेका छन्:

*"बसन्तको हरियालीमा होइन म*
*शिशिरको तुषारोमा रमेको छु।*
*सुनको लकेटमा होइन म, फलामको*
*हत्कडीमा हाँसेको छु।"*

जेलभित्रको कैदी/बन्दी सुत्ने बस्ने कोठालाई नै स्कूल बनाइएको छ। भौतिक शैक्षिक पूर्वाधार केही नभए पनि कारगार स्कूलका वयस्क विद्यार्थीको मिहिनेतले भने सबैको मन छुन्छ।

कक्षा ४ सम्म पढाइ हुने उक्त स्कूलको पठन-पाठनको मुख्य जिम्मेवारी स्वयंसेवक शिक्षक रोहितकुमार पासवानले सम्हालेका छन्। उनी आफू पनि कैदी नै हुन्।

# शिक्षकलाई मोसो दल्नेलाई सार्वजनिक मुद्दा

**सप्तरीको** पिप्रापश्चिम-२ स्थित जनता निमावि नैन डाबरकी शिक्षक उर्वसी फुँयाललाई स्कूलबाट घर फर्कंदै गर्दा २३ जेठमा स्थानीय ५/६ जनाको समूहले मोसो दलेर अमानवीय व्यवहार गरेका थिए। पिप्रापश्चिम गाविस-२ का बासिन्दा आश्विन कार्कीकी बहिनी तारा कार्कीलाई गलत सङ्गत नगर्न भन्दा आफूमाथि कार्कीले दुर्व्यवहार गरेको फुँयालको कथन छ। "मेरो विद्यार्थी भएकाले राम्रै कुरा सिकाएकी हुँ, तर अमृत पनि विष भयो", उनले थपिन्।

घटनाको विरोधमा २४ जेठमा त्यस क्षेत्रका एक दर्जन विद्यालयहरू बन्द गरिएका थिए। चार गाउँका अभिभावकहरूको त्यसै दिन बसेको बैठकले आश्विन कार्कीसहितलाई कारबाही गर्नुपर्नेमा जोड दिएको छ। घटनाबारे शिक्षक संस्था, जिशिका र स्रोत केन्द्र बेखबर छन्।

आश्विन कार्कीलाई प्रहरीले नियन्त्रणमा लिएको छ। "हामीले महिला शिक्षकमाथि भएको यो ज्यादतीलाई गम्भीरतापूर्वक लिएका छौं" इलाका प्रहरी कार्यालय कल्याणपुरका नायब निरीक्षक दिवाकर कटवालले भने, "घटनाका दोषीको खोजी भइरहेको छ। यो घटनाका मुख्य अभियुक्त कार्कीविरुद्ध सार्वजनिक मुद्दा चलाइसकिएको छ।"

यसअघि ३१ वैशाखमा सिरहाको गोविन्दपुर-५ माणिकदहस्थित जनता प्राविका प्रधानाध्यापक रामअवतार चौधरीलाई आर्थिक अनियमितता गरेको भन्दै स्थानीय एक समूहले मोसो दलेर गाउँ घुमाएको थियो।

**श्रवण देव**, सप्तरी

# घट्दै एसएलसी नतिजा

३१ जेठ २०६८ मा प्रकाशित एसएलसी नजिता अनुसार नियमिततर्फ कुल ४७.१६ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका छन्। यो नतिजा अघिल्लो वर्षको तुलनामा ८.३४ प्रतिशतले कम हो।

२०६८ सालमा नियमिततर्फ ४ लाख १९ हजार ४९ परीक्षार्थी सहभागी भएकोमा १ लाख ९७ हजार ६३८ जना उत्तीर्ण भएका छन्। त्यसमध्ये विशिष्ट श्रेणीमा १७ हजार ७६०, प्रथम श्रेणीमा ७७ हजार २५७ र द्वितीय श्रेणीमा ९३ हजार ८३० परीक्षार्थी उत्तीर्ण भएका छन्। तृतीय श्रेणीको संख्या ८ हजार ७९१ छ। दुई विषयसम्म अनुत्तीर्ण भएका परीक्षार्थीलाई यस वर्ष ५ अंकसम्म 'ग्रेस-मार्क' दिइएको परीक्षा नियन्त्रण कार्यालय सानोठिमीले जनाएको छ।

'एक्जेम्टेड' तर्फ ७६ हजार ९७९ जना सम्मिलित भएकोमा १३.७० प्रतिशत उत्तीर्ण भएका छन्। नियमिततर्फ ४६१ र

**एसएलसी नतिजा (नियमित) २०६५-२०६८**

| साल | परीक्षार्थी | उत्तीर्ण | प्रतिशत |
|---|---|---|---|
| २०६५ | ३,४२,६३२ | २,३४,६०२ | ६८.४७ |
| २०६६ | ३,८५,१४६ | २,४७,६८९ | ६४.३१ |
| २०६७ | ३,९७,७५९ | २,२०,७६६ | ५५.५० |
| २०६८ | ४,१९,०४९ | १,९७,६३८ | ४७.१६ |

*स्रोतः परीक्षा नियन्त्रण कार्यालय*

'एक्जेम्टेड' तर्फ ४९ जना परीक्षार्थी निष्काशित भएको पनि पनिकाले जनाएको छ। तीमध्ये ११७ परीक्षार्थीलाई यस वर्षका सबै विषयको परीक्षा रद्द गरी २०६९ सालमा समेत परीक्षामा दिन नपाउने गरी कारवाही गरिएको छ।

यसैगरी ९२७ परीक्षार्थीको नतिजा स्थगित गरिएको छ। दोहोरो आवेदन फाराम भरेका 'केही परीक्षार्थी'को नतिजा स्थगित गरिएको परीक्षा नियन्त्रक डिल्लीराम रिमालले बताए। रिमालले भने, "वास्तविक विद्यालय यकिन भएपछि त्यस्ता परीक्षार्थीको नतिजा क्रमशः प्रकाशन गरिने छ।" परीक्षामा मर्यादा विपरीत काम गरेकोमा ३ केन्द्राध्यक्ष र २९ जना निरीक्षक समेत कारवाहीमा परेका छन्।

यसपालीको एसएलसी ७-१५ चैत २०६८ मा सञ्चालन भएको थियो। २०६५ सालमा ६८.४७ प्रतिशत परीक्षार्थी उत्तीर्ण भए पनि त्यस यता वर्षेनि एसएलसी नतिजा खस्कँदै आएको छ। चालु आवमा शिक्षामा सरकारको १७ प्रतिशत लगानी रहेको छ।

परीक्षा बोर्डका अध्यक्ष समेत रहेका शिक्षा सचिव किशोर थापाले भने, "एसएलसी नतिजा खस्कँदै जानु दुखद् विषय हो। यसलाई हामीले गम्भीरतापूर्वक लिएका छौं। यसमाथि शिक्षा मन्त्रालयले गहन अध्ययन र विश्लेषण गरिनेछ।"

# नानीहरूको हातमा ल्यापटप

**निमावि** घरबारी टोल नेपालगञ्जका छात्रछात्रा ल्यापटप चलाएर नेपाली, अंग्रेजी, गणित र विज्ञानका पाठ सिक्न थालेका छन्। शिक्षा मन्त्रालय र साझा इपाटीको सहकार्यमा इपाटी पठनपाठन शुरू भएको हो। जिशिका बाँकेले उक्त स्कूललाई ४० वटा मिनी ल्यापटप उपलब्ध गराएको छ। त्यसको लाभ घरेलु श्रमिक तथा विपन्न परिवारका बालबालिकाले पाएका छन्।



कृष्ण अधिकारी

कक्षामा उपस्थित सबै नानीहरूलाई एक-एक वटा ल्यापटप दिइएको छ भने तिनलाई तालिम प्राप्त शिक्षकले पढाउने गरेका छन्। नानीहरूका दैनिक पाठहरू ल्यापटपमै सेट गरिएका छन्। कम्प्युटर ल्याबमा पालैपालो २ देखि ६ कक्षाका छात्रछात्राहरूलाई ल्यापटपबाट नेपाली, अंग्रेजी, गणित र विज्ञानका पाठहरू पढाउने गरिएको छ।

शिक्षा मन्त्रालयले सामुदायिक विद्यालयको गुणस्तर वृद्धिका लागि यो वर्ष बाँकेका चार वटा सामुदायिक विद्यालयमा पाइलट प्रोजेक्टको रूपमा ल्यापटप कक्षा शुरू गरेको जिशिका बाँकेका अधिकृत मनप्रसाद रेग्मी बताउँछन्। नेरा प्रावि नेपालगञ्ज, ज्ञानोदय उमावि खजुरा, शहीद उमावि कम्दी र बालापुर प्राविले ल्यापटप सिकाइको लाभ पाएका छन्। ल्यापटप कक्षा संचालन गर्नुअघि यी चार स्कूलका २९ जना शिक्षकलाई सातदिने आधारभूत तालिम दिइएको थियो।

**कृष्ण अधिकारी**, नेपालगञ्ज



स्कूलचौन उमाविका छात्रछात्रा ।

तस्वीरहरू: मी. अधिकारी

**कमजोर पठनपाठनका कारण सार्वजनिक स्कूलले छात्रछात्राको अभाव झेल्नु परेको बेला झापा र सुर्खेतका सुध्रिँदै गरेका विद्यालयलाई भने विद्यार्थीको चाप थेग्न गाह्रो परेको छ ।**

# पढाइ सुधार्न मितेरी कक्षा

छात्रछात्राको चाप बढ्दै गएपछि झापाको दक्षिणी गाविस महारानीझोडा-२ को स्कूलचौन उमाविले पूर्व प्राविमा समेत सेक्सन थप गरेको छ । छेउछाउका बोर्डिङ स्कूल छाडेर यो स्कूलमा भर्ना हुने संख्या बढ्दै गएपछि छात्रछात्राको संख्या ७०० नाघेको छ ।

स्कूलचौन उमाविको वार्षिक शैक्षिक नतिजा औसत ८० प्रतिशतभन्दा माथि रहेको छ । जिशिका झापाको मूल्यांकनमा यो स्कूल जिल्लाकै तेस्रो राम्रो स्कूल हो । पूर्व प्राथमिक तहमा किन्डरगार्टेन प्रणाली अपनाइएको छ भने कक्षा २ सम्म अंग्रेजी माध्यममा पठनपाठन सञ्चालन गरिएको छ । पठनपाठनलाई चुस्त राख्न साप्ताहिक जाँच प्रणाली अपनाइएको छ । साप्ताहिक रूपमा जाँच हुने भएपछि विद्यार्थीले नियमित रूपमा पढाइमा ध्यान दिनुपर्ने स्थिति सृजना भएको छ । तल्लो कक्षाका कमजोर विद्यार्थीलाई कक्षाको औसत स्तरमा ल्याउन विद्यालयले विशेष नि:शुल्क कोचिङ कक्षा सञ्चालन गर्ने गरेको छ । कक्षा ८, ९ र १० का छात्रछात्राले भने कोचिङ कक्षा पढ्न शुल्क तिर्नुपर्छ । २०६५ को एसएलसीमा यो विद्यालयले झापाको दोस्रो स्थानमा परेको थियो भने २०६६ र २०६७ मा पाँचौं ।

स्कूलको शैक्षिक नतिजा सुधारका लागि स्कूलचौन उमाविले अपनाएका विभिन्न विधिहरू मध्ये मितेरी कक्षा नितान्त नौलो हो । गत सालदेखि कक्षा ८, ९ र १० मा कार्यान्वयन गरिएको मितेरी कक्षाको अवधारणा अनुसार कक्षाका जान्ने विद्यार्थीसँग कम्तीमा पाँच जना कमजोरलाई मीत लगाइदिने र सिकाइ आदानप्रदान गर्न लगाउने गरिएको छ । मितेरी समूहमा परेका विद्यार्थीले स्कूल र स्कूल बाहिर पनि आफूले नजानेका विषयमा सामूहिक छलफल गर्ने र जान्नेले नजान्नेलाई सिकाउनुपर्छ । "मितेरी कक्षाका कारण मैले जानेका कुरा मीतलाई सिकाउने र मीतले जानेका कुरा मैले सिक्ने अवसर मिलेको छ, यसले सरहरू कक्षामा नहुँदा पनि गफिएर समय खेर फाल्ने परिपाटी



"हामी राम्रो भइसकेका छैनौं, राम्रो बन्ने बाटोमा चाहिं पक्कै लागेका छौं ।"

**प्रअ बाबुराम भण्डारी**
स्कूल चौन उमावि, महारानीझोडा

रोकिएको छ", कक्षा १० की प्रथम छात्रा झरना दाहाल भन्छिन् ।

विद्यालयले अपनाएको शिक्षक नियुक्तिको पारदर्शी र निष्पक्ष मापदण्ड तथा प्रक्रियाले गर्दा नयाँ शिक्षक नियुक्त गर्न र गतिला शिक्षकलाई सरुवा गरेर स्कूलमा ल्याउन सहयोग पुगेको प्रअ बाबुराम भण्डारीको अनुभव छ । दुई वर्षयता उनले कसैको दबाब विना चार जना शिक्षक नियुक्त गरेका छन् । शैक्षिक योग्यतालाई शिक्षक छनोटको मुख्य आधार बनाइएको छ । अहिले यो स्कूलमा २२ जना शिक्षक छन् । यहाँका शिक्षकलाई कुनै आर्थिक समस्या परेमा चार महीनासम्मको तलब पेश्की स्वरुप लिन सक्छन् । यसले आर्थिक तथा पारिवारिक चिन्ताबाट मुक्त भएर शिक्षकले कक्षाकोठामा राम्रोसँग पढाउने विश्वास प्रअ भण्डारीको छ । यहाँका शिक्षकहरू पेशागत संघसंगठनको काजमा हिंड्न पाउँदैनन् ।

बन्दको हल्ला सुन्ने वित्तिकै स्कूल बन्द गर्ने आम प्रवृत्तिको अपवाद बनेको छ स्कूलचौन उमावि । १२ वैशाख २०६८ मा पूर्वाञ्चल बन्द थियो । तर, त्यो दिन स्कूलचौनको पठनपठन सुचारु थियो । गत वर्ष सो स्कूल २३१ दिन खुलेको र २०४ दिन पठनपाठन भएको देखिन्छ । आर्थिक पारदर्शिता, अभिभावकसँग नियमित अन्तरक्रिया, शिक्षक शिक्षकबीचको एकता र टीम वर्क स्कूलचौनलाई राम्रो पार्ने थप औजार देखिन्छन् । तैपनि प्रअ भण्डारी भन्छन्, "हामी राम्रो भइसकेका छैनौं, राम्रो बन्ने बाटोमा चाहिं पक्कै लागेका छौं ।" भण्डारीको सबल पक्ष नै व्यक्तिगत सक्रियता हो । उनी धेरै काम आफैं गर्न तम्सिन्छन् । यसले अरू शिक्षकलाई पनि कर्मशील हुन प्रेरित गरेको छ ।

# नयाँ भर्नामा प्रवेश परीक्षा



**प्रवेश परीक्षा:** झापास्थित हिमालय उमाविले विद्यार्थीको बढ्दो चाप थेग्न नयाँ भर्नामा प्रवेश परीक्षा प्रणाली शुरू गरेको छ ।

**झापाको** दमक-२ स्थित हिमालय उमाविले विद्यार्थीको बढ्दो चाप थेग्न नयाँ भर्नामा प्रवेश परीक्षा प्रणाली शुरू गरेको छ । हाल यो उमाविमा १२०० विद्यार्थी र ३० जना शिक्षक छन् ।

हिमालय उमावि राम्रो हुनुको एउटा कारण हो त्यहाँभित्र हुने विशुद्ध शैक्षिक क्रियाकलाप । राजनीतिले नगिजोलेका कारण विगत तीन वर्षयता यो स्कूलले एसएलसीमा ८० प्रतिशतभन्दा माथि नतिजा हासिल गरेको छ। शिक्षक समयमा कक्षामा जाने, गफ नगर्ने नियमित रूपमा गृहकार्य दिने र परीक्षण गर्ने परिपाटीले विद्यार्थीलाई पठनपाठनमा प्रेरित गरेको छ। हिमालय उमाविमा हरेक विद्यार्थीको गृहकार्य रेकर्ड गर्ने गरिएको छ। स्कूल नआउने विद्यार्थीले दैनिक रु.२ र कक्षा छाड्नेले रु.५ जरिवाना तिर्नुपर्छ ।

कक्षा ८ भन्दा माथिका लागि कोचिङ कक्षा चलाइएको छ । पूर्वप्राथमिक तहमा किन्डरगार्टेन पद्धतिमा पढाइ हुन्छ भने कक्षा ४ सम्म अंग्रेजी माध्यममा । भर्ना हुनका लागि प्रवेश परीक्षा दिनुपर्ने नियम कक्षा ४ सम्म कायम गरिएको छ। यसले आसपासका स्कूलमाथि अप्रत्यक्ष रूपमा पढाइ सुधार गर्नुपर्ने दबाब परेको छ ।

यस स्कूलमा अध्यापन गर्ने सबै शिक्षकले आफ्ना छोरीछोरीलाई यहीं भर्ना गरेका छन् । शिक्षकहरूले निजी स्कूलमा पढ्दै गरेका छोराछोरीलाई समेत यही स्कूलमा सार्नुको कारण अरू केही नभएर स्तरीय र विश्वसनीय पठनपाठन नै हो। शिक्षक स्वयंले निजी स्कूलबाट छोराछोरी निकालेर यसमा भर्ना गरेपछि अरू अभिभावकमा पनि यस उमाविप्रतिको विश्वास बढेको छ । "निजी स्कूलबाट छोराछोरी निकालेर सरकारीमा हाल्न तयार हुनु सानो कुरा होइन, तर हामीले निजी स्कूलबाट आउने सबै छात्रछात्रालाई स्वागत गर्न सकेका छैनौं", प्रअ विदुर खतिवडा भन्छन् ।



"विद्यार्थीको चापले गर्दा निजी स्कूलबाट आउने सबै छात्रछात्रालाई स्वागत गर्न सकेका छैनौं ।"

**प्रअ विदुर खतिवडा**
हिमालय उमावि, दमक

वार्षिक रु.२ करोड कारोबार हुने हिमालय उमाविमा विद्यार्थी चाप बढी भएका कारण कक्षा ९ र १० मा चार/चार वटा सेक्सन छुट्याइएको छ। तैपनि अहिले एउटा सेक्सनमा ८५ जना विद्यार्थी छन् । अब चाहिं ५० जनाको एउटा सेक्सन बनाउने स्कूलको योजना छ । कक्षा ६ र ७ को प्रत्येक सेक्सनमा ९० जनासम्म राखिएको छ भने पूर्व प्राथमिक तहमा यस वर्षदेखि मन्टेसरी शिक्षण पद्धतिमा पठनपाठन गर्न शैक्षिक/भौतिक पूर्वाधार तयार गरिएको छ । हिमालय र चौन उमाविको सफलताले प्रअ र शिक्षकले प्रयास गरे सरकारी विद्यालयका पठनपाठन सुधार्न असम्भव छैन भन्ने स्पष्ट पार्छ ।

**बाबुराम विश्वकर्मा**

**रिपोर्ट** सुधारोन्मुख सरकारी स्कूल

# आत्मनिर्भर बन्ने आफ्नै बाटो

**नि:शुल्क** शिक्षाको घोषणा त धेरै विद्यालय, पार्टी र सरकारहरूले समेत गर्ने गरेका छन् तर साँच्चै नि:शुल्क र स्तरीय शिक्षा दिन चाहिँ कोही कोही मात्र सक्षम देखिएका छन्। नि:शुल्क शिक्षा दिने सबैको रहरमा बाधक बन्ने गरेको छ- स्रोतसाधनको न्यूनता र त्यस्तो साधन जुटाउने जाँगर एवं जुक्तिको अभाव।

सुर्खेतको बड्डीचौरस्थित जनज्योति उच्च मावि माथिका तीनवटै सवालमा अरूभन्दा भिन्न देखिएको छ। यसले सबै कक्षालाई नि:शुल्क गर्ने घोषणा गरेको छ र त्यो घोषणा साकार पार्न आवश्यक साधनस्रोत जुटाउन विशेष जाँगर र जुक्ति पनि निकालेको छ। करीब ६०० विद्यार्थी अध्ययनरत जनज्योतिले कक्षा ८ सम्म पूरै नि:शुल्क र कक्षा ९ र १० का निम्ति भर्ना शुल्क लिँदै आएकोमा भविष्यमा कक्षा १२ सम्म नै नि:शुल्क गर्ने लक्ष्य राखेको छ। यसनिम्ति विद्यालयले साधनस्रोत जुटाउनका निम्ति कृषि शिक्षा र व्यावसायिक कृषिको बाटो अपनाएको छ।

पोहोरदेखि विद्यालयमा कृषि जेटीएको पढाइ शुरू गरिएको छ। जेटीए कक्षाबाट विद्यार्थीले सिक्ने अवसर मात्र पाएका छैनन्, विद्यालयले आर्थिक जोहो गर्ने बाटो पनि पाएको छ। विद्यार्थीले 'प्राक्टिकल' गर्दा उमारेका सागसब्जी बेच्दा आएको रकम विद्यालयको आयमा राखिन्छ। मलको प्रयोगको लागि विद्यालयमा दिसा र पिसाब छुट्टाछुट्टै ठाउँमा गराइन्छ। पिसाब जम्मा गर्न हजार लिटरको ड्रम राखिएको छ, जहाँ दिसा मिसाईदैन। "यो चाहिं नयाँ सिद्धान्त, पेटबाट खेतमा, खेतबाट फेरि पेटमा" विद्यालयका प्रधानाध्यापक नारायण सिग्देल हाँस्दै सुनाउँछन्। यसरी जम्मा गरेको पिसाब तीन बिघाको क्षेत्रमा रहेको विद्यालयको खेतीमा प्रयोग गरिन्छ।

विद्यालयले २०५४ सालदेखि श्रवणशक्ति नभएका विद्यार्थीहरूलाई पनि पढाइरहेको छ। अहिले १४ जना यस्ता विद्यार्थी पढिरहेका छन्। जिल्ला शिक्षा कार्यलय, रुम टु रिड तथा अन्य विभिन्न संघसंस्थाको सहयोगमा विद्यालयमा उपयोगी पुस्तकालय पनि सञ्चालन गरिएको छ। विद्यालय आत्मनिर्भर बन्दै गएपछि अरु धेरै यस्तो सुविधा बढाउने सोच छ प्रधानाध्यापक नारायण सिग्देलको।

"शुरू-शुरूमा फर्निचरको समस्या थियो, कति शिक्षकलाई गाउँलेहरूले पैसा उठाएर तलब खुवाउनुपर्थ्यो" २६ वर्षदेखि विद्यालय व्यवस्थापन समितिमा आवद्ध मणिराम अधिकारी आफ्नो पुरानो अनुभव सुनाउँछन्। आत्मनिर्भर हुने क्रममा पोहोर सालदेखि विद्यालयले आफ्नै जमिनमा माछापालन पनि शुरू गरेको छ। प्रधानाध्यापक सिग्देल रु.१ लाखको माछा बेचिसकेको बताउँदै भन्छन्, "अझै एक लाखको माछा पोखरीमै छ भन्ने अनुमान छ।"

माछापोखरी वरिपरिको जमिनमा कृषिका विद्यार्थीले आफूले पढेको विषयको प्रयोगात्मक खेती गर्छन्। प्रयोगात्मक परीक्षणकै रूपमा उत्पादन गरिएको पाँच मुरी धान विद्यालयको आयको रूपमा बेचिएको छ। दुई जना जेटीए पढ्ने विद्यार्थी यही फार्ममा बस्छन्। उनीहरूको आर्थिक स्थिति कमजोर भएकाले विद्यालयले कुनै शुल्क लिदैन। ती विद्यार्थीले विद्यालयको काममा सघाउँछन्।

पेशा, व्यवसाय तथा प्रविधि नामक ६ कक्षाको नयाँ पाठ्यक्रमको परीक्षण पढाइको यो विद्यालयले अवसर पायो। यसमा प्रविधि अन्तर्गत विद्यार्थीलाई इन्टरनेट, कम्प्युटरको बारे बुझाउनुपर्छ। तर गाउँमै बिजुली नहुँदा कम्प्युटर पढाउन गाह्रो छ। बिजुली नभएकै कारण डेढ-डेढ लाख पर्ने दुई वटा कृषि मेशिन विद्यालयले प्रयोगमा ल्याउन सकेको छैन। बीउको उम्रन सक्ने क्षमता परीक्षण गर्ने ती मेशिन चलाउन सके विद्यार्थी मात्र हैन, गाउँका किसान पनि लाभान्वित हुन सक्छन्।

## आगामी लक्ष्य र योजना

यो विद्यालयको आसपासका बस्तीका ३०० जना भन्दा बढी मानिस विदेशमा काम गरिरहेका छन्। उनीहरूले घरमा पठाउने पैसा लिन आफन्तले सुर्खेत बजारसम्म धाउनुपर्छ। यसैलाई मध्यनजर गर्दै जनज्योति उमाविले वीरेन्द्रनगरको एउटा सहकारी संस्थासँग मिलेर 'रेमिट्यान्स' को कारोबारमा हात हाल्ने योजना बनाएको छ। यसबाट मासिक करीब रु.२० हजार फाइदा हुनसक्ने विद्यालयको अनुमान छ।

विद्यालयको पोखरीमा माछा थप्न जिल्ला कृषि कार्यालयले रु.३५ हजार दिने भएको छ। सँगसँगै, प्रयोगको रूपमा गरिएको कपुर खेतीबाट एक लीटर कपुरको तेल निकालिएको छ। यसको बजार भाउ रु.२५ सयदेखि रु.३ हजारसम्म पर्छ। यही योजना अन्तर्गत १०० भन्दा बढी कपुरका बिरुवा रोप्न लागिएका छन्। कपुरका बिरुवा तीन वर्षमा वयस्क हुन्छन्।

२३ वर्षदेखि सोही विद्यालयमा पढाइरहेका प्रधानाध्यापक सिग्देलका अनुसार पहिले स्थानीय सामुदायिक वन र गाविसले विद्यालयलाई आर्थिक सहयोग गर्थे। नेपाल सरकारले गाविसको रकमले शिक्षकलाई तलब खुवाउन नपाउने नियम बनाइदियो। साथै सामुदायिक वनमा पुराना र बेच्न लायक काठ सकिँदै गएपछि आम्दानीको वैकल्पिक स्रोत खोज्न विद्यालय बाध्य भएको हो। दुई/तीन वर्षभित्र कसैको सहारा विना विद्यालय आफैं चल्न सक्ने बनाउने योजना सुनाउँदै प्रअ सिग्देल भन्छन्, "त्यो बेला जनज्योति उमाविले १ देखि १२ कक्षाको शिक्षा पूर्ण नि:शुल्क दिनेछ।"


**भानु बोखिम**


**नि:शुल्क शिक्षा:** सुर्खेतको बड्डीचौरस्थित जनज्योति उमाविको कृषि फार्म।



भानु बोखिम


EVEREST
FLORIDA
HIGHER SECONDARY SCHOO
Explore your potentiality to enlighten yourself
+2
SCIENCE
MANAGEMENT
HUMANITIES
WHY FLORIDA ?
• Own Land & Building, AC Rooms, CC cameras and Elevator (Lift) facilities.
• Modern Computer Lab with Free Wi-Fi Zone.
• Use of Multimedia and Projector based lectures.
• International Standard Library, Laboratory and Cafeteria.
• Counselling for Higher Studies in Nepal and Abroad by experts & professionals.
• Individual Career Counselling / IELTS / TOEFL / Nursing Preparation Classes.
• Preparation classes for Medical & Engineering entrance test by renowned teacher of VIBRANT, NAME, SEA and PEA.
• Guest lectures, digital class notes, handouts and many more.
Attention !!
SCIENCE EXHIBITION
Venue: Florida Building
Shantinagar Gate - 34, Kathmandu
1st & 2nd Ashadh (15th & 16th June)
10:00 AM to 6:00 PM
FLORIDA EDUCATION NETWORK PVT. LTD.
Florida Building, Shantinagar Gate-34 | Tel: +977-1-46 20 522/523 | Fax: +977-1-46 20 524
Email: corporate@everestflorida.com | Website: www.everestflorida.com


कथालय प्रकाशन
www.kathalaya.com.np
फोन नं: ०१-४२५००७६
नेपाली भाषामा पहिलो
"विज्ञान विश्वकोष"
हरेक विद्यालयका विद्यार्थी र शिक्षकका लागि
उपयोगी पुस्तक
आफ्नो प्रति सुरक्षित गर्नुहोस्
पहिलो विश्वकोष
विज्ञान


सरकारी तथा निजी विद्यालयका लागि
Most Usable for Students
English Practice Book
Compulsory English
For Class VI, VII, VIII, IX & X Classwise Book
Ratnasagar English Practice Book
By: Narayan Karki
Ratna Sagar Prakashan (P.) Ltd.
रत्न सागर प्रकाशन (प्रा.) लि.
डिल्लीबजार, काठमाडौं, फोनः ०१-४४३८५३०
email: ratnasagarprakashan@gmail.com

# साक्षर नेपाल
# सपना र विपनाबीचको तराजुमा

■ बाबुराम पौडेल

## हाम्रो सपना

शिक्षाको उद्देश्य एउटै हुन्छ चाहे त्यो औपचारिक ढाँचाको शिक्षा होस् वा अनौपचारिक। शिक्षाले प्रभावकारी नागरिक तयार पार्नुपर्छ। जुन नागरिकले स्वावलम्बी ढंगबाट जीवनयापन गर्न सकोस् र स्थानीयदेखि अन्तर्राष्ट्रिय समाजसम्म यथोचित योगदान पुऱ्याउन सकोस्। शिक्षाले जीवन र जगतलाई हेर्ने ढोका खोलिदिन सक्नुपर्छ। यही सपनालाई विपनामा परिणत गर्न संसारका सबै राष्ट्र र सरकार लागिपरेका छन् आफ्नै ताकत र सामूहिक प्रयत्नका साथ। विभिन्न कारणले औपचारिक शिक्षाका अवसरहरूबाट ठगिदै र वञ्चितीकरणमा पर्दै आएका मुलुकको झण्डै आधा संख्यामा रहेका निरक्षर प्रौढहरूलाई जतिसक्दो छिटो साक्षर नबनाएसम्म न मुलुकको दिगो विकास सम्भव छ न विश्व रंगमञ्चमा 'म नेपाली' 'म त्यसदेशको प्रतिनिधि' भनेर गर्वले ठाडो शिर गर्न सम्भव छ। धेरै अध्ययन र अनुसन्धानले अशिक्षा र गरीबी बीच प्रत्यक्ष सम्बन्ध रहेको पुष्टि गरिसकेका छन्। अनौपचारिक शिक्षामा गरिने लगानी औपचारिकको जस्तो दीर्घकालका निम्ति नभई तत्काल नतिजा प्राप्त गर्नका लागि गरिने हो। त्यसैले आउँदा तीन वर्षभित्रै मुलुकबाट निरक्षरता उन्मूलन गरी 'साक्षर नेपाल' को रूपमा आफ्नो चिनारी दिने सपना हामीले देखेका छौं।

संसार कल्पनामा अडेको छ। आजको दुनियाँ हिजोको सपनाको परिणति हो। तसर्थ स्वप्न देख्नुपर्छ, देख्न पाउनुपर्छ, सबै विपनाहरू मेलो र मेसोका नतिजा हुन्। त्यसैले सरकारले सपना देखेको। यो सपना सरकारको मात्र होइन, जनताको पनि हो।

## प्रयत्न र चुनौती

मठ, मन्दिर, गुम्बा र विहार, आश्रम र मदरसाका छिंडी हुँदै आरम्भ गरिएको शैक्षिक यात्रा औपचारिक र अनौपचारिकका नाममा विभाजित हुँदै अघि बढ्यो। आशातीत उपलब्धि प्राप्त गर्न नसकिए पनि विभिन्न कालखण्डका आरोह अवरोह भोग्दै औपचारिक शिक्षाले विद्यालय, विश्वविद्यालयको रूप धारण गऱ्यो। पूर्णवैतनिक शिक्षक, वैज्ञानिकतातर्फ उन्मुख पाठ्यक्रम र पाठ्यसामग्री, प्राय: ठाउँमा घाम र पानीमा ओत लाग्ने छत, प्रमाणपत्र बन्न नसके पनि प्रमाणपत्र वाहकको जमात खडा गर्न सफल भयो र हुँदैछ। तर अनौपचारिक क्षेत्र क्रमश: 'विचरा' तिर उन्मुख हुँदै छ। पटाहा, पाटी र पौवाबाट चौतारा र चोकतिर जाँदो छ। कहिले स्थानीय निकाय, कहिले जिल्ला शिक्षा कार्यालय, कहिले सरकारी, कहिले गैरसरकारी संस्थाका पोल्टामा कहिले कार्यक्रमका नाममा कहिले अभियानका नाममा घडीको दोलक जस्तै हल्लँदो छ। 'हिंड्दैछ पाइला मेट्दैछ', 'बालुवामा पानी', 'कहिल्यै नटुंगिने अनन्त बाटो'का आरोप खेप्दो छ। जतिसुकै आरोप र वञ्चना सुन्दै र खेप्दै भए पनि वि.सं. २०६७ को घरधुरी सर्वेक्षणको नामनामेसीका नतिजाले लुखुरलुखुरकै यात्रा सही; ७५ लाखको बोझलाई गत वर्ष साढे ५१ लाखतिर झारेर यस वर्षको अन्त्यसम्ममा ३८ लाखभन्दा थोरैमा बिसाउने लक्ष्य उन्मुख देखिन्छ। येनकेन आफ्नो गन्तव्यतर्फ बढ्न खोज्दैछ, कहिले सात्-सामलको अपर्याप्तता महसूस गर्दै, कहिले उत्तरदायित्वसहितको जिम्मेवारी लिइदिने सहयात्रीको खाँचो महसूस गर्दै, कहिले भरपर्दो संरक्षकको अभाव झेल्दै यात्रा जारी छ, सपनाको सार्थकताका खातिर।

पशुपतिछेउको बागमतीको किनारामा एकैपटक १०० जना बटुक बटुलेर एउटा कुशको टुक्रा समाउन लगाई गायत्री मन्त्र जपाएर काँधमा जनै नामको धागो भिराइदिएर १५ मिनेटमै लौ कर्मकाण्ड सकियो भन्ने सामूहिक व्रतबन्ध जस्तै हो साक्षरता अभियान भन्ने सोच अँगाल्ने कि साक्षरताको विश्वव्यापी मान्यता अनुरुपका सूचकांकको समकक्षी शिक्षाको खोजीमा लाग्ने। प्रमाणपत्र उत्पादन गर्ने कि प्रमाणपत्र वितरण गर्ने भन्ने दोसाँधमा छ। चालु आर्थिक वर्षमा ८ जिल्लामा साक्षरताको कर्मकाण्ड सकियो। आउँदो वर्ष १४ जिल्लामा फेरि तुरुन्त नफर्कने गरी टोल/वस्ती, वडा, गाविस/नपा हुँदै जिल्लालाई निरक्षरता उन्मूलन भएको घोषणा गर्ने र आउँदा तीन वर्षभित्र (सन् २०१५ भित्र) साक्षर नेपाल देख्ने सपना बोकेर अविश्रान्त ढंगबाट बढ्ने जमर्कोमा छ। संख्यात्मकता कि गुणात्मकता, लक्ष्य घटाउने कि बजेट बढाउने जस्ता अन्योलले पिरोलिएको छ। एक्लै हिंडेर सहजताका साथ गन्तव्यमा पुग्न कठिन छ।

शिक्षाको अन्तिम सेवा प्रवाह विन्दु विद्यालयको काम शिक्षाको जिम्मा लिने हो चाहे त्यो औपचारिक होस् या अनौपचारिक। तसर्थ छँदाखाँदाको विद्यालयलाई छाडेर चोक र चौतारामा भौंतारिनुहुँदैन भन्ने सोच क्रमश: प्रबल बन्दो छ। साक्षरता 'शिक्षा' मात्रै नभई 'विकास'को एजेण्डा भएकोले अन्य सरकारी, गैरसरकारी निकायहरू र स्थानीय निकायहरूलाई गोलबन्द गरी शिक्षा मन्त्रालयको समन्वय र नेतृत्वमा हुने सहयात्रा जरुरी हुने कुरामा कुनै द्विविधा छैन।

साक्षरताका कक्षामा आउनुपर्ने जति आएनन्। आएका सबै बसेनन्। बसेकाले पूरा सिकेनन्। फेरि फेरि उनै आए। त्यसैले तिम्रो यात्रा कहिल्यै टुङ्गिदैन भन्ने गुनासो पनि दिनानुदिन बढ्दै गएको सन्दर्भमा उत्तरदायित्व एवं जिम्मेवारीसहितको सहकार्य र वकालतमा ध्यान दिए, समयले नेटो काटिसकेको छैन। नआएकालाई यो अवसर सधैं उपलब्ध नहुन सक्छ भन्ने कुरा बुझाउन जरुरी छ। राज्यबाट प्रदत्त हुने सबै सुविधालाई साक्षरतासँग जोड्न जरुरी छ। नबस्नेलाई टिकाउन 'बालमैत्री' विद्यालयको अवधारणालाई 'प्रौढ मैत्री' कक्षामा पनि स्थापित गर्ने बुद्धि नलगाई हुँदैन। दिनभर हलो जोतेर कोदो रोपेर फर्केको ढाडलाई आड लाग्ने भित्तो त दिनु पऱ्यो नि! जाडोयाममा चिसो सिरेटो छेक्ने पर्खाल, गर्मीयाममा तालु पोल्ने राप छेक्न ओत र दिउँसोमा फुर्सदको अभाव रातिमा प्रकाशको अभाव झेलेर साक्षर नेपालको सपना देखिरहने हो भने समयले हामीलाई अझै शताब्दीऔं पछाडि पार्नेछ। निरक्षरहरू बारम्बार साक्षरता कक्षामा भर्ना हुँदै हामीलाई छाडेर फर्किरहने छन्। सिक्ने र सिकाउनेको तत्परताको प्रतिफल हो सिकाइ। सिक्नेले उपयुक्त उत्प्रेरणा पाएन, वातावरण पाएन र सिकाउने के

र कसरी सिकाउने भन्ने नबुझ्दा, दुवैको सुरताल (wave length) नमिल्दाको परिणति हो- आउनेले अपेक्षित नसिक्नु। 'हाम्रा' मान्छे राख्नु पर्‍यो भन्ने दवाबबाट मुक्ति मिल्दा 'राम्रा' ले ठाउँ पाउने वातावरण बनाउनु जरुरी छ।

उनै फेरि आए भन्ने गुनासोबाट जोगिन 'निरक्षर को हुन र कहाँ छन्' को निर्क्योल गर्न भरपर्दो तथ्याङ्क अत्यावश्यक भइसक्यो। एक वर्ष धान रोपेको खेत खनजोत नगरे अर्को वर्ष फेरि बाँझै पल्टिन्छ भन्ने कुरालाई बिर्सिईंदा साक्षरता बारम्बार निरक्षरतातर्फ फर्कंदो छ। साक्षरतापश्चात्को निरन्तर शिक्षाको अवसरको सुनिश्चितता अपरिहार्य देखिएको छ। निरक्षर प्रौढको मुहान शिक्षाको अवसरबाट वञ्चित बालबालिका हुन् भन्ने नबुझ्दासम्म समस्याको निराकरण हुनै नसक्ने हुन्छ। वर्षेनि तलबाट थपिने निरक्षरताको बाढी रोक्न अनिवार्य प्राथमिक शिक्षाको बाँध बाँधेर माथिबाट आवश्यक बजेट तथा कार्यक्रम र सहकार्यको संरचनाले खोजी खोजी निरक्षरताका खाल्टाखुल्टी पुर्न सकेमा छिटै लक्ष्यमा पुग्न सकिन्छ।

## विसौनीमा पुग्न के गर्ने ?

हुन त नीतिभन्दा नियत प्रष्ट भएमा मात्र गन्तव्य शीघ्र र सहज हुन्छ। एउटा मात्र नेपाली निरक्षर रहँदासम्म सपना सार्थक नहुने र 'मेरो उच्च शिक्षा, पद, प्रतिष्ठा र वैभवले पूर्णता प्राप्त गर्न सक्दैन' भन्ने भावना सबै नेपालीमा जागृत हुन जरुरी छ। हामी सबैले गच्छे अनुसारको जिम्मेवारी सम्हाल्नै पर्छ। अहिलेलाई कम्तीमा पनि :

- शिक्षक, विद्यार्थी, विद्यालय, सामुदायिक अध्ययन केन्द्र र जिशिकाहरूले समग्र शिक्षाको जिम्मेवारी अरूको हैन हाम्रै हो। हाम्रै नेतृत्व र संयोजनमा यो काम पूरा हुनुपर्छ भन्ने सोचिदिने कि ?
- गैससले निश्चित क्षेत्रभित्रको निरक्षरता उन्मूलनको उत्तरदायित्वसहितको जिम्मेवारी लिने हिसाबको सहकार्यका निम्ति हात बढाउने कि ?
- राजनीतिक दलहरूले 'मेरा कार्यकर्ता कतिले रोजगारी पाए' भन्दा 'मेरो कति मतदाता मतपत्रमा ल्याप्चे नलगाउने बने, कुनै बाँकी त रहेनन्, मेरा कार्यकर्ताले के अरूभन्दा बढी सिकाए, साक्षर पारे' भन्ने सोचिदिने कि ?
- आमसञ्चार, शिक्षाविद् र शिक्षाप्रेमीहरूले 'यो वा त्यो भएन, खत्तम र बर्बाद भयो' भन्दा 'यसो गरेको भए हुने थियो' भनेर पथप्रदर्शन गर्ने कि ? 'यति उपलब्धि निरन्तरता दिन लायक छन्' भनेर पनि उजागर गरिदिने कि ?
- शिक्षा मन्त्रालयले साक्षर प्रौढले मात्र सबै बालबालिकालाई विद्यालयमा पठाउन, सिके नसिकेको बुझ्न र सघाउन सक्छन्। यो एक पटकको प्राथमिकीकरण र लगानीले एक पन्थ सय काज दिन सक्छ भन्ने तथ्यलाई आत्मसात् गरी तदनुरुप मातहत निकायलाई निर्देशनसहित अनौपचारिक शिक्षाको बजेटलाई झण्डै १ प्रतिशतबाट अलि माथि पुऱ्याउन रत्तिभर कन्जुस्याईं नगरी अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र अन्य मन्त्रालयसँग पनि समन्वय गरिदिने कि ?
- अनौपचारिक शिक्षा केन्द्रले (जसलाई सरकार र मन्त्रालयले साक्षरताको फोकल निकाय तोकेको छ) अरूद्वारा सम्पादन गर्न सकिने ऐरे-गैरे काम कुरामा नबहकिई नीतिगत सुधारको आवश्यक भए मात्र माथि हेर्दै विद्यमान नीतिको प्रभावकारी कार्यान्वयनका निम्ति सहकार्यको वातावरण सिर्जना गर्दै, साक्षरता कार्यक्रमको आवश्यकता र औचित्यत्यबारे पर्याप्त वकालत गर्दै समय र सिकारु सापेक्ष सिकाइका क्षेत्र विषयवस्तु र ढाँचा पहिल्याउँदै अगाडि मेलोमेसो मिलाउन सक्यो भने साक्षर नेपालको सपना अपेक्षित समयभित्रै विपनामा परिणत हुनसक्छ कि !

*(पौडेल अनौपचारिक शिक्षा केन्द्रका निर्देशक हुन्)*

**माथिको विचार/विश्लेषण कस्तो लाग्यो ?**

**तीन वर्षभित्र सबै निरक्षर नेपालीलाई साक्षर बनाउने सपना पूरा गर्न सकिन्छ ? सकिन्छ भने कसरी ? सकिदैन भने किन ?**

**स्थानीय स्तरमा साक्षरता अभियानको जिम्मेवारी कसलाई दिनु उचित होला- विद्यालयलाई वा गाविस/नपालाई वा अरू कसैलाई ? र, किन ?**

**साक्षरताको पाठ्यक्रम/पाठ्यपुस्तक र शिक्षणविधि कस्तो हुनुपर्ला ? सिकाउने व्यक्तिको योग्यता नि ?**

हामीलाई उपयुक्त लागेका रचनात्मक विचार, नवीन र सिर्जनशील सोचहरू *शिक्षक* मासिकका आगामी अङ्कहरूमा प्रकाशित गरिने छन्। त्यसरी प्रकाशित सामग्रीमध्ये उत्कृष्ट लेख-रचना पठाउने प्रबुद्ध पाठकलाई *अनौपचारिक शिक्षा केन्द्र*को सौजन्यमा पुरस्कृत गरिनेछ। आफ्नो पूर्ण विवरण खुलाउन नभुल्नुहोला।

**लेख-रचना पठाउने अन्तिम मिति २० साउन २०६९**

**लेख्नुस्**
**रू.२५ हजार**
**जित्नुस् !**

***शिक्षक* मासिक,** जावलाखेल, ललितपुर

**पो.ब.नं.** ३९१, ललितपुर, फोनः ५५४३२५२, ५५४८१४२, इमेलः mail@teacher.org.np



# जति भित्र्यायो उति धेरै लाभ

राजनीतिक, सामाजिक, आर्थिक, विज्ञान प्रविधिजस्ता समसामयिक मुद्दा र सवालहरूलाई कक्षाको औपचारिक पठनपाठनको अभिन्न अंग बनाउन सके त्यसले स्कूल/कलेजका विद्यार्थीलाई धेरै लाभ पुग्ने देखिन्छ।

■ सुदर्शन घिमिरे

समाजमा निरन्तर नयाँ-नयाँ घटनाहरू भइरहेका हुन्छन्। प्राकृतिक, राजनीतिक, सामाजिक, आर्थिक, विज्ञान तथा प्रविधि लगायतका विभिन्न क्षेत्रमा हुने नयाँ-नयाँ घटनाको प्रभाव धेरैजसो स्थानीय स्तरमा र थोरै मात्र राष्ट्रिय स्तरमा पर्दछ। त्यस्तै, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा समेत नयाँ-नयाँ घटना भइरहेका हुन्छन् र तिनले समाजमा आफ्नै किसिमले प्रभाव र असरहरू छाडिरहेका हुन्छन्। ती कुराहरू ठूला मानिसको मात्र होइन, बालबालिकाको लागि पनि उत्तिकै चासोका विषय हुन्छन्। यस्ता ताजा घटना, विषय र मुद्दाहरूप्रति स्वाभाविक रूपमा उनीहरू पनि जिज्ञासु हुन्छन्। ताजा कुराहरू पाठ्युस्तकमा अटाएका हुँदैनन्। तर पाठ्युस्तकमा समेटिएको छैन भनेर पनि यी कुराहरूलाई बेवास्ता गर्न मिल्दैन। किनभने यी कुराहरूले विद्यार्थीका लागि रुन् ज्यादा महत्त्व बोकेका हुन्छन्। उनीहरूको 'आज'लाई सर्वाधिक प्रभावित गर्ने विषयवस्तुहरू सम्भवत: यिनै हुन्छन्। त्यस्ता ताजा घटना र त्यसले उत्पन्न गरेका प्रभावहरूबारे स्कूलको तल्लो कक्षादेखि नै विद्यार्थीहरू अद्यावधिक हुनुपर्छ भन्नेमा शिक्षाशास्त्रीदेखि शिक्षकसम्म कतै विवाद भेटिँदैन। घर, चियापसल, पँधेरा, मिडियामा, सबैतिर चियोचर्चा हुने कुरा स्वत: सार्वजनिक चासोको घटना र मुद्दा नै हो, चाहे त्यो स्थानीय स्तरको होस् वा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरकै किन नहोस्।

शिक्षाविद्हरूका अनुसार मुख्यतया पाँच वटा कारणहरूले गर्दा स्कूल/कलेजको कक्षा र औपचारिक शिक्षालाई ताजा घटना, विषयवस्तु, मुद्दा र सवालसित जोड्नैपर्छ। पहिलो, वास्तविक जीवन र शिक्षाको जीवन्त सम्बन्ध स्थापित हुनुपर्छ। इतिहासको गर्तमा गइसकेका विषयवस्तुभन्दा वर्तमानमा मानिसहरूले सामना गरेका समस्या र चुनौतीहरूको जीवन्त र अर्थपूर्ण छलफल र खोजबाट नै विद्यार्थीले सही र व्यावहारिक उपायहरूको खोजी गरी निकासको बाटो आफैं पहिल्याउन सक्छन्। त्यस्तै स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तीनै क्षेत्रमा हालै हासिल भएका नयाँ उपलब्धि, नवीन आविष्कार वा खोज आदिबारे पनि उनीहरू जतिसक्दो छिटो अध्यावधिक हुँदा त्यसले नयाँ पुस्ताका मानिसहरूको सोच्ने तरीकामा समेत अर्थपूर्ण प्रभाव पार्दछ। दोस्रो, पाठ्यक्रम र पाठ्यपुस्तक दुई/चार महीना वा हरेक वर्ष अद्यावधिक भएको हुँदैन। समाजमा घटने हरेक नयाँ परिघटना र मुद्दाहरूलाई कक्षामा प्रविष्ट गराएर मात्र त्यसलाई अद्यावधिक गर्न सकिन्छ। तेस्रो, नयाँ पुस्ताका मानिसहरूमा सानैदेखि समीक्षात्मक सोचको विकास गर्न जरुरी छ। ताकि उनीहरू अरू कसैको बहकाव, लालच, उत्तेजनाको पछाडि नलागी

# तीन रोचक दृष्टान्त

- चार वर्षअघिको कुरा हो। संयुक्त राज्य अमेरिकामा सन् २००८ को नोभेम्बरमा सम्पन्न निर्वाचनमा बाराक ओबामा राष्ट्रपति पदमा निर्वाचित भए। एक जना अश्वेत अमेरिकी राष्ट्रपतिको उच्च पदमा पुगेको अमेरिकी इतिहासमा यो पहिलो घटना थियो। त्यसले अमेरिकी समाजमा ठूलो तरङ्ग नै सृजना गरेको थियो। पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइन सबै मिडियाहरूमा त्यसले अमेरिकी र विश्व समाजमा पार्न सक्ने दूरगामी प्रभावहरूको बारेमा विभिन्न कोणहरूबाट चर्चा भइरहेको थियो। तर त्यो त्यतिमा सीमित भएको थिएन। रोचक कुरा, सन् २००९ भरी अमेरिकाका सबै हाईस्कूलका कक्षाहरूमा समेत विस्तृत रूपमा छलफल भएको थियो। नयाँ पुस्ताका अमेरिकीहरूलाई आफ्नो देशमा आएको बदलावलाई राम्रो जानकार बनाउने र त्यसलाई हेर्ने र बुझ्ने सवालमा नयाँ पुस्ताको आ-आफ्नै दृष्टिकोण बनाउन उत्प्रेरित गर्ने अभिप्रायका साथ कक्षामा त्यसरी छलफल गरिएको रहेछ।

- अघिल्लो वर्षको आखिरीतिर (२०६७ फागुन २७ गते) जापानमा ठूलो भुईंचालो गयो। भुईंचालोका कारण समुद्रमा सुनामी आयो। सुनामीले ठूलो धनजनको क्षति त गरायो नै। त्यति मात्र होइन, भुईंचालो र सुनामीका कारण अति नै संवेदनशील मानिने आणविक भट्टीहरू पनि फुट्न पुगे। जापानीहरूमाथि अचानक आइलागेको विपत्तिबारे संसारभरका मिडियाले *कभरेज* गरे। त्यसरी *कभरेज* गर्नेमध्ये थियो, विश्व प्रसिद्ध अमेरिकी पत्रिका *न्यूयोर्क टाइम्स*। सो पत्रिकाको अनलाइन संस्करणमा जापानको त्यस त्रासदीपूर्ण घटनाबारे ताजा विवरणहरूसहित हृदयविदारक तस्बीर र भिडियोहरू समेत प्रसारित भएको थियो। तर त्यही अनलाइनले नितान्त फरक कोणबाट सामग्री पनि पस्किएको थियो। शीर्षक थियो, *टिचिङ् आइडिया: दि अर्थक्वेक एण्ड सुनामी इन जापान*। जापानमा उक्त विपत्ति आइलागेको २४ घण्टा पनि नपुग्दै प्रशान्त महासागरको अर्को किनारामा अवस्थित संयुक्त राज्य अमेरिकी अनलाइनले स्कूलको कक्षाकोठामा यसबारेमा शिक्षणको विषयवस्तु तत्कालै बनाइने चलन अमेरिकामा भएकाले सो अनलाइनले त्यस दृष्टिबाट *कभरेज* गरेबाटै सहजै अनुमान लगाउन सकिन्छ। केही दिनभित्र सो अनलाइनमा जापानको भुईंचालो र सुनामीलाई औपचारिक पाठ्यक्रम र कक्षा शिक्षणमा जोड्न सकिने २० वटा टिप्स नै विकसित गरेर छुट्टै आलेख प्रकाशित भएको थियो।
  जापानमा आकस्मिक रूपमा उत्पन्न हुनगएको त्यस विपत्तिलाई शिक्षकहरूले प्रकृतिले जुराइदिएको बहुआयामिक अवसरको रूपमा कक्षामा उपयोग गर्न सक्ने रहेछन्। एउटै घटनालाई भूगोल, विज्ञान, अर्थशास्त्र, समाजशास्त्र, इतिहास, वातावरण लगायतका विषयसित सम्बद्ध गरेर रोचक तरीकाले शिक्षण गर्न सकिने देखिन्छ। जापान कहाँ पर्छ, कुन शहरमा भुईंचालो गएको हो भनेर भूगोलको पाठ्यवस्तु छुन सकिन्छ भने जापानमा कुन प्रकृतिको भुईंचालो गएको हो, भुईंचालो किन र कसरी जान्छ भन्ने कुरा दिगो हुने गरी सिकाउन सकिन्छ। त्यस्तै, यस विपत्तिले विश्वको तेस्रो ठूलो अर्थतन्त्रमा के कस्ता अल्पकालीन र दूरगामी असरहरू परे/पर्दछन् लगायतका पक्षहरूमा विद्यार्थीहरूलाई सोच्न, खोज्न लगाएर यस्तै पुराना विपत्तिहरू पर्दा के कस्तो आर्थिक नोक्सानी भएको थियो भन्ने कुरा पनि खोज्न र विश्लेषण गर्न लगाउँछ, जसले अर्थशास्त्रका विभिन्न सिद्धान्तहरूबारे उत्तिकै बुझ्न मद्दत गर्दछ। त्यस्तै, त्यहाँको समाजमा परेका र पर्न सक्ने प्रभावहरूको खोजी र विश्लेषण गराएर समाजशास्त्रीय आँखाबाट सोचाउन सकिन्छ।

- सोचाइको दायरा फराकिलो बनाउन र विद्यार्थीलाई अनुसन्धानमुखी बनाउने सवालमा बेल्जियमका स्कूलहरूले फरक खालको एउटा काम गर्दारहेछन्। त्यहाँका कक्षा ८ का विद्यार्थीहरूलाई आफ्नो देशका राजनीतिक दलहरूको चुनावी घोषणापत्र सम्बन्धी एउटा *प्रोजेक्ट वर्क* नै दिइँदोरहेछ। तदनुरुप विद्यार्थीहरूले राजनीतिक दलको चुनावी घोषणापत्र आफैं खोजेर ल्याउँछन् र अध्ययन गर्छन्। उनीहरूलाई भनिएको हुन्छ, "तिमीलाई कुन पार्टीको घोषणापत्रका कुन बुँदा र नीति मन पर्‍यो? तिमीलाई किन मन पर्‍यो? लेख।" यो तरीका अपनाइँदा विद्यार्थीहरूले एकातिर आफैं खोजकर्ता बन्न पुग्दारहेछन् भने अर्कोतिर उनीहरूमा देश र समाजको विकासका बहुआयामिक पक्ष र विषयहरूमा गहिरो जानकारी हासिल गर्दछन्। चुनाव घोषणापत्र त निहुँ मात्र बन्दोरहेछ, यसको नाममा उनीहरू समाज र देशको धेरै पक्षमा खोज र अध्ययन गर्न पुग्दछन्। त्यति धेरै सूचना, सन्दर्भ सामग्री र दस्ताबेजमा आधारित रहेर अध्ययन गर्दा एकातिर उनीहरूमा विश्लेषण गर्ने क्षमता बढ्दै जान्छ भने अर्कोतिर आफ्नो परिपक्व विचार बनाउन र त्यसलाई सटिक तरीकाले अभिव्यक्ति दिन पनि तिनीहरू समर्थ हुन्छन्। कक्षाको हरेक विद्यार्थीले कुन विषयमा कसरी सोच्दारहेछ भन्ने कुरा त छर्लङ्ग भई नै हाल्छ।

# ‘औपचारिक शिक्षामा जोड्नैपर्छ’



**खगेन्द्र तिमल्सिना**
सामाजिक शिक्षक, सेन्ट जेभियर्स स्कूल

**समसामयिक मुद्दा र घटनाहरूलाई तपाईं कत्तिको कक्षामा लैजानुहुन्छ ?**

हरेक दिन मेरो कक्षा ‘आजको ताजा खबर के छ’ भन्ने प्रश्नबाट शुरू हुन्छ। हरेक विद्यार्थीले आ-आफ्ना कुरा बाँड्दा कक्षामा रहेका ३५/४० जना तिनका सहपाठीहरूले पनि त्यो जानकारी पाउँछन्, जुन उनीहरूका लागि अवश्य पनि नवीन हुन्छ। राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेशबारे पनि उनीहरूले दुई/चार वटा नयाँ कुरा ल्याइहाल्छन्। एकले थाहा नपाएको कुरा अर्कोले ल्याउँछ। यस्ता घटना र मुद्दालाई म पाठ्यक्रमसित जोडिदिन्छु। छलफल गराउँछु। तर मेरो मुख्य ध्येय हरेक विद्यार्थीलाई तिनका आ-आफ्नै रुचिमा जोडिदिनु नै हुन्छ, जसले उनीहरूमा आफैं केही गरौं भन्ने भावनाको बीजारोपण गर्न सकोस्।

**छलफल बाहेक अरू के के गर्नुहुन्छ ?**

हाम्रो कक्षामा ६ वटा समूह छन्। हरेक समूहका निश्चित जिम्मेवारी हुन्छन्। उदाहरणका लागि एउटा आयआर्जनको बारेमा अध्ययन गर्ने समूह छ। त्यसले च्याउ खेतीले आयआर्जनमा ल्याएको प्रभावको बारेमा *प्रोजेक्ट वर्क* विधिमार्फत फिल्डमा गएर किसानहरूले गरेका कामहरू आफैं अध्ययन गरेर रिपोर्ट बुझाउँछ। एउटा समूहले सिकेको कुरा कक्षाका बाँकी सबै साथीहरूलाई बाँड्छन्। सबै समूहले वर्षमा थुप्रै *प्रोजेक्ट वर्क* गर्छन्, सबैले सिक्ने अवसर पाउँछन्।

संविधानसभाले कस्तो संविधान बनाउनुपर्छ? कतिवटा प्रदेश बनाउनुपर्छ भन्ने बारेमा पनि समूहगत छलफल र प्रस्तुति गर्न लगाएको थिएँ। त्यसक्रममा धेरैले हालकै पाँच विकास क्षेत्रलाई नै प्रदेश बनाए हुने तर्क अघिसारेका थिए भने केहीले १४ अञ्चललाई प्रदेश बनाउँदा फरक नपर्ने धारणा राखेका थिए।

**उपलब्धि चाहिं के भयो त ?**

पाठ्यपुस्तकमा सीमित नभई पछिल्लो सूचना, परिघटना तथा केही हदसम्म ज्ञानबाट अद्यावधिक हुन पाएका छन्। विद्यार्थीहरू तुलनात्मक रूपमा फराकिलो दायरामा सोच्न सक्ने भएका छन्। आफैं खोजी गर्न जान्ने भएका छन्।

**भनेपछि तपाईं आफ्नो शिक्षणबाट सन्तुष्ट हुनुहुन्छ ?**

छैन। म एउटा कक्षामा हप्तामा पाँच दिन सामाजिक विषय पढाउँछु। पढाउने समय नै पुगेको छैन। किनभने सामाजिक शिक्षाको पाठ्यक्रम र पाठ नै बढी छ। जहिले पनि हतारहतारमा कोर्स अगाडि बढाउनुपर्ने हुन्छ। विद्यार्थीले मज्जाले सिकून् भन्ने गरी *प्रोजेक्ट वर्क*, अनुसन्धान र अरू क्रियाकलाप गराउन पाइएको छैन। समय नै पुग्दैन। अर्को कुरा, पाठ्यपुस्तकमा चाहिने कुरा कम र नभए पनि काम चल्ने कुरा बढी छन्। उदाहरणका लागि नेपालको भूगोलबारे जानकारी कम तर उत्तरअमेरिकाबारे तुलनात्मक रूपमा बढी जानकारी दिइएको छ। ‘देउकी प्रथा’ जस्ता उन्मूलन भएका कुराहरू पाठ्यपुस्तकमा छन् जबकि ‘कमलरी’, ‘वादी’ जस्ता हाल अस्तित्वमा रहेका प्रथाबारे समेटिएको छैन। संस्कृति के हो? किन मानिसहरूसित भिन्न-भिन्न संस्कृति छ भन्नेजस्ता उपयोगी विषयवस्तुहरूले ज्यादै कम ठाउँ पाएका छन्। कलालाई परिचयमा मात्र सीमित गरिएको छ। विद्यार्थीलाई जे जति सिकाउनुपर्ने हो, जे जति अनुभूति गराउनुपर्ने हो, त्यो गर्न/गराउन पाइएको छैन। त्यसैले म असन्तुष्ट छु।

**समसामयिक मुद्दालाई कक्षाकोठा र औपचारिक शिक्षासित जोड्नु कत्तिको आवश्यक छ ?**

यसो नगरी त औपचारिक शिक्षा पूर्ण

समग्र परिस्थिति बुझ्ने, सबल र दुर्वल पक्षहरू केलाउने, आवश्यकता अनुसार देश-विदेशको सन्दर्भ बुझ्ने तथ्य, तर्क र विषयवस्तुहरूलाई सबै कोणबाट केलाइ फराकिलो दायरामा रहेर विवेकसम्मत तरीकाले निर्णय गर्न सकून्। चौथो, विद्यार्थीहरूलाई विभिन्न विषय, मुद्दा र सन्दर्भहरूलाई राखेर अनुसन्धानमुखी बनाउन यस्ता विषयले धेरै नै सहयोग गर्दछन्। पाँचौं, शिक्षण प्रक्रियालाई समेत विद्यार्थीको रुचि जगाउने गरी जीवन्त र सान्दर्भिक बनाउन पनि यसको उत्तिकै महत्त्व रहन्छ।

त्यसो त हाम्रो पाठ्यक्रमले पनि यसबारेमा छुँदै नछोएको चाहिं होइन। माध्यमिक तहको पाठ्यक्रममा १२ वटामध्ये दुई वटा उद्देश्य त सोझै यसै विषयसित सम्बन्धित देखिन्छन्। उद्देश्यको पाँचौं नम्बर बुँदामा “दैनिक जीवनमा आइपर्ने समस्या समाधानका लागि उपयुक्त ज्ञान तथा सीपको विकास गर्ने” र बाह्रौं नम्बरमा “रचनात्मक ज्ञान र सीपको विकास गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय चुनौतीहरूको सामना गर्न स्वतन्त्रता, समालोचनात्मक सोचाइ र विश्लेषणात्मक सीपको विकास गर्ने” उल्लेख गरेर पाठ्यक्रमले समसामयिक विषयवस्तुहरूलाई स्कूलको औपचारिक शिक्षाको अभिन्न अङ्गको रूपमा स्वीकार गरिसकेको छ। त्यसैले पनि यस विषयमा अब सैद्धान्तिक अस्पष्टता बाँकी देखिँदैन। स्वयं शिक्षकहरूले समेत यसको अपरिहार्यतालाई सिद्धान्ततः अस्वीकार गर्दैनन्।

## कक्षामा के भइरहेको छ ?

नेपाली विद्यालयहरूमा चाहिं के भइरहेको छ त? समसामयिक स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय घटना र सवालहरूबारे अद्यावधिक हुने, विश्लेषण गर्ने र त्यसबाट केही नयाँ कुरा सिक्ने सवालमा हाम्रा विद्यालयहरू कत्तिको लागिपरेका छन्? त्यो थाहा पाउने ध्येयले *शिक्षक* प्रतिनिधि काठमाडौं, ललितपुर र भक्तपुरका केही सार्वजनिक र निजी दुवै खाले स्कूलमा पुगेको थियो। निकै राम्रो ठानिएका केही निजी स्कूलमा एक हदसम्म समसामयिक विषयमा चर्चा हुने गरेको भेटियो भने सरकारी स्कूलमा कतै अलिअलि र कतै चाहिं फाट्टफुट्ट मात्र ताजा विषयवस्तुले कक्षामा

नै हुन्न । हामीले 'हिजो' का कुरा थाहा पाएर मात्र पुग्दैन । 'आज' पनि थाहा पाउनुपर्छ । मेरो विचारमा 'आज' सित 'हिजो' जोडिएको छ। त्यसैले 'आज'लाई केन्द्रमा राखेर पठनपाठन हुनुपर्छ । हिजो या इतिहास पक्ष त पृष्ठभूमिमा आई नै हाल्छ नि !

**समसामयिक विषयवस्तुको शिक्षण सन्दर्भमा के कस्ता समस्या र चुनौती सामना गर्नुपरेको छ ?**

समयको अपर्याप्तता धेरै खट्केको कुरा हो। अहिलेको भन्दा दोब्बर समय त चाहिन्छ नै। यो सबैभन्दा ठूलो समस्या हो। केटाकेटीहरू संगीत, खेल र फिल्म धेरै रुचाउँछन् । तर सामाजिक, आर्थिक, राजनीतिक सवालहरूलाई उनीहरू निरश विषय मान्छन्। परिवारमा पनि सामाजिक विषयमा हुनुपर्ने जति चर्चा र बहस हुने गर्दोरहेनछ। त्यो पनि समस्याकै रूपमा देखापरेको छ। *फिल्ड ट्रिप* पनि सोचेजस्तो उपलब्धिमूलक बनाउन सकिएको छैन । विद्यार्थीहरूमा इतिहास र हाम्रा पुराना कुराहरूबारे गहिरिएर बुझ्ने चासो नदेख्दा अचम्म लाग्छ। सारमा भन्नुपर्दा, विद्यार्थीमा सिक्ने रुचि पैदा गर्नु हामी शिक्षकहरूका निम्ति ठूलो चुनौतीको विषय बनिरहेको छ।

**अब के गर्नुपर्ला त ?**

केटाकेटीको पहिलो पाठशाला परिवार नै हो। त्यसैले अभिभावकको जागरुकता र *इनिसियटिभ* को खाँचो देखिन्छ। बच्चाले केही जान्दैन भनेर उसलाई अभिभावकले गर्ने बेवास्ता वा अवमूल्यन नै सबभन्दा ठूलो समस्या हो। हरेक बच्चा जिम्मेवार हुन्छन्, हामी ठूला मानिस जत्तिकै संवेदनशील हुन्छन् भनेर स्वीकार गर्ने र उनीहरूलाई ठूला मानिस झैं परिवारको निर्णय प्रक्रियामा सहभागी गराउन सकियो भने महत्त्वपूर्ण परिवर्तन आउँछ। त्यसनिम्ति घरमा परिवारको सबै सदस्यहरूबीच कम्तीमा हप्ताको एक पटक बैठक बस्ने र छलफल गर्ने परिपाटीको सुरुआत गर्न आवश्यक छ। स्कूलमा पनि बच्चाहरूलाई उनीहरूसित सम्बन्धित निर्णय प्रक्रियामा सहभागी गराउनुपर्छ। ताकि हरेक निर्णयमा स्वामित्वबोध गरुन्, म जिम्मेवार मानिस हुँ, केही न केही गरिरहेको छु भन्ने अनुभूति गरुन् ।

हामी शिक्षकहरूले पनि आफ्नो सोच र बानी व्यहोराहरूमा सुधार गर्नु आवश्यक छ । सामान्यतया हामी विद्यार्थीको तर्क र विचार आफूलाई मन परेन भने 'तैंले के जानेको छस् र?' भनेर उसको भिन्न विचारलाई खारेज गर्छौं । मन पर्‍यो भने समर्थन गर्छौं। त्योभन्दा बढी हामी जानी नजानी हाम्रो विचारमा विद्यार्थीलाई सहमत गराउनेतिर लागिपर्छौं। हामीमध्ये कैयौं त आफ्नो विचार लाद्ने हर्कतसम्म गर्न पछि पर्दैनौं । तर यसो गरेर हामी एकातिर विद्यार्थीको मौलिक र नयाँ-नयाँ विचारलाई निषेध गरिरहेका हुन्छौं भने अर्कातिर उनीहरूलाई शिक्षकलाई मन पर्ने मात्र विचार प्रस्तुत गर्न बाध्य तुल्याइरहेका हुन्छौं। खासमा त हामीले हरेक विद्यार्थीको मौलिक सोच, विचार र तर्क प्रस्तुत गर्न प्रोत्साहन पो गर्नुपर्छ। किनकि, हामीले त नयाँ पुस्ताका नयाँ र मौलिक विचारहरूलाई स्वागत गर्नुपर्छ । उनीहरूको सोचाइको दायरा फराकिलो बनाउन भरमग्दुर प्रयत्न गर्नुपर्छ । प्रतिप्रश्न, सन्दर्भ र उनीहरूले थाहा नपाएका वा नसोचेका पक्षहरूबारे जिज्ञासा राखेर विद्यार्थीलाई आफूले सोचेको कुरालाई परिपक्व र वजनदार बनाउन प्रेरित गर्नुपर्छ। उदाहरणका लागि एकल जातीय पहिचान कि बहुजातीय पहिचानसहितको संघीयता भन्ने सवालमा संविधानसभामा विवाद भएकोमा तिमीहरू कसरी यस मुद्दालाई सल्टाउँछौ भनेर विद्यार्थीहरूलाई समूहगत कार्य दिन सकिन्छ। यस प्रश्नमा घोत्लिन थाल्दा उनीहरूलाई राजनीतिक दलहरूको संविधानसभाको चुनाव घोषणापत्र, त्यसयताको यी विषयहरूमाथि भएको बहसका अलावा संघीय राजनीतिक प्रणाली अपनाएका भारत, स्वीट्जरल्याण्ड, अमेरिका, दक्षिण अफ्रिका र नाइजेरियासम्मका सन्दर्भहरू विचार गर्नु राम्रो भनेर खोज्न र बुझ्न लगाउन सक्छौं। जसले उनीहरूको सोचाइ र सन्दर्भको दायरालाई व्यापक बनाइदिन्छ ।

यसो गर्दा, शिक्षकले यो ठीक र यो बेठीक भनेर निर्णय चाहिं कदापि दिनुहुन्न। किनभने समाज विज्ञानमा यही मात्र ठीक वा यो बेठीक भन्ने कुरा हुन्न। यहाँ तर्क, आधार, महत्त्वपूर्ण कुरा हुन् । विद्यार्थी आफ्नो कुरा कत्तिको वस्तुनिष्ठ भएर, फराकिलो दायरामा बसेर परिपक्व विचार राख्न सक्यो भन्ने मात्र शिक्षकले ध्यान दिने पक्ष हो। कुनै विद्यार्थीले समाज वा देशमा हालै भएको खास घटनालाई लिएर नयाँ कोणबाट कुरा उठायो भने 'ओहो तिमीले त राम्रो कुरा उठायौ, मैले त यसरी सोचेकै थिइनँ । यस्तो सोच कसरी पैदा भयो' भनेर हामीले उनीहरूलाई नयाँ-नयाँ किसिमले सोच्न प्रोत्साहन गर्नुपर्छ। हामीले विद्यार्थीमाथि आफ्ना निजी विचार लाद्न छाड्नुपर्छ ।

प्रवेश गरेको पाइयो। विद्यार्थीको रुचिलाई जोडेर, जगाएर वा ताजा उदाहरण दिएर सिकाउने कला भएका शिक्षकहरूले पाठ र विषयवस्तुसित जोडेर मात्र पढाउने गरेका छन् । नेपालका करीब ३४ हजार स्कूलमध्ये जे-जतिमा ताजा विषयवस्तुले राम्रोसित प्रवेश पाएको छ, ती अपवाद मात्रै हुन्। शिक्षक तालीम, नवीन ज्ञान वा सरकारी नीतिका कारण तिनले प्रवेश पाएका होइनन् । किनभने, विद्यार्थीको जीवनमा पार्ने प्रभाव र ज्ञानको क्षितिज फराकिलो पार्ने सवालमा ताजा विषयवस्तुको भूमिकाबारे थोरबहुत जानकार अघिल्लो पुस्ताका शिक्षकहरूले चालीसौं वर्षअघि उदाहरणको रूपमा वा अदृष्य पाठ्यक्रमको रूपमा छलफल गराएर ताजा विषयवस्तुहरूलाई विद्यार्थीको दिमागमा घुसाउने गर्दथे ।

पाठ्यक्रम र शिक्षणशैलीमा समकालीन विश्वले जुन फड्को मारेको छ, त्यसको प्रतिध्वनि समेत नेपालका स्कूलहरूमा अझै ध्वनित हुनसकेको छैन । राम्रो शिक्षा प्रणाली भनेर विश्वमा गनिएका देशहरूमा ताजा घटना, सवाल र मुद्दाहरूलाई औपचारिक शिक्षणको अङ्ग मात्र ठानिन्न, यसलाई सर्वाधिक महत्त्व दिइन्छ। किनकि, विद्यार्थीलाई वास्तविक जीवनको बोध गराउने यो भन्दा अर्को राम्रो कुनै तरीका छैन। त्यसैले उनीहरू पाठ्यपुस्तकलाई भन्दा पछिल्ला मुद्दा र घटनाहरूलाई दिन्छन्। तर हाम्रो देशको अवस्था त्यसको ठीक उल्टो प्रतीत हुन्छ । यहाँ समाजलाई आज तरङ्गित गरिरहेको घटना र विषयभन्दा वर्षौं अघिका बासी कुराहरूको चर्चा भएको पाठ्यपुस्तकमा उल्लेखित पाठहरूले कैयन गुणा बढी प्राथमिकता पाउँछन् । पाठ्यक्रमले एक कदमअघि बढेर अनुमति दिएको भए पनि र शिक्षक/स्कूलहरू सिद्धान्ततः असहमत नभए पनि कक्षाकोठामा चाहिं पछिल्ला घटना र सवालहरू कक्षाको औपचारिक शिक्षणको विषयवस्तु बन्न सकेको छैन, जसरी पाठ्यपुस्तकका विषयवस्तुहरू बन्ने गरेका छन् । अधिकांश शिक्षक/स्कूलहरूले यसलाई हृदयदेखि आत्मसात गर्न अझै सकेका छैनन्। त्यसैले ताजा विषयवस्तु र परिघटनाहरू पाठ्यक्रमको अभिन्न अङ्गका रूपमा कक्षामा

# ‘ताजा बहस धेरै रमाइलो’



**स्नेहा ज्ञवाली**
कक्षा १०, युलेन्स स्कूल, खुमलटार, ललितपुर

**संविधानसभा विघटन भएपछि कक्षाभित्र शिक्षक र साथीहरूसित केही छलफल भयो ?**

हाम्रो स्कूलमा हरेक बिहान ‘मर्निङ सर्कल’ मा ताजा विषयवस्तुबारे छलफल हुन्छ । संविधानसभा विघटन भएको भोलिपल्ट हामीले ‘संविधान किन बनेन’ भनेर छलफल गर्‍यौं । जातीय रूपमा देश भाग लगाउने कि नलगाउने भन्ने सवालमा मतभेद भएपछि संविधानसभाले संविधान बनाउन नसकेको जस्तो देखिन्छ। मेरो विचारमा, जातीय आधारमा संघीयता बनाउने कुरा राम्रो होइन। भूगोल र सामर्थ्य नै मुख्य आधार हुनुपर्छ। संघीयता आफैंमा बेठीक होइन । संघीयतामा अधिकारको विकेन्द्रीकरण र प्रदेशहरूबीचको प्रतिस्पर्धाका कारण देशमा छिटो-छिटो विकास हुने संभावना प्रबल हुन्छ ।

सामाजिक शिक्षा अन्तर्गत पनि हामीकहाँ देशमा के भइरहेको छ भनेर बेलाबेलामा कक्षामा पूरै घण्टी छलफल हुन्छ । समसामयिक चासोका मुद्दामा हामी पत्रपत्रिका र इन्टरनेटबाट सूचना र सन्दर्भ सामग्री खोज्छौं । शिक्षकले पनि खोजिदिनुहुन्छ । सबै कोणबाट जानकारी लिएपछि मात्र हामी कुनै घटना वा मुद्दामा आफ्नो विचार बनाउँछौं ।

**संविधानसभाको सन्दर्भमा विभिन्न दलका घोषणापत्र र सभाले गरेका निर्णयहरूबारे अध्ययन तथा छलफल गर्ने काम पनि भयो कि ?**

चुनाव घोषणापत्र हेरिएन। त्यसो गर्न पाएको भए स्पष्ट हुन र विश्लेषण गर्न झन् सजिलो हुने रहेछ। हामीले संविधानसभामा विभिन्न दृष्टिकोण बोकेका सभासद्ज्यूहरूसित अन्तरक्रिया नै गर्न पाएको भए अरू धेरै जानकारी मिल्ने थियो। तैपनि हामीले कक्षा ८ र ९ मा संविधानसभाबारे अलिअलि छलफल चाहिं नगरेका होइनौं । ती छलफलले नै हामीलाई संविधानसभा, संविधान निर्माण प्रक्रिया राज्यको पुनर्संरचना, संघीयताबारे जानकारी दिन सघाएका हुन् ।

**कोर्समा नभएका तर कक्षा बाहिर जताततै चर्चा भइरहने घटना वा विषयहरूमाथि कत्तिको छलफल हुने गर्छ ?**

हुन्छ नि ! बन्द, हडताल हुँदा त्यसबारेमा छलफल हुन्छ । केही समय पहिले सिरहामा आगलागी हुँदा, हामीले आगलागी कसरी हुन्छ, कसरी जोगिने र जोगाउने भनेर छलफल मात्र गरेनौं, त्यहाँका पीडितहरूको पीडामा मल्हम लगाउन हामीले घरबाट लत्ताकपडा, खाद्यान्न र पैसा समेत ल्याएर जम्मा गर्‍यौं र पठाइदियौं । तर मलाइ चाहिं त्यति गरेर मात्र चित्त बुझेको छैन। घटनास्थल नै गएर पीडितहरूसित कुरा गर्ने, तस्वीर र भिडियो खिच्न मन लागेको छ।

जहाँसम्म, अन्तर्राष्ट्रिय घटनाहरूको सवाल छ, सिरिया, इजिप्ट लगायत मध्यपूर्वमा चलेको आन्दोलन, जलवायु परिवर्तन लगायतका सवालहरूमा हामीले राम्रै छलफल गर्‍यौं ।

**पाठभन्दा बाहिरका यस्ता कुरामा छलफल गर्दा के फाइदा हुन्छ ?**

थुप्रै फाइदा हुँदोरहेछ । तत्काल घटेका घटनाबारे अद्यावधिक हुन, त्यसलाई विभिन्न कोणबाट विश्लेषण गर्न र त्यसबारे धारणा बनाउन मद्दत मिल्छ । टीभी, रेडियो, पत्रपत्रिकाबाट थाहा पाइहालियो, अब यसमा थप के छलफल गर्नु भनेर चुपचाप बस्न नहुने रहेछ। कक्षामा छलफल गर्दा विभिन्न कोणबाट धेरै कुराहरू साथीहरूले उठाउँछन्, जो आफूले सोचिएकै हुँदैन । त्यस्तै शिक्षकले पनि विभिन्न जिज्ञासा र सुझावहरू राखेर हाम्रो छलफललाई सही दिशा दिने गर्नुहुन्छ । कक्षामा ताजा विषयमा कुरा गर्न रमाइलो पनि हुन्छ।

**समसामयिक मुद्दामा चाहेजति कुरा बुझ्न स्कूलले/शिक्षकले के गरिदिए सजिलो हुन्थ्यो जस्तो लाग्छ ?**

विद्यालयले विद्यार्थीलाई बढीभन्दा बढी स्कूल बाहिर गएर सम्बन्धित ठाउँ, घटना र स्रोतव्यक्तिहरूसित अन्तरक्रिया गर्न प्रोत्साहन देओस् । त्यस्तै अभिभावकले पनि आफ्नो धारणामा परिवर्तन ल्याउनुपर्छ- छोराछोरीले स्कूलका कक्षाकोठाका चारदिवार भन्दा बाहिर पनि धेरै सिक्न सक्छन् भनेर । शिक्षकले हरेक विद्यार्थीको रुचि भिन्न हुन्छ र प्रत्येकको रुचिको सम्मान गरिनुपर्छ भन्ने कुरालाई आत्मसात् गर्नुपर्छ । सबै विद्यार्थीले सबै कुरा उत्तिकै मन पराउँदैनन् र सिक्न पनि सक्दैनन् । विद्यार्थीलाई आफ्नो रुचिका कुरा थप बुझ्ने, खोज्ने र केही गर्न अभिप्रेरित गर्ने काम शिक्षकले गरिदिने हो भने हाम्रो सिक्ने हौसला र शिक्षकप्रतिको श्रद्धा दुवै दोब्बर हुन्छ। त्यस्तै छिटो-छिटो पाठ सक्ने हतारोभन्दा हरेक विद्यार्थीले राम्ररी सिक्न सक्यो कि सकेन भन्ने कुरालाई बढी ध्यान दिनुपर्छ। हामी विद्यार्थीले पनि आफूलाई बढी जाँगरिलो बनाउनुपर्छ। जीवन बनाउने सर्वोत्तम मौका अहिले नै हो भनेर त्यसलाई सदुपयोग गर्नतिर लाग्नुपर्छ।

प्रवेश पाउन सकेको छैन ।

त्यसको सबैभन्दा ज्वलन्त उदाहरण हो, संविधानसभा र संविधान निर्माणको बहसले माध्यमिक तहको कक्षामा प्राथमिकता पाउन नसक्नु । आज कक्षा १० मा अध्ययनरत किशोर-किशोरी त्यतिबेला ७ कक्षामा पढ्दैथिए । यो तीन वर्षमा अलिअलि गरेर उनीहरूलाई विषयवस्तुबारे जानकार बनाउँदै लैजान सकिन्थ्यो । सँगसँगै राजनीतिक पार्टीहरूको चुनाव घोषणापत्र जम्मा गर्ने, भारत, दक्षिण अफ्रिका, स्वीट्जरल्याण्ड, संयुक्त राज्य अमेरिका, नाइजेरिया लगायत संघीय राज्य व्यवस्था अपनाएका देशहरूको र चीन, जापान, बेलायत लगायत भिन्न खालका राजनीतिक व्यवस्था भएका देशको राजनीतिक प्रणालीबारे नेपाली पत्रपत्रिकामा छापिएका र नपुगेका सामग्री ‘इन्टरनेट’बाट खोजेर राख्न काठमाडौं उपत्यकाका सबै स्कूलहरूले सक्दथे । यसरी जम्मा भएका सामग्रीहरूलाई उपयुक्त तरीकाले शिक्षकले कक्षामा पस्किँदा कक्षा १० का विद्यार्थीहरूले संघीयतामा

गएका मुलुकहरूको संघीयताको आधार बुझ्न पाउँथे। र, नेपालमा संघीयता कस्तो मोडेलको बनाउन उपयुक्त हुनसक्छ भनेर समकालीन विश्वपरिवेशलाई समेत विचार गरी आफ्नो धारणा बनाउन सक्थे। पर्याप्त सन्दर्भ सामग्री र विषयवस्तुको अभावमा उनीहरूले संघीयताभन्दा भिन्न खालको व्यवस्थाको बारेमा सोच्न र छलफल गर्न समेत पाएको देखिएन। सूचना, साधनस्रोतमा राम्रो पहुँच भएका काठमाडौं उपत्यकाका प्रतिनिधि स्कूलहरूको यो हालत छ भने देशका दूरदराजका स्कूलहरूमा झन् के भइरहेको होला ?


धेरैजसो शिक्षकहरू उचित वातावरणको अभाव र कोर्सको बोझलाई यसनिम्ति सबैभन्दा बढी जिम्मेवार ठान्छन् भने शिक्षा प्रशासकहरू त्यसको ठीक उल्टो शिक्षकको अल्छीपनालाई दोषी मान्छन्। यी दुवै दृष्टिकोण र दावी आ-आफ्नै सन्दर्भमा सही पनि होलान्। तर एकले अर्कोतिर औंला ठड्याएर उनीहरूले यसबाट उन्मुक्ति खोज्न मिल्दैन। यस सन्दर्भमा सबैभन्दा ठूलो समस्या हो, शिक्षकको तयारी। विज्ञान, गणित, अंग्रेजी विषयलाई हाम्रो समाजमा सबभन्दा बढी महत्त्व दिने गरिएको छ भने सामाजिक शिक्षालाई सबैभन्दा उपेक्षाको विषय बनाइएको छ। परिणामस्वरुप धेरैजसो स्कूलहरूमा सामाजिक विषय पढाउने जिम्मेवारी त्यस्तो शिक्षकलाई दिइन्छ, जो अरू कुनै विषय राम्रोसित पढाउन योग्य ठानिन्न। अर्थशास्त्र, इतिहास, राजनीतिशास्त्र, संस्कृति, मानवशास्त्र, समाजशास्त्र सबैको राम्रो ज्ञान भएको मानिस मात्र सामाजिक शिक्षक बनाइनुपर्छ। त्यसैले यस्तो ज्ञान र प्रतिभा भएको मानिस मात्र यो विषयको शिक्षक हुनसक्छ भन्ने कुरा सरकारदेखि स्कूल व्यवस्थापनसम्मले आत्मसात् गर्नुपर्छ। त्यसैले सर्वप्रथम यो विषयलाई अंग्रेजी, गणित र विज्ञान जत्तिकै महत्त्व दिनुपर्छ। योग्य शिक्षक छनोटको प्रत्याभूति गर्न सुधार प्रक्रियालाई विश्वविद्यालयको कक्षासम्मै

**विज्ञान, गणित, अंग्रेजी विषयलाई हाम्रो समाजमा सबभन्दा बढी महत्त्व दिने गरिएको छ भने सामाजिक शिक्षालाई सबैभन्दा उपेक्षाको विषय बनाइएको छ।**

पुऱ्याउनुपर्ने देखिन्छ।


त्यस्तै, हाम्रो शिक्षण प्रक्रिया र विषयवस्तुलाई अत्यन्तै साँघुरो बनाउने मुख्य दोष विद्यमान परीक्षा प्रणालीलाई जान्छ, जसले विद्यार्थीको मौलिक सोच, पछिल्लो ज्ञान, सृजनशीलता र विश्लेषणात्मक तरीकाले सोच्ने क्षमताको मूल्यांकन गर्न कुनै रुचि देखाउँदैन। त्यसैले यस्तो मूल्यांकन पद्धतिलाई विस्थापित नगरी उपयुक्त पद्धति स्थापित गर्न नसकेसम्म कक्षामा अपेक्षित सुधार आउन सक्दैन। 📖


## *शिक्षक* का विक्रेताहरूलाई सूचना




१. देशैभरिका पाठकहरूलाई नियमित रूपमा *शिक्षक* मासिक उपलब्ध गराउनमा तपाईं विक्रेताहरूका भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको तथ्यलाई *शिक्षक* परिवारले सादर स्वीकार गरेको छ। यो पत्रिकाको छपाइ लगायतका खर्च धान्ने मुख्य स्रोत नै पत्रिका बिक्रीबाट प्राप्त हुने आम्दानी हो। देशका अधिकांश विक्रेताहरूले नियमित रूपमा रकम चुक्ता गरेकै कारण पत्रिकाको प्रकाशन सम्भव भइरहेको हो। त्यस्ता विक्रेताहरूप्रति हामी आभार र धन्यवाद व्यक्त गर्दछौं। साथै, उहाँहरूबाट भविष्यमा पनि यस्तै सहयोग प्राप्त भइरहने विश्वास राखेका छौं।

२. केही विक्रेता/पसलहरूले *शिक्षक* बिक्री गरेको रकम लामो समयदेखि आफै चलाइ-मासी प्रकाशनलाई भुक्तानी नगरी पत्रिकाको विकास र विस्तारमा बाधा पुऱ्याइरहनु भएको छ। त्यस्ता विक्रेताहरूलाई आफूले तिर्नुपर्ने रकम अविलम्ब चुक्ता गर्न हामी हार्दिक आग्रह गर्दछौं। समयमा रकम भुक्तानी नगरी असहयोग जारी राख्ने विक्रेताहरूलाई पठाइँदै आएको पत्रिका रोक्न र बक्यौता असूल-उपर गर्नका निम्ति कडा कदम चाल्न समेत हामी बाध्य हुने व्यहोरा पनि जानकारी गराउँछौं।




## असार महिनाभरि *शिक्षक* र *दिवास्वप्न* सँगसँगै

१. *शिक्षक* मासिकको ग्राहक बन्दा *दिवास्वप्न* पुस्तक उपहार दिने कार्यक्रम यही असार मसान्तसम्म मात्र कायम रहने भएकोले यस अवधिभित्रै ग्राहक बनी वा बनाइ अवसरको फाइदा उठाउन संपूर्ण *शिक्षक*प्रेमी पाठकहरूलाई आग्रह गर्दछौं।

२. *दिवास्वप्न* उपहार दिएर ग्राहक बनाउने पत्रपत्रिका पसल/विक्रेताहरूले वार्षिक ग्राहकवापतको रकम २०६९ साल श्रावण ७ गतेभित्र *शिक्षक* मासिकको कार्यालयमा दाखिला गरिसक्नु पर्ने छ। तोकिएको मितिभित्र ग्राहक रकम दाखिला नगर्ने विक्रेताहरूलाई उपहार *(दिवास्वप्न)* दिन प्रकाशन बाध्य हुने छैन।

**व्यवस्थापक**
***शिक्षक* मासिक**

***शिक्षक* मासिक**, जावलाखेल, ललितपुर

**पो.ब.नं.** ३९१, ललितपुर, फोनः ५५४३२५२, ५५४८१४२, इमेलः mail@teacher.org.np

# कलह नबढोस् देश सिंगो रहोस् !

**बितेका चार वर्षमा नयाँ संविधानका बारेमा संविधानसभा, सरकार र सडकमा निकै चर्चा भयो। त्यस्ता औपचारिक चर्चा र बैठकमा प्रायः १८ वर्षभन्दा माथिको उमेर समूहका 'हैसियतवाला' कै बोलवाला रह्यो। कम उमेरकाहरूले चाहेर पनि सहभागी हुनसक्ने स्थिति थिएन। नयाँ संविधान र त्यसका विषयवस्तुबारे स्कूलका कक्षाकोठामा पनि खासै छलफल भएन। 'देशको भविष्यका कर्णधार' भनिने स्कूले बालबालिकालाई संविधानसभा, संघीयता आदि विषयमा न कसैले केही सोध्यो न त केही बतायो नै।**

**तर पनि हाम्रा विद्यार्थीले देशको समसामयिक राजनीतिलाई मसिनो गरी नियालेका रहेछन्। स्कूले छात्रछात्रामा संविधानसभा र संघीयताका बारेमा कस्तो धारणा बनेको रहेछ त भन्ने जान्नलाई *शिक्षक* मासिकले काठमाडौंको रेन्बो इन्टरनेशनल स्कूल र आदर्श परोपकार उमाविका कक्षा १० का ५७ जना छात्रछात्राबीच आकस्मिक विचार संकलन गरेको थियो। उनीहरूसँग मूलतः दुई वटा प्रश्न सोधिएका थिए– (क) नयाँ संविधान नबनाइ संविधानसभा भङ्ग हुनुको कारण के हो ? (ख) संघीयताका बारेमा तपाईंको बुझाइ के छ ? यी प्रश्नमा अधिकांश विद्यार्थीका विचार आमसञ्चारमाध्यम र वयस्कहरूबाट प्रभावित लाग्छन् भने केहीमा मौलिक हेराइ र विश्लेषण पनि पाइन्छ।**



## १२० जातिलाई प्रदेश दिन सकिन्छ ?

**– कोपिला थापा**

सबै जातिको पहिचान झल्किने गरी प्रदेशको नामकरण गर्नु एउटा उचित उपाय हो। तर एक जातिको नाममा नामकरण गर्दा अरू जातिको पहिचान ओझेलमा पर्न जान्छ। त्यसबाट देशमा झै-झगडा र कलह हुन्छ। नेपालमा १२० भन्दा बढी जाति छन्। तिनको नाममा राज्यको नामकरण गरियो भने देश धेरै खण्डमा विभाजित हुन्छ। अन्ततः देशकै अस्तित्व समाप्त हुनसक्छ।



## नेताको मनपरी बढी भो

**– रमेश स्याङ्वान**

संविधानसभा भंग हुनुको मुख्य कारण दलका नेताहरूको कुर्सी मोह हो। यसको जिम्मेवारी कांग्रेस, एमाले र माओवादीले लिनुपर्छ। अशिक्षित र अनपढहरूलाई संविधान लेख्न सभासद् बनाएर पठाएकोले पनि संविधान नबनाई संविधानसभा भंग भएको हो। मुलुक संघीयतामा जाँदा जातिको नाममा प्रदेशको नामकरण गर्नु ठीक होइन। किनभने, जातिका आधारमा राज्य विभाजन गरियो भने त्यो ठाउँमा बसोबास गर्ने अरू जातका मानिस कहाँ जाने? केही गरी भोलि एउटा जातीय राज्यको मानिस अर्को जातीय राज्यमा गयो भने झै-झगडा शुरू हुनसक्छ। त्यसैले जातीय राज्य छुट्याउनु गलत हो।



## १४ अञ्चल ७५ जिल्ला नै ठीक

**– पूजा शाही**

माओवादी हठ, प्रशासनिक लाचारी, चरम भ्रष्टाचार, जातीय राज्यको लागि गरिएका बन्द र हड्ताल तथा देशमा धेरै नेता भएकोले संविधानसभा भङ्ग भएको हो। संविधानसभा मर्नुमा मुख्य दोष नेताहरूको छ। किनभने उनीहरूले संविधानसभाको समय थपेको थप्यै गरे तर संविधान बनाउन सकेनन्। सबै जातिको पहिचान झल्किने गरी प्रदेशको नाम राख्न सबै सहमत भएको भए देशले यस्तो दुर्घटना भोग्नुपर्ने थिएन। प्रदेशको नाममा ठूलो मत-मतान्तर रहेको भए अहिलेकै १४ अञ्चल

७५ जिल्ला र पाँच विकास क्षेत्रलाई कायम राख्न सकिन्थ्यो। खोइ! नेताको बुद्धि पलाएको?



## अदक्ष सभासद् चुन्नु जनताको कमजोरी

**– अम्बिका श्रेष्ठ**

१४ जेठमा संविधान नबनाई संविधानसभा भङ्ग गरिनुमा दक्ष जनशक्तिको अभावले ठूलो भूमिका खेलेको छ। अलिअलि कमजोरी चाहिं जनताको पनि छ। किनभने जनताले संविधान बनाउन सक्ने दक्ष जनशक्तिको छनोट गर्न सकेका रहेनछन्।


सबै जातिको पहिचान झल्कने गरी प्रदेशको नाम राखियो भने एक आपसमा झै-झगडा हुँदैन।



## नेताका कुरै ठूला

**– रेखा लामा**

नेताले चाहिने कुरामा भन्दा नचाहिने कुरामा बढी जोड दिएको हुनाले उनीहरूलाई कलम चलाउने फुर्सद नै भएन। अनि नयाँ संविधान बन्न सकेन। नेताहरू कुरा मात्र ठूला गर्छन्। उनीहरूको यही कमजोरीले संविधानसभा भङ्ग भएको हो।



## जातीय प्रदेशले कमजोर जातिलाई बलियो पार्छ

**– सोनिया खड्गी**

राजाको शासन नभएको, मन्त्रीहरूले चरम भ्रष्टाचार गरेको र बन्द हड्ताल नरोकिएकोले संविधान नबनी संविधानसभा भङ्ग भयो। हाम्रो देशमा संघ र प्रदेश बनाउने हो भने जातिको नाममा प्रदेश नामकरण गरिनु उचित हुन्छ, यसले पछि परेको जातिलाई अघि आउने मौका दिन्छ।



## जनदबाब नपुगेर संविधानसभा मऱ्यो

**– मुकेश बलामी**

नयाँ संविधान बनाउने जिम्मेवारी बोकेको संविधानसभा १४ जेठमा भङ्ग भएको छ। राजनीतिक दलहरू मिल्न नसकी आपसी कलहमा जेलिनु, एकले भनेको अर्कोले नमान्नु, देश विकास होस् भन्ने नचाहनु जस्ता कारणले संविधानसभा विघटन भयो। यसमा नैतिक कमजोरी नेता, मन्त्री र सभासद्हरूकै छ। जनताले पनि पदमा बसेका नेतालाई दबाब दिन नसकेर उनीहरू संविधान जारी गर्न बाध्य भएनन्।



## नेतालाई कसले रोक्यो संविधान बनाउन ?

**– सुष्मा श्रेष्ठ**

सबै नेताको आफू नै ठूलो हुँ भन्ने सोचले कसैको पनि भावनाको कदर गरेन। नेतालाई जनताको भविष्यको होइन आफ्नो भविष्यको बढी चिन्ता लागेको देखिन्छ। देशको चिन्ता भए संविधान जारी गर्न तिनलाई कसैले रोकेको थिएन। बाहुन, नेवार, क्षेत्री जस्ता विभिन्न जातिको बसोबास रहेको देशमा एउटा जातिको नाममा प्रदेश बनाउने सोचाइ राख्नु उचित होइन।



## झुक्याउनेहरू नेता बन्नु बेकार

**– रामेश्वर धिताल**

संविधान बनाउन म्याद थप्दाथप्दै पनि नेताले संविधान दिन सकेनन्। नेताहरूबीच झै-झगडा भएर संविधान नबनेको हो। तिनले जनतालाई झुक्याएर संविधान बनाउँछु भने तर संविधान बनाउन सकेनन्। त्यस्ता व्यक्ति नेता बन्नु भन्दा नेता नबन्नु नै ठीक।



## जातीय नाराले संविधान नबनेको

**– सुमिशा तामाङ**

संविधानसभा दलीय असहमतिको शिकार भयो। नेपाल सानो देश भए पनि बहुभाषिक, बहुधार्मिक, बहुजातीय देश हो। नेपाल सम्पूर्ण नेपालीको साझा फूलबारी हो। यसलाई जातिको आधारमा नामकरण गर्न खोजेको हुनाले संविधान बन्न नसकेको हो। सबैको पहिचानलाई समेटेर 'हिमाल, पहाड, तराई कोही छैनौं पराई' भन्ने भावना फुलाउने र नेपाललाई एउटै फूलबारी बनाउने बाटोमा लाग्नु हामी सबैको हितमा छ।



## काम नलाग्ने नेतालाई फाल्नुपर्छ

**– रामकुमार श्रेष्ठ**

जातीय संघीयता लादियो भने नेवारको ठाउँमा थापा आउन सक्दैन, क्षेत्रीको ठाउँमा गुरुङ जान मिल्दैन। आफ्नै देशका दाजुभाइबीच द्वन्द्व हुन्छ। त्यसैले अहिलेकै १४ अञ्चल ७५ जिल्ला नै ठीक छ। अहिलेका सबै नेता मन्त्रीहरूलाई फेरबदल गरेर नयाँ नेता, मन्त्री नल्याई देशले काँचुली फेर्ला जस्तो लाग्दैन। किनभने कुनै मेशिन बिग्रेर काम नलाग्ने भएपछि फेर्नु वा फाल्नुपर्छ। त्यसरी नै काम नलाग्ने नेताहरूलाई पनि फेर्नु वा फाल्नुपर्छ।



## संघीयतामा नजानु नै उचित

**– रोजी श्रेष्ठ**

हाम्रो देशका नेताहरूले भ्रष्टाचार गरेकाले र राजाको शासन नभएकोले संविधान बन्न नसकेको हो। नयाँ संविधानको नाममा राज्य विभाजन गर्दा जनताबीच झगडा हुने सम्भावना रहन्छ। त्यसैले देश संघीयतामा नगएर अहिलेकै अवस्थामा रहनुपर्छ।



## गलत नेताले संविधान बनाएनन्

**– दयाराम श्रेष्ठ**

संविधान बनाउने जिम्मेवारी पाएका प्रतिनिधिले काम गर्न नसकेकाले नयाँ सविधान बन्न नसकेको हो। यसमा नेता र जनता दुवैको कमजोरी छ।

जनताले सही नेता चुन्न सकेनन्, गलत नेताले संविधान बनाएनन्। जनताले संविधान बनाउन नेतालाई दबाब नदिएकोले यो बर्बादी देखिएको हो। म नेवार भए पनि मलाई जातीय राज्य चाहिएको छैन। यो देश सिङ्गो रहोस्, एकीकृत रहोस्। यही मेरो चाहना छ।



## हामी जहाँ छौं, त्यहीं ठीक

**– अनिता जोशी**

नेताहरू देशको लागि नभएर आफ्नो पेट भर्न मात्र लागेर संविधान बनेन। जनताले कर नतिर्ने हो भने उनीहरू भोकै मर्छन्। देशको आजको दुर्दशामा मुख्य कमजोरी नेताहरूको छ। हामी अहिले जहाँ र जुन अवस्थामा छौं, त्यहीं ठीक छ। नयाँ नाम राख्दैमा केही भइहाल्ने होइन।



## नदी–नालाको नाममा प्रदेश बनाउनुपर्छ

**– निकेश श्रेष्ठ**

सबै जातिको पहिचान झल्किने गरी प्रदेशको नाम राख्दा कुनै जाति कसैको विरुद्धमा उठ्दैनन्। संघीयतामा जाने नै हो भने प्रदेशको नाम नदीनाला र स्थान विशेषको नाममा राख्दा हुन्छ। अहिलेकै नेता र दल रहिरहने हो भने नयाँ संविधान बन्दै बन्दैन।



## स्वार्थी नेताले कामै गरेनन्

**– पवित्रा पौडेल**

पार्टीहरूले आ-आफ्नो माग राखेर पद र कुर्सीको हानाथाप गरेकोले संविधान बन्न सकेन। हाम्रो देशमा धेरैथरीका जातजातिको बसोबास छ। नेताहरू धेरै नै स्वार्थी भएकोले देशका लागि केही गर्न सकेनन्।



## जात देश टुक्र्याउन होइन

**– मैना विश्वकर्मा**

जात बनाइएको देशलाई टुक्र्याउन होइन। नेताहरू देशलाई विभाजन गर्ने कोशिश गर्दैछन्। तर, यो सफल हुन सक्दैन। बुद्धि पुऱ्याउने हो भने सबै जातिको पहिचान झल्किने गरी प्रदेश निर्माण गर्नुपर्छ। यसो गरेमा स्वार्थी नेताहरू स्वतः कमजोर हुन्छन्।



## माओवादी गिऱ्यो

**– सन्जु पोखरेल**

नेताहरूले देशको भन्दा बढी सत्ता र कुर्सीको मोह राखेकाले संविधान बन्न नसकेको हो। संविधानसभामा ठूलो दल भएर पनि माओवादी एकदम गिरेको छ। किनभने उसले पृथ्वीनारायण शाहले आफ्नो ज्यान बाजी राखेर नेपाल एकीकरण गरेको कुरालाई बिर्सेर फेरि जातीय राज्य बनाउन खोजेको छ, त्यसको के काम? संघीयताको नाममा जातीय विभेद भयो भने देशको अवस्था अरू नाजुक हुन्छ। जातीय राज्य र एकल पहिचान बनाएर आफूले आफूलाई अँध्यारोतर्फ धकेल्नुहुँदैन।



## नेताको लापर्वाहीले संविधान बनेन

**– सुमित्रा नेपाली**

नेताहरूको लापर्वाहीले गर्दा संविधान बन्न सकेन। नेताहरूले देशमा शान्ति र संविधान ल्याउँछौं भने तर कहिल्यै काम गरेको देखिएन। बन्द, हड्ताल, झै-झगडा, मारकाट आदि कारणले पनि संविधान बन्न सकेन। सबै एकजुट भएमा संविधान बन्न सक्छ। संविधान नबन्नुको मुख्य कारण नेता नै हुन्। जातीय राज्य बनाउने बित्तिकै कुनै पनि देशमा शान्ति आउँछ भन्ने ग्यारेन्टी छैन। त्यसैले सबैले समान रूपमा हक र अधिकार पाउनुपर्छ।



## सिङ्गो देश, सिङ्गै रहोस्

**– सनम तामाङ**

संविधान बनाउन सबै एक हुनुपर्छ, सबैको राय मिल्नुपर्छ। नेपाल पहिले नै टुक्रिएको देश थियो। पृथ्वीनारायण शाहको मिहिनेतले यो देश सिङ्गो बन्यो। फेरि देश टुक्रियो भने कसले सिंगो बनाउने? संघीयता त ठूला राष्ट्रको लागि उपयुक्त हुन्छ। नेपाल जातीय राज्य बन्यो भने हामी आदिम कालतिर पुग्छौं। त्यसैले यो सिंगो देश जस्तो थियो, त्यस्तै रहोस्।



## अहिलेकै नेतालाई फेरि जिताए पनि संविधान बन्दैन

**– पूजा भट्टराई**

अहिलेकै नेतालाई जनताले फेरि पनि जिताएर पठाए भने कहिल्यै संविधान बन्दैन। राजनीतिक दलहरूलाई त के भो र! तलब भत्ता पाकेकै हुन्छ, मर्का पर्ने त निमुखा जनतालाई न हो! पृथ्वीनारायण शाहले सिंगो बनाएको राज्यलाई अहिलेका नेताले फेरि टुक्र्याउन खोजेका छन्। किन सिंगो राष्ट्रलाई टुक्र्याउन चाहन्छन् नेताहरू?



## उन्नति चाहेको भए संविधान बन्थ्यो

**– नीता निरौला**

संविधान नबन्नुको मुख्य कारण दलहरूबीचको खुट्टा तान्ने प्रवृत्ति हो। जातीय संविधान बनाउँदा देश टुक्रिन सक्छ। त्यसैले जातिको आधारमा राज्य बनाउनुभन्दा अहिले जे छ, त्यही ठीक छ। नेताहरूलाई देशको उन्नति गर्नुथियो भने संविधान बनिसक्थ्यो। तर, तिनलाई संविधान होइन, कुर्सी मात्र चाहिएको रहेछ।



## सानो देशमा थोरै प्रदेश उचित

**– सुमन सिम्खडा**

नेपाल बहुजातीय देश हो। हामीभित्र विभिन्न संस्कृति र परम्परा छन्। सबै जातिलाई बराबरी

अधिकार दिन बहुलजातीय प्रदेश निर्माण उपयुक्त छ। हाम्रो जस्तो सानो देशमा थोरै प्रदेश बनाउनु ठीक हुन्छ। नेपाली जनताले पनि एकल जातीय होइन, बहुजातीय प्रदेशको माग गरेका हुन्।



## काम नगरी तलब खाएकोले संविधान बनेन

**– संगीता श्रेष्ठ**

तलब मात्र खाने तर काम केही नगर्ने बानी भएका सभासद्हरूको अल्छीपनले संविधान बन्न सकेन। ६०१ सभासद्का ६०१ मागले गर्दा १४ जेठमा संविधानसभा भङ्ग भयो। राष्ट्रिय एकता नेपालीको पहिचान हो। जातीय राज्य बनाउनुभन्दा सबै जातिको पहिचान झल्किने प्रदेश निर्माण गरिनु उत्तम हुन्छ। यदि जातिका आधारमा देश विभाजन गरियो भने नेवार राज्यमा बाहुन र बाहुन राज्यमा नेवारले अधिकार नपाउने निश्चित छ। माओवादीहरू आफ्नो पार्टीको हितका निम्ति जे गर्न पनि तयार देखिन्छन्। चुनावमा सोझा जनतालाई लोभ र डर देखाएर भोट माग्नुको नतिजा यही हो।



## सभासद् र ठूला नेता उत्तिकै दोषी

**– रञ्जना विश्वकर्मा**

१४ जेठमा संविधान नबन्दा साह्रै दुःख लागेको छ। ठूला नेताहरूको मनमुटावले संविधान नबनेको जस्तो लाग्छ। संविधान नबन्नुमा सबै सभासद् तथा नेताहरू दोषी हुनुहुन्छ। यो देशमा बाहुन जातिले धेरै ठाउँ ओगटेका छन्। दलित, नेवार, थारू आदि जातजातिहरू पनि अगाडि आउनुपर्छ भन्ने सोच छैन उनीहरूमा। देशको चाँडै विकास गर्न सबै जातजातिलाई उठाउनुपर्छ, पछिपरेका जातजातिलाई अवसर दिनुपर्छ। त्यसकारण जातका आधारमा नै प्रदेश निर्माण गरिनुपर्छ।



## दलीय झगडाले संविधानसभा भंग

**– अञ्जली थापा मगर**

राजनीतिक पार्टीहरूले आपसमा झगडा गरेकाले संविधान नबनेको हो। नेवार जातिले छुट्टै, मगरले छुट्टै राज्य माग्दै जाने हो देश झन् तल झर्दै जान्छ। हामीले सबै जातजातिलाई समान मौका दिनुपर्छ। कसैलाई बढी र कसैलाई घटी गर्नुहुँदैन।



## देश विभाजनमा मेरो असहमति

**– रोमिना पुलामी**

संघीयताको बारेमा विवाद भएकोले संविधान नबनेको हो। नेता, प्रधानमन्त्री र सभासद्ले आफ्नो जिम्मेवारीलाई नबुझेर देश यो हालतमा पुगेको हो। पृथ्वीनारायण शाहले टुक्रिएको राज्यलाई एकीकरण गरेर सिंगो राज्य बनाए। त्यसैले संघीयताको नाममा फेरि देश विभाजन गर्ने कुरामा मेरो समर्थन छैन। नेपालमा संघीयता भन्दा अहिलेको व्यवस्था नै ठीक छ। बूढापाकाहरू संविधान हेरेर मर्न पाऊँ भन्ने आशा लिएर बसेका छन्। त्यसैले अर्को चुनाव गरेर सारा नेपालीको अधिकार सुनिश्चित गरियोस्।



## हामी नेपाली, हाम्रो जात नेपाली

**– शिवराज लामा**

नेताहरूले देशको होइन, आफ्नै हित हेरेका छन्। जातीय आधारमा प्रदेश बनाउने कुरामा म सहमत छैन। हामी नेपाली, हाम्रो जात नेपाली।



## मुख्य कुरा समान अधिकार

**– सुशील भट्टराई**

अन्ततः नेताहरूले संविधान बनाउन सकेनन्। संविधानसभा ठूला चार पार्टीको कारणले भंग भएको हो। भौगोलिक विविधताले भरिपूर्ण देश भएकोले संघीयतामा गए पनि प्राकृतिक तथा भौगोलिक आधारमा प्रदेश हुनुपर्छ, जातीय आधारमा हुनुहुँदैन। जातीय आधारमा प्रदेश बन्यो भने जाति-जातिको लडाईं शुरू हुन्छ। नेपालीले नेपालमा म नेपाली हुँ भन्न पाउनुपर्छ। सबैले उत्तिकै अधिकार पाउनुपर्छ। भेदभाव हुनुहुँदैन।



## संविधान बन्ने आधार सकियो

**– सुष्मिता भट्टराई**

हाम्रो देशका नेताहरूलाई ठूलो पदमा पुग्न पाए पुग्छ। कसैले पनि देशको हितका लागि काम गरेको जस्तो लाग्दैन। सबै नेताहरू धन सम्पत्ति जोड्न मात्र लागेका छन्। यस्तै हो भने देशमा संविधान बन्ला भन्ने कुनै आधार छैन।



## ६०१ लाई दोषी ठान्छु

**– कृष्ण थापा मगर**

संविधान नबन्नुमा म ६०१ सभासद्हरूलाई बराबर दोषी मान्छु।

## खै कुरा बुझेको ?

**– रोशन खत्री**

सबै जातिको पहिचान झल्किने गरी प्रदेशको नाम राखिएन भने भोलिदेखि नेपालमा आपसमा झगडा, हिंसा, घृणा शुरू हुन्छ। त्यसैले सबै जातिको पहिचान राख्दा सबै नेपाली जनता खुशी हुन्छन्। देशमा शान्ति फैलिन्छ। देशको कानून बलियो हुन्छ र जातिको नाममा झगडा हुँदैन। नेताहरूले खोइ कुरा बुझेको ?

प्रस्तुति: **बाबुराम विश्वकर्मा**

तस्वीरहरू: खड्गबहादुर मगर

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

- भर्खरै संविधानसभा विघटन भएको छ। संविधानसभासँग गाँसिएका धेरै विषयहरू अहिले पनि सञ्चारमाध्यममा आइरहेका छन्, जस्तैः "मुलुकको चार वर्ष खेर गयो। प्रत्यक्षतः रु.९ अर्ब सकियो। अप्रत्यक्षतः रु.१०० अर्ब सकियो। नयाँ निर्वाचनको घोषणा त भयो। तर, बितेका चार वर्षमा थपिएका २० लाख मतदाता संविधानतः मतदानको अधिकारबाट बाहिर पर्ने देखिन्छन्" आदि।
- भारतको संविधान बन्दै गर्दा सन् १९४९ तिर छापिएको एउटा कार्टूनमा संविधान निर्माणमा भइरहेको ढिलाइलाई लिएर संविधानसभाका अध्यक्ष भीमराव अम्बेडकर र नेता जवाहरलाल नेहरूलाई व्यंग्य गरिएको थियो। केही वर्षअघि त्यो कार्टूनलाई भारतको कक्षा ११ को राजनीतिशास्त्रको पाठ्यपुस्तकमा समावेश गरियो। त्यही कार्टूनलाई लिएर भारतको लोकसभाका सदस्यहरूले अहिले आएर आपत्ति जनाए। सरकारले माफी माग्यो र पाठ्यपुस्तकबाट उक्त कार्टून हटाउन निर्देशन दियो। अम्बेडकर दलित समुदायका व्यक्ति थिए। पाठ्यपुस्तकमा प्रकाशित कार्टूनले दलित समुदायलाई हेपेको भन्दै सांसद्हरूले त्यसको विरोध गरेका थिए। कार्टून छापिएको ६० वर्षसम्म त्यसमा कसैको आपत्ति भएन। रून् इतिहास भइसकेको कार्टूनलाई पाठ्यपुस्तकमा राख्दा त्यति धेरै आपत्ति नहुनुपर्ने जस्तो लाग्छ। तर समय बितेकै गतिमा समाज चाहिं अघि बढ्दो रहेनछ भन्ने कुराको एउटा दृष्टान्त हो यो। यदि त्यतिबेलै त्यो कार्टूनको सन्दर्भबारे छलफल भइदिएको भए शायद ६० वर्षपछि त्यसले विवादित रूप लिंदैनथ्यो होला।
- यही सन्दर्भलाई हाम्रो संविधानसभासँग पनि जोड्न सकिन्छ। बितेका चार वर्षमा विद्यार्थीले कक्षाकोठा बाहिर संविधानसभाका सबैजसो पक्षका बारेमा सुने– खासगरी घर-परिवार, सञ्चारमाध्यम, चोक र चियापसलमा। तर, प्रायःजसो शिक्षकले कक्षा-कोठामा चाहिं संविधानसभाको बारेमा विद्यार्थीसँग खासै छलफल गरेनन्। ती विद्यार्थीले २० वा ५० वर्षपछि 'संविधानसभाका घटनाक्रम म स्कूल पढ्दा नै भएका त हुन्' सम्म मात्र भन्लान्। किनभने संविधानसभाको बारेमा तिनले पर्याप्त रूपमा बुझ्नै पाएनन्।
- यी र यस्ता समसामयिक घटना/प्रवृत्ति र हाम्रा कक्षा-कोठा अर्थात् औपचारिक शिक्षाका बीचमा कुनै तादाम्य हुन्छ कि हुँदैन ? यस्ता घटना र कक्षाबीच सम्बन्ध कायम गर्न जरुरी छ कि छैन ? सकिन्छ कि सकिंदैन ? सकिन्छ भने कसरी ? कसरी थालनी गर्ने ? यसका सम्भावना र चुनौती के-के हुन सक्छन् ? यिनै प्रश्न र सन्दर्भमा केन्द्रित रहेर एलायन्स फर सोसल डायलग (एएसडी)को सहकार्यमा *शिक्षक* मासिकले २१ जेठ २०६९ मा विस्तृत संवादको आयोजना गऱ्यो। त्यही संवादमा अभिव्यक्त केही विचारहरूः

# छलफल नगर्दा क्षति



## समसामयिक मुद्दालाई स्वायत्त कक्षा

हरि शर्मा
राजनीतिशास्त्री

मैले १५ वर्ष व्यवस्थापनका कलेजका विद्यार्थीलाई राजनीतिशास्त्र पढाएँ। विद्यार्थीको दिमागमा पाठ्यक्रम र परीक्षा बढी नै 'सेट' भएको हुँदोरहेछ। उनीहरू मूलतः त्यसैबाट निर्देशित हुने रहेछन्। त्यसभन्दा बाहिरका विषयवस्तुमा केन्द्रित हुनै चाहँदैनन्। कोर्समा नभएका विषय वा प्रसंगमा शिक्षकले छलफल गर्न खोज्दा पनि विद्यार्थीले टार्दा रहेछन्। 'सर ! यो पनि परीक्षामा आउँछ र?' भनेर प्रतिप्रश्न गर्छन्, उनीहरू। विद्यालयस्तरमा पनि यही समस्या छ।

समसामयिक, राजनीतिक, आर्थिक, सामाजिक विषयवस्तुबारे कक्षाकोठामा बहस चलाउन सकिने सम्भावनाहरू प्रशस्त छन्। तर, हाम्रा शिक्षक पनि विद्यार्थी जस्तै पाठ्यक्रम र पाठ्यपुस्तकको भारले थिचिएका छन्। तिनलाई समयभित्र कोर्स सक्नुपर्ने बाध्यता हुन्छ। समग्रमा; शिक्षकको शिक्षण पद्धति र विद्यार्थीको सिक्न खोज्ने प्रवृत्ति नै परीक्षामुखी र साँघुरो छ। पढ्ने भन्दा पनि पास गर्ने मानसिकता हावी छ। यसले पनि समस्या पारेको छ।

कक्षाकोठामा समसामयिक विषयवस्तुको बहस र छलफलका निम्ति शिक्षक भित्रैदेखि तत्पर भएको हुनुपर्छ। एउटा शिक्षकले मात्रै यो अभ्यास थालेर पनि पुग्दैन, किनभने अरू शिक्षकले इर्ष्या गर्न थाल्छन्। यसर्थ, सहकर्मी शिक्षक र विद्यालय प्रशासनको आवश्यक सहयोग नभएसम्म एकाध शिक्षकले चाहेर पनि यस्तो अभ्यास गर्न सक्दैनन्। यतिले मात्रै पनि पुग्दैन। यसमा पाठ्यक्रम विकास केन्द्र, शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन, अभिभावक र समुदायको प्रयास हुनु पनि त्यतिकै जरुरी छ। स्रोत, साधन पनि पर्याप्त हुनुपर्छ। साथै शिक्षकहरूमा समसामयिक विषयवस्तुबारे समीक्षा र विश्लेषणात्मक चिन्तन गर्ने क्षमता र सीपको विकास गर्नु पनि उत्तिकै जरुरी हुन्छ।

सन् १९४९ मा प्रकाशित कार्टूनलाई पाठ्यपुस्तकमा राखिएपछि भारतमा ठूलो विवाद भयो। पाठ्यपुस्तकमा त्यो कार्टून समावेश गर्ने टीममा भारतका राजनीतिशास्त्रका प्राध्यापकद्वय योगेन्द्र यादव र सुभाष पल्शिकर सम्मिलित थिए। कार्टूनलाई लिएर विवाद भएपछि अम्बेडकरको प्यान्थर दलका कार्यकर्ताले पल्शिकरको कार्यालयमा



तस्बीरहरू: प्रमोद आयाम

तोडफोड गरे। उनीमाथि हातपात समेत भयो। भारत जस्तो ६० वर्षे लोकतान्त्रिक अभ्यास भएको मुलुकमा समेत कक्षाकोठाको स्वायत्तता नरहेको एउटा उदाहरण हो, यो। जबसम्म कक्षाकोठाको स्वायत्तता रहँदैन, तबसम्म समसामयिक विषयवस्तुहरू कक्षाकोठाका बहसको एजेण्डा बन्न सक्दैनन्। विवादास्पद घटना र मुद्दालाई कक्षाकोठामा प्रवेश गराउनु त झनै चुनौतीपूर्ण हुन्छ।



## बाधकः फटाहा भइने डर

**सत्यनारायण महर्जन**

**स्रोतव्यक्ति, पाटन उमावि, ललितपुर**

हाम्रा शिक्षकले समसामयिक विषयलाई कक्षाकोठामा लग्दै लगेनन् भन्नु अलि अत्युक्ति होला। लैजानलाई लगेका छन्। कसरी लगेका छन् भन्ने चाहिं छलफलको विषय हुनसक्ला।

समसामयिक विषयवस्तुप्रति 'अपडेट' भएर कक्षामा जानुपर्छ। त्यसमा हाम्रा शिक्षकको तयारी पुगेको छैन। धेरैमा 'समय कटे भइहाल्यो नि! नयाँ कुरा किन दिनुपर्‍यो?' भन्ने मानसिकता पाइन्छ। अर्कोतिर, विद्यार्थीमाझ समसामयिक विषयमा छलफल चलाउँदा के हुन्छ त? त्यसबाट उपलब्धि त आउनुपर्छ नि! जहाँसम्म कक्षामा संविधानसभाको छलफलको प्रसङ्ग छ; गहन छलफल गर्नुपर्ने ६०१ जना सभासद्ले त गरेनन् भने कक्षाकोठाको छलफलले के अर्थ राख्छ? अर्थहीन छलफल चलाउँदा शिक्षक नै विद्यार्थीको माझमा फटाहा सावित हुने त होइन! त्यसैले अर्थ राख्ने र उपलब्धि दिने विषयबारे मात्र छलफल गर्नुपर्छ। सामाजिक अध्ययनमा मात्रै नभएर गणित, विज्ञान, अर्थशास्त्र जस्ता विषयमा पनि यस्तो छलफल गराउन सक्नुपर्छ।



## पाठ्य एजेण्डा बनाउनुपर्छ

**डा. तुलसीप्रसाद थपलिया**

**उपसचिव, शिक्षा मन्त्रालय**

'विद्यालयको दायित्व के हो?' भन्ने सन्दर्भमा पनि धेरै मतमतान्तरहरू छन्। 'कसैले सिद्ध गरेका, टुङ्गो लगाएका र समाधान गरिसकेका विषयवस्तुलाई पो विद्यालयले शिक्षाको रूपमा दिने त! टुङ्गो नलागेका विषयमा बहस चलाउने काम विद्यालयको हो र?' भन्ने धारणा राख्नेहरू पनि छन्। त्यसैले यो ज्यादै महत्त्वपूर्ण मुद्दा हो। रेडिमेड, स्वीकृत र तयार भइसकेको ज्ञानलाई मात्र विद्यालय शिक्षामा जोड्ने कि नयाँ सत्य निर्माणको निम्ति विद्यार्थीलाई नै सम्मिलित गराउने? भन्ने शिक्षण सिकाइको दार्शनिक प्रश्न हो।

यसमा सांस्कृतिक पक्षको पनि उत्तिकै भूमिका हुँदोरहेछ। हाम्रो संस्कृतिले चाहिं 'कन्फर्मिटी'(स्थापित सत्य)मा जोड दिंदोरहेछ। हामीले विद्यार्थीलाई आफ्ना विचार दिनसम्म तुल्याउने भन्दा पनि एउटै सही उत्तर खोज्ने विद्यार्थी तयार पार्न खोज्यौं। फेरि विद्यार्थीको अपेक्षा पनि त्यस्तै हुँदोरहेछ। कुन चाहिं उत्तरभित्रको कुन चाहिं दृष्टिकोण ठीक छ र कुन चाहिं बेठीक छ भनेर विश्लेषण गरिंदैन। यो हाम्रो सांस्कृतिक पक्षले निर्देशित गरेको पाटो रहेछ। थाहा नभएका र समसामयिक मुद्दाहरूलाई कक्षामा लैजाँदा त्यसले विभाजन ल्याउने डरले त्यसमा प्रवेश गर्नुभन्दा आफूलाई सजिलो होस् भन्ने ठानेर शिक्षकहरू पाठ्यपुस्तकका विषयवस्तुमा मात्रै सीमित रहेका पनि हुन सक्छन्।

सामाजिक रूपान्तरणमा शिक्षाको प्रयोगको पाटो पनि रहेछ। सामाजिक पुनर्संरचनाका निम्ति शिक्षालाई प्रयोग गर्न सकिन्छ कि सकिंदैन? सकिन्छ भने उपाय के छ? भन्ने सन्दर्भलाई यसले विश्लेषण

गर्छ। शिक्षा, शिक्षण र सिकाइलाई सान्दर्भिक बनाउने यसको मूलभूत उद्देश्य रहेछ।

उसो भए शिक्षालाई कसरी सान्दर्भिक र सामयिक बनाउने त? एउटा पाठ्यक्रमभित्रको लचकताको प्रश्न रहेछ। समसामयिक मुद्दालाई पाठ्यक्रममा कुन रूपमा समेट्न सकिन्छ? भन्ने कुरामा पनि यो निर्भर रहन्छ। अर्को चाहिं पाठनपाठनको विषयवस्तु चयन गर्ने क्रममा समसामयिक मुद्दालाई पाठ्य एजेण्डा बनाउन सकिन्छ। त्यसनिम्ति पाठ्यक्रम पनि चाहिंदैन। स्थानीय परिवेश अनुरुपका घटनाक्रमलाई समेट्न सकिन्छ।

अर्कोतर्फ विषयगत समायोजनको कुरा पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। यस अन्तर्गत चाहिं समसामयिक विषयहरू पृथक् रूपमा आउँदैनन्। विद्यालय शिक्षाका विज्ञान, सामाजिक अध्ययन, भाषा जस्ता विषयसँग सम्बन्धित समसामयिक मुद्दाहरूलाई नियमित पठनपाठनमै समेटेर लैजान सकिन्छ। शैक्षणिक विधिको पाटोबाट हेर्दा चाहिं समसामयिक विषयवस्तुलाई समेटेर 'प्रोजेक्ट वर्क'को अभ्यास गराउन सकिन्छ।

अब रह्यो, समसामयिक मुद्दालाई कक्षामा लैजाने भन्ने सन्दर्भ। त्यसनिम्ति दार्शनिक र सांस्कृतिक सिद्धान्त अनुसार पाठ्यक्रमको निर्माण, उद्देश्य निर्धारण, दृष्टिकोणको बारेमा पुनर्संरचना हुनु जरुरी छ। शिक्षण पद्धतिमा सुधार आवश्यक छ। मूल्याङ्कन प्रणालीलाई परिवर्तन गरेर विद्यार्थीका विचार खोज्ने प्रश्नहरू सोध्नुपर्छ।



## शिक्षक निष्पक्ष हुनुपर्छ

**लक्ष्मण शर्मा**

**प्रअ, सत्यवती उमावि, धादिङ**

२०६५ सालतिरको कुरा हो। विद्यालयको कार्यक्रममा आएका एकजना अभिभावकले भने, "धेरैजसो घरायसी कुराहरू छोरालाई सोध्न सक्ने भइयो। तर, चुनाव आएका बेलामा भोट कसलाई दिने भनेर सोध्न चाहिं सकिंदोरहेनछ। यसमा पनि छोरा नै 'यो पार्टी वा मानिसलाई दिनुस्' भनेर सिकाउन सक्ने भइदिए कति जाती हुन्थ्यो! स्कूलमा त्यस्ता कुरा चाहिं सिकाउन मिल्दैन?" ती अभिभावकको कुराले मलाई घोत्लिन बाध्य बनायो। त्यतिबेला उनको छोरा १० कक्षामा पढ्थ्यो।

**हाम्रा विद्यालयमा सबैभन्दा बढी हेपिएको विषय नै सामाजिक अध्ययन भएको छ। अंग्रेजी, गणित र विज्ञानका निम्ति जहाँ पनि राम्रो शिक्षकको खोजी हुन्छ। सामाजिक अध्ययनमा पनि त्यस्तै दक्ष शिक्षक चाहिन्छ भनेर चाहिं कोही पनि बोल्दैन।**

●●●

**जबसम्म कक्षाकोठाको स्वायत्तता रहँदैन, तबसम्म समसामयिक विषयवस्तुहरू कक्षाकोठाका बहसको एजेण्डा बन्न सक्दैनन्। विवादास्पद घटना र मुद्दालाई कक्षाकोठामा प्रवेश गराउनु त झनै चुनौतीपूर्ण हुन्छ।**

हामी शिक्षकहरू 'राजनीति गरेको' आरोप खेपेका पेशाकर्मी हौं। वास्तवमा समसामयिक मुद्दाबारे विद्यार्थीलाई कक्षामा बताइदिन सके फाइदा पनि हुने रहेछ नि! 'कुन साबुन राम्रो लिरिल कि मायालु?' भनेर बहस चलाउन सक्ने शिक्षकले 'कुन दलका एजेण्डा राम्रा' भनेर पनि छलफल गराउन सके शायद ती अभिभावक लगायत सिङ्गो समाज र देशलाई नै फाइदा पुग्थ्यो कि!

तर हाम्रो समाज नै विभाजित छ। व्यवस्थापन समितिका पदाधिकारी र हामी शिक्षकहरू पनि विभाजित छौं। कुनै राजनीतिक विषयवस्तुमाथि कक्षामा छलफल गर्दा होशियारी अपनाउन सकिएन भने फरक विचार राख्ने समूहबाट आफूलाई समस्या पर्ने हो कि भन्ने डर हरदम रहन्छ।



## पूर्वाग्रह राखे गर्न सकिन्न

**वासुप्रसाद सुवेदी**

**शिक्षक, राष्ट्रिय निर्माण उमावि, काठमाडौं**

म ६ महीनाअघि हेटौंडाको प्रगति उमाविमा पढाउँदै थिएँ। त्यहाँ समसामयिक मुद्दालाई कक्षाकोठामा लैजाने केही अभ्यास गरेका थियौं। अघिल्लो दिन वा त्यही दिन भएका कुनै समसामयिक घटनाका विषयमा नियमित प्रार्थनासभामा विषय शिक्षकबाट दुई मिनेट चर्चा गराइन्थ्यो र दुई जना विद्यार्थीलाई आफ्ना धारणा राख्न लगाइन्थ्यो। यस्तो अभ्यास नियमित रूपमा हुन्थ्यो। नयाँनयाँ विषयमा कुराकानी गर्न पाउँदा विद्यार्थी पनि उत्साहित हुने रहेछन्।

समसामयिक मुद्दाबारे कक्षाकोठामा छलफल गर्न वा गराउन शिक्षकमा आँट र सिर्जनशीलता जरुरी हुन्छ। शिक्षकले विना तयारी कक्षामा गएर समसामयिक छलफल गर्दा विषयवस्तुको सान्दर्भिक प्रस्तुति नहुन सक्छ, जसले विद्यार्थीमा नकारात्मक असर पर्ने सम्भावना रहन्छ। त्यसप्रति हामी शिक्षकहरू सचेत रहनुपर्छ। हामीले कुनै पक्षप्रति पूर्वाग्रह पनि राख्नुहुँदैन।

एउटा शिक्षक समर्पित भएर लाग्दा अर्कोले खुट्टा तान्ने प्रवृत्ति पनि छ। त्यसको सुधार हामी आफैंबाट थालिनुपर्छ। त्यसका लागि हामी 'ग्रुप कल्चर'बाट 'टीम कल्चर'मा रूपान्तरित हुनुपर्छ। आफूमा केही गर्ने चाहना छ तर अर्को शिक्षकले केही भन्ने हो कि! भन्ने सोच्न थालियो भने आफूलाई कहिल्यै रूपान्तर गर्न सकिंदैन।



## हामी अन्यौलमै छौं

**खगराज बराल**


**कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्र**

विद्यालय तह; कक्षा १ देखि १० सम्मै सामाजिक अध्ययन विषय राखिएको छ। सामाजिक अध्ययनको पाठ्यक्रम लचिलो छ। यो धेरै संशोधन/परिमार्जन हुने विषय पनि हो। पाठ्यपुस्तक र शिक्षक निर्देशिकामा पनि समसामयिक समस्याहरूमा पनि छलफल गर्नुहोस्, 'प्रोजेक्ट वर्क' गराउनुहोस् भन्ने जस्ता क्रियाकलापहरू राखिएका छन्।

प्रश्नपत्रमा पनि समसामयिक मुद्दालाई जोड्न खोजिएको छ। यस वर्षको एसएलसी परीक्षामा (मध्यमाञ्चल क्षेत्र अन्तर्गत) 'संविधानसभाको राज्य पुनर्संरचना समितिले दिएका आधारहरू लेख्नुहोस्' भन्ने प्रश्न सोधिएको थियो। त्यस्तै संवैधानिक परिषद्का पदाधिकारी छनोटका निम्ति निर्धारित मापदण्डको बारेमा पनि प्रश्न सोधिएको पाइन्छ।

अहिले कक्षा ९-१२ को नयाँ पाठ्यक्रम संरचनामा त्यसैसँग

मिल्दोजुल्दो हुने गरी 'कन्टेम्पोररी सोसाइटी' भन्ने विषय राखिएको छ। यस्तै ए लेभलको कोर्समा 'कन्टेम्पोररी नेपलिज सोसाइटी' भन्ने विषय राख्न क्याम्ब्रिज विश्वविद्यालयले सहमति जनाएको छ। पाठ्यक्रममा लैंगिक समानता, खाद्य सम्प्रभुता, कर प्रणाली, मतदाता शिक्षा, कानूनी शिक्षा जस्ता अनगिन्ती विषयहरू राख्न सुझावहरू आउने गरेका छन्। यस्ता विषयहरूको माग यति धेरै छ कि कुन विषयलाई अनिवार्य र कति विषयलाई ऐच्छिकमा राख्ने भन्नेमा हामी नै अन्योलमा छौं।



## नयाँ घटना छोड्नु हुँदैन

**केशवप्रसाद भट्टराई**
**पूर्वअध्यक्ष, नेपाल शिक्षक युनियन**

कुनै पनि पाठ्यक्रम पूर्ण हुँदैन। पाठ्यक्रम निरन्तर परिष्कृत र परिमार्जित हुने विषय हो। हालै मात्रै अमेरिकाकी पूर्व विदेशमन्त्री कोन्डोलिजा राइस संयोजक रहेको एउटा समूहले त्यहाँको पाठ्यक्रममा सुरक्षा मामिला सम्बन्धी विषयवस्तुको अभावले गर्दा अमेरिकाको सुरक्षा खतरा बढेको निचोडसहित प्रतिवेदन निकालेको छ। यसर्थ, पाठ्यक्रम कहिल्यै पनि पूर्ण हुँदैन।

३ अप्रिल २००३ को एउटा प्रसंग भनिहालौं। लेफ्टिनेन्ट कर्णेलको नेतृत्वमा अमेरिकी सेनाको एउटा सानो टुकडी इराकको सडकमा हिंड्दै थियो। त्यत्तिकैमा हातहतियार बोकेका सयौं मानिस त्यो टुकडीको सामु आए। त्यो दृश्य देख्ने मानिसलाई लाग्यो, अब यहाँ ठूलो नरसंहार हुने भो! तर क्राइस हगिस नामका ती कर्णेलले तुरुन्तै 'नेल डाउन!' भनेछन्। त्यसपछि सबै सैनिक बन्दूकलाई तल झारेर घुँडा मारेर बसे। हतियार बोकेका स्थानीय मानिसको भीड जताबाट आएको थियो त्यतै फर्कियो। त्यसपछि हगिसलाई अरूले सोध्न थाले, 'तिमीले कसरी जान्यौ त यो कुरा?' सैनिक फोर्समा त थिएन!

अहिले अमेरिकी सैन्य टोलीलाई ठूला अधिकृतको सट्टा कनिष्ठबाट प्रशिक्षण दिन थालिएको छ रे! किनकि लडाईको अनुभव त तल्ला तहका अधिकृतसँग बढी हुन्छ। मैले यो प्रसंग यहाँ यस कारणले उठाएँ कि नयाँ र पछिल्लो पुस्ताका व्यक्तिहरूसँग बढी ज्ञान र सीप हुन्छ भने कनिष्ठबाट वरिष्ठहरूले किन नसिक्ने? त्यस्तो पद्धतिको विकास कसरी गर्ने? यसमा हामी शिक्षकहरूले सोच्नुपर्छ।

हरेक दिन नयाँनयाँ घटनाहरू भइरहन्छन्। त्यस्ता घटनाक्रमलाई मिहीन ढंगले केलाएर त्यसलाई शिक्षा र समाजसँग जोड्न सक्नुपर्छ। आज शिक्षण सिकाइको धार परिवर्तित भइसकेको छ। अब हामीले 'लर्निङ' मात्र सिकाउने होइन, 'अनलर्निङ' पनि सिकाउनुपर्छ। नराम्रो कुरा सिक्नुहुँदैन भनेर सिकाउनु पनि सिकाइ हो नि!



## शिक्षकलाई अरूको साथ चाहिन्छ

**सुमन राउत**
**प्रअ, बलम्बु मावि, काठमाडौं**

समसामयिक मुद्दाले कक्षामा प्रवेश नै नपाएका होइनन्; केही न केहीले प्रवेश पाएका छन्। तर, कसरी प्रस्तुत भइरहेका छन् भन्ने चाहिं छलफलको विषय हो। विज्ञान, स्वास्थ्य, जनसंख्या विषयका जल्दाबल्दा कुराहरूलाई पाठ्यक्रम र पाठ्यपुस्तकमा समेटिएको पनि छ। तर, विद्यार्थीको सिकाइ उपलब्धिमा त्यसको प्रभाव कम देखिएको छ। कहाँनिर त्रुटि भयो भनेर त्यसको खोजी गर्नु आवश्यक छ।

**आज शिक्षण सिकाइको धार परिवर्तित भइसकेको छ। अब हामीले 'लर्निङ' मात्र सिकाउने होइन, 'अनलर्निङ' पनि सिकाउनुपर्छ। नराम्रो कुरा सिक्नुहुँदैन भनेर सिकाउनु पनि सिकाइ हो नि!**

●●●

**एसएलसीमा राज्य पुनर्संरचना समितिले राज्य पुनर्संरचनाका निम्ति तोकेका आधार के–के हुन्? भनेर प्रश्न सोध्नु नै गलत थियो। त्यसको सट्टा त्यो समितिले बनाएका आधार ठीक छन् कि छैनन्? भनेर सोध्नुपर्थ्यो। जुन कुरा सबैका सामु स्पष्ट छ, त्यही कुरा प्रश्नपत्रमा राखिदिनु उचित हैन।**

शिक्षक आफू दक्ष हुँदाहुँदै पनि उसले समसामयिक विषयवस्तुलाई कक्षाकोठामा प्रवेश गराउने सवालमा अन्य पक्षको भूमिका पनि महत्त्वपूर्ण हुने रहेछ। जस्तो कि, शिक्षकको प्रस्तुतिलाई विद्यार्थी, सहकर्मी, विद्यालय प्रशासन, अभिभावक र समुदायले कसरी ग्रहण गर्छन् भन्ने सन्दर्भ महत्त्वपूर्ण छ। हाम्रो छलफल पनि यसैमा केन्द्रित हुनुपर्ने देखिन्छ। यतिखेर हाम्रो समाज बाँडिएको अवस्थामा छ। सामयिक सवाललाई कक्षामा लैजाँदा कसैको विरोधको सामना गर्नुपर्ने हो कि! भन्ने चिन्ता शिक्षकमा छ। यो अवस्थामा शिक्षकलाई सबै पक्षको सहयोग र हौसला चाहिन्छ। नत्र ऊ एक्लैले मात्र केही गर्न सक्दैन।



## पाठ्यक्रमले समसामयिक मुद्दालाई निषेध गर्छ

**मेदिन लामिछाने**
**प्रिन्सिपल, युलेन्स स्कूल, ललितपुर**

हाम्रो विद्यालयमा बिहान आधा घण्टा 'मर्निङ सर्कल' भन्ने कार्यक्रम चल्छ। यसमा समसामयिक विषयमा विद्यार्थीमाझ छलफल हुन्छ। कक्षा ११ र १२ मा चाहिं थियोरी अफ नलेज(टीओके) भन्ने विषय छ। यसमा साताको एक घण्टा कक्षा सञ्चालन हुन्छ र समसामयिक विषयवस्तुमाथि छलफल गरिन्छ। धेरै छलफल भएपछि विद्यार्थीले आफ्नो पेपर तयार गर्छ र त्यसलाई आईबीओमा पठाइन्छ। अनि त्यही पेपरको मूल्याङ्कनबाट उसले अङ्क पाउँछ।

म हाम्रो मूल्याङ्कन पद्धतिमै सबैभन्दा बढी समस्या देख्छु। जस्तो; यस पटकको एसएलसी परीक्षामा राज्य पुनर्संरचना समितिले राज्य पुनर्संरचनाका निम्ति तोकेका आधारहरू के–के हुन्? भनेर प्रश्न सोध्नु नै गलत थियो। त्यसको सट्टा त्यो समितिले बनाएका आधारहरू ठीक छन् कि छैनन्? भनेर सोध्नुपर्थ्यो। जुन कुरा सबैका सामु स्पष्ट छ, त्यही कुरा प्रश्नपत्रमा राखिदिनु उचित हैन।

हालै एकजना विदेशी शिक्षा विज्ञले भन्नुभयो, "शिक्षकले जुन प्रश्नको उत्तर आफूलाई पनि थाहा छैन; त्यस्ता प्रश्न विद्यार्थीलाई सोध्नुपर्छ। त्यसले विद्यार्थीमा 'क्रिटिकल थिङ्किङ'को क्षमता विकास

गराउँछ।" तर, त्यस्तो अभ्यास हामी पटक्कै गर्दैनौं। जुन कुराहरू पाठ्यपुस्तकमा लेखिएका छन्, त्यहींबाट मात्र प्रश्न सोध्ने प्रचलन छ। जबकि त्यस्ता प्रश्न सोध्नु जरुरी नै छैन। हामीले विद्यार्थीलाई स्वतन्त्र रूपमा जिज्ञासा राख्ने मौका दिएका छैनौं। किताबी ज्ञानमा मात्रै सीमित गरेका छौं। यसले पनि समसामयिक विषयवस्तुको बहसमा निषेध गरेको गरेको देखिन्छ।



## गल्ती भएको छ

**पूर्णा जोशी**

**उपाध्यक्ष, नेपाल शिक्षक युनियन**

हामीले शिक्षा, राजनीति र समाज अन्तरसम्बन्धित विषयवस्तु हुन् भनेर हेर्ने प्रयास नै गरेनौं। बरु फरक कुराहरू हुन् भनेर बुझ्यौं। कक्षामा समसामयिक विषयबारे चर्चा गर्दा 'फलानो शिक्षकले पढाएन, बरु राजनीति गऱ्यो' भनेर आरोप लगायौं।

घर, विद्यालय र कलेजमा समेत विद्यार्थीले कसैका विचार र दृष्टिकोणप्रति विमति जनाउने र आफ्ना धारणा राख्न पाउने वातावरणको निर्माण गर्न सकेनौं। ठूलाले जे भन्यो, त्यसमा बच्चाहरू सहमत हुनैपर्ने मान्यतालाई स्थापित गऱ्यौं। यही गल्ती भएको छ। बालबालिकालाई आलोचनात्मक बन्न दिइनुपर्छ। कक्षाकोठामा पनि विद्यार्थीहरूमाझ कसैको व्यक्तित्वका सन्दर्भलाई शिक्षकले एकतर्फी रूपमा थोपर्नुहुँदैन। बरु, विद्यार्थीलाई फरक ढंगले सोच्न र छलफल गर्न प्रेरित गर्नुपर्छ।



## शिक्षक सक्रिय भए सम्भव छ

**केशव निरौला**

**महासचिव, नेपाल शिक्षक संघ**

समसामयिक मुद्दालाई विषय शिक्षकहरूले कुनै न कुनै रूपमा कक्षामा लगेका छन्। पाठ्यक्रम र पाठ्यपुस्तकमा भएका विषयवस्तुका समसामयिक मुद्दालाई कक्षामा प्रस्तुत गर्न शिक्षकलाई गाह्रो पर्दैन। विवादित सामाजिक र राजनीतिक मुद्दाका सम्बन्धमा पनि शिक्षकहरूबीच साझा धारणा बनाएर छलफल गराउन सकिन्छ।

यी सबै कुराहरू शिक्षकको सक्रियतामा मात्रै सम्भव हुन्छ। त्यसका लागि राम्रा शिक्षकको उत्पादन र छनोट प्रक्रियामा सुधार गर्नुपर्छ। वास्तवमा शिक्षक आफ्नो पेशाप्रति उत्तरदायी हुने कि समुदायप्रति? अहिलेको शिक्षक छनोट पद्धतिले शिक्षकलाई समुदायप्रति उत्तरदायी बनाउन खोजेको छ। यो ठीक होइन। त्यस्तै; शिक्षक छान्ने अधिकार पनि समुदायलाई दिनुहुँदैन। विज्ञ, प्रशासनिक र कानूनी पृष्ठभूमिका व्यक्तिहरू सम्मिलित स्वतन्त्र निकायबाट मात्रै योग्य शिक्षकको छनोट सम्भव हुन्छ।

**यतिखेर हाम्रो समाज बाँडिएको अवस्थामा छ। सामयिक सवाललाई कक्षामा लैजाँदा कसैको विरोधको सामना गर्नुपर्ने हो कि! भन्ने चिन्ता शिक्षकमा छ। यो अवस्थामा शिक्षकलाई सबै पक्षको सहयोग र हौसला चाहिन्छ। नत्र ऊ एक्लैले मात्र केही गर्न सक्दैन।**

●●●

**शिक्षकले जुन प्रश्नको उत्तर आफूलाई पनि थाहा छैन त्यस्ता प्रश्न विद्यार्थीलाई सोध्नुपर्छ। त्यसले विद्यार्थीमा 'क्रिटिकल थिङ्किङ'को क्षमता विकास गराउँछ। हामीले विद्यार्थीलाई स्वतन्त्र रूपमा जिज्ञासा राख्ने मौका दिएका छैनौं। यसले पनि समसामयिक विषयवस्तुको बहसमा निषेध गरेको देखिन्छ।**



## कक्षामा लैजानुको विकल्प छैन

**डा. विनयकुमार कुशियैत**

**सहप्राध्यापक, त्रिभुवन विश्वविद्यालय**

जुनसुकै विषयको पृष्ठभूमिबाट आएको शिक्षकले पनि सामाजिक अध्ययन पढाएको अवस्था छ। अर्कोतिर सामाजिक अध्ययनका पाठ्यपुस्तकहरू पनि त्रुटिपूर्ण छन्। समसामयिक मुद्दाप्रति शिक्षकले आफूलाई अपडेट नगरेसम्म समसामयिक विषयमा सार्थक शिक्षण हुन असम्भव हुन्छ।

समसामयिक मुद्दाहरूलाई कक्षाकोठामा लैजानै पर्छ। यसका लागि दीर्घकालीन र अल्पकालीन नीति आवश्यक छ। दीर्घकालीन नीति अन्तर्गत शिक्षकलाई तालिम दिएर योग्य र सक्षम बनाउन सकिन्छ। अल्पकालीन उपायका रूपमा स्रोतव्यक्तिलाई परिचालन गर्न सकिन्छ। अर्को कुरा, हाम्रो शिक्षण र मूल्यांकन पद्धतिमा पनि सुधार गर्नुपर्छ। पठनपाठन पाठ्यपुस्तकमा सीमित र परीक्षामुखी हुनुहुँदैन।



## म चाहिं गर्छु

**उमेशराम खत्री**

**शिक्षक, अरुणोदय उमावि, काठमाडौं**

म हरेक दिन कक्षामा नयाँ विषयमा छलफल गर्छु। कक्षामा पुग्नासाथ 'आजको नयाँ घटना के छ?' भनेर विद्यार्थीलाई सोध्छु। सञ्चारमाध्यममा देखे/सुनेको आधारमा विद्यार्थीहरू बहस गर्न थाल्छन्। हाम्रो पाठ्यक्रम र पाठ्यपुस्तकका विषयवस्तुहरू अद्यावधिक नहुने समस्या ठूलो छ। त्यसैले वैकल्पिक सामग्रीप्रति शिक्षकहरूको पहुँच विस्तार जरुरी छ।



## कोर्स सक्ने दबाबले छेक्यो

**रमिला शाक्य**

**प्रअ, यशोधरा मावि, ललितपुर**

कक्षाकोठामा समसामयिक मुद्दाबारे बहस गराउने मुख्य संवाहक शिक्षकहरू नै हुन्। त्यसैले यो विषयमा शिक्षकहरू आफू तयार र दक्ष हुनुपर्छ। तर, यस्ता विषयलाई कक्षामा छलफल गराउँदा कोर्स सक्नै गाह्रो पर्ने भएकोले यस्ता बहस गराउनु 'वाहियात' हो भन्ने धारणा धेरै

शिक्षकमा व्याप्त छ। तथापि, केही शिक्षकहरू यसप्रति सकारात्मक पनि हुनुहुन्छ।

हाम्रो स्कूलमा कक्षा १-५ का विद्यार्थीलाई ३० मिनेट र माथिल्लो कक्षाका विद्यार्थीलाई ५-१० मिनेट समसामयिक विषयमा छलफल गर्न लगाइन्छ। त्यसबाट आउने निचोडलाई 'ग्रीन-बोर्ड'मा टाँसिन्छ। तर कक्षाका सिपालु विद्यार्थीहरू समसामयिक विषयको छलफलमा खासै रुचि देखाउँदैनन्। जो पढ्न चाहँदैन, उनीहरू चाहिं बढी चासो देखाउँछन्।



## किताबी ज्ञानले मात्र पुग्दैन

**प्रा. पीताम्बर शर्मा**

**भूगोलविद्**

'औपचारिक शिक्षामा समसामयिक विषयवस्तुलाई कसरी जोड्ने ?' भन्ने यो छलफल मलाई धेरै सान्दर्भिक र रमाइलो लाग्यो। तर म चाहिं अनौपचारिक रूपमा कसरी प्रवेश गराउने भन्ने सवाललाई बढी महत्त्वपूर्ण देख्छु; किनभने सबै कुरालाई औपचारिक बाटोबाट मात्रै लैजान खोजियो भने हामी धेरै टाढासम्म पुग्दैनौं।

मलाई एकदमै छोएको एउटा सानो अनुभव सुनाउँछु। सन् १९९२ मा पहिलोपल्ट माथिल्लो मुस्ताङ पुगें। त्यहाँको एउटा प्रसङ्गले मलाई चकित तुल्यायो। शायद जेठ/असारको महीना थियो। यो समयमा हिमालपारि वर्षा हुँदैन। तर त्यहाँ बिहान कुनै खोला तरेर तपाईं पारि पुग्नुभयो भने दिउँसो फर्कंदा त्यो खोलामा बाढी आइरहेको हुन्छ। त्यस्तो बाढी हिउँ पग्लिएर आउने गर्छ।

यसले मलाई खुल्दुली बनायो र लोमान्थाङको विद्यालयमा पढ्ने एक छात्रलाई सोधें, "नेपालको अधिकांश ठाउँमा वर्षा कहिले हुन्छ?" उसले चकित पर्दै जवाफ दियो, "यही त अचम्म छ नि! किताबमा वर्षायाममा पानी पर्छ भनेर लेखिएको छ। त्यति बेला यहाँ चाहिं पानी पर्दैन। तर, बाढी आउँछ।" स्थापित ज्ञान विद्यार्थीको समसामयिक अनुभवसँग नजोडिएको एउटा ज्वलन्त उदाहरण थियो, त्यो। तर किताबले चाहिं मनसुनको पानी पर्दा मात्रै बाढी आउँछ भनेर सिकाउँछ। किताबका स्थापित ज्ञानले नेपालका विविधतालाई जोड्न नसकेको देखिन्छ।

पर्वतको फलेवासस्थित मेरो गाउँमा एउटा पुरानो विद्यालय छ। त्यस नजिक ठूलो नहर छ। सामुदायिक वनको सफल उदाहरण पनि त्यहाँ छ। तर, त्यो विद्यालयको कुनै विद्यार्थीलाई गएर सोध्नुस् त्यहाँको स्थानीय परिवेशको बारेमा उसलाई केही पनि ज्ञान छैन। त्यो नहर योजनाले कति क्षेत्रमा सिंचाइ गर्छ, त्यसबाट कति मानिसहरू लाभान्वित छन्, त्यसले कति उत्पादन बढायो, त्यो उत्पादनले धनी वा गरीबलाई कति प्रभाव पार्‍यो, गाउँमा खुलेको बाटोले हामीलाई कति प्रभाव पार्छ ? यी विषयवस्तुहरूले कक्षामा प्रवेश नै पाएका छैनन्। न औपचारिक शिक्षामा छ, न त अनौपचारिकमै।

हामी पाठ्यपुस्तकका स्थापित ज्ञानले यसरी बाँधिएका छौं, यस्ता समसामयिक सवाललाई कक्षाकोठामा प्रवेश गराउन एकदमै गाह्रो छ। तर प्रवेश नगराई पनि हुँदैन। त्यसनिम्ति केही अभ्यास गराउन सकिन्छ। विद्यार्थीका सामु तथ्य राखिदिने, तथ्यका आधारमा उनीहरूमा कौतुहल जगाउने, कौतुहलबाट प्रश्न उठाउने र प्रश्नबाट संवाद र वादविवादको सिर्जना गर्ने। साथै जीवनोपयोगी गुण, सामाजिक, आर्थिक, राजनीतिक, वातावरणीय विषयमा निरन्तर अन्तरसंवाद गर्ने पद्धतिको विकास गर्नुपर्छ। समसामयिक विषयको चर्चा गर्दा राजनीति भन्दा पनि विकाससँग सम्बद्ध तथ्यगत विवरणलाई अघि सारौं। किनभने शिक्षक, विद्यार्थी, गाउँ, समाज सबैको आवश्यकता विकास नै हो।

**समसामयिक सवाललाई कक्षाकोठामा प्रवेश गराउन एकदमै गाह्रो छ। तर प्रवेश नगराई पनि हुँदैन। यस्ता विषयको चर्चा गर्दा राजनीति भन्दा पनि विकाससँग सम्बद्ध तथ्यगत विवरणलाई अघि सारौं। किनभने शिक्षक, विद्यार्थी, गाउँ, समाज सबैको आवश्यकता विकास नै हो।**



## सामाजिक विषय हेपियो

**प्रा. नोवलकिशोर राई**

**भाषाशास्त्री**

हाम्रो समाज र विद्यालयमा सबैभन्दा बढी हेपिएको विषय नै सामाजिक अध्ययन भएको छ। अंग्रेजी, गणित र विज्ञानका निम्ति जहाँ पनि राम्रो शिक्षकको खोजी हुन्छ। सामाजिक अध्ययनमा पनि त्यस्तै दक्ष शिक्षक चाहिन्छ भनेर चाहिं कोही पनि बोल्दैन। तीन मुख्य विषयमा ट्युशन पढिन्छ, पढाइन्छ। तर, सामाजिक अध्ययनमा ट्युशन चलेको मैले थाहा पाएको छैन। सामाजिक अध्ययनको पठनपाठनलाई कसैले पनि चुनौतीपूर्ण देख्दैन।

हाम्रो शिक्षण प्रक्रिया नै पुरातन भयो। घोकन्ते भयो। पठनपाठनलाई कसरी सिर्जनशील बनाउने भन्ने कुरा न पाठ्यक्रममा छ, न त कक्षा शिक्षणमा नै छ। शिक्षक जब चुनौतीको सामना गर्ने र गुणवान हुँदैन, तबसम्म उसको शिक्षण सिर्जनशील हुँदैन।

तपाईंहरूमध्ये कतिपयले खलिल जिब्रानका पुस्तक पढ्नुभएको पनि होला। यदि छैन भने एउटा किताब चाहिं पढ्नुस्, 'प्रोफेट'। प्रोफेटभित्र पनि अफ द चिल्ड्रेन। त्यसबाट थाहा हुन्छ केटाकेटी भनेका कस्ता हुन्छन् र उनीहरूसँग कसरी व्यवहार गर्ने। अर्कोतिर आफूभन्दा कनिष्ठबाट सिक्ने त हाम्रो संस्कारै छैन। ठाडै भन्दिन्छौं, "तेरो ओठ निचोर्दा दूध आउँछ। के जानेको छस् र?"

केही महीनाअघि बर्दिया वा कैलाली जिल्लाको एउटा घटना मलाई याद छ। त्यहाँ हिन्दूहरूले लगाएको पुराणमा मुस्लिम समुदायका मानिसले पनि हिन्दूसँगै बसेर प्रसाद खाए। केही समयअघि काभ्रेकी एक जना वृद्धाले आफ्नो छोरा मर्दा अरूले सडक बन्द गर्न खोज्दा पनि रोकेकी थिइन्। यस्ता सकारात्मक समाचारहरू पत्रपत्रिकामा आइरहन्छन्। यस्ता विषयहरूलाई पनि कक्षाकोठामा छलफलको मुद्दा बनाइनुपर्छ; ताकि बालबालिकाहरूमा सकारात्मक भावनाको विकास होस्।

प्रस्तुति: **प्रमोद आयाम**

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

**टिप्पणी**



डा. विनयकुमार कुशियैत

# समसामयिक मामिला शिक्षण: किन र कसरी

### विषय प्रवेश

निरन्तर-परिवर्तन समाज वा संसारको स्वभाव हो। क्षण, दिन, महीना वा वर्षैपिच्छे हुने परिवर्तनलाई पाठ्यक्रमको कुनै इकाईभित्र सीमित पार्न गाह्रो हुन्छ। त्यसैले यस्ता परिवर्तनलाई स्थान दिन सामाजिक विषयको पाठ्यक्रमभित्र 'समसामयिक मामिला अध्ययन' भनेर विशेष व्यवस्था गरिएको हुन्छ।

### समसामयिक मामिला (Current affairs) के हो ?

प्रसिद्ध विद्वान् जोन जेरोलिमेक (John Jarolimek) भन्छन्, "समसामयिक मामिला अन्तर्गत घटना (Event) तथा मुद्दा (Issue) दुवै सम्मिलित हुन्छन्। यसभित्र दुवैलाई एकीकृत रूपमा राख्दा यसको क्षेत्र अझै व्यापक हुन्छ। समसामयिक घटना त्यो हो जो घटिसकेको हुन्छ। त्यस्तो घटना हाम्रा लागि महत्त्वपूर्ण वा महत्त्वहीन जे पनि हुनसक्छ।"

घटना र मुद्दा दुई पृथक् अवधारणा हुन्। घटना तथ्यमा आधारित हुन्छन्। यसमा सामान्यत: परस्पर विरोधी विचारहरू रहँदैनन्। यसमा यथार्थ कुरालाई हुबहु वा जस्ताको तस्तै प्रस्तुत गर्ने गरिन्छ। कुनै व्यक्तिको विचार, टिप्पणी वा अनुमानले यसमा स्थान पाउँदैन। तर त्यही घटना सम्बन्धमा सकारात्मक र नकारात्मक विचार, टीकाटिप्पणी, छलफल वा पक्ष-विपक्ष समूहमा विभाजित हुन्छन् भने त्यो मुद्दा वा सवालको रूपमा परिणत हुन्छ। उदाहरणका लागि; नेपालमा जेठ १४ गते संविधानसभाको विघटन हुनु घटना हो भने यो घटना किन घट्यो वा यसका कारक तत्त्वहरू के-के हुनसक्छन्? यसले नेपाली राजनीतिमा के प्रभाव पार्न सक्ला जस्ता कुरा केलाउन थालेपछि यो मुद्दाको रूपमा परिणत हुन्छ। सामाजिक अध्ययनले सामाजिक जीवनका सबै पक्ष र विषयलाई समेटेको हुन्छ।

### समसामयिक मामिलाको शिक्षण किन ?

समसामयिक मामिलाको अध्ययनले हाम्रो वैयक्तिक र सामाजिक दुवै प्रकारको जीवनमा सहयोग पुऱ्याउँछ। यसले सामाजिक र अन्तर्राष्ट्रिय सद्भावको विकासमा पनि टेवा पुऱ्याउँछ। स्थानीय वा राष्ट्रिय अन्तर र्राष्ट्रिय घटनाहरूको अध्ययनबाट एकअर्काप्रति प्रेम, सहयोग, सहानुभूति आदि भावनाको विकास गर्न र सम्भाव्य जोखिम वा खतराबाट जोगिन पनि मद्दत पुग्छ। अमेरिकाको आर्थिक मन्दीले त्यहाँका सँगै अन्य देशका बासिन्दालाई पनि प्रभाव पार्न सक्छ। त्यस्तै जापानमा आएको सुनामीले अन्य देशका मानिसहरूमा पनि सहानुभूति र सद्भाव उत्पन्न हुन्छ। यसले कुनै घटनाको प्रभाव विशेष ठाउँमा मात्र सीमित नभई चौतर्फी रूपमा फैलिन्छ भन्ने देखाउँछ। समसामयिक मामिलाको अध्ययनमा यस्ता विषयवस्तुहरूप्रति विशेष चासो राखिने गर्दछ।

निम्न कारणले गर्दा सामाजिक अध्ययन विषयको शिक्षण अन्तर्गत समसामयिक मामिलाको अध्ययन गर्नु जरुरी देखिन्छ:

- छात्रछात्राहरूमा सामान्य ज्ञान वृद्धि गर्न,
- मानिस तथा राष्ट्रबीचको सम्बन्धलाई बुझ्न तथा त्यसको मूल्याङ्कन गर्ने क्षमताको विकास गर्न,
- एकाअर्काप्रति सहिष्णुता एवं सद्भावना कायम राख्न,
- लोकतान्त्रिक आदर्श अनुरुपको उपयुक्त बानी, अभिरुचि तथा सीप विकास गर्न,
- विभिन्न विवादको समाधान तथा अशुद्धिलाई हटाउने क्षमताको विकास गर्न,
- छात्रछात्राहरूमा समालोचनात्मक निष्पक्षता जस्ता भावनाको विकास गर्न,
- पाठ्यपुस्तकको विषयवस्तुलाई आधुनिक तथा पूर्ण बनाउन,
- पाठ्यक्रमलाई समयसापेक्ष तथा सान्दर्भिक बनाउन,

समसामयिक मामिलाको शिक्षण गर्दा मुद्दा वा सवालको रूपमा रहेका कतिपय विवादास्पद विषयहरू हुनसक्छन्। यस्ता विषय शिक्षण गर्न निष्पक्षता, इमानदारी तथा विवेकशील र तार्किक जनशक्तिको आवश्यकता पर्दछ। तर त्यस्तो जनशक्ति अभावका कारण समसामयिक मामिलासम्बन्धी शिक्षण प्रभावकारी नभइरहेको अवस्था छ। सामाजिक अध्ययन कक्षालाई समुदायमा लग्ने र समुदायलाई कक्षाकोठाभित्र ल्याउने परम्पराको विकास गर्न सक्नुपर्दछ।

सामाजिक अध्ययन अन्तर्गत समसामयिक मामिलाको शिक्षण गर्नुपर्छ भन्ने कुरामा प्राय: एकमत नै पाइन्छ। तर यहाँनेर प्रश्न उठ्छ- कक्षामा यसलाई कसरी सञ्चालन गर्ने वा प्रभावकारी बनाउने त? यसका लागि निम्नलिखित उपाय वा तरिकाहरू पनि अवलम्बन गर्न सकिन्छन्:

- दक्ष, प्रतिबद्ध तथा जागरुक शिक्षकको खाँचो पूरा गर्न शिक्षकहरूलाई तालिम प्रदान गर्ने, उनीहरूलाई अभिप्रेरित गर्ने, उत्प्रेरणा तथा सुविधा प्रदान गर्ने।
- दक्ष शिक्षकको अभाव भएका स्थानमा स्रोतव्यक्तिमार्फत समसामयिक मामिला विषयको शिक्षण हुने व्यवस्था मिलाउने।

प्रत्येक सामाजिक अध्ययन विषयको घण्टीमा शुरूको केही मिनेट 'आजका प्रमुख घटनाहरू' वा दैनिक रूपमा कार्यतालिका अन्तर्गत नै छुट्टै घण्टीको व्यवस्था गरेर वा साताको अन्तिम दिन यसका लागि केही समय निर्धारण गरेर छलफल कार्यक्रमको आयोजना गर्न सकिन्छ। अथवा समसामयिक मामिलाको घटनालाई पाठसँगै आबद्ध पारी शिक्षण गर्न पनि सकिन्छ।

शिक्षण सिकाइलाई परीक्षामुखी भन्दा पाठ्यक्रम तथा परिवेशमुखी र सान्दर्भिक बनाउन सक्नुपर्दछ।

सूचनापाटीको प्रयोग, विद्यार्थीको समूह विभाजन अथवा भित्तेपत्रिकाको व्यवस्थाबाट पनि यस्तो शिक्षणको व्यवस्था गर्न सकिन्छ।

अन्तरविद्यालय स्तरमा हाजिरीजवाफ वा वादविवाद प्रतियोगिताबाट पनि समसामयिक घटना वा मुद्दाहरूको शिक्षण गर्न सकिन्छ।

उपर्युक्त उपायहरूमध्ये विद्यालयले आफ्नो आवश्यकता, क्षमता र सुविधा अनुसार विभिन्न कार्यक्रमको आयोजना गर्न सक्नुपर्दछ। यसबाट विद्यार्थीहरूले समकालीन विश्व, परिवेश र समयको गति बुझ्न सक्षम हुन्छ र उनीहरूलाई आफ्नो ज्ञान ताजा पार्ने अवसर पनि प्राप्त हुन्छ। विद्यार्थीहरूमा स्वाध्यायन र स्वकार्यको बानीको विकास हुन्छ। उनीहरूको सामान्य ज्ञानमा वृद्धि भई बौद्धिक तथा सामाजिक विकासको सीपमा यसले पनि मद्दत पुऱ्याउँछ। साथै सामाजिक अध्ययनको उद्देश्य प्राप्ति अन्तर्गत नागरिक भावनाको विकासमा पनि यसले ठूलो टेवा पुऱ्याउँछ।

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

# YOUR COMPLETE NEWS.





डा. विद्यानाथ कोइराला

# संश्लेषित संघीयताः यसो पो भनिदिऊँ कि ?

**हिजो जो जे भए पनि आज नेपाली भइसक्यौं। अहिले साँघुरिंदै गएर जातजातीय, भाषिक, ऐतिहासिक पहिचानमा मन पुऱ्याइसक्यौं। अब त्यसैलाई डा. मदन परियारले दलित राज्य सुझाए झैं भूगोलविहीन प्रदेशीय संरचना मानौं। अनि सोच्न थालौं– मैले कसरी धेरैभन्दा धेरै भाषा सिक्न सक्छु ? धेरैभन्दा धेरै संस्कृतिहरूमा रमाउन सक्छु ? सबैको भूगोलमा सुरक्षित हुन सक्छु ? नाक, भाषा र इतिहासमा बुद्धिलाई क्षमता खोज्ने/खोजाउने तर्किवमा लान सक्छु ? एकअर्कालाई सम्मान गर्न सक्छु ?**

## बुद्धिको लम्बाइ चौडाइ

खम्बुवानले नारा दियो- '... रगत चाटिन्छ' (*फायर*, वर्ष ६, अंक ४, २०६७)। माओवादी वर्षमान पुन सल्लाहकार भएको पत्रिकाको नारा। पत्रिकाको भावमा वि.सं. १८३१ भन्दा अघिको भूमिको स्वायत्तता खोज्नेहरूको नारा। आर.के. खम्बुको शब्दमा किराँत राज्यभन्दा भिन्न। पहिलाको १६ थुमे राज्य। राजकुमार राईको शब्दमा चाहिं लिम्बुवान र खम्बुवान भनेको किरात नै हो (वैकल्पिक विचारमञ्च, विराटनगर २०६८)। चन्द्रकुमार शेर्माको शब्दमा चाहिं किराँत धर्म हो। हिन्दू राष्ट्र नभनेपछि किराँत प्रदेश भन्नु पनि उचित हुँदैन। एकातिर धर्म निरपेक्षता अर्कातिर किराँत प्रदेशको खोजी। अमिल्दा प्रश्न हुन् (शेर्मासँगको छलफल, २०६९ वैशाख)। अशोक राईको सोचमा भने खम्बुवान राईहरूको हो। किराँत प्रदेशमा गैरखम्बु पनि छन्। हुन्छन्।

लिम्बुवान खोज्नेको अर्कै तर्क छ। नेपालमा लिम्बुवान मिलान हुँदाको सन्धिअनुसार "६ आना अधिकार गोर्खालाई, १० आना अधिकार लिम्बुलाई" को खोजी (पदम अधिकारीको शब्दमा)। यो खोजीले लिम्बु बस्तीलाई आफैंमा मिलाउन खोज्छ। कोचहरूको बस्तीसम्मको लिम्बुवान। एल.बी. पालुङ्वाको शब्दमा किरात प्रदेशमा समेट्न नमिल्ने छुट्टै थातथलो। अशोक चेमजोङको शब्दमा २१ जातिको थातथलो। तमुवान, शेर्पा प्रदेश, नेवा राज्य, मगरात र तामसालिङ राज्य खोज्नेको पनि एउटै बुद्धि हो। थातथलो अहिलेको नेपाल बन्नु अघिको भुरे, टाकुरे राजा-रजौटाको देशको खोजी। अर्को शब्दमा भन्दा खम्बुवानले १८३१ अघिको भू-भाग खोज्यो। लिम्बुवानले '१० आना अधिकार' खोज्यो। अरू पहाडी र हिमाली जनजातिले आफ्नो जातिको बसोबासको ठाउँ खोजे। गुरु गोरखनाथले पृथ्वीनारायण शाहलाई दिएको आशीर्वाद जस्तो 'टेकेको थातथलो'। नेवारले नेवारीकरण भएका वि.सं. १८३१ अघिका राजाको राज्य खोज्यो।

"साला पहाडिया भगाओ" जनकपुरधामको भित्ताको नारा हो यो। भूगोलमा पढेको भन्दा भिन्न नारा। हिमालमा बस्ने हिमाली पढेको। पहाडमा बस्ने पहाडे वा पहाडिया पढेको। मधेशमा बस्ने मधेशी पढेको। जनकपुरधामको नाराले पहडिया बसाइ भएन। रंग पनि भएन। वर्णाश्रम पनि भएन। जात पनि भएन। जाति पनि भएन। धर्म पनि भएन। भाषा भयो शायद। मैथिली, भोजपुरी, अवधी वज्जिका मातृभाषा हुनेहरू मधेशी भए। उर्दू हुने धार्मिक समूहमा दरिए। थारू हुनेले छुट्टै राज्य खोजे। कोचे र मेचेको त्यही बुद्धि रह्यो। धिमाल त्यसैमा दरिए। फेरि 'एक मधेश एक प्रदेश' भन्नेले भूभाग हेरे। हिमाली भूभाग। पहाडी भूभाग। मधेशी भूभाग। थारूले चाहिँ मधेश शब्द नै रुचाएनन् (महेश चौधरी, २०६८)। तराई शब्द स्वीकार्य भयो।

थारूले तिरहुत राज्य खोजे। चन्द्रकुमार चौधरीको शब्दमा तिरहुत नै थारू राज्य हो। त्यसैले थारूहरूले तराईका २४ वटै जिल्लालाई थरुहट बनाउन चाहे। झापा र उदयपुरलाई कोचिला। थरुहटकै अंश। चितवनदेखि कपिलवस्तुसम्मको क्षेत्रलाई लुम्बिनी। त्यसपछिको तराईलाई थरुहट। आफ्नो आदिवासको दाबी गर्न विजय विश्वास थारूले भने–हामी न पहाडिया हौं न भारतका कुनै बेलाका बासिन्दा।

अवध, मिथिला र भोजपुरा राज्य खोज्नेले टुक्रिएको सिंगो नाम खोजे। विराट राजाको प्रदेश जहाँ भए पनि विराटनगर त हाम्रै देशमा छ। मिथिला भारतमा पनि छ। तर यो नेपाली मिथिला हुन्छ। त्यही हाल हो अवध र भोजपुराको। सन्तोषकुमार मेहताको शब्दमा पहाडिया र मधेशीभन्दा भूगोल पनि हो। मनोविज्ञान र समुदाय पनि हो। उनको बुझाइमा पहाडबाट मधेश झर्नेहरू भूगोलका मधेशी हुन्। मनोविज्ञान र समुदायका मधेशी होइनन्। मधेशीले दाबी गरेको 'सच्चा

मधेशी' भूगोल+समुदाय+मनोविज्ञान हो। थारूमा भूगोल र समुदाय छ। मनोविज्ञान छैन। पहाडियामा भूगोल छ। समुदाय र मनोविज्ञान छैन। यति हुँदा पनि मेहताले थारूलाई मधेशी समुदायमै गने। त्यो कुरा थारूहरूलाई स्वीकार्य रहेन। जयराम यादवले शाब्दिक पहिचान खोजे। 'मधिशे' गाली भयो। 'मदिशे' अपमानजनक शब्द भयो। अर्को शब्दमा भन्दा गजेन्द्रनारायण सिंह (गज्जुबाबु) ले स्वीकारेको मधेसी (मधेशी) शब्द सम्मानजनक ठानियो। सीके लालको शब्दमा आफूले स्वीकारेको (ascribed)। अरूले भनेको त्यस्तै शब्दमा अपमान देखियो (Prescribed or described)। यसो गर्दा राजेन्द्रप्रसाद साहले अर्को अवस्था देखे। मधेशको जिल्लाबाट खम्बुवान हटाउने। लिम्बुवान हटाउने। पहाडे जिल्लामा अवध, मिथिला र भोजपुरा नजाने। मधेश एकल प्रदेश बनाउँदा पहाडमा नजाने। उनको शब्दमा हामी 'मधेशी हुँदा पडाडेले तराईवासी भन्यो। मधेशी बन्छौं भन्दा तराईवासी बनायो।' सञ्जय सिंहले पहाडिया एवं हिमालीले दिएको नाममा विरोध गरे। 'मार्सिया, धोती, भैया, बिहारी, सतुवा, देशी।' अरू कुरामा उनको विरोध होइन। यस अर्थमा नामको लडाईं हैन, सामाजिक, सांस्कृतिक तथा भौगोलिक स्वायत्तताको लडाईं रोजे। थारू भारतको पिलभितमा पनि छन् भनेर चन्द्रकुमार चौधरीको विचारलाई चुनौती दिए।

हामी कतिखाले नेपाली छौं? विकासकुमार तिवारीको शब्दमा मधेशी, जनजाति र गोर्खाली। मधेशी हुँदा जनजाति नहुने खाले। आदिवासी नबन्ने खाले। गोर्खाली भन्ने जातै पो कता छ र भन्ने नबुझ्ने खाले। विजयकुमार मिश्रले चाहिं महेश चौधरीले भने झैं मधेश ऐतिहासिक होइन भन्ने कुरा स्वीकारे। 'आजको यथार्थ' मा बल दिए। उनको यथार्थमा पहाड र हिमालबाट मधेश झर्नेहरू भने अझै अटाएनन्। कोचिला अर्को चिन्तन हो। कुच विहारको नेपाली अंश। मिथिला जस्तो। अवध भोजपुरा जस्तो। त्यहाँ विजयनारायण कोचको कहानी छ। विजयपुरसँग जोडिएको। धरानमा पर्ने विजयपुर लिम्बुको होइन भनी लेखराज खवासले दाबी गरे। भूमि कोचको। बसाइ पहाडी र मधेशी समेतको। पनीलाल राजवंशी त्यही भन्छन्– हामी आदिवासी हौं। तराईमा बस्छौं। मधेशी भने होइनौं। किराँत राज्य हुन्छ भने कोच राज्य किन नहुने? सत्यनारायण राजवंशीले त्यसै भने। उनको स्पष्टता छ– 'राजवंशी जाति हो। कोच समुदाय हो।'

धिमालले किपट-पटवारी खोजे। बङ्गाई धिमालले त्यसै भने। लेप्चाले स्वायत्त क्षेत्र खोजे। उराँव र मोचीले चाहिं छुवाछूतमुक्त समाज खोजे। सुरतलाल मोचीको शब्दमा निःशुल्क प्राविधिक शिक्षा खोजे। बलराम उराँवले चाहिं भाषा र संस्कृतिको जगेर्ना खोजे। छुट्टै भाषा परिवार। द्रविड भाषाको जगेर्ना। द्रविड संस्कृतिको जगेर्ना। मुस्लिमले चाहिं सुरक्षित धार्मिक संसार खोजे।

## विवादको मेसो

माथिको विश्लेषणले भन्छ– लिम्बुवानले नेपाल सरकारसँगको सन्धिको पालना खोज्यौं। खम्बुवानले पृथ्वीनारायण शाह पूर्वको उसको राज्य खोज्यौं। कोच, मिथिला, अवध र भोजपुराले नेपालतर्फको भूभागको नाम खोज्यौं। काठमाडौंबाट डोटीमा बसाइँ सर्ने नेवारले असन र इन्द्रचोक नाम राखे जस्तो। पुर्ख्यौली नामको मोह खोज्यौं। नेवाले काठमाडौंका मल्ल र लिच्छवि राजाहरूले चर्चेको ठाउँ खोज्यौं। कर्णालीले नवीन भूभाग खोज्यौं। जडानले त्यसै गर्‍यौं। शेर्पा प्रदेशले त्यही काम गर्‍यौं। लेप्चाले 'थुकेको प्रदेश' भनेर स्वायत्त क्षेत्र मात्रै खोज्यौं। थारुवानले सानो र ठूलो थरुहट (greater tharuhat) रोज्यौं। मधेशीले 'एक मधेश एक प्रदेश' भन्दा सानो मधेश रोज्यौं। मगरात र तमुवानले बस्तीको घनत्व खोज्यौं। आफ्नै जातीय घनत्व। त्यही घनत्व झल्कने नाम खोज्यौं। बाहुन, क्षेत्री, दशनामी, दलित आदिले चाहिं आदिवासीको ताविज खोज्यौं। मधेशीको शब्दावलीमा

**चौथो उपाय सौरभका लेखहरूले दिए। लेखहरूले भने आदिवासी समय हो। अनुहार हैन। जनजाति विकासको अवस्था हो। थातथलोको खोजी इतिहासको मोह हो। अग्रगामी सोच हैन। पाँचौं उपाय डा. चैतन्य मिश्रले दिए। उनले डेभिड गेल्नरको आधार मानेर भनिदिए नेपालीको रक्त शुद्धता छैन। न बाहुन क्षेत्रीको। न जनजातिको। न दलितको। त्यसैले जनजातीय राज्य फजुल हो।**

भूमिपुत्र (पुत्रीको अवस्था के त?) इन्डोनेसियाबाट सापटी लिएको शब्द। यसरी बहुल बुद्धिका हामीले बहुलता देखायौं। हाम्रो देखाइले नाकमा बुद्धि गयो। चुच्चे र थेप्चे भनेर। थातथलोमा बुद्धि गयो। पुर्खा यहाँ बस्थे, यहाँ राज्य गर्थे भनेर। कति वर्ष को बस्यौं भन्नेमा बुद्धि पुग्यो। को आदिवासी को नयाँवासी भनेर। नश्लमा बुद्धि गयो। को हाम्रो नश्लको, को अर्कै नश्लको भनेर। जातजातीय उद्गममा बुद्धि गयो। को कुन उद्गमको रहेछौं भनेर। भाषिक पहिचानमा बुद्धि घुम्यो। को कुन भाषा बोल्छौं भनेर।

## विवादको टुंगो

विवाद टुंग्याउने अनेकन उपायहरू भए। पहिलो उपाय माओवादीले गर्‍यो। जातजातीय र भाषिक राज्य बनाइदिएर। यो उपायले खस-आर्य समूह भनाउन चाहनेहरूलाई एकत्रित गर्‍यो। आर्यकै मधेशी पाटोले चाहिं आर्यत्व छोडिदियो। भाषा समात्यो। मुफ्ती लियाकत अलि खानको शब्दमा बुझ्दा मुस्लिमले धर्म समात्यो। त्यसभित्रको अवयव बिर्सियो। मधेशी आर्यले भाषा समात्यो अरू पहिचान बिर्सियो। खम्बुवानले ऐतिहासिक भूमि खोज्यो। लिम्बुवानले ऐतिहासिक सन्धि सम्झौता समात्यो। अरू कुरा छोड्यो। खस-आर्य समुदायले उद्गम समात्यो। जातजाति र भूगोल बिर्सियो। राज्य पुनर्संरचना आयोगका सदस्यहरूले दोस्रो उपाय दिए। मूलतः डा. रमेश ढुंगेल र डा. मदन परियारले। डा. ढुंगेलले जातजातीय र भाषिक राज्यको बर्खिलापमा प्रदेशको नाम दिएर। डा. परियारले थातथलोविनाको दलित प्रदेश बनाएर। तेस्रो उपाय सुदूरपश्चिमाञ्चलले दियो अखण्ड सुदूरपश्चिम मागेर। चितवनले त्यही अभियान चलाएर। अरू विकास क्षेत्र र जिल्लाले त्यही बुद्धिलाई निरन्तरता दिएर। चौथो उपाय सौरभका लेखहरूले दिए। उनका लेखहरू (कान्तिपुर दैनिकका) ले जनजाति र तिनका विज्ञहरूलाई आँखा खोलिदियो। लेखहरूले भने आदिवासी समय हो। अनुहार हैन। जनजाति विकासको अवस्था हो। एकल पहिचान हैन। थातथलोको खोजी इतिहासको मोह हो। अग्रगामी सोच हैन। पाँचौं उपाय डा. चैतन्य मिश्रले दिए। उनले डेभिड गेल्नरको आधार मानेर भनिदिए नेपालीको रक्त शुद्धता छैन। न बाहुन क्षेत्रीको। न जनजातिको। न दलितको। त्यसैले जनजातीय राज्य फजुल हो।

## उद्बोधित बाटो

वाद र विवादले तत्व बुझिन्छ। हिन्दू पुर्खाले बुझेकै थिए। तिनका सन्ततिले पनि जाति, भाषा र इतिहासमा राज्य खोज्नेसँग नरिसाऔं। विचार हो आयो। माओवादीसँग पनि नचिढिऔं। रूपान्तरणको लागि विवाद निम्त्याउनु जरुरी थियो। त्यसैले अबको बाटो भूमि साम्पाङ्को सोचमा छ। पृथ्वीनारायण शाहले गोर्खा राज्यको विस्तार गरे।

गोर्खा नाम दिएनन्। नेपाल नाम दिए। साम्पाङ्ले गैरजनजातिसँग सहिष्णुता खोजे। मैले जनजाति, मधेशी, थारू र अरूसँग सहिष्णुता चाहें। हिजो जो जे भए पनि आज नेपाली भइसक्यौं। अहिले साँघुरिँदै गएर जातजातीय, भाषिक, ऐतिहासिक पहिचानमा मन पुऱ्याइसक्यौं। अब त्यसैलाई डा. मदन परियारले दलित राज्य सुझाए झैं भूगोलविहीन प्रदेशीय संरचना मानौं। खम्बुवानका मुद्दा छलफल गर्ने प्रदेश। थरुहटका कुरा गर्ने प्रदेश। थारूको ख्याल जस्तो। आ-आफ्ना मुद्दा छलफल गर्ने थलो। गैर प्रदेशी खम्बुवान। गैर प्रदेशीय मिथिला। गैर प्रदेशीय खसान। आ-आफ्नो जातजातीय भाषिक, भूगोल, इतिहास र धर्मको कुरा गर्ने सर्वपक्षीय थलो। राजनीतिक कित्ताकाटभन्दा माथिको थलो। अनि सोच्न थालौं– मैले कसरी धेरैभन्दा धेरै भाषा सिक्न सक्छु? धेरैभन्दा धेरै संस्कृतिहरूमा रमाउन सक्छु? धेरैभन्दा धेरै धर्ममा आनन्दित हुन सक्छु? सबैको भूगोलमा सुरक्षित हुन सक्छु? नाक, भाषा र इतिहासमा बुद्धिलाई क्षमता खोज्ने/खोजाउने तर्किवमा लान सक्छु? भोलिको रूपान्तरित नेपालमा एकअर्काको क्षमता दोहन गर्न सक्छु? एकअर्कालाई सम्मान गर्न सक्छु? उराँव र मोचीले खोजे जस्तो समान बन्न सक्छु? जनजातीले बुझे/बुझाएको आईएलओ १६९ लाई सौरभले दिएको अर्थमा पनि बुझ्न सक्छु? जो जहिले जहाँ बसे पनि हामी नेपाली हौं भन्ने सोच बोक्न सक्छु? जातजाति, भाषा, धर्म, थातथलो, रंगरोगन र शारीरिक एवं मानसिक भिन्नतामा आधारित खिसीट्यूरीका शब्दहरू बोल्ने रहर मार्न सक्छु? टुक्रिएको अहिलेको पुस्तालाई मिलाउन सक्छु? भोलिको नयाँ पुस्तालाई क्षमतामा गर्व गराउन सक्छु? अहिलेको संघीय बन्न लागेको नेपाललाई आर्थिक रूपले सबल, बहुसांस्कृतिक, बहुधार्मिक, भाषिक सह-अस्तित्ववाला बनाउँदै


**जाति, भाषा र इतिहासमा राज्य खोज्नेसँग नरिसाऔं। विचार हो आयो। माओवादीसँग पनि नचिढिऔं। रूपान्तरणको लागि विवाद निम्त्याउनु जरुरी थियो। त्यसैले अबको बाटो भूमि साम्पाङ्को सोचमा छ। पृथ्वीनारायण शाहले गोर्खा राज्यको विस्तार गरे। नेपाल नाम दिए। साम्पाङ्ले गैरजनजातिसँग सहिष्णुता खोजे। मैले जनजाति, मधेशी, थारू र अरूसँग, सहिष्णुता चाहें।**

बहुमा एक र एकमा बहु देख्ने/देखाउने उपनिषदीय सूक्तले ब्युँझाउन सक्छु? हिन्दू हुनुअघिको पुर्खौली सूक्तले। कतै आजका टुक्रे नेता र तिनको साँघुरिंदो एकल पहिचानी नेपाल र नेपालीलाई यही शिक्षा पो दिने हो कि? शिक्षकलाई टुक्राहरू जोड्ने तर्किव पो सिकाउने कि? मोजाइकवालाको बुद्धि दिएर। क्वाँटी बनाउने बुद्धि दिएर। प्रत्येक टुक्रे नेपालीको तागत खोजाएर। एक अर्कोका तागत जोडी सर्जक बुद्धि बनाउन लगाएर। शान्ति शिक्षाका पाठहरू पढाएर। इतिहासबाट सिक्न लगाएर। त्यतिबेलाको अन्यायी जातजाति हैन व्यक्ति हो। त्यहाँ पनि राम्रा व्यक्ति थिए भन्ने देवकुमारीको भविष्य निर्माण कथा सम्झाएर। 📖

**sms प्रतिक्रियाका लागि ltr<space>5006**


प्रा.डा. विद्यानाथ कोइराला र राजकुमार बरालद्वारा लिखित उमाशिपको कक्षा ११ को नयाँ पाठ्यक्रममा आधारित पुस्तक

सर्वत्र बजारमा उपलब्ध छ।




स्कूल 10+2, H.A. Pharmacy, Nursing, Engineering कलेजको विज्ञान प्रयोगशालाका लागि आवश्यक पर्ने Chemicals, Classwares, Instruments, Servey & Engineering (Physics, Chemistry & Biology lab) का गुणस्तरीय समान सुपथ मूल्यको लागि हामीलाई सम्पर्क राख्नुहोस्। डेलिभरीको समेत व्यवस्था छ।

सम्पर्क
चण्डीराज चौलागाईं
मोबाइल नं. ९८५१०६२४८५
सुप्रिम कमर्सियल कन्सर्न
त्रिपुरेश्वर, टेकुरोड, काठमाडौं
फोन नं.: ४२१६३७१, फ्याक्स नं.: ४२४६०१०
email: supreme.2commercial@yahoo.com

# विद्यालयको खुल्ला चौर पनि समस्या

हामी बसेको ठाउँ जोखिमयुक्त हुन सक्छ। जोखिम छ छैन भनेर ढुक्क भएर बस्नुहुँदैन। जुनसुकै बेला आउन सक्ने संकटको विश्लेषण गरेर योजना बनाउने र त्यसलाई कार्यान्वयन गर्ने हो भने सुरक्षित रहन सकिन्छ। यसको लागि हाम्रो क्षमतामा वृद्धि गरी भौतिक संरचना सुरक्षित बनाउनुपर्ने हुन्छ।

विगतमा विद्यालय सुधार गर्दा नयाँ र ठूला योजना बनाउने चलन थियो। त्यस्ता योजनामा साना तर विपत् निम्त्याउने कुरा ख्याल गरिदैनथ्यो। विद्यालयमा जोखिमै जोखिम भए पनि त्यसलाई विश्लेषण गर्ने सोच र क्षमता पनि स्कूलको थिएन। यसैलाई ख्याल गरेर विद्यालयमा आउने भौतिक संकटको विश्लेषण गरी कैलालीमा फाया नेपालको सहयोगमा पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउन थालिएको छ। विद्यालय सुधार योजनामा नै यो कामलाई समावेश गरिएको छ। यसले विद्यालयको भौतिक अवस्था तथा विद्यार्थी सुरक्षित बनाउन मद्दत पुगेको कैलालीको कृष्णध्वजचन्द माविका प्रधानाध्यापक भीमबहादुर चौधरी बताउँछन्।



■ रामबहादुर चौधरी

**विगतमा कैलालीमा विनाशकारी बाढीले सयौं हेक्टर जमिनमा लगाइएको बाली नष्ट गर्‍यो। हजारौं मानिस प्रभावित भए। महीनौंसम्म विद्यालय बन्द हुँदा बालबालिकाको पठनपाठनमा ठूलो असर पर्‍यो। त्यतिबेला कैलालीका विद्यालयले संकटासन्नता विश्लेषण तथा प्रतिकार्य योजना बनाएका भए क्षति धेरै कम गर्न सकिने रहेछ।**

पहिला भीमबहादुरको स्कूलको चौरमा पानी जम्ने भएकोले आवतजावत गर्न साह्रै कठिन हुन्थ्यो। त्यसबाट छात्रछात्राको पठनपाठनमा बाधा परेको थियो। फाया नेपालबाट तालिम पाएपछि चौधरीको स्कूलले 'संकटासन्नता विश्लेषण' गरी चौर सम्याउने र भवन पनि मर्मत गरेको छ। यसले विद्यार्थीलाई आवतजावत गर्न र कक्षामा बस्न सुरक्षित वातावरण सृजना गरेको छ।

कुनै पनि ठाउँ जोखिम मुक्त छैन। जोखिमको मात्रा कम वा बढी हुने मात्र हो। मुख्य कुरा जोखिम पत्ता लगाउनु र बच्ने सम्भावनाको खोजी गर्नु हो। प्राकृतिक विपत्तिबाट बच्ने क्षमता बढाउने तथा अभ्यास नगरी स्कूलहरू जोखिममुक्त हुन सक्दैनन्। हरेक विद्यालयमा विपत् व्यवस्थापन योजनाको कार्यान्वयन हुनसके सुरक्षित विद्यालयको परिकल्पनालाई सार्थक बनाउन सकिन्छ। यसबाट विद्यार्थीको शिक्षा पाउने अधिकार पनि संरक्षण हुन्छ।

शिक्षण सिकाइ क्रियाकलापलाई सहज र प्रभावकारी बनाउन विद्यालयको वातावरण सुरक्षित पार्ने कार्य अत्यन्तै महत्त्वपूर्ण छ। सन् २००८ देखि २०१० सम्म कैलालीमा आएको विनाशकारी बाढीले सयौं हेक्टर जमिनमा लगाएको बाली नष्ट गर्‍यो। हजारौं मानिस प्रभावित भए। महीनौं विद्यालय बन्द हुँदा बालबालिकाको पठनपाठनमा ठूलो असर पर्‍यो। त्यतिबेला कैलालीका विद्यालयले संकटासन्नता विश्लेषण तथा प्रतिकार्य योजना बनाएका भए क्षति धेरै कम गर्न सकिने रहेछ। त्यो काम नभएकाले त्यसबेला धेरै क्षति भयो। फेरि पनि विपत् नआउला भन्न सकिदैन। विद्यालयमा आउन सक्ने विपत्लाई कम गर्न संकटासन्नता विश्लेषण र प्रतिकार्य योजना लागू गर्नुपर्छ। त्यसले बालबालिका सुरक्षित हुन्छन् र सिकाइ दिगो र प्रभावकारी हुन्छ।

'रिच आउट टु एशिया'को आर्थिक सहयोग तथा एक्सनएड नेपाल तथा फाया नेपालको साझेदारीमा गत मंसीरमा सहभागितामूलक संकटासन्नता विश्लेषण तालिम कैलालीका स्कूलका लागि सञ्चालन गरियो। त्यसपछि विद्यालयले आफ्नो क्षेत्रको संकटासन्नता विश्लेषण गरे। कैलालीका स्कूलका लागि विद्यालयको विपत् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना पनि बनाइएको छ। विद्यालय सुधार योजनामा जोखिम न्यूनीकरण गर्ने क्रियाकलाप प्राथमिकताका साथ राखिएको छ। त्यसपछि विद्यालयले भवन मर्मत गर्ने, चौर सम्याउने लगायतका काम भएका छन्।

कृष्णध्वजचन्द माविको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपीलाल चौधरी आफ्नो स्कूलले विद्यालयमा प्रकोप सामना गर्न व्यवस्थित योजना बनाएको धारणा राख्छन्। चौधरीले पनि विद्यालयमा सहभागितामूलक संकटासन्नता विश्लेषण र विद्यालयमा आधारित विपत् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजनाको तालिम लिने मौका पाएका थिए। "तब न म कहाँ छु र मेरो विद्यालयमा के कस्ता संकट छन् भन्नेबारे विश्लेषण गर्न सक्ने भएँ। स्कूलको खुल्ला चौर पनि समस्या रहेछ भन्ने थाहा पाएँ", उनले भने। 📖

*(चौधरी कैलालीस्थित फाया नेपालका सामाजिक परिचालक हुन्।)*

**Asia**

**EF EPI Ranking**

| Rank | Country | Score | Level |
|---|---|---|---|
| 9 | Malaysia | 55.54 | High Proficiency |
| 12 | Hong Kong | 54.44 | Moderate Proficiency |
| 13 | South Korea | 54.19 | Moderate Proficiency |
| 14 | Japan | 54.17 | Moderate Proficiency |
| 25 | Taiwan | 48.93 | Low Proficiency |
| 26 | Saudi Arabia | 48.05 | Low Proficiency |
| 29 | China | 47.62 | Low Proficiency |
| 30 | India | 47.35 | Low Proficiency |
| 32 | Russia | 45.79 | Low Proficiency |
| 34 | Indonesia | 44.78 | Very Low Proficiency |
| 39 | Vietnam | 44.32 | Very Low Proficiency |
| 42 | Thailand | 39.41 | Very Low Proficiency |
| 44 | Kazakhstan | 31.74 | Very Low Proficiency |

http://trak.in

# हाम्रो पनि हो अंग्रेजी

**अंग्रेजी** बोल्ने कहाँ धेरै होलान् ? यो भाषा जन्मेको महादेश युरोपमा कि अमेरिकामा ? यस प्रश्नको उत्तर सामान्य सोचाइभन्दा अलि फरक छ- अंग्रेजी बोल्नेहरूको सबभन्दा ठूलो संख्या एशिया महादेशमा छ। एक समय उपनिवेशवादीहरूको भाषा भनेर चिनिने अंग्रेजी अहिले व्यापार-वाणिज्यका लागि तटस्थ भाषा भएको छ यही भाषाका माध्यमबाट यस क्षेत्रका अलग अलग भाषा बोल्ने धेरै मानिसहरूले पारस्परिक संवाद र आफ्नो दैनिक व्यवहार समेत चलाइरहेका छन्।

गान्धीजीले भनेका थिए, "अंग्रेजहरूले आफ्नो भाषा सिकाएर भारतीयहरूलाई दास बनाइरहेका छन्। आफ्नो देशको न्यायालयमा न्याय माग्न जाँदा अर्काको भाषा बोल्नुपर्ने वा बुझ्नुपर्ने परिस्थिति साँच्चै नै पीडाजनक हो।"

अहिले आएर उपनिवेशकालको अन्त्यपछि एशियाका कैयन् देशहरूमा अंग्रेजी पहिलो वा दोस्रो आधिकारिक भाषा बनेको छ। विभिन्न मातृभाषी समूहहरूमा अंग्रेजी सिके मात्र सफलताको सिंढी चढ्न सकिन्छ भन्ने विश्वास झन् झन् बढ्दो छ र मानिसहरू यो भाषा सिक्न वा छोराछोरीलाई सिकाउनका लागि निकै ठूलो खर्च र दुःख बेहोर्न तयार पाइन्छन्।

वैश्वीकरणले अंग्रेजीका अनेक भेदहरूको पनि विकास गरेको छ। मूलरूपमा अमेरिकन र ब्रिटिश इङ्लिशका रूपमा चिनिएको यो भाषामा अहिले हिङ्लिश (भारतीय), चिङ्लिश (चिनियाँ), माङ्लिश (मलेशियन), कङ्लिश (कोरियन) आदि अनेक भेदहरू तयार भइसकेका छन्। अर्थात्, एशियाका विभिन्न देशका वा विभिन्न भाषाभाषीहरूले अंग्रेजीलाई आफ्नो मातृभाषाका शब्द र शैलीसित मिसाएर नयाँ-नयाँ रूप र ढाँचाको विकास गरेका छन्।

गान्धीले 'दास बनाउने भाषा' मानेका भए पनि अंग्रेजीको राम्रो ज्ञानकै कारण भारत कम्प्युटर र सूचनाप्रविधिको व्यवसायमा आफूलाई अमेरिकाको हाराहारीमा उभ्याउन सफल भएको छ। पहिले पहिले 'चिनियाँहरूको अंग्रेजी राम्रो हुँदैन' भन्ने पुरानो मान्यता भए पनि स्तरीय अंग्रेजीमा व्यवहार गर्न सक्ने चिनियाँहरूको संख्या उल्लेखनीय मात्रामा बढिसकेको छ।

"कुनै पनि भाषाको विस्तार जति फराकिलो ठाउँमा हुन्छ त्यसका त्यति नै विविध स्वरूपहरू देखिन्छन्", जर्मनीको बर्लिनस्थित फ्री युनिभर्सिटीमा हालै आयोजित एउटा कन्फरेन्समा भाषाशास्त्री र अन्य विद्वान्हरूले निष्कर्ष निकाले।

फ्रेइबर्ग युनिभर्सिटीका क्रिस्टियन मायर भन्छन्, "संसारमा अंग्रेजीको प्रभाव जति बढ्दै जान्छ यसका रूपहरूमा पनि त्यति नै परिवर्तन आउँदै जान्छ।" भारतका शिक्षाविद् जेएन पाटिलको भनाइमा त भारतमा अंग्रेजीका भेद र उपभेदहरू बेलायतमा भन्दा धेरै छन्।

निष्कर्ष आयो, अंग्रेजी जान्नुपर्छ तर अंग्रेजकै जस्तो अंग्रेजी जान्नु पनि जरुरी छैन; किनभने अंग्रेजी अब अंग्रेजकै मात्र भाषा रहेन। यो विश्वकै साझा भाषा हो, हाम्रो पनि हो।

# संस्कृतका दिन फिरे ?

**अमेरिकाको** बोस्टनको उपनगरीय क्षेत्र आशल्याण्डको श्री लक्ष्मी हिन्दू मन्दिरको आसपास पुग्दा संस्कृत श्लोक र मन्त्रहरू गुञ्जिइरहेको सुन्न पाइन्छ। त्यहाँ बोस्टन, न्यूयोर्क, सियाटल, डलास, शिकागो, लस एन्जलस लगायतका अमेरिकी शहरका सातदेखि सत्तरी कटिसकेका व्यक्तिहरू समेत संस्कृतको कक्षा लिइरहेका भेटिन्छन्। उनीहरू श्लोक पढ्नका लागि मात्र होइन, संस्कृतमा बोल्न र लेखपढ गर्न जान्ने हुनका लागि यो प्राचीन भाषा पढिरहेका छन्। यहाँ संस्कृतको पुनर्जागरण शुरू भएको छ।

## गज्जब भन्नुस् !

विद्यार्थीलाई अध्ययनशील हुन कसरी प्रेरित गर्ने भन्ने बारेमा धेरै अध्ययन अनुसन्धान भएका छन्। अमेरिकाको आयोवास्थित शैक्षिक अनुसन्धान संस्था एनडीटी रिसोर्स सेन्टर (http://www.ndt.ed.org) ले चाहिं शिक्षकले प्रयोग गर्ने भाषा र शब्दमा नै त्यस्तो प्रेरणाको चाबी रहेको ठहर गरेको छ।

**इमानदार प्रशंसाले प्रेरित गर्छ:**
विषय प्रसङ्ग अनुसार यी वा यस्ता वाक्यहरूको प्रयोग गरेर हेर्नुहोस्

- मलाई यो साँच्चै मन पर्‍यो।
- तिम्रो भन्ने तरिका/प्रस्तुत गर्ने तरिका मलाई एकदमै मन पर्‍यो।
- यसका लागि धेरै धन्यवाद।
- तिमीले त्यति ठूलो जोखिम मोलेको देख्दा मलाई गजब लागेको छ।

यो काम संस्कृत भारती नामक नाफा नकमाउने संस्थाको अग्रसरतामा शुरू भएको हो। संस्कृत भारती साप्ताहिक संस्कृत कक्षा तथा बालबालिका तथा वयस्कहरूका लागि क्याम्पहरू सञ्चालन गर्छ र त्यसबाट हुने आम्दानीबाट आफ्ना कार्यक्रम चलाउँछ। संस्कृत भारतीले सञ्चालन गरेको तीनवर्षे अनलाइन कोर्सको वार्षिक फी ७११ अमेरिकी डलर छ र यहाँ विद्यार्थीहरूको संख्या प्रत्येक वर्ष बढिरहेको छ। विद्यार्थीहरू संस्कृतको पढाइमा ज्ञान र मनोरञ्जन मात्र नभएर भावनात्मक पक्ष पनि बलियो रहेको बताउँछन्। "मैले संस्कृतलाई मृत भाषा भनेको सुनेको थिएँ, तर यसको अध्ययन गर्न थालेपछि बुझ्दैछु, यो जो कोहीमा पनि उत्साह भरिदिन सक्ने जीवन्त भाषा हो", पोर्टल्याण्डकी छात्रा नन्दिता कुमार बताउँछिन्।



thefilipinotv.files.wordpress.com

# टेलिभिजन

टेलिभिजन हेर्नुलाई नराम्रो मान्ने धेरै छन् तर टीभी नहेरी नसक्ने अरु धेरै छन्। अमेरिकन एकेडेमी अफ चाइल्ड एन्ड एडोलेसेन्ट साइकियाट्री (AACAP) ले गरेको अध्ययन अनुसार बढी टीभी हेर्ने बालबालिका:

- स्कूलमा राम्रो अङ्क ल्याउँदैनन्।
- किताब कम पढ्छन्।
- व्यायाम र खेलकुद गर्दैनन्।
- मोटा र अस्वस्थ हुन्छन्।

टीभी कार्यक्रमहरू हिंसा, यौन, छिचरा प्रेम प्रसङ्ग, अपराध, आदि विषयवस्तुले भरिएका हुन्छन्। अरु एक्लै बसेर टीभी हेर्दा बालबालिका ती अनुपयुक्त सामग्रीबाट बढी प्रभावित हुन सक्छन्। बालबालिकालाई टीभीको दुष्प्रभावबाट जोगाउनका लागि एएसीएपीले निम्न सुझाव दिएको छ:

- बालबालिकासितै बसेर टीभी हेर्नुहोस्।
- उपयुक्त कार्यक्रमहरू छनोट गर्नुहोस्।
- दिनमा वा हप्तामा कति घण्टा टीभी हेर्ने भन्ने पहिले नै निश्चय गर्नुहोस्।
- खाना खाने वा पढ्ने समयमा आफू पनि टीभी नहेर्नुहोस्।
- टीभी खोलेर बच्चालाई अल्मल्याउने काम नगर्नुहोस्।

**विद्यार्थीले गरेको दुःख शिक्षकले बुझे उसले आफूलाई शिक्षकको नजिक ठान्छ:**
कुनै पनि कामको परिणाम मात्र होइन, त्यो काम गर्दा लागेको मिहिनेतको पनि मूल्याङ्कन गर्नु आवश्यक हुन्छ। तलका वाक्यमा विद्यार्थीको दुःख बुझ्ने क्षमता छ:

- यो गल्ती त मैले पनि गर्ने रहेछु! (यस्तो गल्ती हुनु स्वाभाविक हो)।
- हामीलाई पनि तिमीलाई जस्तै अनुभव भयो।
- तिमीले यो कसरी गर्‍यौ होला भन्ने बुझ्छु।
- तिमीले त्यस्तो भन्नु, लेख्नुको कारण मैले बुझेको छु।

**शिक्षकले ध्यान दिएको थाहा पायो भने विद्यार्थीले अरु राम्रो गर्ने प्रयास गर्छ:**
विद्यार्थीले शिक्षकको साथ खोजेको हुन्छ। साथ पाउनु भनेको आवश्यक सरसल्लाह पाउनु हो र जोखिम लिने आँट बढाउनु हो। शिक्षकले धाप मार्‍यो, हात मिलायो वा खुशी भएर अङ्कमाल गर्‍यो भने विद्यार्थीको हौसला दोब्बर हुन्छ। यी वाक्यहरूको प्रयोग गरेर हेर्नुहोस्।

- गर गर! आँट गरेर गरेपछि राम्रै परिणाम आउँछ।
- म तिमीलाई साथ दिन्छु!
- कतै अप्ठ्यारो परे मलाई भन्नु!

केही सरल शब्दमा पनि प्रेरणाको मुहान नै लुकेको हुन्छ। तर याद गर्नुपर्ने कुरा के हो भने ती शब्दको प्रयोग त्यत्तिकै नहोस्। शिक्षकले साँच्चै नै भनेको हो भन्ने भयो भने तलका साधारण शब्दले पनि धेरै काम गर्छन्।

- खोजेकै यही त हो!
- स्याब्बास!
- ठीक!
- हैन हैन, ठीक जवाफ यो हो ...!
- एक पटक फेरि लेख/भन त!
- गलत भए पनि जवाफ दिने कोशिश गरेकोमा धन्यवाद!
- मलाई तिम्रो उत्सुकता मन पर्छ!

**एनडीटी रिसोर्स सेन्टरले यो सहज तरिकामा सावधानीका केही बुँदा पनि थपेको छ:**

- अति प्रशंसा पनि नगर्नु होला। अतिशयोक्तिले शब्दको तौल घटाउँछ।
- राम्रा शब्दलाई थेगो नबनाउनुहोला।
- विद्यार्थीलाई प्रेरित गर्न राम्रा शब्द प्रयोग गर्नुहोला, फकाउन वा फुर्क्याउन होइन।

# शिक्षामा सुधारको आवश्यकता

■ डा. टी.एन. पथिक

मनुष्यको विकास वा विनाशको आधारभूत विषय शिक्षा हो। शिक्षाबाट सृजित मनोविज्ञान मनुष्यको सम्पूर्ण जीवन, समुदाय एवं संसारकै लागि महत्त्वपूर्ण हुन्छ। जस्तो बीउ रोपिन्छ त्यस्तै फल लाग्दछ र त्यसैलाई भोग गर्नुपर्ने हुन्छ। आजको शिक्षाको यस्तै परिणाम भएको छ। अतः समय आएको छ- प्रचलित शिक्षाको पुनरावलोकन गरियोस् र यसमा भएका कमि-कमजोरी सच्याइयोस्। मनुष्यलाई कलह-युद्ध तथा अमानवीयताबाट बचाई दक्षता, विज्ञान तथा मानवीय चेतनाको अग्रगति दिन सक्ने शिक्षा नै वास्तविक शिक्षा हो।

**हामीले बुझेका छौं कि:**

- शिक्षा एक सकारात्मक जीवनशैली निर्माण गर्ने प्रणालीको नाम हो जो चेतनागत मानवीय मूल्य र गुणले भरिएको हुन्छ। यो जागिर आदि रोजगारीको भिक्षा-पात्र तयार गर्ने माध्यम मात्रै होइन।
- शिक्षा त्यो गरिमा हो, जसले चेतनाको सर्वोच्च तह 'मानव' पैदा गर्दछ। शिक्षा अखण्ड छ, प्रचलित 'शिक्षा' खण्डित छ। असली शिक्षामा प्रेम र सद्भावको उज्यालो प्रकाश हुन्छ।
- शिक्षाले विद्या दिन्छ, विद्याले नम्रता दिन्छ, नम्रताले सुपात्र तयार गर्छ, त्यस सुपात्रले कमाएको धन र यशरुपी फलबाट बहुजनलाई सुख प्राप्ति हुन्छ। यसको ठीक उल्टो 'शिक्षा' ले अविद्या पनि दिन्छ। अविद्याबाट लडाई, झगडा, राग र द्वेष बोकेको मनुष्य जन्मन्छ। कुपात्रले धन, मान र पद त कमाउला तर अरूलाई सुख दिन र स्वयंले सुख प्राप्त गर्न सक्दैन। आजको 'शिक्षा' यस्तै हो, यसले धन र वैभव त दिएको छ, सुख र शान्ति दिनसकेको छैन। मनुष्य इतिहासमा सदा यस्तो रहँदै आएको छ।
- शिक्षालाई गणित, साहित्य र सूचना लेखिएका पुस्तकमा मात्रै सीमित राख्ने होइन, ज्ञानको अन्य व्यावहारिक पक्षमा विकसित गरिनुपर्छ। किनकि हामीले आफ्नो मूल व्यावहारिक शिक्षा कर्मबाट प्राप्त गर्दछौं, न कि पुस्तकबाट। किताबी विद्वान्हरूले शास्त्रीय तर्कका आधारमा दक्षतामुखी व्यक्तिहरूलाई म्भयचबष्शिभ गर्दछन्। राज्यले यिनीहरूलाई संरक्षण गर्दछ। यसरी असली, दक्षतामुखी शिक्षाको लोप हुन्छ। पाखण्डले जन्म लिन्छ।
- शिक्षा भनेको सभ्यताकै रूपान्तरण हो। एकैनासे सभ्यता टिकिरहनु भनेको मनुष्यको अगतितिरको यात्रा हो। शिक्षाको मूल विशेषता हो, सिर्जनशीलता, व्यवहार र अनुभवबाट सिक्नु जसलाई प्रचलित शिक्षाले व्यवहारमा ल्याएको छैन।
- शिक्षाले जीवनको दिशाबोध गराउँछ। अरूलाई अगुवाई गर्ने क्षमता प्रदान गर्दछ, धार्मिक सांस्कृतिक अन्धविश्वासको दासताबाट मुक्त पार्दछ र मानवीय चेतना उकास्न योगदान गर्दछ। मानवीय नैतिक मूल्यमाथि ख्याल नराख्ने शिक्षाले एक सूचना बिक्रीकर्ता नागरिक मात्र जन्माउँछ।

**शिक्षाले विद्या दिन्छ, विद्याले नम्रता दिन्छ, नम्रताले सुपात्र तयार गर्छ, त्यस सुपात्रले कमाएको धन र यशरुपी फलबाट बहुजनलाई सुख प्राप्ति हुन्छ। यसको ठीक उल्टो 'शिक्षा' ले अविद्या पनि दिन्छ। अविद्याबाट लडाई, झगडा, राग र द्वेष बोकेको मनुष्य जन्मन्छ। कुपात्रले धन, मान र पद त कमाउला तर अरूलाई सुख दिन र स्वयंले सुख प्राप्त गर्न सक्दैन।**

**शिक्षाको उद्देश्य**

- मनुष्यलाई रोग, सन्ताप, अवसाद, दुःख-पीडाबाट मुक्त बनाई सुख-शान्ति, समृद्धि र सफलतातिर डोऱ्याउनु शिक्षाको उद्देश्य हो। प्रचलित शिक्षा यो दिशातिर अघि बढेको देखिँदैन।
- शिक्षामा प्रेम, सद्भाव, प्रज्ञा र विवेकको उज्यालो प्रकाश हुन्छ। त्यो प्रचलित शिक्षामा छैन।
- शिक्षाको मूल उद्देश्य प्रेम र शान्ति हुनुपर्ने हो, न कि घृणा र हिंसा।
- शिक्षाले मानवीयता, दक्षता, सृजनशीलता, प्रेम, विश्वबन्धुत्व सिकाउन सकेन भने उसले आफ्ना उद्देश्य पूरा गर्न सक्दैन।

**प्रचलित शिक्षा माथि चिन्तन**

सुख-शान्ति, सफलता, प्रसन्नता, सम्पन्नता र आनन्द मनुष्यका आन्तरिक चाहनाहरू हुन्। यी कहाँबाट आउँछन् र कसरी प्राप्त गर्न सकिन्छ? धन, पद, प्रतिष्ठा, विद्वत्ता सारा गरिमा पाएर पनि मनुष्यले आफ्नो चेतनाको कुनै कुनामा सदा अधुरो, अपूरो, अतृप्त, खाली, निराशा महसुस गरिरहेको हुन्छ र यिनलाई समाधान गर्न नसक्दा आत्महत्याको समेत सोच र कलह जो अनेक वैभवपश्चात् पनि रहिरहन्छ तथा दुःख, अवसाद बिदा हुँदैन। यसको कारण त्रिभुजीय शिक्षाको नै अभाव हो। यी कुरा अनेक दार्शनिक, मनसविद तथा आध्यात्मिक पुरुषहरूले चिन्तनमा ल्याइरहेका र समाधान खोजिरहेका विषयभित्र नै पर्दछन्। राजनीतिक चिन्तकहरूले पनि यी अप्ठेराहरूको समाधान खोजेको पाइन्छः तर त्यो सबै सपना देखाउने ऐना जस्तै सावित भइरहेछ।

शिक्षाले मनुष्य सुखका लागि राजनीतिले दिएको उपाय हो- राष्ट्रवाद, जसमा, हतियारबाट शान्तिसुरक्षा, औषधिबाट स्वास्थ्य र धनबाट सुखको परिकल्पना गरी प्रयोग गरिएको छ। इतिहासले यी प्रयोगलाई अत्यन्त अवैज्ञानिक, अप्राकृतिक, खतरायुक्त, अव्यावहारिक, विखण्डनवादी र मानवताविरोधी सावित गरिसकेको छ। उपरोक्त तीन सिद्धान्तबाट मनुष्यले ठूलो दुःख, घाटा र विखण्डन व्यहोरिसकेको छ। तैपनि मनुष्यको मन यति धेरै परम्परावादी छ कि उसले यी घटनाहरू बराबर दोहोऱ्याइरहन्छ, यिनबाट शिक्षा लिदैन।

**प्रचलित शिक्षाको ढाँचा**

आजसम्मको प्रचलित शिक्षाको ढाँचा दुई आँखा र दुई मस्तिष्कसित सम्बन्धित रह्यो। यसको प्रत्यक्ष, अप्रत्यक्ष दुवै असर मनुष्यमा पऱ्यो। त्यसै अनुसारको मानसिक असर भई मान्छेको मनोवैज्ञानिक तहको विकास भयो। तेस्रो आँखा र दोस्रो मस्तिष्कमा काम नहुँदा मनुष्य जसरी शान्ति, सुख र आनन्दमा पुग्नुपर्ने हो पुग्न सकेन। मनुष्य आफ्नो पूरा रूपमा अभिव्यक्त हुन सकेन।

हजारौं वर्ष लगाएर हामीले देब्रे मस्तिष्कलाई शिक्षित पारेका छौं। दाहिने र पछिल्लो मस्तिष्कमाथि कुनै काम भएको छैन। देब्रे मस्तिष्कले मात्र धेरै खुराक एवं व्यायाम पाउनुको कारण यो बढी चलाख भएको छ। मनुष्यको दर्शन, इतिहास, जीविकोपार्जन, शिक्षा र मिहिनेत, जाति रक्षा, संघर्ष, उत्पादन संघर्ष र वैज्ञानिक प्रयोगसमेत सबै देब्रे मस्तिष्कमा केन्द्रित छन्।

अब दाहिने मस्तिष्कमाथि पर्याप्त काम हुन आवश्यक छ र पछिल्लो मस्तिष्कको उत्खनन् हुन आवश्यक छ। यो कार्य शिक्षाको तेस्रो आयामबाट मात्र हुनसक्दछ। कति अपूरो र अधुरो होला त्यो मनुष्य जसका तीन वटा मस्तिष्क छन् र केवल एक मस्तिष्कको सानो अंशले मात्र काम गरिरहेको छ। कति अपूर्ण होला त्यो मनुष्य! जो धनी मस्तिष्क लिई जन्मेर पनि मस्तिष्कको गरीबीमा बाँच्नु परिरहेछ।

यस चिन्तनमननबाट हामी थाहा पाउँछौं कि हाम्रो शिक्षा अपूरो, अधुरो छ। शिक्षा एकांकी र अवैज्ञानिक छ। यसले अधुरो मनुष्यता, अधुरो चेतनाको निर्माण गर्दछ। अत: शिक्षामा तेस्रो आयामलाई स्थान दिनु पर्‍यो। यो प्रगतिशील एवं मानवीय कार्य हुनेछ। यस कार्यलाई व्यक्तिगत प्रयासबाट सम्भव बनाउन सकिंदैन। राज्यको पार्टी समूहहरूको, आम जनताको र विज्ञानको सहारा चाहिन्छ।

**प्रचलित शिक्षाले उत्पन्न गरेका विकार**

शिक्षाले व्यक्तिको विकासका नाममा 'अहंकार' बढाउने तिर पनि भूमिका खेल्न पुग्यो। शिक्षाले जब व्यक्तिको अहंकार पुष्टि गर्नका लागि काम गर्न थाल्छ, व्यक्तिले 'सुर' छोड्छ र स्थिति 'असुर' हुन पुग्छ। सुर छोड्यो कि असुर भयो। यो नियम जसमा पनि लागू हुन्छ। आत्मस्मृति र आत्मनिरीक्षण सुर हो। आत्मविस्मृति र देखासिकी सुर छाड्नुको परिणाम हो। यस सदीमा प्रचलित शिक्षाले सुर छाडेको छ। अर्थतन्त्र र समाज व्यवस्थाले सुर छाडेको छ, नीति, नैतिकता र संस्कार संस्कृतिले सुर छाडेका छन्। सुर छाड्नुको परिणाम पनि आइरहेछ। घर-घरमा कलह, झगडा, मारकाट-विखण्डन फुट, समाजमा अत्यन्त अस्वस्थ कलह, गुटबन्दी र हेपाइ दिनानुदिन बढिरहेछन्। सहिष्णुता, सहकार्यता कमजोर परिरहेछन्। अत्यन्त अस्वस्थ मानवीय परम्परा विकसित भइरहेछ। यी विषयहरूमा शिक्षाको हात छैन भन्ने हो भने शिक्षा व्यवस्थालाई नै अमान्य गरे हुन्छ। Socio-Cultural Education र Formal Education का निर्माताहरूले यी विषयहरूको जिम्मेवारी लिनै पर्छ। आज जुन प्रकारको मान्छे शिक्षाले उत्पादन गरेको छ त्यसैमा चित्त बुझाउने हो भने यो मानवीयतालाई पछाडि फर्काउने कदम सावित हुनेछ।

- प्रचलित शिक्षाबाट प्राप्त हुने मूल विशेषता लोभ र डर हुन्, कृतघ्नता र घृणा हुन्, कृतज्ञता र प्रेम होइनन्।
- प्रचलित स्कूल कलेजबाट सूचनामुखी शिक्षा प्राप्त गर्नु भनेको आफ्नो मौलिकताबाट च्यूत हुनु र एक नक्कली ज्ञानी बन्नु नै हो भन्ने प्रमाणित भइसकेको छ।
- वर्तमान अवस्थामा हामीले जसलाई शिक्षा सम्झेका छौं, यो 'शिक्षा' जागिर खाने वा रोजगारी गर्ने भिक्षापात्र हो, जसले एक भ्रष्ट भीखमंगालाई पैदा गर्दछ।
- किसान अदक्ष छन्, मजदूर अदक्ष छन्, अनेक कार्यालयका कर्मचारीहरू अदक्ष छन्। यस्तो अवस्थामा कसरी देश, समाज, अर्थव्यवस्था वा मानवीयताको रक्षा र विकास हुन सक्छ?

अत: प्रचलित शिक्षामा सुधार ल्याउनु नितान्त आवश्यक छ। यस कुरालाई सुन्ने र बुझ्ने कोही छ? 'शिक्षा' भन्ने विषयलाई नै बुझ्न गाह्रो भइरहेको यस अवस्थामा प्रचलित शिक्षाबाट प्रत्युत्पन्न विकारलाई बुझ्न शिक्षाको यथार्थ परिमाणसित गाँसिनुपर्दछ। शिक्षाले नै राजनीति, धर्म, नैतिकता, संस्कार र संस्कृतिको निर्माण गर्छ। जस्तो शिक्षाको व्यवस्था छ त्यस्तै राजनीतिक, सामाजिक र सांस्कृतिक स्तर निर्मित हुन्छ। वर्तमान अवस्थाका यी सबै विषयका स्तरलाई हेरेर हामी सहज अनुमान लगाउन सक्छौं कि शिक्षामा जुन 'विकार' छ, त्यसैको परिमाण हो वर्तमान जगत। अब पनि चेत्ने कि नचेत्ने? शिक्षा–पाठ्यक्रम सुधार गर्ने कि नगर्ने? ८० प्रतिशतको संख्यामा रहेका मजदूर किसानलाई शिक्षित गर्ने पाठ्यक्रम विकास गर्ने कि नगर्ने? के घर बनाउने इन्जिनियर र वित्त संचालन गर्ने व्यवस्थापक मात्र तयार पारेर देशको विकास हुन्छ? यी जल्दाबल्दा विषयमा चिन्तन गरौं।

info@pathikfoundation.com



विचार



डा. चैतन्य मिश्र

# अबको जपना र तपना


**एकैपटक देशका सबै स्कूलमा उस्तै तरिकाले सुधार ल्याउन संभव छैन। तर राम्रो योजना बनाइ कार्यान्वयन गर्न सकेमा आगामी १५ वर्षमा दूरदराजका गाउँका स्कूललाई आजको काठमाडौंका राम्रा निजी स्कूलको स्तरमा पुऱ्याउन सकिन्छ। त्यतिञ्जेलसम्म काठमाडौंको स्तर चाहिं कोरिया, सिंगापुर, फिनल्याण्ड जस्ता देशको स्तरसित तुलनायोग्य हुनसक्छ। सारमा भन्नुपर्दा, अब हाम्रो शैक्षिक क्षेत्रको जपना र तपना यस्तै हुनु पर्दछ।**

'पञ्चायत व्यवस्थालाई बलियो बनाउनका लागि शुरू गरिएको' भनेर विवादित भए पनि २०२८ सालको नयाँ शिक्षा योजना आधुनिक नेपालको शिक्षामा महत्त्वपूर्ण उपलब्धि थियो। त्यस योजनाले पहिलोपल्ट शिक्षामा ठूलो परिमाणमा सरकारी लगानी गऱ्यो, गाउँ गाउँमा स्कूल खुले। सन् १९९० सम्ममा नेपालका ८९ प्रतिशत बालबालिका आधा घण्टा हिंडेर स्कूल पुग्ने भए। सन् ५० को दशकको अन्त्यतिर मलाई राजधानीको चाबहिलबाट स्कूल जान आधा घण्टाभन्दा बढी लाग्थ्यो, त्यसको तीस वर्षमा नेपालमा यसरी स्कूलहरू फैलिनु ज्यादै ठूलो उपलब्धि हो।

नयाँ शिक्षा योजना लागू भएपछि शिक्षकहरूले पहिलोपल्ट सरकारी मान्यता र नियमित तलब पाउन थाले। नयाँ स्कूलहरू खुल्नाले रोजगारीको पनि धेरै विस्तार भयो। स्कूलको विस्तार र पढाइप्रतिको उर्लंदो जागरणका कारण साक्षरता ह्वात्तै बढ्यो। फाट्टफुट्ट मात्र पढेलेखेका मानिस भएका जिल्लाहरूमा समेत शिक्षित मानिसहरूको संख्या बढ्न थाल्यो।

निजी स्कूलहरूको उदय अर्को सकारात्मक उपलब्धि थियो। निजी स्कूल कमजोरी मुक्त छैनन् र ती कमजोरीको आलोचना हुनुपर्दछ। तर २०३६ सालपछि शिक्षामा निजी क्षेत्र नआएको भए हामी आजको स्थितिमा किमार्थ आउन सक्दैनथ्यौं। "निजी स्कूल नभएको भए नेता र ठूला कर्मचारीहरू सरकारी विद्यालयमै छोराछोरी पढाउन बाध्य हुन्थे र सरकारी स्कूलको सुधार हुन्थ्यो" भन्ने तर्क पनि सुनिन्छ। सम्भ्रान्त वर्गले त्यसबेला जस्तै त्यसपछि पनि आफ्ना छोराछोरी विदेशमा पढाउँथे जसले गर्दा सरकारी स्कूलको स्थितिमा कुनै सुधार हुँदैनथ्यो भन्ने आधार धेरै छन्। अहिले सबै निजी स्कूल राम्रा नभए पनि निजी स्कूलकै कारण शिक्षाको स्तरमा महत्त्वपूर्ण सुधार भएको कुरा स्वीकार नगरी धरै छैन।

निजी स्कूलका कारण सरकारी स्कूलको स्तर माथि उठ्न नसकेको कुरा तर्कसंगत छैन। त्यस्तो हुँदो हो त निजी क्षेत्रको उपस्थिति नभएको हेल्थपोष्टको स्तर किन राम्रो भएन ? निजी स्कूल कम भएका जिल्लाहरूको सरकारी स्कूलको स्तर सुध्रेको ख्वै त ? त्यसैले निजी स्कूलका कारण सरकारी स्कूलको स्तरमा सुधार




आउन नसकेको भन्ने कुरामा दम छैन। सरकारी व्यवस्थापनमा रहेका अधिकांश संस्था बिग्रेका छन्।

तर निजी स्कूल सेवामुखी भन्दा ज्यादा नाफामुखी भएको यथार्थ पनि हामीले भुल्नुहुँदैन। त्यहाँ शिक्षक धेरै शोषित छन्। विद्यार्थीलाई बढी दबाबमा राख्ने र घोकाउने चलन हराएको छैन। लोकतान्त्रिक चरित्र सिकाउने काम राम्रोसित अझै हुनसकेको छैन। कक्षाको रुटिन निर्माणदेखि उनीहरूसित सम्बन्धित विषयमा बालबालिकाको अर्थपूर्ण सहभागिता गराइएको छैन। विद्यार्थीको

चौतर्फी विकास गरेर उसलाई सृजनशील र आत्मविश्वासी बनाउने काममा निजी स्कूलले ध्यान दिएका छैनन्। कतिपय अवस्थामा त स-साना बच्चाको शोषण पनि भएको छ। यसका बाबजूद पनि निजी स्कूलले नेपालको शिक्षाको विकासमा खेलेको भूमिकालाई बेवास्ता गर्न सकिँदैन। गएको तीस वर्षमा नेपालमा सफल भएका पाँच महत्त्वपूर्ण क्षेत्रको हिसाब गर्ने हो भने शिक्षा क्षेत्रमा निजी स्कूलको नाम पक्कै आउँछ।

शिक्षाको स्रोत निजी वा सरकारी जे भए पनि शिक्षाको विकासले हाम्रो सोच्ने तरिकामा ठूलो परिवर्तन ल्याइदिएको छ। बाबुबाजे र धार्मिक ग्रन्थहरूले भनेका कुरामा अन्धविश्वास गरेर बसेको समाज आज प्रश्न गर्ने भएको छ। परीक्षण र प्रयोग गरेर मात्र कुनै कुराको निष्कर्षमा पुग्नुपर्छ भन्ने विज्ञानसम्मत चेतको विकास भएको छ। पढाइले जीवनस्तरमा पनि केही परिवर्तन ल्याइदिएको छ। निरक्षरको भन्दा साक्षर र शिक्षित मानिसको कमाइ राम्रो छ।

मुलुकमा थुप्रै डाक्टर, इन्जिनियर उत्पादन भइसकेका छन्। वकिल, प्राध्यापक पनि प्रशस्त छन्। ४० वर्षअघि स्कूलको शिक्षक खोज्न समेत भारततिर जानुपर्दथ्यो भने आज विश्वविद्यालयको लेक्चररमा समेत प्रशस्तै प्रतिस्पर्धा हुन थालेको छ। विद्यावारिधि गर्ने नेपालीहरू सयौं होइन, हज्जारौंको संख्यामा भइसकेका छन्। हिजो पढ्ने वित्तिकै स्वत: काम पाइन्थ्यो भने आज प्रतिस्पर्धा बढेको छ। अब अरूले सृजना गरेको काम गर्ने समय छैन, आफैं नयाँ कामको सृजना गर्नुपर्ने स्थिति आइसकेको छ।

कैयन् कुराहरूमा बालबालिका बाबुआमाका शिक्षक भएका छन्। आमसञ्चारमाथि बढेको पहुँचले पनि नयाँ पुस्तालाई निकै फाइदा भएको छ। साथसाथै पत्रपत्रिका र रेडियोले भनेका सबै कुरा सत्य हुँदैनन्, कुन सत्य हो र होइन भनेर जाँच्ने सोचको विकास पनि हुन थालेको छ।

## सिक्काको अर्को पाटो

यति हुँदाहुँदै पनि सोच्ने तरिकामा र जीवनस्तरमा आउनुपर्ने जति परिवर्तन आइसकेको छैन। पढाइ हुनुपर्ने जति राम्रो, व्यावहारिक र सीपमूलक नभएकाले हुनुपर्ने जति कमाइ भइरहेको छैन। शिक्षाले उद्यमशीलतालाई अझै जोड दिन सकेको छैन। नेपाली अर्थतन्त्रलाई ज्ञानमा आधारित अर्थतन्त्र बनाउन थुप्रै काम गर्न बाँकी छ।

शिक्षकको 'युनियनिजम्'ले शिक्षकहरूलाई निजामती सरह बनाउँदा अक्षम र नालायक व्यक्ति पनि शिक्षक पदमा स्थायी बन्न पुगे। क्षमताको जाँच नगरी प्रमाणपत्रलाई मात्र आधार मान्नाले नक्कली प्रमाणपत्रधारी व्यक्ति पनि स्थायी शिक्षक बन्न पुगे। त्यस्ता नक्कली र ठग शिक्षकका कारण शिक्षण पेशाकै मर्यादा गिर्न गयो।

त्यसैले अब हाम्रासामु पढाउनका लागि सबै किसिमले योग्य ठहरिएको व्यक्तिलाई मात्रै शिक्षक बनाउने र उसलाई विद्यार्थीको पढाइको स्तरप्रति जवाफदेही बनाउने विशाल चुनौती छ। शिक्षाको गुणस्तर शिक्षकको योग्यतासित प्रत्यक्ष सम्बन्धित हुन्छ। त्यसैले आज शिक्षाको गुणस्तर खस्कनुमा शिक्षकको योग्यता मुख्य रूपमा जिम्मेवार छ। एउटा समयसम्म शिक्षकको राजनीति शिक्षाको विस्तार र विकासका लागि उपयोगी बन्यो। तर पछि यही नै शिक्षाको विकासमा बाधक बनेर देखा परेको छ।

हिजो शिक्षाको विस्तारमा विद्यार्थी राजनीतिको केही भूमिका भएको भए पनि आज शिक्षाको विकासमा यो तगारो बन्न पुगेको छ। विद्यार्थी राजनीति सृजनशील हुन सकेन; त्यसले फेरिएको भूमिकालाई बुझ्न सकेन। गुणस्तर बढाउने, अनुसन्धान र नयाँ ज्ञान निर्माण अनि आविष्कारका पक्षमा वकालत गर्नुपर्नेमा विद्यार्थी नेताहरू उल्टै विश्वविद्यालयमा समेत जतिसुकै कमजोर विद्यार्थीलाई पनि भर्ना गर्न दबाब दिन थालेका छन्। कक्षामा नबसे पनि हुने, नपढे पनि हुने र दशौं वर्षसम्म युनियनको राजनीतिमा लागेर बस्ने गलत प्रवृत्तिलाई बढावा दिइएकाले विथार्थी राजनीति पतन नै हुन पुग्यो। विद्यार्थी राजनीतिको कुनै नैतिक धरातल बाँकी रहेन। शिक्षक, प्राध्यापक र विद्यार्थीको राजनीतिले विद्यालयदेखि विश्वविद्यालयसम्म प्रदूषण फैलाउने काम मात्र गरिरहेको छ।

**हाम्रा शिक्षक र विद्यार्थी कुनै न कुनै पार्टीको गोटीको रूपमा परिचालित छन्। तिनको गैरव्यावसायिक सोचाइ र शैलीले नै शिक्षाको स्तर उकास्न नदिएको हो। त्यसैले सार्वजनिक स्कूल सुधार गर्ने अचूक मन्त्र भनेको शिक्षक, विद्यार्थी र पार्टीहरूको आत्मकेन्द्रित राजनीतिलाई न्यूनीकरण गर्नु हो।**

राजनीति, प्रशासन, प्रहरी, सेनामा धेरै ठूलो स्तरमा आर्थिक र आचरणगत भ्रष्टाचार व्याप्त छ। यो आजको कठोर यथार्थ हो। गहिरिएर हेर्दा यो पनि हाम्रो शिक्षाकै असफलता हो। किनभने यसले सदाचार सिकाउन सकेन। आजका नेता, कर्मचारी, सेना, प्रहरी हिजोका विद्यार्थी नै त हुन् नि! उनीहरू निहित स्वार्थ पूर्तिका लागि अनैतिक काम गर्न तयार हुन्छन् भने तिनले हिजो सही मूल्य मान्यता नै सिकेनछन् भन्ने स्वत: प्रमाणित हुँदैन र?

वास्तवमा स्कूलमा बेञ्च कसरी राख्नेदेखि कक्षालाई कसरी सजाउने वा कतिबेला के पढ्ने के गर्ने भन्नेसम्मका विद्यार्थीसित सम्बन्धित कुरामा उनीहरूको अर्थपूर्ण सहभागिता हुनुपर्दछ। हिजोभन्दा आज आफ्नो कति प्रगति भयो भनेर उनीहरूलाई नै स्वमूल्याङ्कन गर्न दिइयो र त्यसलाई अबको मूल्याङ्कन पद्धतिको हिस्सा बनाउन सकियो भने यसले परीक्षणको महत्त्व र अर्थ बढाउँछ। शिक्षकद्वारा नियमको परिपालना भएको देखेको छ भने ठूलो भएपछि उसले कानून र नियमको पालना गर्छ। स्कूलमा प्रअ र शिक्षकहरूले जति उच्चस्तरमा लोकतान्त्रिक संस्कार र चरित्र प्रदर्शन गर्दछन्, बालबालिकाहरू भोलिका नागरिकका रूपमा उति नै बढी लोकतान्त्रिक संस्कारले सम्पन्न हुन्छन्। आज राजनीतिक दलहरू अराजक, अनुशासनहीन, भ्रष्ट र अलोकतान्त्रिक बन्नुको कारणहरू खोज्दै जाँदा स्कूलको अलोकतान्त्रिक चरित्र पनि जिम्मेवार भेटिन्छ।

## राजनीतिलाई पुनर्विचार गर्नुपर्छ

हाम्रा शिक्षक र विद्यार्थी कुनै न कुनै पार्टीको गोटीको रूपमा परिचालित छन्। पार्टीहरूको नियन्त्रणमा रहेका शिक्षक युनियनले 'प्रोफेसनल स्ट्यान्डर्ड' लागू हुनै दिँदैनन्। तिनीहरूको राजनीतिले व्यावसायिकतालाई पाखा लगाउँछ। विश्वविद्यालयको उपकुलपति कुन पार्टी निकटलाई राख्ने, स्कूल र कलेजमा योग्यता र क्षमताभन्दा पार्टी निकट व्यक्तिलाई प्राथमिकता दिनुपर्छ भन्ने जस्ता गैरव्यावसायिक सोचाइ र शैलीले हाम्रो शिक्षाको स्तर उकास्न दिएका छैनन्। त्यसैले सार्वजनिक स्कूल सुधार गर्ने अचूक मन्त्र भनेको शिक्षक, विद्यार्थी र पार्टीहरूको आत्मकेन्द्रित राजनीतिलाई न्यूनीकरण गर्नु हो।

मुलुकको जनसंख्या वृद्धिदर घटेको छ। १५ देखि ४९ वर्ष

**कक्षामा नबसे पनि हुने, नपढे पनि हुने र दशौं वर्षसम्म युनियनको राजनीतिमा लागेर बस्ने गलत प्रवृत्तिलाई बढावा दिइएकाले विधार्थी राजनीति पतन नै हुन पुग्यो। शिक्षक, प्राध्यापक र विद्यार्थीको राजनीतिले विद्यालयदेखि विश्वविद्यालयसम्म प्रदूषण फैलाउने काम मात्र गरिरहेको छ।**

बीचमा पाँच-छ वटा बच्चा जन्माउने महिलाको प्रजनन दर तीन वटाको हाराहारीमा आइसक्यो। यो दर भविष्यमा अझै घट्दै जानेछ। त्यसैले नेपालमा अब स्कूलको बिस्तार जरुरी छैन। अब हाम्रो सम्पूर्ण ध्यान गुणस्तरको विकासमा केन्द्रित हुनुपर्छ। बहुदलीय व्यवस्थाको पुनर्स्थापनासँगै शिक्षाको गुणस्तर विकासमा ध्यान केन्द्रित गर्नुपर्दथ्यो। त्यस दृष्टिले यो २०/२२ वर्ष खेर गयो भन्न पनि सकिन्छ।

समकालीन विश्व परिवेशको तुलनामा हाम्रो शिक्षाको गुणस्तर अत्यन्तै न्यून छ। भारतको भन्दा पनि हाम्रो स्तर तल छ। अब हामीले धनी देशहरू (ओइसीडी-आर्थिक विकास र सहयोग संगठनसँग आवद्ध देशहरू) को हाराहारीको स्तर बनाउने 'भिजन' बनाउनुपर्छ र तदनुरुप स्कूले शिक्षामा ठोस र मौलिक सुधारको प्रारम्भ गर्नुपर्दछ। त्यसनिम्ति दृढ इच्छाशक्ति र प्रतिबद्धता भएको राजनीतिक नेतृत्वको दरकार पर्दछ, जसले शिक्षालयहरूलाई दलीय राजनीतिको मैदानबाट साँचो अर्थमा शैक्षिक प्रतिष्ठानमा रूपान्तरण गर्न सकोस्। दुई चारवटा किताब पढ्यो र दुई चार सय राम्रा मानिससित छलफल गरियो मात्र भने पनि गुणस्तर सुधार गर्ने थुप्रै 'आइडिया'हरू भेटिहालिन्छन्। त्यसैले राजनीतिक दल, शिक्षक युनियन, विद्यार्थी युनियन, शिक्षाविद्, प्राध्यापक, कर्मचारीतन्त्र सबैले अबको १० वर्ष पूरापूर ध्यान गुणस्तर बढाउनेमा लगाए मात्र त्यसको जग बस्छ।

आजका शिक्षकहरूको क्षमता अभिवृद्धि हुन नसक्नुको मुख्य कारण हो, 'प्रोफेसनलाइज्ड कम्युनिटी' सित उनीहरूको अन्तरक्रिया हुन नसक्नु। काठमाडौंमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा नियमित रूपमा 'रिट्रिट' हुन्छ, 'रिफ्रेसर' कार्यक्रमहरू हुन्छन्, जसबाट ती संस्थामा कार्यरत कर्मचारीले काम गर्न थप ऊर्जा, ज्ञान र दक्षता हासिल गर्दछन्। कर्मचारीलाई आफ्नो कार्यालयको उद्देश्यको वरिपरि गोलबन्द गर्ने र त्यसलाई छिटो र प्रभावकारी तरिकाले हासिल गर्नका लागि त्यसो गरिएको हो। तर हाम्रा शिक्षकले त्यस्तो अवसर कहिल्यै पाएनन्। सरकारले नगरिदिए पनि स्कूलको व्यवस्थापन र प्रअले आफ्नो स्तरमा यस्तै कार्यक्रम त पक्कै गर्न सक्थे नि! एउटा राम्रो शिक्षकलाई ऊन् राम्रो बनाउन उसलाई बारम्बार अरु राम्रा शिक्षकहरूको संगत गराउनुपर्छ। हरेक तीन महीनामा स्रोतकेन्द्र स्तरमा र हरेक ६ महीनामा जिल्लास्तरमा राम्रा शिक्षकहरूको अनुभव साटासाट कार्यक्रम गर्न सकिन्छ। जिल्लास्तरको कार्यक्रममा काठमाडौंबाट पनि एक-दुई जना राम्रा शिक्षकहरूलाई लगेर अनुभव बाँड्ने व्यवस्था मिलाउन सके ऊन् राम्रो। आफ्नो उद्देश्यको वरिपरि शिक्षकहरूलाई नयाँ नयाँ तरिकाले गोलबन्द गरिराख्नुपर्छ। नयाँ नयाँ क्रियाकलापहरूमार्फत मात्र उत्साह र जाँगर भरिन्छ। शिक्षक/शिक्षाकर्मीलाई सृजनात्मक र रचनात्मक बनाउन सकिन्छ।

हाम्रा शिक्षकहरूमा आफ्नो कामप्रति राम्रोसित समीक्षा वा पुनर्मूल्यांकन गर्ने परिपाटीको पनि कहिल्यै विकास भएन। एउटै कुरालाई कति वटा तरिकाले पढाउन सकिएला भनेर शिक्षकले सोच्ने र प्रयोग गर्ने, अरू शिक्षकहरूले नयाँ तरिका के अपनाएका छन् भनी चासो राखेर अन्तरक्रिया गर्ने र विदेशमा कसरी र के भइरहेको छ भनेर इन्टरनेट, पुस्तकहरू र बुझेका मानिसहरूमा खोज्ने संस्कृतिको अपेक्षित विकास शिक्षकहरूमा हुन सकेन। यी पक्षहरूमा हामीले आफूमा जतिसक्दो छिटो सुधार ल्याउन सक्छौं, त्यति नै छिटो शिक्षाको गुणस्तर अभिवृद्धिको ठोस वातावरण बन्नेछ। त्यसैले शिक्षकहरूलाई आफ्नो स्तरोन्नतिका लागि विभिन्न किसिमका मौकाहरू दिइनुपर्छ।

आगामी पाँच-सात वर्षमा सबै जिल्लाका सदरमुकामका स्कूललाई काठमाडौंको राम्रा निजी स्कूलको तहमा ल्याउन सके मात्र शिक्षाको स्तर उकास्ने कुराको अर्थ लाग्छ। त्यो असंभव कुरा पनि होइन। शिक्षा प्रशासन चुस्त र दुरुस्त पारेर, विद्यालयको व्यवस्थापनमा दलीय चलखेल बन्द गरेर र आवश्यक परे काठमाडौंबाटै सक्षम शिक्षकहरू लगेर त्यहाँको स्कूलमा सुधार ल्याउन सकिन्छ। क्षमता विकासको लागि आवश्यक तालिम सञ्चालन गरेर शिक्षकलाई थप ऊर्जाशील र सक्षम बनाउनुपर्छ। कम्प्युटर, इन्टरनेट लगायत सूचना तथा सञ्चारका अत्याधुनिक प्रविधिसम्म विद्यार्थीको सुलभ पहुँच विस्तार गर्नुपर्छ। त्यसैगरी, न्यून क्षमता र योग्यता भएका मानिसलाई जतिसक्दो छिटो सम्मानजनक बिदाइ गर्नुपर्छ। सँगसँगै शिक्षकको 'लाइसेन्सिङ' र छनोट प्रक्रियालाई स्तरीय बनाउनुपर्छ, जसले योग्य र उत्प्रेरित मानिसलाई मात्र शिक्षक बनाएर स्कूलमा भित्रिन देओस्।

जिल्ला सदरमुकामका स्कूलको स्तर उकासिएपछि त्यसको प्रभाव बिस्तारै गाउँसम्म पुग्न थाल्छ। गाउँको स्कूल सुधारका लागि अरू ५, ७ वर्ष यस्तै कामहरू गर्नुपर्छ। राम्रो योजना बनाएर त्यसलाई सही तरिकाले कार्यान्वयन गर्न सकेमा आगामी १५ वर्षमा दूरदराजका गाउँका स्कूललाई आजको काठमाडौंका राम्रा निजी स्कूलको स्तरमा पुऱ्याउन सकिन्छ। त्यतिञ्जेलसम्म काठमाडौंको शिक्षा त अरु राम्रो हुने नै छ। अब काठमाडौंको स्तर चाहिं दक्षिण कोरिया, सिंगापुर, फिनल्याण्ड लगायत सबभन्दा राम्रो शिक्षा प्रणाली मानिएका देशहरूको स्तरसित तुलना गर्न थाल्नुपर्छ। एकैपटक देशका सबै स्कूलमा उस्तै तरिकाले सुधार ल्याउन संभव छैन। व्यावहारिक र ठोस कार्ययोजनाले मात्र शिक्षामा वाञ्छित सुधार र नयाँ सूत्रपात हुनसक्छ।

'गरिखाने' शिक्षा भएन भन्ने आवाज लामो समयदेखि उठिरहेको छ। मलाई लाग्छ, कक्षा १० देखि विद्यार्थीहरूलाई व्यावसायिक शिक्षा दिनु उपयुक्त हुन्छ। चढ्दो उमेर, केही गरौं भन्ने भावना, सर्वाधिक ऊर्जाशील समय भएका कारण त्यो उमेरका किशोरकिशोरीलाई कुनै न कुनै सीपमूलक काममा सरिक गराउनु जत्तिको बुद्धिमानी अरु हुँदैन। यसै पनि स्कूलको समयावधि लामो बनाएर १२ कक्षासम्म पुऱ्याइएको छ। यसबाट केही गरौं भन्ने ऊर्जा र भावना भएका किशोरकिशोरीलाई सार्थक काम गर्नबाट वञ्चित गर्ने काम मात्र भएको छ। खासमा जसले पनि गर्दै सिक्ने हो, सिक्दै गर्ने हो। स्कूललाई गर्दै सिक्ने र सिक्दै गर्ने संस्थाका रूपमा विकसित तुल्याउन आवश्यक छ। यो उमेरका किशोरकिशोरीलाई किताबका निरस सिद्धान्त घोक्न मात्र लगाएर उनीहरूको व्यक्तित्व विकास हुँदैन। म केही नयाँ सृजना गर्न सक्छु भन्ने आत्मबल विकास हुँदैन। स्कूलमा व्यावसायिक शिक्षा त पञ्चायतकालमा पनि थियो। तर किताबी ज्ञान मात्र दिइएकाले त्यो असफल भयो। व्यावहारिक प्रयोग र सीप विकास विना व्यावसायिक शिक्षा पूरा हुँदैन।

सही किसिमको व्यावसायिक शिक्षाले एकातिर विद्यार्थीको आत्मबलको विकास हुन्छ, आत्मसम्मानमा वृद्धि हुन्छ भने अर्कोतिर १२ कक्षा पास गरेपछि गरिखान सक्ने मध्यमस्तरको सीपसहित बजारमा प्रवेश गर्दछ। हिजोआज १८-२० वर्षका युवायुवती कमाउन विदेशिने चलन खुब बढेको छ। यदि स्कूलले राम्रो व्यावसायिक शिक्षा दिनसक्यो भने ती युवायुवतीहरूले विदेश गएर समेत राम्रो पैसा आर्जन गरेर आउँछन्। उनीहरूले राम्रो कमाउँदा देशको अर्थतन्त्रलाई टेवा त पुग्छ, जीवनस्तरमा सुधार आउँछ। आफ्ना बच्चाबच्चीको शिक्षामा समेत उनीहरू बढी खर्च गर्न तयार हुन्छन्, जसले अन्ततः शिक्षाको गुणस्तर अभिवृद्धिमा योगदान गर्दछ।

कृषि, पशुपालन, जडीबुटी खेती आदिको व्यवसायीकरण नै नेपालको आर्थिक समृद्धिको प्रमुख आधार हो। अहिलेसम्म हामी फसल उत्पादनमा मात्र केन्द्रित भएका छौं। उत्पादित अन्न, फलफूल या तरकारीलाई प्रशोधन गरेर नयाँ कुरा बनाउनेतर्फ खासै लागेका छैनौं। निर्यातको कुरा अहिले सोच्नै पर्दैन, अहिले आफ्नो उत्पादनले आयात प्रतिस्थापन मात्र गर्न सके अर्बौको बचत हुन्छ। भएका उब्जाउयुक्त जग्गालाई व्यवसायीकरण गर्नुपर्छ। स्कूलहरूले पनि आफ्नै तहबाट केही बिघा या रोपनी जग्गालाई ल्यावको रूपमा प्रयोग गरेर व्यवसायीकरणको थालनी गर्नुपर्दछ। कृषिको व्यवसायीकरणको लागि ठोस वातावरण बनाइदिने काम सरकारको हो। अब त सरकारले व्यावसायिक प्रयोजनका निम्ति जग्गाको एकीकरण गर्ने व्यावहारिक र आकर्षक कार्यक्रम ल्याउनुपर्‍यो ताकि उत्पादनको काम नभइरहेको खाली जग्गालाई उपयोग गर्न पाइयोस्। नयाँखाले संगठन र नयाँखाले व्यवस्थापन अन्तर्गत ती जग्गाहरूको अधिकाधिक उपयोग गर्ने नीति बनाउन आवश्यक छ।

उच्च शिक्षामा इन्जिनियरिङ र मेडिसिन क्षेत्रमा नेपालले राम्रै गरिरहेको छ। तर समाज विज्ञानको क्षेत्रमा चाहिं हामी धेरै नै कमजोर छौं। यो पक्ष कमजोर हुनुको धेरै कारण र पाटाहरू छन्। शिक्षक र विद्यार्थी युनियनको नकारात्मक भूमिका नै यसनिम्ति सबभन्दा बढी जिम्मेवार छ। स्कूल स्थापित ज्ञान बाँड्ने र निर्माण गर्ने संस्था हो भने विश्वविद्यालय चाहिं नयाँ नयाँ ज्ञान निर्माण गर्ने स्थल हो। त्यसैले यहाँका शिक्षक र विद्यार्थी दुवैले आफूलाई नवीन ज्ञान निर्माणमा सबभन्दा बढी केन्द्रित गर्नुपर्छ। अहिलेसम्म हाम्रो विश्वविद्यालयले गुमाएको कुरा अनुसन्धान र विकास हो। पश्चिमले धेरै वर्षदेखि आफ्नो विश्वविद्यालयले अनुसन्धानमा आफूलाई केन्द्रित गरेका छन्, जसले नयाँ ज्ञानको अभ्युदय गराउँछ र नवीन सृजनातर्फ लैजान्छ। नयाँ नयाँ सृजना र विकासतिर लैजान्छ। तर हामीहरू अझै त्यता जान सकेका छैनौं। विश्वस्तरको ज्ञान निर्माण गर्ने, नयाँ नयाँ इनोभेसन गर्ने, विश्व र नेपाललाई एकाकार गराउने काममा हामी लाग्न बाँकी नै छ। हामीले हाम्रा विद्यार्थीहरूलाई नयाँ ज्ञानको भोक र त्यो हासिल गर्ने आत्मविश्वास समेत जगाउन बाँकी छ। नयाँ ज्ञान आर्जन गर्ने विधि पनि राम्ररी सिकाउन सकिएको छैन विश्वविद्यालयको शिक्षामा अब मार्नुपर्ने फड्को यही हो। अबको पन्ध्र-बीस वर्षमा हाम्रो विश्वविद्यालयलाई विश्वस्तरीय बनाउनुपर्छ। अब यो नै हाम्रो शैक्षिक क्षेत्रको जपना र तपना पनि हुनुपर्छ। 📖

प्रस्तुतिः **सुदर्शन घिमिरे**


**जाति, धर्म वर्ण र लिङ्गका आधारमा विवाद नगरौं, एकअर्कामा मिलेर अघि बढौं ।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**



# अदालतको अपहेलना सम्बन्धी ऐन, २०६७ (प्रस्तावित)

न्याय सम्पादनलाई स्वच्छ, निष्पक्ष तथा प्रभावकारी बनाउने धेरै उपायहरूमध्ये अदालतको अपहेलनामा सजाय गर्ने व्यवस्था एउटा हो । अदालतको मानहानिमा सजाय गर्ने व्यवस्था न्यायाधीशको सुरक्षाकवच होइन, बरु न्यायको सुरक्षाका लागि हो । अदालतको मर्यादामा आँच पुऱ्याउने कार्य नियन्त्रण गर्न नेपालमा हालसम्म पर्याप्त र स्पष्ट कानूनी व्यवस्था छैन । केवल सर्वोच्च अदालत र अन्य अदालतहरूलाई अपहेलनामा कारबाही गर्ने अधिकार र सजायको हदसम्म मात्र संविधान र न्यायप्रशासन ऐनले दिएको छ । अदालतहरूले अहिले पनि अपहेलना सम्बन्धी विवादमा *'कमन ल प्रणाली'* अपनाएका देशहरूले गर्दै आएको अभ्यास र पूर्व निर्णयका आधारमा फैसला गर्दै आएका छन् ।

आजको परिस्थितिमा परम्परा र अदालती अभ्यास मात्र पर्याप्त र समयोचित हुन नसक्ने र त्यसनिम्ति छुट्टै कानूनद्वारा व्यवस्था गर्नु उपयुक्त देखिएकाले नेपालमा पनि अदालतको अपहेलना सम्बन्धी विधेयक, २०६७ तर्जुमा गरेको देखिन्छ । यहाँ उक्त विधेयकको मूल्यांकन गर्ने प्रयास गरिएको छ ।

अहिलेसम्म नेपालका अदालतहरूले गरेका अपहेलना सम्बन्धी मुद्दाको निर्णय अपहेलनाका सबै पक्षहरूलाई समेटेर हुने गरेको पाईदैन। कतिपय फैसलाहरू सैद्धान्तिक रूपमा उच्चकोटिका देखिए पनि अन्य कतिपय फैसलाहरूमा सैद्धान्तिक आधार भेटिदैनन्। यसै कारण अपहेलना सम्बन्धी मुद्दामा सबै तहका अदालतमा धारणागत स्पष्टता र प्रक्रियागत एकरुपता कायम गर्न छुट्टै ऐनको खाँचो परेको देखिन्छ । नेपालको प्रस्तावित विधेयकलाई पूर्णता दिनका लागि विभिन्न देशहरूको अभ्यास अवलोकन गर्नु जरुरी छ ।

### अदालतको अपहेलना: अर्थ र परिभाषा

यस विधेयकले अदालतको अपहेलनालाई निम्न बमोजिम परिभाषित गरेको छ:

"कसैले देहायको कुनै कार्य गरे वा गराएमा वा सो गर्न दुरुत्साहन दिएमा अदालतको अपहेलना गरेको मानिनेछ:-

(क) अदालतको न्याय सम्पादनको कार्यमा अवरोध पुऱ्याउने वा अदालतको कुनै निर्णय वा आदेश कार्यान्वयन हुन नदिने वा त्यस्तो निर्णय वा आदेशको कार्यान्वयन जानाजान अवज्ञा गर्ने, ढिलासुस्ती गर्ने वा गराउने बदनियतले कुनै कार्य गर्ने,

(ख) अदालतमा विचाराधीन रहेको मुद्दाको काम, कारबाही वा निर्णयमा अनुचित प्रभाव पार्ने, अदालतप्रतिको जनआस्थामा आँच पुऱ्याउने, अदालतको न्यायिक काम कारबाहीप्रति सर्वसाधारणमा भ्रम उत्पन्न गराउने वा त्यस्तै प्रकृतिका भ्रमपूर्ण वा झुट्टा विवरण प्रकाशन गर्ने तथा विचार अभिव्यक्त गर्ने,

(ग) न्याय सम्पादनमा संलग्न न्यायाधीशलाई मुद्दाको पक्ष आफैंले वा निजको तर्फबाट अरू कसैले गाली, बेइज्जती, हातपात वा कुटपिट वा अन्य कुनै किसिमले अपमानजनक व्यवहार गर्ने,

(घ) अदालत वा न्यायाधीशबाट भएको निर्णय, आदेश वा अन्य कुनै कार्यलाई लक्षित गरी कुनै भ्रमपूर्ण वा अपमानजनक आरोप वा लाञ्छना लगाउने,

(ङ) अदालतको न्यायिक काम कारबाहीका क्रममा अदालतसँग गरेको शर्त, कबुलियत वा प्रतिबद्धता मनासिव कारण विना जानी जानी पूरा नगर्ने,

(च) इजलाससमक्ष अदालतका कुनै कर्मचारी, कानून व्यवसायी, मुद्दाको पक्ष वा साक्षीलाई गाली, बेइज्जती, हातपात, कुटपिट वा अन्य कुनै किसिमले अपमानजनक व्यवहार गर्ने,

(छ) अदालतको अनुमति विना बन्द इजलासमा प्रवेश गर्ने,

(ज) अदालतले प्रकाशन गर्न निषेध गरेको मुद्दाको कारबाही र विवरण प्रकाशन गर्ने,

(झ) अदालतको अनुमति विना इजलास वा इजलासमा कार्यरत न्यायाधीशको काम कारबाहीको श्रव्य, दृश्य वा श्रव्यदृश्य सामग्रीको रेकर्ड गर्ने ।"

माथि उल्लिखित परिभाषामा अहिलेसम्म नेपालका अदालतले अपनाएका अपहेलना सम्बन्धी अवधारणालाई समेट्न खोजिएको देखिन्छ । यसको क्षेत्रलाई व्यापक पार्न खोजेको आभास पनि हुन्छ। तापनि परिभाषाले आफ्नो सबै कुरा स्पष्टसँग राख्न भने सकेको देखिदैन ।

अदालतको अपहेलना भनेको त्यस्तो व्यवहार वा कार्य हो, जसले अदालतको अधिकारलाई अवमूल्यन गर्दै न्याय र अदालतको प्रतिष्ठामा आँच पुऱ्याउँछ । अदालतको अपहेलना कानून व्यवसायीबाट, अनुसन्धानकर्ताबाट, अदालतका कर्मचारीबाट, मुद्दामा संलग्न पक्षहरूबाट, साक्षीहरूबाट, पेटबोलीमा उल्लेख भई बुझिएका व्यक्तिहरूबाट वा अन्य जोसुकैबाट पनि हुन सक्छ । अपवाद स्वरुप; न्यायाधीश स्वयंबाटै पनि अदालतको अपहेलना हुन सक्छ। अपहेलना प्राकृतिक व्यक्तिले मात्र नभई कानूनी व्यक्ति वा संस्थाबाट पनि हुन सक्दछ।

अदालतको सामान्य प्रक्रियामा व्यवधान सृजना गर्ने काम अदालतको अपहेलना हो । तर अदालतको आदेश नै अवैध (Unlawful) छ भने पुनरावेदन दिनु वा कानूनी उपचार खोज्नु अदालतको अपहेलना होइन । यसैगरी कुनै फैसलाको स्वस्थ टीकाटिप्पणी गर्नु तथा सम्मानजनक रूपमा असहमति जनाउनु र बौद्धिक तथा अनुसन्धानात्मक विश्लेषण गर्नु पनि अपहेलना होइन ।

**अपहेलनाको मुख्य सार**: कुनै व्यक्ति वा संस्थाले गरेको कार्यबाट स्वच्छ र प्रभावकारी न्याय प्रशासनउपर स्पष्ट र प्रत्यक्ष असर पर्ने देखिनुपर्दछ। यसमा कुन तरिकाबाट कार्य गरियो वा कस्तो तरिकाबाट बोलियो वा कस्तो कुरा गरियो भन्ने कुराको विशेष अर्थ रहन्छ। अर्थात् अदालतको अपहेलनामा मनसाय तत्व सर्वोपरि नभए पनि मुख्य तत्वका रूपमा रहेको हुन्छ। तर केही गम्भीर परिस्थितिमा भने मनसाय तत्व गौण रहन्छ र अदालतको अपहेलना भएको ठहऱ्याई कठोर दायित्वको आधारमा सजायभागी बनाउन सकिन्छ । प्रायः यस्तो अवस्था फौजदारी अपहेलनामा

मात्र सीमित रहन्छ । अपहेलना गर्ने व्यक्तिलाई अपहेलनाकर्ता (Contemnor) भनिन्छ। तर अपहेलनामा निम्न तत्वहरू समावेश भएको हुनुपर्दछ:

१. कानून बमोजिमको आदेश उल्लंघन गरेको,
२. अपहेलनाकर्तालाई उक्त आदेशको जानकारी भएको,
३. आफूले गर्नुपर्ने कार्य नगरेको वा गर्न नहुने कार्य गरेको,
४. अदालतको मर्यादा माथि आँच आउने कार्य गरेको ।

अदालतको अपहेलना कार्यलाई तरिकाको हिसाबले प्रत्यक्ष वा अप्रत्यक्ष गरी दुई प्रकारमा र विषयवस्तुको हिसाबले देवानी र फौजदारी भनी विभाजन गर्ने गरेको पाइन्छ । कसै-कसैले पूर्ण अपहेलना र अर्ध अपहेलनाको रूपमा पनि परिभाषित गर्ने गरेको पाइन्छ ।

व्यक्तिका हक-अधिकार प्रचलन सम्बन्धमा वा देवानी मुद्दामा उपचार दिने गरी अदालतबाट भएको निर्णय वा आदेशको अवज्ञा वा उल्लंघन देवानी अपहेलना हो। फौजदारी अपहेलनामा अदालतउपर आक्रमण वा अदालतको प्रतिष्ठामा असर पर्ने गरी गाली-गलौज वा फौजदारी किसिमको कार्य गरिएका कुरा पर्दछन्। देवानी मुद्दाबाट पनि फौजदारी अपहेलना भएको हुन सक्छ । देवानी अपहेलनामा प्राय: व्यक्ति व्यक्ति विरुद्धको कार्य हुन सक्छ। यसमा पुनर्स्थापनाका लागि पूर्व आदेश पालना गर्न अदालतले आदेश दिन सक्दछ । फौजदारी अपहेलना भने समाज र न्याय व्यवस्था विपरीत हुन पुग्दछ । देवानी अपहेलनामा जुन मुद्दा, आदेश वा फैसलाको अवज्ञा गरिएको हो, सो काम सकिएपछि स्वत: अपहेलनाको अवस्था सकिन्छ। तर फौजदारी अपहेलनामा भने यसलाई छुट्टै किसिमले हेरिन्छ ।

**प्रत्यक्ष/अप्रत्यक्ष अपहेलना:** प्रत्यक्ष अपहेलना अदालत भित्रै हुने गर्छ। यसलाई In facia curiae पनि भनिन्छ। इजलासको सम्मुख वा अदालतको परिसरमा नै अदालत उपर अनादर हुने कार्य गर्नु, चिच्याउनु, कसैलाई हातपात गर्नु, आक्रमण गर्नु, न्यायमूर्ति, कानून व्यवसायी एवं साक्षी उपर आक्रमण वा गाली गलौज गर्नु समेत यसभित्र पर्दछन्।

अदालत बाहिर हुने त्यस्तै क्रियालाई अप्रत्यक्ष अपहेलना भनिन्छ । कानून व्यवसायी वा साक्षीलाई अदालत बाहिर घुस ख्वाउन खोज्नु पनि अप्रत्यक्ष अपहेलना हो। कुनै अपहेलनाजन्य अभिव्यक्ति, सामग्री प्रकाशन वा प्रसारण गर्नु पनि अपहेलना नै हो । अदालतबाट खटिएको डोर वा व्यक्तिलाई कानूनबमोजिम गर्नुपर्ने सहयोग नगर्नु वा उनीहरूको काममा अवरोध पुऱ्याउनु पनि अप्रत्यक्ष अपहेलना हो। अदालतलाई हैरानी वा दु:ख दिने नियतले अनावश्यक तवरले मुद्दा दर्ता गर्नु समेत अपहेलनामा पर्दछ। यस प्रस्तावित ऐनमा यस्तो अपहेलना सम्बन्धमा स्पष्ट व्यवस्था गरेको पाईंदैन ।

## अदालतको अपहेलना सम्बन्धी अधिकारको आलोचना

अदालतको अपहेलना सम्बन्धमा सजायको मात्रा निर्धारण र सजाय गर्ने सम्पूर्ण अधिकार न्यायाधीशलाई दिने अवधारणाको कानूनका विद्वान्हरूले आलोचना गरेका छन्। भर्जिनिया विश्वविद्यालयका प्राध्यापक Earl C. Dudley ले अदालतलाई अपहेलनाको शक्ति दिंदा पीडित, अभियोक्ता र न्यायाधीशको शक्ति एकै ठाउँमा मिसिने खतरनाक अवस्था देखा पर्दछ भनेका छन्। यसलाई केही हदमा कम गर्ने हो भने जुन न्यायाधीशको सम्मुखमा अदालतको अपहेलना भएको हो वा कसको आदेश नमानेको हो, उही न्यायाधीशको इजलासले सकभर उक्त मुद्दा नहेरी अर्को न्यायाधीशबाट मुद्दाको सुनुवाई गरिएमा राम्रो हुने देखिन्छ। यसले 'न्याय गरेर मात्र हुँदैन, न्याय गरेको देखिनु पनि पर्दछ' भन्ने सर्वमान्य न्यायिक सिद्धान्तलाई आत्मसात् गरेको देखिन्छ। नेपालको अभ्यासलाई हेर्दा जुन इजलासको अपहेलना गरेको हो, सोही इजलासले निर्णय गर्ने गरेको देखिन्छ । यसमा निकै टीकाटिप्पणी पनि भएका छन्। तसर्थ सम्भव भएसम्म अर्को इजलासबाट अपहेलनाको मुद्दा हेरिनु उपयुक्त हुन्छ। कानूनको उचित प्रक्रिया अवलम्वन नगरी अपहेलनामा सजाय हुने गरेको आरोप समेत अदालतलाई लाग्ने गरेको छ ।

## सुझाव

अदालतको अपहेलना सम्बन्धी प्रस्तुत मस्यौदामा देहाय बमोजिमको सुधार हुनु जरुरी देखिन्छ:

- देवानी र फौजदारी अपहेलनालाई बेग्लाबेग्लै रूपमा परिभाषित गरी बेग्लाबेग्लै दफा, उपदफामा व्यवस्था गर्नु राम्रो हुने।
- प्रत्यक्ष र अप्रत्यक्ष अपहेलनाको बेग्लाबेग्लै व्यवस्था गरी प्रत्यक्ष अपहेलनामा इजलासले निर्धारण गरे बमोजिम संक्षिप्त कार्यविधि अपनाई कारबाही र किनारा गर्ने । अप्रत्यक्ष अपहेलनाको सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालय वा सरकारी वकिल कार्यालयमार्फत उजुरी लिई कारबाही गर्ने व्यवस्था गरिनुपर्दछ। प्रत्यक्ष अपहेलनामा सम्बन्धित इजलासलाई नै कारबाही र किनारा गर्ने अधिकार दिए पनि अप्रत्यक्ष अपहेलनामा सकेसम्म अर्को इजलासबाट मुद्दाको कारबाही र किनारा गर्न उपयुक्त हुन्छ।
- सबै तहको अपहेलनालाई एउटै कसुर मानी सजाय बराबर गर्नुभन्दा बेलायती र भारतीय अभ्यास जस्तै अदालतको तह अनुसारको अपहेलनामा सजायको मात्रामा फरक गरिनु राम्रो देखिन्छ।
- Clear & Present Denger Test लाई समेट्ने किसिमले अपहेलनाको व्यवस्था गर्नु उपयुक्त देखिन्छ।
- Amicus Curieu मा महान्यायाधिवक्ता कार्यालयलाई समेत समावेश गर्ने व्यवस्था गरिनु उपयुक्त हुन्छ।
- अदालतको परिभाषा व्यापक रूपमा गरी अर्धन्यायिक निकाय र ट्रिबुनल समेत मस्यौदामा समावेश भएको छ। आइरिस ल कमिसन समेतको रिपोर्टको आधारमा अर्धन्यायिक निकाय र ट्रिबुनलको सम्बन्धमा अदालतको अपहेलना सम्बन्धी व्यवस्था लागू गर्नु उपयुक्त देखिंदैन।
- देवानी अपहेलनाको दायरा सीमित पारी छुट्टै कानूनद्वारा सम्बोधन हुनसक्ने जति कुराहरू अपहेलनाको दायराबाट बाहिरै राख्नु राम्रो हुन्छ । जस्तै; अदालतका आदेशहरूको अवज्ञा गर्नेलाई अपहेलनाबाट भन्दा छुट्टै विधायिकी कानूनबाट सजाय गर्न सकिने हुन्छ।
- अपहेलनाको परिभाषामा कार्टूनबाट समेत हुने अपहेलनालाई समेट्नुपर्ने देखिन्छ । हरिहर विरही समेत विरुद्धको मुद्दामा सर्वोच्च अदालतले यस बारेमा बोलिसकेको छ ।

*[*] डा. रामकृष्ण तिमल्सेनाद्वारा नेपाल कन्स्टिट्युसन फाउण्डेसनका लागि तयार गरिएको यो अनुसन्धान तथा सुझावपत्रलाई महिला, जनजाति, दलित, मधेशी, युवा तथा सम्बन्धित क्षेत्रका अन्य दबाब समूहहरूको इनपुटका आधारमा अन्तिम रुप दिइएको छ । यस सम्बन्धमा यो फाउण्डेसन कृष्णकुमारी गुरुङ, डा. रजितभक्त प्रधानाङ्ग, मनोजकुमार चौधरी, यमबहादुर किसान, सविता बराल, सम्बोजन लिम्बु, माधव तिवारी, रामपुकार महतो लगायत फुर्पा तामाङ तथा डा. विपिन अधिकारी समेत प्रति आभार व्यक्त गर्दछ।*

*यो अध्ययन एशिया फाउण्डेसनको सहयोगमा गरिएको हो तर यसमा व्यक्त विचारहरू सम्बद्ध लेखकका हुन् । तिनले फाउण्डेसनको विचार र दृष्टिकोणलाई प्रतिनिधित्व गर्दैनन् ।*

# राजनीतियुक्तबाट मुक्तितिरको महायात्रा !

**शिक्षकले समाजप्रति जवाफदेही हुनु र अभिभावक वर्गले शिक्षा क्षेत्रलाई गम्भीर चासोका रूपमा लिनु जरुरी हुन्छ। राज्यले लगानी मात्र हैन उचित रेखदेख पनि पुऱ्याउनुपर्छ।**

■ नन्दलाल आचार्य

शिक्षक, वैशाख २०६९ को पृष्ठ ४८-४९ मा प्रकाशित टीका भट्टराई र विजया सुब्बाको 'लुइरे मास्टरबाट महान् शिक्षकतिर !' शीर्षकको लेख पढेपछि जन्मिएका विचारलाई प्रस्तुत गर्दैछु:

### सो लेखले उठाएका मूल मुद्दा

- भौतिक विपन्नताले भन्दा पनि शिक्षकको गैरजिम्मेवारीपूर्ण क्रियाकलापले शैक्षिक क्षेत्रको साख गिरेको,
- सञ्चारमाध्यमको ध्यान विद्यालयको भौतिक संरचनामा सीमित शैक्षिक वातावरणमा कम परेको,
- विद्यालयका शिक्षक जिम्मेवार र अभिभावक उत्तरदायी नभएसम्म शैक्षिक क्षेत्र नसुध्रने,
- ज्ञान-सीप कम भए पनि सके जति इमानदारीपूर्वक कार्य सम्पादन गरिदिएका कारण पहिलेका शिक्षकले शैक्षिक गुणस्तर वृद्धिमा नेतृत्वदायी भूमिका खेलेका,
- अहिलेका अधिकांश शिक्षक राजनीति गर्ने र जागीर पकाउने धन्दामा मात्र सीमित हुन खोजेकाले शैक्षिक गुणस्तरमा ह्रास आएको,
- शिक्षकहरू समाजप्रति हैन शिक्षा कार्यालयप्रति उत्तरदायी भइदिनाले अराजकता आएको,
- सरकारी विद्यालयमा आफ्ना नानीहरूले उचित शैक्षिक वातावरण नपाउनाले अभिभावकहरू सकी/नसकी निजी विद्यालय पठाउन बाध्य हुनु,
- सरकारी विद्यालयमा पढ्ने विद्यार्थी सङ्ख्या दिनानुदिन कमी हुँदै जानुमा शिक्षकको इमानदारीमा खोट देखिनु,
- शिक्षक आफ्नो पेशाप्रति जिम्मेवार र गौरवान्वित हुनसक्ने र हुने स्थिति सिर्जना भएमा मात्र महान् शिक्षक कहलिन सक्ने।

### आजका शैक्षिक चुनौती

**शिक्षकको गैरजिम्मेवारीपूर्ण क्रियाकलापः** विद्यार्थीलाई अज्ञानताको अन्धकारबाट मुक्त पारी ज्ञानको उज्यालोतर्फ लैजान्छु भनी सामाजिक जिम्मेवारी लिएका शिक्षकहरू समाजप्रति उत्तरदायी हुनै पर्छ। उनीहरूले स्वीकार गरेको जिम्मेवारी पूरा नगर्नु अक्षम्य अपराध हुन्छ। शिक्षकलाई आमाबुबाभन्दा सम्माननीय मानिन्छ। विद्वानहरूले शिक्षकलाई विद्यार्थीको मार्गदर्शक, आंशिक चिकित्सक, आंशिक वैज्ञानिक, पूर्ण धार्मिक व्यक्तिका रूपमा लिएका छन्। शिक्षक शिक्षण-पेशाप्रेमी, बालमनोविज्ञानको ज्ञाता, अनुकूल शिक्षण विधिको प्रयोगकर्ता, ज्ञानको प्रचारकसमेत हुनु नितान्त आवश्यक छ। शिक्षाशास्त्रीहरूले शिक्षकलाई राजनीतिक तटस्थ, धार्मिक सहिष्णु, आत्मविश्वासी र साहसिलो व्यक्तित्व जस्ता अनगिन्ती उपमा र विशेषणले युक्त विशाल सगरमाथाका रूपमा चिनाएका छन्। तर यसखाले अवस्थामा रहने शिक्षकहरू थोरै मात्र छन्। अधिकांश शिक्षकहरू बुझपचाइरहेका छन्। सुविधा भोग गर्न पाइएकै छ, जागीरबाट निकाल्ने वा अन्य कुनै पेशागत सजाय दिने शक्ति कुनै अभिभावकसँग छैन, शक्ति भएका निकाय आफैं नशामा लट्ठ छन्, त्यसैले जे गर्दा पनि हुन्छ भन्ने मानसिकतामा रही शिक्षकले गैरजिम्मेवारीपूर्ण कार्य गर्नाले नै शैक्षिक क्षेत्रमा अराजकता छाएको हो।

**सरकारी उदासीनताको शिकारः** शिक्षा क्षेत्रमा जति लगानी गरिएको छ, सोही मात्रामा प्रतिफल प्राप्त भइराखेको छैन। लगानी र प्रतिफलको लेखाजोखा गर्ने चासो पनि सरकारले राखेको पाईंदैन। उल्टै शिक्षकलाई आ-आफ्नो पेशागत हकहितका विषयहरूलाई लिएर गम्भीर आन्दोलन गर्नुपर्ने अवस्थामा पुऱ्याउँछ। राजनीतिक आडभर ोसा र भ्रष्ट प्रशासनिक क्रियाकलापले सरकारी क्षेत्रको भूमिकाप्रति नै गम्भीर प्रश्न तेर्सिएको छ।

**अभिभावकको संलग्नतामा कमीः** आफ्ना नानीहरूको आनीबानी र रूचिप्रति अभिभावक जानिफकार हुन्छन्। नानीहरू जुन क्षेत्रमा रूचि राख्छन्, त्यसै क्षेत्रको ज्ञान दिलाउन नेतृत्वदायी भूमिका अभिभावकले खेल्ने हो भने त्यसबाट सबै पक्ष लाभान्वित हुन्छन्। तर अधिकांश अभिभावकहरू गास, बास र कपासको जोहो गर्न व्यस्त रहनुपर्ने बाध्यताले शिक्षा-दीक्षाको फाँटलाई गौण बनाउन बाध्य छन्। विद्यालयमा आफ्ना कुरा राख्ने वातावरण नहुनु, भइहालेमा त्यसको सुनुवाई हुँदै नहुनु जस्ता समस्याले अभिभावक सक्रिय हुन र संलग्न रहन निरुत्साहित छन्।

**निजी विद्यालयप्रति आकर्षित हुन बाध्यः** विद्यार्थीहरूलाई सही शिक्षा दिनु विद्यालय/शिक्षकको कर्तव्य हो। समाजले सुम्पेको यो जिम्मेवारीलाई कतिपय सरकारी विद्यालयले वहन गर्न नसकेकै कारण अभिभावकहरू नसक्दा नसक्दै पनि आफ्ना नानीलाई निजी विद्यालयमा पढाउन बाध्य हुनु परेको छ। अभिभावकले ठूलो धनराशी खर्चनु परे पनि तुलनात्मक रूपमा राम्रो शिक्षा आर्जन गर्ने अवसर दिलाएकाले नै निजी विद्यालयप्रतिको आकर्षण बढेको हो।

**सामुदायिक विद्यालय इतिहासमा सीमित हुने खतरा:** सरकारी बेवास्ता र शिक्षक वर्गको अकर्मण्यताको मुख्य कारणबाट सरकारी विद्यालयमा पढ्ने विद्यार्थीहरूको सङ्ख्या दिनानुदिन कम हुँदै गएको छ। शहर र दुर्गम भेगका कतिपय विद्यालयहरू विद्यार्थी नहुँदा बन्द हुने अवस्थामा छन्। तराईका कतिपय ठाउँमा धेरै नजिक-नजिक विद्यालय छन्। पर्याप्त विद्यार्थी छैनन्। ठूलो सङ्ख्या निजी विद्यालयमा पढ्ने भएकाले यस्तो अवस्था आएको हो। कतिपयका लागि सरकारी विद्यालयमा पढाउनु बेइज्जतको सवाल भएको छ भने कतिपयका लागि निजी विद्यालयमा पढाउनु प्रतिष्ठाको विषय बन्न पुगेको छ। सरकारी विद्यालयबाट एस.एल.सी. उत्तीर्ण विद्यार्थीहरूका लागि छात्रवृत्तिको विशेष आरक्षणको व्यवस्था गरिए पनि सरकारी विद्यालयले विद्यार्थी आकर्षित गर्न सकिरहेका छैनन्। बरू पढ्ने विद्यालय निजीलाई बनाउने र परीक्षा दिने विद्यालय सरकारीलाई बनाउने प्रवृत्ति बढ्दो छ। यसो हुँदै गएमा सामुदायिक विद्यालय इतिहासमा सीमित हुने खतरा बढेर जानेछ।

## शिक्षकलाई उत्प्रेरित गराउने कार्ययोजना

शिक्षासँग प्रत्यक्ष सरोकार राख्ने वर्ग शिक्षक, अभिभावक, सरकार, विद्यार्थी र शिक्षासेवी/बुद्धिजीवीहरू हुन्। शिक्षा क्षेत्रको सुदृढीकरणका लागि सबै वर्गले आ-आफ्ना ठाउँबाट इमानदारीपूर्वक कार्य सम्पादन गर्नु आवश्यक छ। त्यसमा पनि शिक्षककै केन्द्रीयतामा सुदृढीकरणको कार्य प्रारम्भ हुनुपर्छ। अत: शैक्षिक क्षेत्रलाई समुन्नत तुल्याउन शिक्षकलाई उत्प्रेरित गर्ने व्यावहारिक कार्ययोजनालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

**सरकारका तर्फबाट हुनुपर्ने कार्य:** सरकारले बनाएको शैक्षिक नीति/नियम, पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक योजना आदिका आधारमा मुलुकको शैक्षिक रथ गुड्ने गर्छ। शैक्षिक क्षेत्रमा क्रियाशील शिक्षक-कर्मचारीको भरणपोषण गर्ने र तिनीहरूको लगाम आफ्नो हातमा लिने जस्ता कार्य सरकारले नै गर्छ। कुन प्रकृति र प्रवृत्तिका जनशक्ति उत्पादन गर्ने र मुलुकलाई कुन र कस्तो दिशातर्फ मोड्ने- त्यसको निर्क्योल गर्ने मुख्य अभिभारा सरकारकै हो। यिनै कुराहरूलाई हृदयङ्गम गर्दै सरकारले शिक्षा क्षेत्रको प्रतिकूल परिस्थितिलाई अनुकूल बनाउन र शिक्षक वर्गलाई आ-आफ्नो दायित्वमा कटिबद्ध तुल्याउन निम्न लिखित कार्य गर्नु वाञ्छनीय छ:

- विद्यालयीय शिक्षा पूर्णत: नि:शुल्क र अनिवार्य गर्ने
- अरू क्षेत्रमा संलग्नहरूको भन्दा बढी मात्रामा पारिश्रमिक निर्धारण गर्ने
- शैक्षिक क्षेत्रका कुनै पनि अन्तरकुन्तरमा राजनीतिको प्रभाव पर्न नदिने
- शिक्षक/कर्मचारीलाई पेशाप्रति प्रतिबद्ध र कुशल पार्न तालिम/पुनर्ताजगी तालिमको व्यवस्था गर्ने
- शिक्षक/कर्मचारी नैतिक रूपमा समाजप्रति र पेशागत हिसाबले शैक्षिक संयन्त्रप्रति जवाफदेही हुने वातावरण तयार पार्ने
- जस्तोसुकै कठिन परिस्थितिमा पनि शैक्षिक क्षेत्रलाई विरोधको तारो बनाउने अवस्था आउन नदिने
- पेशागत निष्ठावान्, कार्यक्षमता र कार्य सम्पादनका आधारमा शिक्षक/कर्मचारी पुरस्कृत हुने र दण्डयोग्य कार्यका लागि दण्डित हुने प्रावधानको व्यवस्थापन गर्ने
- विद्यालय र विद्यार्थीसँग प्रत्यक्ष सरोकार राख्ने कार्यमा बाहेक अन्य अवस्थामा शिक्षकलाई काजमा खटाउन नपाउने
- लब्ध प्रतिष्ठित शिक्षासेवी/बुद्धिजीवीहरूको नेतृत्व र सक्रियतामा शैक्षिक क्षेत्रको अनुगमन गराई आवश्यक कार्य सम्पादन गर्ने।

विशेषगरी शिक्षकलाई पेशाप्रति प्रतिबद्ध बनाउन र उत्प्रेरित गर्न सरकारले तर्जुमा गरेका नीति/नियम पालना गराउन कुनै कसर बाँकी राख्नुहुन्न। राजनीतिक आग्रह/पूर्वाग्रह मुक्त भई व्यवहार गरिंदा कसैको मनदुखाइ हुन्न। सरकार परिवर्तनसँगै संयन्त्रमा परिवर्तन हुने र पक्षधरलाई इच्छित लाभ दिलाउने सरकारी रवैयाले शिक्षकलाई समेत गैरजिम्मेवारपूर्ण कार्य गर्न उत्प्रेरित गरेको हो। मियो हल्लिरहेपछि बलिया पक्षधरहरूले आफूतर्फ ढल्काउनु स्वाभाविक हो। अत: सरकार बलियो मियो र भरोसायुक्त अभिभावक बनिदिन सक्नुपर्छ।

**शिक्षकका तर्फबाट हुनुपर्ने कार्य:** शैक्षिक नीतिलाई व्यवहारमा रूपान्तरण गर्ने प्रमुख वर्ग भनेको शिक्षक हो। शिक्षक समाज र सरकारलाई जोड्ने सेतु हो। आफ्नो पेशाप्रति प्रतिबद्ध र उत्प्रेरित रहन शिक्षक स्वयम्ले गर्नुपर्ने कार्यको सूची निम्नानुसार प्रस्तुत गर्न सकिन्छ:

- शिक्षा नीति/नियम, नियमावली, आचारसंहिताप्रति पूर्ण प्रतिबद्ध रहने
- भोलिको राष्ट्र हाँक्ने कुशल सारथि आजका विद्यार्थी भएको बोध गरी कार्य सम्पादन गर्ने
- नैतिक रूपले समाजप्रति र पेशागत रूपले शैक्षिक संयन्त्रप्रति जवाफदेही हुने
- विद्यार्थीलाई जिज्ञासु बनाउने हिसाबले शिक्षण गर्ने
- विद्यार्थी र अभिभावकका हरेक सान्दर्भिक जिज्ञासालाई यथोचित सम्बोधन गर्ने
- शिक्षण पेशाप्रति गौरवान्वित हुने।

**अभिभावकका पक्षबाट हुनुपर्ने कार्य:** विद्यालयमा हुने शैक्षिक क्रियाकलापबाट प्रतिफल पाउने एउटा वर्ग अभिभावक हो। अभिभावकहरू सचेत, सक्रिय र सहभागी बनेर विद्यालयसँग सहकार्य गर्दा त्यसबाट बालमनोविज्ञान र बालहित बमोजिमको शिक्षा दिन सकिन्छ। यहाँ भने शिक्षकलाई पेशागत कार्यमा सचेत, सक्रिय र इमानदार भई कार्य गर्न उत्प्रेरित गर्न अभिभावकले निर्वाह गर्नुपर्ने भूमिकालाई निम्नानुसार औंल्याउन खोजिएको छ:

- आफ्ना नानीको अनौपचारिक शिक्षक बन्ने
- कक्षाकार्य र गृहकार्यहरूको दिनहुँ निरीक्षण गर्ने
- बेलाबखतमा विद्यालयमा गई आफ्नो धारणा व्यक्त गर्ने
- शिक्षक वर्गको सकारात्मक प्रयासप्रति आभार व्यक्त गर्ने र कमजोरीप्रति सुझाव दिने
- नानीहरूलाई शिक्षा दिने एकलौटी जिम्मा विद्यालय/शिक्षकको हो भन्ने भ्रमबाट मुक्त हुने
- नानीले शैक्षिक प्रतिस्पर्धामा अरूलाई उछिन्नै पर्छ भन्ने हैन व्यवहारमा सकारात्मक परिवर्तन ल्याउनुपर्छ भन्ने धारणा बनाउने
- विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक संघ जस्ता निकायहरू गठन हुँदा वा तिनीहरूको संलग्नतामा कार्यहरू हुँदा राजनीतिक, जातीय वा त्यस्तै कुनै प्रलोभन वा दबाबमा परी अन्याय वा भेदभावपूर्ण कार्य नगर्ने
- पेशागत निष्ठाबमोजिम कार्य गर्ने शिक्षक पुरस्कृत होऊन् र अनुकरणीय व्यक्ति बनून् भन्ने ध्येय राख्ने
- शिक्षकहरूलाई शैक्षिक कार्य सम्पन्न गर्न आइपर्ने बाह्य बाधाहरू निर्मूल पार्न अघोषित सुरक्षाकर्मीको भूमिका खेल्ने।

**विद्यार्थीबाट हुनुपर्ने कार्य:** विद्यालयहरू मूलत: विद्यार्थीहरूका निम्ति हुन्। शिक्षकको ध्यान विद्यार्थीमाथि केन्द्रित भए झैं विद्यार्थीको ध्यान समेत शिक्षकमाथि केन्द्रित रहनुपर्छ। विद्यार्थीले उपयुक्त शैक्षिक वातावरण कायम गर्न सक्नुपर्छ। राजनीतिक आस्था र अन्य कुनै विश्वासका आधारमा शिक्षकलाई हेर्ने हेय दृष्टिकोणमा परिवर्तन ल्याउनु जरुरी हुन्छ। उनीहरू शिक्षकले पढाएका कुराहरूमा मात्र सीमित हुनुहुन्न। शिक्षकलाई सहयोगी शैक्षिक-निर्देशक सम्झी ज्ञान खोज्ने महाभियानमा उनीहरू स्वयम् सक्रिय रहनुपर्छ। उत्तर भन्न लगाएर शिक्षकलाई हैरान तुल्याउने हैन, उत्तर सुनाएर ठीक वा बेठीक के भयो भनी शिक्षकको निर्णय सुन्न आतुर हुनुपर्छ। शिक्षकको इमानदारीको प्रत्यक्ष मूल्यांकनकर्ता विद्यार्थी हुने भएकाले इमानदारीपूर्वक आफ्नो राय सम्बन्धित निकायमा दिन भुल्नुहुन्न।

**शिक्षासेवी/बुद्धिजीवीका पक्षबाट:** राष्ट्रकै आशा र भरोसाका केन्द्रबिन्दु भएकाले शिक्षासेवी/बुद्धिजीवीले गर्नुपर्ने कार्यहरू धेरै छन्। तीमध्ये व्यावहारिक पक्षबाट शिक्षकलाई उत्प्रेरणा जगाउने कार्यहरूको सूची निम्नानुसार प्रस्तुत गर्न सकिन्छ:

- राज्यले सुम्पेको कार्यभार विना आग्रह र पूर्वाग्रह सम्पन्न गर्ने
- शैक्षिक क्षेत्रको साख उच्च पार्न योगदान दिने शिक्षकलाई पुरस्कृत गर्न सिफारिस गर्ने
- नैतिक पतन देखिने कार्य गरेर बदनाम कमाएका शिक्षकलाई दण्डको दायरामा ल्याउन प्रयत्न गर्ने
- बेलाबखतमा विद्यालयभित्र वा बाहिर मौखिक वा लिखित माध्यमबाट जनचेतना जाग्ने र शिक्षकहरूलाई दायित्वबोध हुने प्रकृतिका कार्यहरू सञ्चालन गर्ने
- शैक्षिक प्रशासन न्यायोचित तवरले चलोस् भनी अभिभावकीय भूमिका खेल्ने।

**र, अन्त्यमा**

भोलि देशलाई कता दिशानिर्देश गर्ने हो भन्ने कुराको निर्क्योल आजै गर्न सकिन्छ। यसका लागि शिक्षकले समाजप्रति जवाफदेही हुनु र अभिभावक वर्गले शिक्षा क्षेत्रलाई गम्भीर चासोका रूपमा लिनु जरुरी हुन्छ। राज्यले लगानी मात्र हैन उचित रेखदेख पनि पुऱ्याउनुपर्छ। अर्कातिर दोषी पक्षले पानीमाथिको ओभानो भई ढलीमली गर्ने अवस्था रहनुहुन्न। सबैभन्दा महत्त्वपूर्ण कुरा शिक्षा र शैक्षिकजगतमा राजनीतिक ज्ञान हुनुपर्छ तर राजनीतिमुक्त वातावरण रहनुपर्छ। यस क्षेत्रमा जोडिनेले राजनीतिक पार्टीमा सक्रियता देखाउनु, पार्टीगत भ्रातृसंगठन गठन गर्नु र खुलेआम पार्टीको नीति र घोषणापत्र बमोजिम शिक्षालयहरूमा राजनीति गर्नु अधिकार हैन घोर अपराध हो। त्यस्ता अपराधीमा शिक्षक, अभिभावक, विद्यार्थी एवं अन्य संलग्न व्यक्तित्वहरू जो पनि पर्न सक्छन्। यहाँ वर्गगत हक-अधिकार सुरक्षित गर्न संगठन हुनैपर्छ भन्ने मत पनि आउन सक्छ। तर शिक्षक-विद्यार्थीहरूको हक-अधिकार सुरक्षित पार्नुपर्ने जिम्मा लब्ध प्रतिष्ठित शिक्षासेवी/बुद्धिजीवीले लिनुपर्छ। शिक्षा र यससँग सम्बन्धित क्षेत्रमा असन्तोष आउन सक्ने स्थिति नै रहन दिनुहुन्न। यस क्षेत्रमा अराजकता निम्त्याउने र अराजक कार्य गर्नेलाई कठोर दण्डको व्यवस्था हुनु जरुरी हुन्छ। यथोचित नीतिनियमहरू कार्यान्वयनको पक्षमा जानुपर्छ भने अनावश्यक नीतिनियम खारेज हुनुपर्छ। बनेका नीतिनियमहरू अक्षरश: पालना हुनुपर्छ। यसप्रकार सरोकारवाला पक्षहरू राजनीतियुक्तको वर्तमान परिप्रेक्ष्यबाट मुक्ततिरको महायात्रामा लाग्ने हो भन्ने शैक्षिक क्षेत्रमा आमूल परिवर्तन हुन्छ र मुलुकको चौतर्फी विकासमा महत्वपूर्ण अध्याय सावित हुनेछ।

> **यस क्षेत्रमा जोडिनेले राजनीतिक पार्टीमा सक्रियता देखाउनु, पार्टीगत भ्रातृसंगठन गठन गर्नु र खुलेआम पार्टीको नीति र घोषणापत्र बमोजिम शिक्षालयहरूमा राजनीति गर्नु अधिकार हैन घोर अपराध हो।**

**लिटिल फ्लावर मा.वि.**
राजविराज-८, सप्तरी

# शिक्षकले धेरै कुरा गर्नुपर्छ...

■ **मदन अधिकारी**

आज सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्कँदो छ भनेर चौतर्फी टीकाटिप्पणी हुने गरेको छ। जुन क्षेत्रमा बढी लगानी छ त्यसैबाट अपेक्षित र सन्तोषजनक प्रतिफल छैन भन्ने कुरा चारैतिर गुञ्जिरहेको छ। सामुदायिक विद्यालयका शिक्षकलाई तालिम दिइन्छ। तर, परिणाम भने चित्तबुझ्दो छैन।

उता निजी विद्यालयका शिक्षकहरूले विना तालिम भए पनि देशको शिक्षाको नाक उनीहरूले नै थामेका छन् भनेर चारैतिरबाट प्रशंसा बटुलेका छन्। किन त सामुदायिक विद्यालयको गुणस्तर खस्कियो अनि कसरी निजीको गुणस्तर माथि उक्सियो भन्ने कुरामा अहिलेसम्म सबैको ध्यान केन्द्रित हुनसकेको छैन।

हुनत: सामुदायिक विद्यालयका शिक्षकहरूको सुविधा पनि निजी विद्यालयका शिक्षकको तुलनामा कैयौं गुणा बढी नै छ। र, उनीहरूले प्राप्त गर्ने तालिम पनि। तैपनि यस्तो हविगत देखिनुको पछाडि हाम्रो शिक्षण विधि र प्रक्रियाका साथै विद्यालयको नियमित अनुगमन र निरीक्षण अनि दण्ड र पुरस्कारको अभावलाई पनि लिन सकिन्छ। साथै शिक्षकहरूले तालिममा सिकेका कुराहरूलाई अक्षरश: पालना नगरेकाले पनि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्किएको हो भनेर सहजै अनुमान गर्न सकिन्छ। शिक्षकले तालिमका उपलब्धिलाई विद्यालयको कक्षाकोठामा प्रयोग नगरेकाले पनि यस्तो दुर्गतिको सामना गर्नु परिरहेको छ।

यसो भन्दैमा निजी विद्यालय चाहिं पूरै चोखा छन् भन्ने होइन। निजी विद्यालयमा विद्यार्थीलाई सोचाउने होइन कसरी हुन्छ घोकाउने कुरामा बढी अभ्यास भएको देखिन्छ। विद्यार्थीहरूलाई बढीभन्दा बढी अंक प्राप्त गर्ने बनाउने भन्ने सिलसिलामा सुगारटानको कार्य निजी विद्यालयमा भइरहेको छ। अर्कोतर्फ साना कलिला नानीहरूको पिठ्यूँमा किताबको गह्रौं भारी बोकाइएको हुन्छ, जसको कारणले विद्यार्थीहरू विद्यालयप्रति नै नकारात्मक धारणा बनाउन विवश छन्। खेल्दै सिक्दै भन्ने शिक्षण अभ्यास सामुदायिक तथा निजीका एकाध विद्यालय बाहेक अरूमा देखिंदैन।

**कञ्चनजंघा निमावि**
मेचीनगर-१३, सालघारी, झापा

# संक्रमणले छुँदैन लुइरे हुँदैनौं !

**विषम र कठिन परिस्थितिको धरातलमा खाएको जागीर होटेलमा खाएको भात जस्तो पक्कै होइन। परिश्रम गरेको छ। लगानी परेको छ। लगनशीलता र इमानदारीको स्वादमा खाएको जागीर भएकोले हामीलाई कुनै पनि संक्रमणले छुँदैन र हामी लुइरे हुँदैनौं।**

■ **जनकराज कोइराला**

कतिपय अवस्थामा विद्यालयलाई स्रोत र साधनले सम्पन्न गराउन शिक्षकले राजनीतिक दलका नेताहरूसँग पनि सम्पर्क गर्नुपर्ने हुन्छ। हुन पनि आज हरेक क्षेत्रको विकास निर्माण भनेकै राजनीतिक दल र नेताहरूसँग गाँसिएको छ। त्यसैले यस्ता कार्य गर्दा शिक्षकले राजनीति गरेको ठान्नु हुँदैन। त्यति मात्र होइन शिक्षक भनेको समाजका संवाहक पनि हुन्। समय र परिस्थिति अनुरुप यथार्थताको धरातलमा उभिन सक्छन्। शिक्षकहरूले नै देशको कुनै पनि कलङ्कित राज्यव्यवस्था मिल्काउन सहयोग गर्दै आएका छन्। त्यसैले यसरी लेख्न पाउने वातावरण बनेको छ। केवल शिक्षकहरू नेताहरूको पछि लागेर मात्र हिंडेका छैनन्। महीनौंसम्म गयल भएर होइन बेला र परिस्थिति मिलाएर आफ्ना नेताहरूलाई जनपक्षीय निर्णय लिन समेत सल्लाह दिन्छन्। यही आशाले राजनीतिक दलले पनि विद्यालयसँग कुनै न कुनै रूपमा सम्पर्क गरिरहेका हुन्। त्यसैले सबै कुरालाई नकारात्मक रूपमा लिई सरकारी विद्यालयका शिक्षकहरूले ठूला-ठूला नेता र राजनीतिक दलसँग सम्पर्क बढाएर पहुँचवाला बने; त्यसैले उनीहरूसँग अभिभावकहरूले पौंठेजोरी खेल्न नसकेर निजी विद्यालयतर्फ लागे र सरकारी विद्यालयहरू बन्द हुँदैछन् भन्ने कुरा पनि समय सान्दर्भिक होइन।

निजी विद्यालयहरू मौलाउँदै जानुमा सरकारी विद्यालयका शिक्षकहरूको मात्रै रवैया होइन; यसका विभिन्न कारणहरू छन्। अहिले मानिसहरू सुविधाभोगी बन्दै गइरहेका छन्। सन्तान थोरै जन्माउँछन्। दुईचार हजार रुपैयाँ जम्मा हुनासाथ शहरतिर बसाईं जान्छन्। बालबच्चा उतै लान्छन्। विदेशतिर जाने र घर अपायक जागीरेका श्रीमतीहरूको त झन् विगत ५/७ वर्षदेखि छोराछोरी पढाउन सदरमुकामतिर जाने परिपाटी बढ्दै आइरहेको छ। निजी विद्यालयहरू प्राय: शहरबजारमै छन्। त्यसैले गाउँघरका विद्यालयहरूमा विद्यार्थी संख्या घट्न गएको हो।

निजी विद्यालयप्रति आकर्षण बढ्नुका पछाडि अभिभावकहरूको अभिमानको पनि हात छ। अभिभावकहरूलाई गाउँ छोडेर शहर आइसकेपछि गाउँकै जस्तो सरकारी विद्यालयमा किन पढाउने भन्ने लाग्छ भने अर्कोतर्फ गाउँबाट आएर त निजी विद्यालय पढाएका छन्, झन् शहरकै बासिन्दा भन्ने पनि छ। निजी विद्यालयहरूमा आकर्षण बढ्नु अभिभावकहरूको व्यस्तता पनि हो। जुन बच्चाका आमाबाबु कुनै पेशामा छन् उनीहरूले बच्चा हेर्ने धरालो राख्नुपर्छ। खर्च गरेर घरमा धरालो राख्नुको सट्टा टुकुटुकु हिंडेर तोतेबोली बोल्नासाथ घरबाटै नर्सरी, केजी आदि शिशु कक्षामा राखिदिन्छन्। जसले गर्दा सिकाइ र सुरक्षा दुवै भयो। अनि त्यहींबाट बोर्डिङको पृष्ठभूमि बन्छ।

निजी विद्यालयहरू भौतिक सुविधाले पनि सम्पन्न छन्। अभिभावकले आवश्यकता अनुरुप शुल्क तिर्छन्। फलत: विद्यालय स्रोत साधन सम्पन्न हुन्छन्। बालबालिकालाई सरकारी विद्यालयमा भर्ना गराउने ६ वर्षसम्मको उमेरमा निजी विद्यालयले नर्सरी, केजी, एलकेजी, यूकेजी आदि कक्षा पढाइ सकेर बल्ल एक कक्षामा लैजान्छ। तर सरकारी विद्यालयमा आउने बालबालिकाहरू एक कक्षामा भर्ना हुन आउँदा घरआँगनकै धूलो र झारपातसहित आउँछन्। निजी विद्यालयले सरकारी विद्यालयबाट गएका बालबालिका भर्ना लिनुपरेमा दुई कक्षा घटाएर मात्रै भर्ना लिन्छन् भने सरकारी विद्यालयमा चाहिं न्यूनतम दुई कक्षा नबढाई बोर्डिङबाट आएका बालबालिकालाई भर्ना गर्न अभिभावक मान्दैनन् जसले गर्दा तिनै बोर्डिङबाट आउने विद्यार्थीको एक/दुई वर्षपछि वातावरणसँग तालमेल नमिल्दा स्तर खस्कँदै गई सरकारी विद्यालयको गुणस्तर घटेको देखिन्छ। अहिले त झन् सरकारी विद्यालयमा उदार कक्षोन्नतिको व्यवस्था आएको छ। सकभर विद्यार्थीलाई कक्षा रोक्न पाइन्नँ।

तैपनि अझै, देशको अधिकांश भू-भागमा सरकारी विद्यालय नै पहुँचमा छन्। लगभग दुई लाखको संख्यामा रहेका सरकारी विद्यालयका शिक्षकहरूले आफ्नो बाहुबल र बुताले भ्याएसम्म जिम्मेवारी वहन गरी आ-आफ्नो विद्यालय र विषयका विद्यार्थीलाई अधिकतम अङ्क ल्याई उत्तीर्ण गराउने प्रयास गरिरहेका छन्। जुन कुरा हरेक वर्षको प्रवेशिका परीक्षाको नतिजाले पुष्टि गरिरहेको छ। त्यसैले सरकारी विद्यालयका शिक्षकहरू सक्ने जति पनि गर्दैनन्, जागीरे प्रकृतिका छन्, दायित्वबोध छैन, सरकारले पनि निरर्थक लगानी गरिरहेको छ भनेर सरकारी विद्यालयको अस्तित्वलाई निजी विद्यालयको गुणस्तरको तुँवालोले छोप्न खोज्नेप्रति अब सचेत हुनुपर्दछ। यसको लागि हरेक वर्ष सरकारी विद्यालयका तर्फबाट प्रवेशिका परीक्षामा कति सामेल हुन्छन्? कुन श्रेणीमा कति उत्तीर्ण हुन्छन्? र तिनले उच्च शिक्षामा कस्तो नतिजा प्राप्त गरी देशको उच्च ओहोदामा पुग्न कति सफल भए? भन्ने जस्ता कुराको लेखाजोखा गरी सरकारी विद्यालयको सृजनशीलताको इतिहासलाई अद्यावधिक गर्दै जानुपर्दछ। तब मात्रै सरकारले सरकारी विद्यालयप्रति गरेको लगानी र शिक्षकहरूको परिश्रमको फल देखिन्छ।

साथै सरकारी विद्यालयमा अध्यापन गर्दै आउनुभएका शिक्षक साथीहरूले आफूलाई बलजफ्ती रूपमा देखिइएका चुनौतीहरूप्रति घोरिनुपर्ने कुनै आवश्यकता छैन। हाम्रो आफ्नै प्रकारको इतिहास र अस्तित्व छ। पहाडका कुना-कन्दरामा घाँसदाउरा र ढुङ्गा-माटोसँग पौंठेजोरी खेलेका हातहरूलाई कलम समाउन लगाउनु सजिलो होइन। विषम र कठिन परिस्थितिको धरातलमा खाएको जागीर होटेलमा खाएको भात जस्तो पक्कै होइन। परिश्रम गरेको छ। लगानी परेको छ। निजी विद्यालयका २० वर्षे ठिटाहरूसँग २० वर्ष पढाएका, स्नातक गरेर तालिम लिएकाले आफूलाई तल्लो दर्जाको महसूस गर्छन् भनी जबर्जस्त हीनताबोध गराइएको प्रति गुनासो गर्नुपर्दैन। सरकारी विद्यालयका शिक्षकहरूले गरे/गरेनन् भन्ने कुरा देशको शैक्षिक तथ्याङ्कले देखाउँछ। सरकारी विद्यालयका शिक्षकहरूले केवल धैर्य धारण गरेर विगतका दिनका लगनशीलतालाई वर्तमान परिस्थितिको शान लगाएर कर्म क्षेत्रमा उत्रिनुपर्दछ। लगनशीलता र इमानदारीको स्वादमा खाएको जागीर भएकोले हामीलाई कुनै पनि संक्रमणले छुँदैन र हामी लुइरे हुँदैनौं।

**संसारी महेन्द्र उमावि**
गाँखु-५, नयाँसाँघु, गोरखा

# को कति जिम्मेवार ?

■ रमेशहरि शर्मा ढकाल

शिक्षक जेठ अङ्कमा प्रकाशित दुई बेग्लाबेग्लै सामग्रीले मेरो ध्यानाकर्षण गरेका छन्। पहिलो; 'बर्बादीको नमूना' भन्ने शिक्षक प्रतिनिधि बाबुराम विश्वकर्माको सिरहाको रिपोर्ट र दोस्रो 'मन्थन' स्तम्भमा यम.पी. भुसालको 'शिक्षकलाई खेद्न छोडौं' भन्ने लेख। दुवैको प्रकृतिमा भिन्नता भए पनि ती दुवै रेखाहरूको मिलन विन्दु एउटै हो।

'बर्बादीको नमूना' मा पदमपुर प्राविको सिकाइको स्तर देखाइएको छ। म पनि एक शिक्षक हुँ, त्यसैले त्यस प्रकृतिका कपीहरू मेरा नजरबाट पनि गुज्रने गर्दछन्। मैले कक्षा ११, १२ को आन्तरिक परीक्षामा विद्यार्थीलाई कपीमा आफ्नो संकाय (Faculty) उल्लेख गर भन्दा दुवै शब्द नबुझेर 'फकलाती' लेखेको पाएको छु। विचारणीय छ, ती छात्र/छात्राले एसएलसी कसरी उत्तीर्ण गरे होलान् ? म एकजना यस्तो विद्यार्थीको सम्पर्कमा छु जसले कुनै परीक्षामा पनि प्रश्नको उत्तर दिएन। हरेक पटक कपीमा आफू यस पढाइप्रति उदासीन रहेको, रहरले नभई अभिभावकका लागि विद्यालय आउने गरेको र कतिपय शिक्षक नै शिक्षक जस्ता नभएको भन्ने गुनासाहरू मात्र लेख्थ्यो। ऊ पनि एसएलसी पास गरेर कक्षा ११ मा पढ्न आयो। मैले भनें, "तिमीलाई पढाइप्रति रुचि नै छैन भने किन समय नष्ट गर्छौ ? तिमीले सिक्दै गरेको विद्युतीय काम नै गर न !" तर ऊ विद्यालय आउँदैछ; पढ्नलाई होइन, साथी भेट्नलाई।

अब प्रश्न उठ्छ 'Faculty' भनेको नबुझ्ने र पढ्ने इच्छा नभएर पनि विद्यालय आइरहने विद्यार्थीको कमजोरीमा को कति जिम्मेवार छ ? राष्ट्रिय शिक्षा नीति ? विद्यालय शिक्षा प्रशासन ? विद्यालय व्यवस्थापन ? अभिभावक ? विद्यार्थी स्वयम् ? कि शिक्षक ? बहसको चुरो यहीं छ। हलो यहीं अड्केको छ। विद्यार्थीरुपी खेतहरू पर्ती पल्टँदैछन्। अभिभावकरुपी किसानहरू रनभुल्लमा छन्। सरकारी निकायरुपी हलीहरू ढुंगो पन्छाउनमा भन्दा गोरु चुट्नमै व्यस्त छन् र विचरा शिक्षकरुपी गोरु (गुरु)हरू न हलो तानेर ढुंगो उप्काउन सक्छन्, न जुवा भाँचेर हिंड्न नै। केवल तलबरुपी परालमा ध्यान केन्द्रित गरी डँडाल्नामा हलीको हातका लौरा सहेर आँशु चुहाउन बाध्य छन्।

**म भन्दिनँ हामी शिक्षक दूधमा नुहाएका छौं। बारी उही हो, ड्याङ उही हो भने मुला पनि उही हो। तर त्यसमा बारीको उर्वरा शक्ति, मक्किएको बीउ, अविकसित प्रविधि र गोडमेल नगर्ने किसान दोषी कि मुला दोषी ? अयोग्य व्यक्तिलाई शिक्षक कसले बनायो ? शिक्षकलाई राजनीतिमा कसले लगायो ? कुनै पनि शिक्षक आफ्नो नियुक्ति पत्रमा आफैं हस्ताक्षर गरेर त आएको छैन !**

सुधारको सुरुआत आफैंबाट गर्नुपर्छ भन्ने सबैलाई थाहा छ तर गर्न कोही चाहँदैन। सबैको एउटै सोचाइ छ, "मैले मात्र गरेर के हुन्छ र ? या मैले मात्र नगरेर के बिग्रन्छ र ?" यहाँ मलाई एउटा लोक कथाको प्रसङ्ग राख्न मन लाग्यो– कुनै ठाउँमा दूधपोखरी बनाउने योजना बन्छ र राति सबैले आ-आफ्नो घरबाट दूध ल्याएर खन्याउने निर्णय गर्छन्, तर प्रत्येकले के सोच्छन् भने अरूले त दूध ल्याइहाल्छन्, मैले पानी हाल्दैमा कसले थाहा पाउँछ र ? अनि योजनाको दूधपोखरी यथार्थमा पानी पोखरी बन्छ।

हाम्रो शिक्षामा पनि भएको यही हो। सुधारको दायित्व पाएको हरेक व्यक्ति वा संस्था दोष जति सरक्क अरूको थाप्लोमा पन्छाएर आफूलाई पानीभित्रको ओभानो सावित गर्नमै तर्क खर्च गरिरहेछ। म पनि यसको जिम्मेवार व्यक्ति वा निकाय हुँ, ममा पनि कमजोरी छन् र मैले मलाई नै पहिले सुधार्नुपर्छ भन्नेतर्फ भन्दा पनि आफूभन्दा कमजोर तहलाई सत्तोसराप गरेर जिम्मेवारी पूरा भएको ठान्दछन्। यता हामी शिक्षकहरू पनि गरेर देखाउनुमा भन्दा बहस गरेर सुनाउनमै पौरख लगाइरहेछौं।

म भन्दिनँ हामी शिक्षक दूधमा नुहाएका छौं। बारी उही हो, ड्याङ उही हो भने मुला पनि उही हो। तर त्यसमा बारीको उर्वरा शक्ति, मक्किएको बीउ, अविकसित प्रविधि र गोडमेल नगर्ने किसान दोषी कि मुला दोषी ? अयोग्य व्यक्तिलाई शिक्षक कसले बनायो ? शिक्षकलाई चाकरीमा कसले जोतायो ? शिक्षकलाई राजनीतिमा कसले लगायो ? कुनै पनि शिक्षक आफ्नो नियुक्ति पत्रमा आफैं हस्ताक्षर गरेर आएको छैन। कुनै पनि व्यक्तिलाई चाकरी मन पर्दैन। तर शिक्षा कार्यालय धाएकै भरमा पुरस्कार पाइन्छ भने पढाउनु किन पर्‍यो ? राजनीति गरेर 'प्रमोसन' पाइन्छ भने पढाउनु किन पर्‍यो ? सांसद्, मन्त्री वा प्रधानमन्त्रीको झोला बोक्दा सुरक्षित भइन्छ भने पढाउनु किन पर्‍यो ? नियुक्तिको बेलामा 'सोर्स इज फोर्स, कोर्स इज नथिङ'लाई मान्यता दिने भएपछि योग्यताको खोजी कसरी गर्ने ? नदीको मुहानमै ढल मिसाएपछि नदीको शुद्धीकरण कसरी गर्ने ?

नीतिशास्त्रमा एउटा भनाइ छ, 'अयोग्य: पुरुषो नास्ति योजकस्तत्र दुर्लभ: ।' हामीकहाँ योग्य शिक्षकहरूको कमी छैन, कमी छ त तिनीहरूको योग्यतालाई सुनियोजन गर्ने व्यक्ति वा निकायको। अयोग्यको फलिफाप छ, योग्यहरू रुँदैछन्। कामचोरहरू पुरस्कृत हुन्छन्, कर्तव्यपरायणहरू हेपिएका छन्। देशमा बेरोजगारी छ; यता एउटै व्यक्तिले अनेक जिम्मेवारी बोकेको छ। एक व्यक्ति एक रोजगारी लागू हुन नसक्दा एउटा शिक्षक कतै प्राध्यापक, व्यवस्थापक, चिकित्सक, पत्रकार, ठेकेदार, व्यापारी र सांसद्देखि प्रधानमन्त्रीको प्रतिनिधिसम्म भइटोपल्छ। फलस्वरुप न कसैले तलब रोक्न सक्ने न कसैले जागिर खोस्न सक्ने। शिक्षण पेशालाई छोडेर अन्यत्र चित्त लगाउँछ। ऊ सोच्छ, निजामती सेवकले पैसाको भ्रष्टाचार गर्छ त म पेशाको भ्रष्टाचार गर्छु, यत्ति हो।

प्रश्न विचारणीय छ। शिक्षकलाई यस्तो निरङ्कुश बन्न (केही मात्र) प्रेरित गर्ने को ? प्रोत्साहित गर्ने को ? के शिक्षकलाई आफ्नो कर्तव्यमा लगाउने कानून छैन ? छ। त्यस कानूनलाई कार्यान्वयन

गर्ने निकाय नै फोहोरमा आकण्ठ डुबेको छ । ऊ अरूलाई छुन सक्दैन किनभने छुन खोज्यो भने पहिले उसका फोहोरी हात देखिन्छन् भन्ने डर छ उसलाई । त्यसैले 'टका सेर भाजी टका सेर खाजा' को शैलीमा सबै शिक्षकलाई एउटै डालामा हालेर सोलोडोलो पार्दै शब्दे कारबाहीको खानापुरी गर्दछन् ।

म पुनः लेखतर्फ फर्कन्छु । 'बर्बादीको नमूना'मा बर्बादीको जुन नमूना देखाइएको छ त्यसको सम्पूर्ण दोष शिक्षकले नै लिनुपर्दछ । नसिकाउने पनि शिक्षक हो र नजान्नेलाई जान्ने देखाउने पनि शिक्षक हो । विद्यार्थीलाई अङ्क दिने रातो मसी शिक्षककै हो । त्यसैले कुनै पनि कुतर्कको मुडो तेर्स्याउन पाइन्नँ । तर विकृतिको शतप्रतिशत जिम्मेवारी शिक्षकको काँधमा हालेर आफू दायित्वमुक्त हुन खोज्ने प्रवृत्तिको पनि अन्त्य हुनुपर्दछ । जसरी शिक्षकले कक्षाकोठामा डर देखाएर विद्यार्थीलाई पढ्न लगाउन सक्दैनन् त्यसैगरी गाली मात्र गरेर शिक्षकलाई काममा लगाउन सकिन्नँ । काम गर्नेले सुरक्षा र पुरस्कारको प्रत्याभूति गर्न सक्नुपर्छ र काम नगर्नेले असुरक्षा र दण्डको सम्भावना देख्नुपर्दछ । त्यसैले आफ्नो बेइमानीलाई इमानको खोल ओढाउन छोडौं र सोचौं हामी को कति बेइमान वा इमानदार छौं आफ्नो कर्तव्यप्रति । इमानदारका बारेमा कुरौटे दार्शनिक सुकरातको भनाइ यस्तो थियो-

इमानदार त्यो होइन जसले बेइमानी गर्न जानेन,
इमानदार त्यो पनि होइन जसले बेइमानी गर्न पाएन, र
इमानदार त त्यो पनि होइन जसले बेइमानी गर्न सकेन ।


हो शिक्षकले गरे सक्छन् तर अरूले गर्दै नगर्ने त ? अरूले पनि

**विद्यार्थीरुपी खेत पर्ती पल्टँदैछन् । अभिभावकरुपी किसान रनभुल्लमा छन् । सरकारी निकायरुपी हलीहरू ढुंगो पन्छाउनमा भन्दा गोरु चुट्नमै व्यस्त छन् र विचरा शिक्षकरुपी गोरु (गुरु)हरू न हलो तानेर ढुंगो उप्काउन सक्छन्, न जुवा भाँचेर हिंड्न नै । केवल तलबरुपी परालमा ध्यान केन्द्रित गरी डँडाल्नामा हलीको लौरो सहेर आँशु चुहाउन बाध्य छन् ।**

गर्नुपर्छ र तत्काल गर्नुपर्ने काम यी हुन्–

१. भागबण्डाको आधारमा होइन सोच र क्षमताको आधारमा मन्त्रालय दिने,
२. शिक्षक सेवा आयोगलाई संवैधानिक बनाई निरन्तर क्रियाशील राख्ने,
३. सुयोग्य व्यक्ति मात्र शिक्षक बन्न पाउँछ भन्ने कुराको प्रत्याभूति दिलाउने,
४. अनुगमन र निरीक्षणलाई कक्षाकोठासम्म पुऱ्याउने र नियमित शिक्षकको कार्य मूल्याङ्कन गर्ने,
५. कुनै भेदभावविना दण्ड र पुरस्कारलाई प्रभावी बनाउने,
६. अभिभावक/समुदायमा विद्यालय हाम्रो हो भन्ने बोध गराउने,
७. परीक्षा प्रणालीमा आमूल सुधार गर्ने ।



डा. तीर्थबहादुर श्रेष्ठ

# जाँतोको विज्ञान र प्रविधि

**सरले गम्भीर भएर भने, "हो, तिमीले ठीक भन्यौ। तिमीले विज्ञानका कुरा जान्यौ, वैज्ञानिक भयौ। आमाले चाहिं विज्ञानको प्रयोग नै गर्नुभयो, त्यसैले उहाँ प्राविधिक हुनुभयो। तिम्रो घरमा विज्ञान र प्रविधि दुवै रहेछन्।"**

शनिबारको दिन। फुर्सदको बेला। मास्टर सा'ब गाउँ डुल्न निस्कन्छन्। एउटा विद्यार्थीको आँगनमा पुग्छन्। "ओहो! सर आउनुभयो, नमस्कार" भन्दै सरिताले बाँसको मुडो र चकटी ओछ्याइदिन्छिन्। ८ कक्षाकी विद्यार्थी सरिता आमालाई शिक्षकको परिचय गराउँदै भन्छिन्, "उहाँ हाम्रो विज्ञान सर हुनुहुन्छ।" नमस्कार साटासाट हुन्छ। "भाउजू के गर्दै?" सर सोध्छन्। जवाफ आउँछ, "पीठो पिंध्दैछु बाबु।" "मकै पिंध्दै कि पीठो पिंध्दै?" मास्टर सा'ब हाँसो गर्छन्। "मकै पिंधेपछि पीठै त बन्ने हो नि!" भाउजू हाँस्छिन्।



भलाकुसारी अगाडि बढ्दै जान्छ। जाँतो घुइं-घुइं घुमिरहन्छ। सरिताकी आमाको देब्रे हात बेलाबेलामा डालो र जाँतोबीच ओहोर-दोहोर गर्छ- मकैको घान हाल्न। जाँतोको मध्य भागमा अवस्थित मानीसँगैको प्वालबाट मकैका दाना खसिरहन्छन्। उता जाँतोको छेउतिरबाट विस्तारै-विस्तारै च्याँख्ला र पीठो बाहिर झर्दैछ। यत्तिकैमा सरिता सरलाई सोध्न पुग्छिन्, "अस्ति कक्षाकोठामा सरले जाँतो पनि एकप्रकारको मेसिन हो भन्नुभएको थियो। के यो जाँतो पनि मेसिन हो त सर?"

शिक्षकले सरिताकी आमालाई एकछिन आराम गर्न अनुरोध गरे। उसै त गर्मीको दिन, त्यो पनि शनिबार! आमा खाजा बनाउन भान्छातिर लागिन्। सर र सरिता जाँतोको माथिल्लो फग्ल्याँटो पल्टाउँदै त्यसको सम्म परेको तल्लो सतही भाग र तल्लो फग्ल्याँटोको माथिल्लो सतही भाग हेर्न थाल्छन्। ती दुवै सतही भाग आपसमा रगडिंदा मकै पिंधिन्छ भन्ने कुरा सरले बुझाउँछन्। तर जाँतोका ती दुई पत्र चिल्ला वा चिप्ला भएमा मकै पिधिंदैन। किनभने त्यतिबेला त्यहाँ मकै पिंध्न चाहिने घर्षण र शक्ति पैदा हुँदैन। त्यसैले जाँतोका ती दुई रगडिने भागलाई फलामको छिनोले ठुँगेर खस्रो बनाइएको हुन्छ। खस्रो सतह रगडिएपछि शक्ति पैदा हुन्छ। त्यस्तो शक्तिलाई घर्षण शक्ति (friction) भनिन्छ।

यति कुरा बताएपछि जाँतोको माथिल्लो भाले फग्ल्याँटोलाई तल्लो पोथी फग्ल्याँटोमाथि खप्टाउने काम हुन्छ। तल्लो फग्ल्याँटोको बीचमा फलामको मानी ठोकिएको हुन्छ। माथिल्लो अर्थात् भाले फग्ल्याँटोको बीचमा प्वाल पारिएको हुन्छ। त्यही प्वालमा मानी छिराएर जाँतो घुमाउने काम गरिन्छ। जाँतो नघुमेसम्म त्यहाँ मकै पिंध्ने घर्षण शक्ति पैदा हुँदैन। जाँतो घुमाउनका लागि भाले फग्ल्याँटोको एकछेउमा काठको हातो ठोकिएको हुन्छ। यो हातो जाँतोको केन्द्रस्थलबाट जति टाढा भयो उति कम बल प्रयोग गरे पुग्छ। किनभने जाँतोको मानीले अडेसो (fulcrum) को काम गर्दछ। बल लगाउने अर्थात् इफोर्ट (effort) दिने ठाउँ भनेको हातो हो। अडेसो (fulcrum) र इफोर्ट (effort) को दूरी जति टाढा भयो उति नै यान्त्रिक लाभ (mechanical advantage) हुन्छ। त्यही कुरा कक्षाकोठामा उत्तोलक (lever) बारे चर्चा भएको कुरा शिक्षकले स्मरण गराउँछन्। त्यसका साथै जाँतोको साइज अर्थात् व्यास मान्छेको हातले भ्याउने भन्दा ठूलो गर्न नमिल्ने कुरा पनि

शिक्षकले सम्झाउँछन्।

मकै पिसिरहँदा पिस्नेको बलले जाँतोको माथिल्लो फग्ल्याँटोलाई स्थिर अवस्थाबाट चलायमान अवस्थामा परिणत गरिदिन्छ। तल्लो फग्ल्याँटोले माथिल्लो फग्ल्याँटोलाई चलायमान हुन बाधा खडा गर्दछ। परिणामत: त्यहाँ घर्षण पैदा हुन्छ। तर त्यसलाई पनि जितेर जाँतो घुमाउने काम हुन्छ। त्यसबेला मानी अड्याएको ठाउँनेरबाट अन्नका गेडा जाँतोभित्र हुल्ने काम हुन्छ। दुई सतहको घर्षणमा मकैका गेडा पेलिन थाल्छन्। जाँतोको बोझ र घुमाइले गर्दा अन्नका गेडा फुट्न थाल्छन्। घुमाउरो चालले गर्दा फुटेका गेडाहरू झन्-झन् पेलिँदै बीच भागबाट अर्थात् केन्द्रस्थलबाट छेउ-छउतिर घचेटिन थाल्छन्। अन्त्यमा पीठो र च्याँख्ला बनेर जाँतोबाट बाहिर झर्न थाल्छ।



जति जोडले जाँतोको घुमाइ हुन्छ त्यही अनुपातमा छिटो गतिमा मकै पेलिएर पीठो बन्दै बाहिर निस्कन्छ। यसप्रकार घुमिरहेको चक्काले अरू पदार्थलाई आफ्नो केन्द्रस्थलभन्दा टाढा फ्याँक्ने शक्तिलाई ‘सेन्ट्रीफुगल फोर्स’ (centrifugal force) भनिन्छ। यो अचम्मको शक्ति हो। घुमिरहेको जाँतो वा घट्टको चक्कामा अन्न राख्दा त्यसको प्वालभित्र नछिरेका अन्नका गेडाहरू उछिट्टिएर पर जान्छन्। पानी पोखिए पनि त्यसलाई परसम्म फ्याँकिदिन्छ। यस्तै कुरा बताउँदै गर्दा आमा थालभरी भुटेका मकै र त्यसको साथमा स्टीलको गिलासभरी मही लिएर आउनुभयो।

गर्मीको दिन। भुटेको मकै र त्यसका साथमा मही। के चाहियो र? मास्टर सा’ब खाजामा मस्त भए। सरिता चाहिं आमालाई भन्न थालिन्, “हाम्रो जाँतो त विज्ञानको साँचो पो रहेछ आमा! कति धेरै विज्ञानका कुरा सिकाउँदो रहेछ यसले।”

सरले थपिहाले, “के के सिक्यौ, आमालाई भन त!” सरिता निकै खुशी थिइन् र भन्न थालिहालिन्, “पहिलो कुरा त जाँतो गह्रुँगो ढुंगाले बनेको हुन्छ। यसको बोझले थिच्ने काम गर्छ। त्यो गुरुत्व अर्थात् gravity को विषय भयो। जाँतोमा पृथ्वीको गुरुत्व शक्तिको प्रयोग भएको हुन्छ। अनि जाँतोको हातो र मानीको सम्बन्धले गर्दा यो एउटा सरलयन्त्र (simple machine) पनि हुन गएको छ। यसले सरल यन्त्रकै सिद्धान्त अनुसार काम गर्छ। जाँतो घुमाउँदा त्यसको चाल (motion) र त्यसले सिर्जेको घर्षण शक्ति (friction) का कारण अन्नका गेडा पेलिन्छन्-पिसिन्छन्। पीठोलाई जाँतोको बाहिर फ्याँक्न सेन्ट्रीफुगल फोर्स (centrifugal force) ले काम गर्छ। ठीक हो सर?” सरले गम्भीर भएर भने, “हो, तिमीले ठीक भन्यौ। तिमीले विज्ञानका कुरा जान्यौ, वैज्ञानिक भयौ। आमाले चाहिं विज्ञानको प्रयोग नै गर्नुभयो, त्यसैले उहाँ प्राविधिक हुनुभयो। तिम्रो घरमा विज्ञान र प्रविधि दुवै रहेछन्।” यति भन्दै मास्टर सा’ब मही-मकैको निम्ति धन्यवाद दिँदै डेरातिर लाग्छन्।

**sms प्रतिक्रियाका लागि ltr<space>5006**


# वातावरण पत्रकारिताका २५ वर्ष

आँखीझ्याल भिडियो पत्रिका
सामुदायिक रेडियो सहयोग केन्द्र
मिडिया ट्रेनिङ सेन्टर
जनवकालत तथा पैरवी
दिगो विकासका लागि सञ्जाल

निगरानी कार्यक्रमः
जलवायु परिवर्तन, सहरी वातावरण,
वन र वन्यजन्तु, सिमसार, विषादी, पर्यटन

**नेपाल वातावरण पत्रकार समूह**
**दिगोपनको लागि पत्रकारिता**

25 years
Journalism for Sustainability

थापाथली, काठमाडौं
फोन: ०१-४२६१९९१,
फ्याक्स: ०१-४२६११९१,
ईमेल: nefej@mos.com.np
वेभ: www.nefej.org

हरपल तपाईंकै साथ दैनिक १८ घण्टा
हालचाल सधैं १५ मिनेट अगाडि
विहानः ८:४५ र ११:४५, दिउँसो: ४:४५, साँझ ६:४५ र ९:४५
पत्रपत्रिका, डबली, लुकामारी, नयाँ पुस्ता,
खुल्ला मञ्च, लोक भाका, रेडियो कुराकानी,
आजका कुरा, संगीत आकाश,
ट्राफिक अपडेट विहान ८ देखि बेलुका ८ बजे सम्म
बीबीसी नेपाली सेवा हरेक बेलुका ८:४५
सचेतना रेडियो कार्यक्रम शनिवार विहान ७ बजे
उहिले बाजेका पालामा हरेक सोमवार साँझ ७:३०

**रेडियो सगरमाथा एफ.एम. १०२ थोप्लो ४ मेगाहर्ज**
**नेपाली रेडियो, नेपाली आवाज**

बखुण्डोल हाइट, ललितपुर
फोन: ०१-५५२८०९१,
फ्याक्स: ०१-५५३०२२७,
ईमेल: info@radiosagarmatha.org
वेभ: www.radiosagarmatha.org

102.4
रेडियो सगरमाथा

## जिज्ञासा जवाफ

### साविकको ग्रेड के हुने ?

प्राथमिक द्वितीय अथवा निमावि द्वितीय श्रेणीमा कार्यरत शिक्षक शिक्षक सेवा आयोगको खुला प्रतिस्पर्धाबाट क्रमशः निमावि तृतीय र मावि तृतीय श्रेणीमा सिफारिश भएको अवस्थामा निजले साविकको पदमा खाइपाई आएको ग्रेड सुविधा कायम रहन्छ कि रहँदैन ?

**लीलाप्रसाद शर्मा पौडेल**
**जनता उमावि, कावासोती, नवलपरासी**

*बढुवा प्रणालीबाट माथिल्लो श्रेणीमा पुगेका शिक्षकको हकमा साविकमा पाउँदै आएको तलबमानभन्दा कम नहुने गरी ग्रेड समायोजन गरिन्छ । तर, प्राथमिक द्वितीय वा निमावि द्वितीयबाट खुला प्रतियोगिता अन्तर्गत क्रमशः निमावि तृतीय वा मावि तृतीय श्रेणीको नियुक्ति पाउने शिक्षकले भने पछिल्लो तह/श्रेणीको शुरू तलब/स्केल मात्रै पाउँछन् । साविकको ग्रेड सुविधा पाउँदैनन् ।*

***विदुरराज गिरी***
***उपसचिव, शिक्षा मन्त्रालय***

### कुनैमा 'शिक्षा', कुनैमा 'अध्ययन' !

केही वर्षयता आएर विद्यालय तहको पाठ्यक्रममा 'सामाजिक शिक्षा'लाई 'सामाजिक अध्ययन' बनाइएको छ। 'पूर्व व्यावसायिक शिक्षा' र 'नैतिक शिक्षा'लाई चाहिं यथावत् राखिएको छ । यसरी कुनै पाठ्यक्रम/पाठ्यपुस्तकमा 'शिक्षा' र कुनैमा 'अध्ययन' राखिनुको कारण के होला ?

**गोपाल सिग्देल**
**शुक्र उमावि, ताराताल, बर्दिया**

*पूर्व व्यावसायिक शिक्षा र नैतिक शिक्षा मूलतः व्यावहारिक ज्ञान/सीप र आचरण सम्बन्धी ज्ञान दिने उद्देश्यले तयार गरिएका विषय भएकाले तिनलाई 'शिक्षा' भनिएको हो । तर, सामाजिक अध्ययनमा भूगोल, राजनीतिशास्त्र, इतिहास जस्ता विषयको सामान्य अवधारणा मात्र समेटिएकाले त्यसलाई 'शिक्षा' नराखी 'अध्ययन' भनिएको हो ।*

***गणेशप्रसाद भट्टराई***
***उपनिर्देशक, पाठ्यक्रम विकास केन्द्र***

### 'अल्ट्रासाउण्ड': केलाई भन्ने ?

**कक्षाः ८, विषयः विज्ञान**
**पृष्ठः ५१, (पुनर्मुद्रण–२०६६)**

माथि उल्लिखित पृष्ठमा 'अल्ट्रासाउन्डको व्यावहारिक प्रयोग' शीर्षकको अनुच्छेदको चौथो पंक्तिमा 'समुद्रको गहिराइ नाप्ने यन्त्र फ्याथोमिटर (fathometer)मा ५० हर्जको अल्ट्रासाउण्ड निस्कन्छ' भन्ने लेखिएको छ । के फ्याथोमिटरले छोड्ने जुनसुकै तरङ्गलाई पनि अल्ट्रासाउण्ड नै भनिन्छ? वा ५० हर्जको ठाउँमा ५० किलो हर्ज हुनुपर्ने हो ?

**नरेशराज जोशी**
**सेतीगाउँ उमावि, ककरपाखा, बैतडी**

*२० किलोहर्जभन्दा बढी आवृत्ति भएको तरङ्गलाई चाहिं 'अल्ट्रासाउण्ड' भनिन्छ। 'फ्याथोमिटरमा ५० हर्जको अल्ट्रासाउण्ड निस्कन्छ' भनी पुस्तकमा लेखिएको वाक्यांश त्रुटिपूर्ण छ । त्यसमा ५० किलोहर्ज हुनुपर्ने थियो। यसलाई सोही अनुरुप पठनपाठन गर्न/गराउन अनुरोध छ ।*

***डम्बरध्वज आङदेम्बे***
***पाठ्यक्रम अधिकृत, पाठ्यक्रम विकास केन्द्र***

### नियम विपरीत प्रअ तोकियो

म प्राथमिक द्वितीय श्रेणीको शिक्षक हुँ । मेरो कार्य अनुभव २२ वर्ष भयो । मैले शैक्षिक तालिम केन्द्र, इनरुवाबाट एकमहीने प्रअ व्यवस्थापन तालिम पनि लिएको छु। तर म कार्यरत विद्यालयको व्यवस्थापन समितिको सिफारिशमा जिशिकाले अस्थायी शिक्षकलाई प्रअ तोकेको छ । यो नियम विपरीत भएन र ?

**जयबहादुर घिमिरे**
**शिशुरक्षा प्रावि, पावाखोला, संखुवासभा**

*शिक्षा नियमावलीले वरिष्ठतालाई पहिलो प्राथमिकता दिनुपर्ने कुरा स्पष्ट पारेको छ । शिक्षा मन्त्रालय तथा शिक्षा विभागबाट प्रअ नियुक्तिमा भएका अस्पष्टतालाई सुल्झाउने गरी ७५ वटै जिशिकामा पत्राचार पनि गरिसकिएको छ। स्थायी र तालिमप्राप्त शिक्षकलाई पन्छाएर अस्थायीलाई प्रअ तोक्नु नियम विपरीत हो ।*

***लक्ष्मणप्रसाद बस्याल***
***शाखा अधिकृत, शिक्षा विभाग***

### बजेट नपुगेर बढ तलब नदिएको

म प्राथमिक तहको राहत शिक्षक हुँ। २०६६ साउनदेखि २०६७ असार मसान्तसम्मको बढ तलब/भत्तामध्ये दुई किस्ता गरी जम्मा रु.२०,५५० मात्र दिइयो । बाँकी रकम हालसम्म पनि पाइएको छैन। अन्य जिल्लाका राहत शिक्षकले पूरै बढ तलब पाइसकेको स्थितिमा कैलालीका शिक्षकलाई चाहिं किन नदिइएको हो ?

**हुकुमबहादुर साउद**
**जनकल्याण निमावि, निगाली–१, कैलाली**

### सञ्चय कोषबारे मेरो द्विविधा

विद्यालयले कर्मचारी सञ्चय कोषमा कट्टी गरी पठाएको रकम कति-कति महीनामा शिक्षकको खातामा जम्मा हुन्छ? उक्त रकम जम्मा भयो वा भएन भनी थाहा पाउन के गर्नुपर्छ? कति वर्ष स्थायी सेवा अवधि पुगेपछि कोषबाट रकम झिक्न पाइन्छ ?

**सुवासचन्द्र मल्ल (ठकुरी)**
**गवै मावि, कुमरोज–३, चितवन**

*कति-कति महीनामा रकम जम्मा हुन्छ भन्ने कुरा विद्यालयमै निर्भर हुन्छ । तथापि, चौमासिक तलब निकासा भएपछि एकमुष्ट रूपमा जम्मा गर्ने अभ्यास रहँदै आएको पाइन्छ। आफ्नो विद्यालयको लेखापालमार्फत ब्याङ्क स्टेटमेन्ट वा भौचर विवरण मागेर सञ्चय कोषको खातामा जम्मा भए/नभएको थाहा पाउन सकिन्छ ।*

***रमाकान्त शर्मा***
***जिशिअ, चितवन***

*कम्तीमा दुई वर्षदेखि नियमित रूपमा सञ्चय कोषमा रकम जम्मा गरेका शिक्षकले विशेष सापटी, घर सापटी र शैक्षिक कर्जा लिन पाउँछन् । तर, कोषमा जम्मा भएको रकम चाहिँ सेवाबाट अवकाश पाएपछि मात्रै झिक्न पाइन्छ ।*

***राजेन्द्र काफ्ले***
***प्रमुख, सञ्चयकर्ता सेवा तथा सुविधा विभाग***
***कर्मचारी सञ्चय कोष***

*आ.व. २०६६/६७ मा बजेट नै अपुग भएका कारण राहत शिक्षकहरूलाई बढेको तलब/भत्ता दिन सकिएको थिएन। बढ तलब भुक्तानीका निम्ति अझै करीब रु.१ करोड २४ लाख अपुग छ। हामीले शिक्षा विभागसँग आवश्यक रकम माग गरेका छौं। विभागबाट रकम आएपछि यसै असार मसान्तभित्र राहत शिक्षकहरूलाई बढ तलब भुक्तानी गर्ने हाम्रो योजना छ।*

***बालकृष्ण जोशी***
***लेखा अधिकृत, जिशिका, कैलाली***

## परीक्षाफल के हुन्छ ?

त्रिवि; शिक्षाशास्त्र संकायको पुरानो पाठ्यक्रम अन्तर्गत २०६८/०१/१४ मा सञ्चालित परीक्षा 'नेपालको आधुनिक इतिहास' (कोड नम्बर ३०२) विषयको हुनुपर्ने थियो। तर, सबै प्रश्न 'नेपालको प्राचीन तथा मध्यकालीन इतिहास (३०१)' बाट सोधिएका थिए। परीक्षा शुरू हुनासाथ मैले क्याम्पस प्रमुखलाई यसबारे जानकारी गराएँ। उहाँले त्रिविमा सम्पर्क गर्नुभयो। त्रिविबाट 'प्राप्त भएको प्रश्नबाट परीक्षा दिन लगाउने र विद्यार्थीलाई समस्या दर्शाई निवेदन लेख्न लगाई क्याम्पसले लेखी पठाउने' भन्ने जानकारी आएपछि सोही प्रश्न (३०१)कै आधारमा परीक्षा सञ्चालन भयो। अब सोही उत्तरपुस्तिकालाई आधार मानेर मेरो परीक्षाफल आउँछ वा यसको पुन: परीक्षा लिइनेछ ?

**केशवप्रसाद अधिकारी**
**शिक्षा क्याम्पस, सुर्खेत**

*त्यस्तो त्रुटि भए/नभएकोबारे हामी छानबिन गर्नेछौं। यदि परीक्षा नियन्त्रण कार्यालयकै कारणले त्यस्तो त्रुटि भएको रहेछ भने सबै परीक्षार्थीलाई पुन: परीक्षा दिन पाउने व्यवस्था गरिनेछ।*

***रमेशकुमार जोशी***
***सहनियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय***

## 'एक' किन आउँदैन ?

कक्षा ९ र १० को त्रिकोणमिति अभ्यासमा $\tan\theta \times \cot\theta = 1$ हुन्छ। यसमा θ को मान जुनसुकै कोण लिंदा पनि 1 हुन्छ तर, 90° लिंदा चाहिं किन 1 आउँदैन ?

**विश्वमणि सुवेदी**
**कुटीडाँडा उमावि, मकैवारी, दोलखा**

*गणितमा दुई वटा क्रिया गर्न पाइँदैन। एउटा ऋणात्मक संख्याको वर्गमूल, वास्तविक संख्या (Real Number) लिन पाइँदैन। अर्को शून्यले कुनै पनि संख्यालाई भाग गर्न मिल्दैन। जुन गणितका स्थापित सिद्धान्त हुन्। तपाईंले भने जस्तो θ को मान 90° लिंदा 1 नआउनु चाहिँ दोस्रो कारणसँग सम्बन्धित छ। जस्तै:*

$$\tan\theta \times \cot\theta = 1$$

$$\text{or,}\quad \frac{\sin\theta}{\cos\theta} \times \frac{\cos\theta}{\sin\theta} = 1$$

*अब,* $\theta = 90°$ *लिंदा,*

$$\frac{\sin 90°}{\cos 90°} \times \frac{\cos 90°}{\sin 90°}$$

$$\frac{1}{0} \times \frac{0}{1}$$

*यसैगरी θ को मान 270° लिंदा पनि सोही परिमाण आउँछ।*

***कृष्णप्रसाद पोखरेल***
***गणित प्रशिक्षक, गोरखा***

## 'नन-क्रेडिट'को निम्ति के गर्नुपर्ला ?

मैले २०६६ सालमा पद्मकन्या विद्याश्रम उमावि, डिल्लीबजार, काठमाडौंबाट मूल विषय अंग्रेजी राखेर शिक्षाशास्त्रतर्फ कक्षा ११ र १२ उत्तीर्ण गरेको छु। अब मैले गणित र नेपाली विषयमा कक्षा ११ र १२ को 'नन-क्रेडिट' परीक्षा दिन पाउँछु कि पाउँदिनँ ? त्यसका प्रक्रियाहरू के छन् ? साथै, एकै वर्ष नेपाली र गणित दुवैको परीक्षा दिन पाइन्छ कि पाइँदैन ?

**पृथ्वीमाया तामाङ**
**जनता उमावि, कोलन्जर, रामपुर-२, रामेछाप**

*उच्चमाध्यमिक शिक्षा परिषद्को परीक्षा आवेदन खुलेको बेला 'नन-क्रेडिट' विषयका निम्ति आवेदन भर्न सकिन्छ। तर तपाईंले पद्मकन्या विद्याश्रम उमावि, डिल्लीबजारबाट मात्रै आवेदन दिन पाउनुहुन्छ। एकै वर्ष दुई वटा विषयको 'नन-क्रेडिट' परीक्षा दिन पाइँदैन। तपाईंले नेपाली वा गणितमध्ये एउटा विषयमा मात्रै परीक्षा दिन पाउनुहुन्छ।*

***निर्मलराज पाण्डे***
***उपनियन्त्रक, उच्चमाध्यमिक शिक्षा परिषद्***

## काटिएको तलब के हुन्छ ?

आफ्नो सञ्चित बिदा सकिएको शिक्षकले बिदामा बस्दा उसको तलबबाट कट्टा गरिन्छ। त्यसरी काटिएको तलब कसले कहाँ जम्मा गर्छ वा चलाउँछ ? साथै, तलब काटिएको शिक्षकलाई कतिको भर्पाइ गराइन्छ ?


**सन्तोष राई**
**लक्ष्मी मावि, काहुले-२, खोटाङ**

*बिदा सकिएको शिक्षक बिदामा बसेको अवस्थामा अनुपस्थित दिनलाई गयल मानिएको जानकारी सम्बन्धित विद्यालयले जिशिकालाई दिन्छ। त्यही जानकारीको आधारमा गयल दिनको तलब कट्टा गरिन्छ। काटिएर बाँकी रहेको रकम जिशिकाले फ्रिज गर्छ र अर्थ मन्त्रालयको सञ्चित कोषमा फिर्ता पठाउँछ। शिक्षकले गयल दिन बाहेक उपस्थित भएको दिनको जति तलब पाउँछ, त्यति नै रकम बराबरको भर्पाइ बनाइन्छ।*

***सुरेश श्रेष्ठ***
***लेखापाल, जिशिका, खोटाङ***

**sms प्रतिक्रियाका लागि**
**jj<space>5006**

**नोट:** पाठ्यपुस्तकसँग सम्बन्धित जिज्ञासा पठाउनुहुने पाठकहरूले पाठ्यपुस्तकको संस्करण मिति पनि खुलाइदिनुहोला। साथै सम्भव भएसम्म आफ्नो टेलिफोन नं. पनि उल्लेख गरिदिनुहुन अनुरोध छ। **–सं.**



**शिक्षक र अभिभावकको मात्र होइन, विद्यार्थीहरूको समेत मन छुने किताब *दिवास्वप्न* सर्वत्र उपलब्ध छ।**

सम्पर्क
**शिक्षक मासिक**
पो.ब.नं. ३९१, जावलाखेल, ललितपुर
फोन: ५५४३२५२, ५५४८१४२
इमेल: mail@teacher.org.np


नागरिक
भाग्यmoney घर धनी अफर
बम्पर उपहार
एक जनालाई काठमाडौं नयाँ बानेश्वरनजिक बागमती अपार्टमेन्टमा
२ बेडरुम अपार्टमेन्ट
हरेक महिना
TATA Nano कार र Mahindra Rodeo 125 स्कुटर एक एक जनालाई
nano
हरेक साता
LG को Refrigerator, Micro-Wave oven र Washing Machine एक एक जनालाई
LG
Life's Good
हरेक दिन
Maxx Mobile र D.light Solar Light एक एक जनालाई र शुक्रवार
साप्ताहिकको अर्धवार्षिक ग्राहक र Digicom Stand Fan तीन तीनजनालाई
शुक्रवार
MAXX
D.Light S10 Solar Light
DIGICOM
हरेक क्षण
हरेक ग्राहकले पाउनुहुनेछ हात खाली नजाने स्क्र्याच कुपन भित्र लाखौंका
उपहार
D.Light S10 Solar Light
Rechargeable LED Light with remote control
रजिष्टर गर्नका लागि CIR टाइप गरी ५२२५ मा एस.एम.एस. गर्नुहोला।
यो सेवा नेपाल टेलिकममा मात्र उपलब्ध छ।
हामी आउँदैछौं तपाईको घरदैलोमा फेरि एक पटक
थप जानकारीका लागि
नेपाल रिपब्लिक मिडिया प्रा.लि.
जे.डि.ए. कम्प्लेक्स, बागदरबार, काठमाडौं
फोन: ०१-४२६८६५६, ४२६५१०० (Ext. २०४/२०५), इमेल: circulation@nagariknews.com
Nepal Republic Media
नोट : वार्षिक ग्राहक यी सबै योजनामा सहभागी हुन पाउनेछन्।
अर्धवार्षिक ग्राहक बम्परबाहेक अन्य योजनामा सहभागी हुन पाउनेछन्।
त्रैमासिक ग्राहक भने हरेक दिन र हरेक क्षण योजनामा मात्र सहभागी हुन पाउनेछन्।
*सर्तहरू लागू हुनेछ

Real फुर्सद

## शब्द खेल-४५



नामः — — — — — — —

ठेगानाः — — — — — — —


**तेर्सो**

२) माफी
५) आफूभन्दा कान्छो व्यक्तिलाई स्नेहले सम्बोधन गरिने शब्द
७) जमिनको लम्बाई नाप्दा दुई माइल लामो परिमाण
९) सार्क मुलुकमध्ये एक
१२) आकाश/नभ
१३) भित्र आलु हाली बनाइएको एक प्रसिद्ध नुनिलो रोटी/सिंगाडा
१५) बोट-विरूवाको माटामनि पसेर भोजन लिने अवयव
१६) अप्ठ्यारो परिस्थिति आइपर्दा हुने मानसिक ताप
१७) खेल, युद्ध आदिमा हार्ने
१८) चार युगमध्ये पहिलो
१९) वेदका मन्त्रहरूको सङ्ग्रह गर्ने पुराणप्रसिद्ध एक ऋषि
२०) अर्कालाई लगाइने बिनसित्तिको दोष
२१) गाउने मान्छे/वस्ताज; २३) हैजा, प्लेग आदि सङ्क्रामक रोग
२६) एक प्रकारको रक्सीको नाम; २८) त्रास/भय; २९) जीउ/शरीर

**ठाडो**

१) खानेकुरा नखाएको
३) कडा/जङ्गी
४) एक प्रकारको खनिज धातु
६) लेनदेनमा गरिने सत्यता/सच्चाइ
८) नअडिईकन/फटाफट
१०) गढ/दुर्ग/गढी
११) ठूलो दमाहा/डङ्का
१४) हिम्मत; १५) कसैको प्रश्नको उत्तर; १८) देश वा राज्यको शासनमण्डल
१९) कसरत; २१) विष्णुको वाहन; २२) जननी; २४) भवनको चौघेरा
२५) कुनै कामकुरा गर्ने युक्ति/प्रथा/रीति; २७) शरीरबाट निस्कने विकार/खाद

## अन्ताक्षरी-४५




नामः — — — — — — — — — —

ठेगानाः — — — —

१) छिनमा देखिने र छिनमा वेपत्ता हुने चाल (६)
२) झुरिएको वस्तु समाउँदा वा चपाउँदा भाँचिएर आउने शब्द (६)
३) बीचको/मझौला (३)
४) चलिरहेको कुनै कार्यक्रम स्थगित राखेर केही छिनका लागि गरिने विश्राम (४)
५) रक्तसंचारको वेग वा गति (४)
६) अर्कालाई खूबसंग सताउने व्यक्ति (५)
७) योद्धाहरूले लगाउने धातुको भोटो (३)
८) चातुर्य/बठ्याइँ/चलाकी (४)
९) मुद्दा बहस हुँदा न्यायाधिश बस्ने ठाउँ (४)
१०) अरूसित राय मिलेको (४)
११) भएजति सबै/सम्पूर्ण (३)
१२) मुर्दा जलाउने वा गाड्ने ठाउँ (५)
१३) धूलो आदि झार्न झट्कारिनु (५)
१४) नुनको स्वाद भएको (३)

**शब्दखेल-४३ को सही उत्तर**

तेर्सो : १) इनार ३) विकास ६) जरायो ७) जापान ८) लास १२) लघु १४) बहस १५) दास १७) रमा २२) बडाबा २३) पिराहा २४) बदला २५) नियत
ठाडो : १) इजरायल २) रजस्वला ३) बियोग ४) सजात ५) रौनक ९) सबल १०) असर ११) गदा १३) घुन १६) सहुलियत १८) मानहानि १९) अबला २०) दबाब २१) कोपिला ।

**अन्ताक्षरी-४३ को सही उत्तर**

१) घतघत २) तकदिर ३) रसबस ४) सजावट ५) टनटन ६) नराधम ७) मनमोहक ८) कठपाउलो ९) लोकप्रिय १०) यतिन्जेल ११) लठेउरो १२) रोगाहा १३) हारगुहार १४) रनबन १५) नजिर ।

Real Fruit Power Contest
जिन्दगी रमाउँछ !
फ्रुट पावरले जिताउँछ ।
www.realfruitpowercontest.com

# Real फुर्सद



## सुडोकु-४५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ९ | २ | १ | | |
| | | १ | ३ | | | ६ | | |
| ५ | ९ | | | | | | ४ | |
| १ | | | | ७ | | | ६ | |
| ९ | | | १ | | ५ | | | ७ |
| | ७ | | | ६ | | | | ४ |
| | ५ | | | | | | ८ | ९ |
| | | ३ | | | ९ | ७ | | |
| | | ९ | ६ | ८ | | | | |

नाम: __________

ठेगाना: __________

## सुडोकु-४३ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | २ | ३ | ४ | ८ | ५ | ७ | ६ | १ |
| ५ | ६ | ८ | ९ | १ | ७ | २ | ३ | ४ |
| ७ | ४ | १ | २ | ३ | ६ | ५ | ८ | ९ |
| ६ | ८ | ९ | ७ | ४ | ३ | १ | ५ | २ |
| ४ | १ | २ | ५ | ९ | ८ | ६ | ७ | ३ |
| ३ | ५ | ७ | १ | ६ | २ | ९ | ४ | ८ |
| १ | ३ | ५ | ८ | ७ | ९ | ४ | २ | ६ |
| २ | ९ | ६ | ३ | ५ | ४ | ८ | १ | ७ |
| ८ | ७ | ४ | ६ | २ | १ | ३ | ९ | ५ |






## सही समाधान पठाउने सहभागी र पुरस्कार विजेता

**शब्दखेल-४३: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *अरूणा खतिवडा,* कान्तिपुर विद्या सदन, बुधबारे-७, झापा**

**सही समाधान पठाउने अन्य सहभागी**

- फाल्गुना दाहाल, नवदुर्गा प्रावि, धनगढी न.पा.-१२, कैलाली
- सरिता पोखरेल, बरूणेश्वर निमावि, बरूण, सिन्धुली
- राम कु. श्रेष्ठ, भिमेश्वर निमावि, रामेछाप-५, रामेछाप
- गुप्त ब. भण्डारी, महेन्द्र निमावि, मलम्पार, म्याग्दी
- विमल प्र. देवकोटा, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- वीरसिंह बमाल, लटीनाथ प्रावि, बरमुडे, दार्चुला
- प्रेमलाल चौधरी, नेपाल उमावि, विश्रामपुर, रौतहट
- खड्गराज कार्की, गुदेल मावि, गुदेल-४, सोलुखुम्बु
- राजकिशोर मुखिया, भृकुटी निमावि, डाँडागाउँ-२, काभ्रे
- जनार्दन घिमिरे, भगवती मावि, नुवाकोट
- गंगा भुसाल, नुवाकोट मावि, चिदीचौर, आर्घाखाँची
- हरिनारायण खतिवडा, शारदा संस्कृत मावि, रामेछाप-३, रामेछाप
- मुरारि कु. खतिवडा, सरस्वती उमावि, खानीभञ्ज्याङ, ओखलढुंगाा
- डिल्ली ब. बुढाथोकी, ने.रा. उमावि, रेख, सल्यान
- कमल सुब्बा, कुरूले तेनुपा-५, धनकुटा
- पुष्पलक्ष्मी शाह, धुम्रबराह मावि, धुम्बाराही, काठमाडौं
- रिमा कु. अधिकारी, जनज्योती उमावि, लालबन्दी, सर्लाही
- बासुदेव दाहाल, मदन आश्रित प्रावि, बेगाडावर-७, धनुषा

**अन्ताक्षरी-४३: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *गुमा भुँवाजी लामिछाने,* ज्ञानेन्द्र प्रावि, तिलाहार-९, पर्वत**

**सही समाधान पठाउने अन्य सहभागी**

- अर्जुन ब. लामिछाने, काफलचौर उमावि, दुर्लुङ-८, पर्वत
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- यादव प्र. पौडयाल, वीरेन्द्र नगरपालिका-८, ईत्राम, सुर्खेत
- गंगा भुसाल, नुवाकोट मावि, चिदीचौर, अर्घखाँची
- रन्जिता ए.सी., किसान उमावि, झडेवा-९, पाल्पा
- उदय ब. खत्री, मावि मटेला, सुर्खेत
- सन्तोष गुरूङ, बहादुरे उमावि, भदौरे-१, कास्की
- वासुदेव ढकाल/कुल ब. राई, जनजागृति प्रावि, खोटाङबजार-७, खोटाङ
- राम कु. श्रेष्ठ, भिमेश्वर निमावि, रामेछाप-५, रामेछाप
- कुमार पोख्रेल, राधिका उमावि, उर्लाबारी
- टायन्द्र श्रेष्ठ, सगरमाथा उमावि, ओखलढुङ्गा
- इन्द्र प्र. शर्मा, काफलचौर उमावि, दुर्लुङ, पर्वत
- कृतिका चौधरी, विश्वनिकेतन उमावि, काठमाडौं
- काजी ब. थापा/तीर्थराज गौली/मनु गिरी, सप्तधारा मावि, जीता-८, लमजुङ
- नेत्र ब. के.सी., जनकल्याण उमावि, चिति, लमजुङ
- खड्गराज कार्की, गुदेल मावि, गुदेल-४, सोलुखुम्बु
- आयूष पोख्रेल/शिक्षा पोख्रेल, राम्जाकोट-८, तनहुँ
- जनार्दन घिमिरे, भगवती मावि, पान्डाँडा, अर्घाखाँची
- रमेश विकल, राम्जाकोटा-५, तनहुँ
- खड्ग ब. श्रेष्ठ, झा.रा.-२, बोहोरेटार, सिन्धुली
- विष्णु प्र. पौडेल, कालिका मावि, शारदा बतासे-१, काभ्रे
- मुकुन्द प्र. घिमिरे, बाल उमावि, खनियापानी-३, रामेछाप
- कमल सुब्बा, कुरूले तेनुपा-५, धनकुटा
- शारदा आचार्य, जनज्योती उमावि, लालबन्दी, सर्लाही
- विमल प्र. देवकोटा, जनज्योती उमावि, लालबन्दी, सर्लाही
- शिव प्र. अधिकारी, सरस्वती प्रावि, धियाल-७, मकवानपुर
- हरिनारायण खतिवडा शारदा संस्कृत मावि, रामेछाप-३, रामेछाप
- विष्णु अल्पविराम, नमोबुद्ध उमावि, शंखु-७, काभ्रे
- अरूणा खतिवडा, कान्तिपुर विद्या सदन, बुधबारे-७, झापा
- कान्ति ब. रायमाझी, दुर्गानदी प्रावि, मझुवा-४, रामेछाप
- नारायण प्र. नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- प्रेमलाल चौधरी, नेपाल उमावि, विश्रामपुर, रौतहट
- सुनिता/लिला/विरेन्द्र/लोकेन्द्र/लोकनाथ, महेन्द्र मावि, रसुवा पोखरी-२, उदयपुर
- निर्मल कु. चन्द, दिप्यचक्षु मावि, रूँघा, रूकुम
- रिमा कु. अधिकारी, जनज्योती उमावि, लालबन्दी, सर्लाही
- वासुदेब दाहाल, मदन आश्रित प्रावि, बेगाडावर-७, धनुषा
- सरिता पोख्रेल, बरूणेश्वर निमावि, बरूण, सिन्धुली
- संजय रिसाल, अम्बर ज्यान निमावि, जब्दी-८, सर्लाही
- धरणी प्र. बराल, जनता रा.निमावि, मैनावती, धनुषा
- रामचन्द्र अधिकारी/गोविन्द प्र. अधिकारी, जलकन्या निमावि, बैरेनी-६, धादिङ

## सामान्यज्ञान-४५

१. हाम्रो छिमेकी देश भारतको राष्ट्रिय फल (Fruit) के हो ?
क) भूई कटहर ख) रूख कटहर ग) आँप घ) लिची

२. स्थापनाकालकै नाममा अहिले पनि सञ्चालनमा रहेको संसारको सबैभन्दा पुरानो विमान सेवा कुन हो ?
क) केएलएम (KLM) ख) स्विस एयर
ग) लुफ्ताञ्जा घ) सिंगापुर एयरलाइन्स

३. गिरी, पुरी, भारती, वन, पर्वत, सागर, सरस्वती, अरण्य, तीर्थ र आश्रम समेतका जातीलाई तलको कुन शब्दले सही प्रतिनिधित्व गर्छ ?
क) सन्यासी दशनामी ख) गोरख संप्रदाय
ग) दशनामी घ) जोगी



४. पुतलीका खुट्टा कतिवटा हुन्छन् ?
क) २ ख) ६ ग) ४ घ) ८

५. खैबर घाटी (Khyber pass) मा कुन-कुन देश जोडिन्छन् ?
क) पाकिस्तान र चीन ख) पाकिस्तान र भारत
ग) पाकिस्तान र अफगानिस्तान घ) अफगानिस्तान र रूस

**नाम:** — — — — — — — —

**ठेगाना:** — — — — — — — —

## सामान्यज्ञान-४३ को सही उत्तर

१. हाम्रो मस्तिष्कको निर्माणमा पानीको अंश कति प्रतिशत हुन्छ ?
(ख) ८५ प्रतिशत

२. उदीयमान अर्थतन्त्र भएका मुलुकहरूको समूह (BRICS) को शुरूका राष्ट्रहरूमा ब्राजिल, रसिया, भारत र चीन पर्छन् । उक्त समूहको पाँचौं राष्ट्र चाहिं कुन हो ?
(क) दक्षिण अफ्रिका

३. पृथ्वीमा सबैभन्दा बढी पाइने तत्व (Element) कुन हो ?
(ख) अक्सिजन

४. मान्छेका दाँत सामान्यतः दुईपटक आउँछन् भने हात्तीका दाँत कति पटक आउँछन् ?
(ग) ६ पटक

५. भूकम्प र यसका तरङ्गबारे अध्ययन गर्ने विज्ञानलाई के भनिन्छ ?
(क) सेस्मोलोजी (Seismology)

**सुडोकु-४३: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेता:** ***सुजन कु. मगर,*** **जनता मावि, डुम्रे-१, उदयपुर**

**सही समाधान पठाउने अन्य सहभागी**
- अनुप भट्ट, विदुर न.पा.-७, पिपल्टार, नुवाकोट
- शिव प्र. अधिकारी, सरस्वती प्रावि, धियाल-७, मकवानपुर
- उमेशलाल दास, जनज्योती उमावि, लालबन्दी, सर्लाही
- लिला प्र. शर्मा (पौडेल), जनता उमावि, कावासोती-७, नवलपरासी
- कान्ति ब. रायमाझी, दुर्गानदी प्रावि, मझुवा-४, रामेछाप
- यादव प्र. पौडेल, वीरेन्द्र न.पा.-८, सुर्खेत
- खिमादेवी अधिकारी, जय सन्तोषी माँ प्रावि, हटिया-१, बाग्लुङ
- तुल ब. पुन, भृकुटी प्रावि, राङ्सी, रोल्पा
- टीका प्र. प्रसाई, इन्द्रायणी मावि, आग्रा-१, मकवानपुर
- हरिनारायण खतिवडा, शारदा संस्कृत मावी, रोमेछाप-३, रामेछाप
- विष्णु अल्पविराम, नमोबुद्ध उमावि, शंख-७, काभ्रे
- विष्णु प्र. पौडेल, कालिका मावि, बतासे-१, काभ्रे
- मान ब. बुढा मगर, सिद्धनाथ उमावि, जोगबुडा-३, डडेल्धुरा
- गोविन्द प्र. ढुङ्गाना, भालचन्द्र मावि, न्याले-३, काभ्रे
- श्रवण कु. चौधरी, जनता मावि, दुलारी-८, मोरङ
- फिरिनी कु. चौधरी, जनता मावि, दुलारी-८, मोरङ
- झग ब. क्षेत्री, तिलाचन निमावि, निसी-९, बाग्लुङ
- राजुकाजी बज्राचार्य, भीमोदय उमावि, गोरखा
- छन्द प्र. थपलिया, कुमारीदेवी मावि, ज्याम्रूङ-५, धादिङ
- कमल सुब्बा, कुरूले तेनुपा-५, धनकुटा
- बालकृष्ण श्रेष्ठ, सेतीदेवी प्रावि, बेनी-१, सोलुखुम्बु
- भजुराम के.सी., बागेश्वरी उमावि, बैरेनी, धादिङ
- चुर्ण प्र. भण्डारी/प्रदिप कु. श्रेष्ठ, ने.रा. उमावि, रेख, सल्यान
- हेमनाथ पराजुली, सिंहबाहिनी प्रावि, हेलौछा-५, भोजपुर
- खड्गराज कार्की, गुदेल मावि, गुदेल, सोलुखुम्बु
- गणेशमान सिंह ठकुरी, मालिका मावि, मटेला-३, सुर्खेत
- टेकराज न्यौपाने, सत्यवतीदेवी निमावि, भानु-५, तनहुँ
- फाल्गुना दाहाल, नवदुर्गा प्रावि, धनगढी न.पा.-१२, कैलाली
- डिकधन कुलुङ, सगरमाथा मावि, बुङ्-४, सोलुखुम्बु
- नेत्र ब. के.सी., जनकल्याण उमावि, चिती, लमजुङ
- कृतिका चौधरी, विश्वनिकेतन उमावि, काठमाडौं
- हेम प्र. भट्टराई, भानु निमावि, हत्पते-४, सिन्धुली
- जनार्दन घिमिरे, भगवती मावि, पान्डाँडा, अर्घखाँची
- वीरसिंह बगाल, लटीनाथ प्रावि, बरमुडे, दार्चुला
- खड्ग ब. कुँबर, महादेव प्रावि, चौवास-३, काभ्रे
- विनोद भट्टराई, अमरज्योती मावि, घाँसिकुवा-८, तनहुँ
- ओम प्र. पौडेल, निमावि, जगन्नाथपुरी, चितवन
- राम कु. श्रेष्ठ, भिमेश्वर निमावि, रामेछाप-५, रामेछाप
- संजय रिजाल/बाबुराम बराल, अम्बरज्यान निमावि, जब्दी-८, सर्लाही
- उदय ब. खत्री, मालिका मावि, मटेला-३, सुर्खेत
- गोविन्द प्र. अधिकारी/रामचन्द्र अधिकारी, जनकन्या निमावि, बैरेनी-६, धादिङ
- प्रेमलाल चौधरी, नेपाल उमावि, विश्रामपुर, रौतहट
- विमल प्र. देवकोटा, जनज्योती उमावि, लालबन्दी, सर्लाही
- गंगा भुसाल, नुवाकोट मावि, चिदीचौर, अर्घखाँची
- सरिता तिम्सेना, भाषा निमावि, वडाका दियाले-५, खोटाङ
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- मदन अधिकारी/सुमन सुनुवार, कञ्चनजंघा निमावि, मेचीनगर-१३, झापा

**सामान्यज्ञान-४३: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेता:** ***अनुराग लामिछाने,*** **तिलाहार-७, रातमाटा, माझगाउँ, पर्वत**

**सही समाधान पठाउने अन्य सहभागी**
- इन्द्र प्र. शर्मा, काफलचौर उमावि, दुर्लुङ-८, पर्वत
- गुमा भुँवाजी लामिछाने, ज्ञानेन्द्र प्रावि, थार्माजुङ, पर्वत
- जनार्दन घिमिरे, भगवती मावि, पान्डाँडा, अर्घाखाँची
- राजन गौतम, वीरेन्द्र न.पा.-७, ईत्राम, सुर्खेत
- यादव प्र. पौड्याल, वीरेन्द्र न.पा.-८, ईत्राम, सुर्खेत
- गंगा भुसाल, नुवाकोट मावि, नुवाकोट, अर्घखाँची

**नियम:** *शब्दखेल, अन्ताक्षरी, सुडोकु* र *सामान्यज्ञान* को सही समाधान पठाउनुहुने पाठकमध्ये गोलाप्रथाबाट छानिएका एक/एक जना विजेतालाई एक वर्षसम्म *शिक्षक* मासिक नि:शुल्क (हुलाक खर्चसहित) उपलब्ध गराइनेछ । यस अंकका प्रश्नको जवाफ/समाधान **२० साउन २०६९** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ । **जवाफ पठाउने ठेगाना:** ***शिक्षक*** मासिक, पूर्णचण्डी मार्ग, जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर ।

***पुनश्च:*** *सहभागीहरूले पत्रिकाको 'कटिङ' अनिवार्य पठाउनुपर्नेछ । फ्याक्स, फोटोकपी, इमेल तथा अर्को कागजमा सारेर पठाएको समाधान मान्य हुने छैन ।*

आलोपालो



खेमराज नेपाल

# हामी कस्ता ?



“हामी खान पनि जान्दैनौं। भान्सामा काम गर्नेले घण्टौं लगाएर अलग अलग भात, दाल, विभिन्न तरकारीको परिकार बनाएर अलग अलग नै थाल, कचौरा, रिकापीहरूमा दिएको हुन्छ। हामी चाहिं स्वाट्ट एकै ठाउँमा खन्याएर मुछेर गाम्मगुम्म पार्छौं। खान पनि पेट कस्सियो भनेर इजार वा पेटी खुकुल्याएर खाने चलन छ। सबै एकै ठाउँमा मुछ्ने भए एकै भाँडोमा पकाउन लगाउनु नि ? समय र सामानको बचत त हुन्थ्यो। चिनियाँ परम्परामा दुई/तीन घण्टा लगाएर पकाएको परिकार पाँच/सात मिनेटमा गाम्मगुम्म पार्नुभयो भने पकाउनेले नै गाली गर्छ। जसरी पकाउनमा समय लाग्यो, त्यसरी नै अलग अलग परिकारको स्वाद लिएर खानुपर्छ। तर हामी चाहिं खाने होइन, खन्याउने गर्छौं।

हाम्रो आदत खराब छ। सभा/बैठकमा बसेर कुरा गर्दा चोर औंलाले नाक कोट्याउँछौं, कान्छी औंलाले कानको कानेगुजी निकाल्छौं, ख्वाक्क खोक्छौं र खकार आए निल्छौं वा ग्यालबाट बाहिर प्याच्च थुक्छौं, नाक नछोपी छ्यूँ गर्छौं। 'हो' भनेर तलमाथि टाउको हल्लाउनुपर्नेमा 'होइन'को पारामा दायाँबायाँ टाउको हल्लाउँछौं। राम्रो लागे एक आँखा झिम्क्याउँछौं। औंलाले देखाएर कुरा गर्छौं, सुपारी टोक्दै वा खैनी खाँदै वा पान खाँदै वा झुसिलो डकार्दै कुरा गर्छौं। मुख खोलेर चपाउँछौं, खाँदा सप्प्राङसुप्रुङ आवाज निकाल्छौं। थुक लगाएर किताबको पाना पल्टाउँछौं, नोट गन्दा पनि थुक लगाउँछौं। मन नपरेको मानिसलाई अरूकै अगाडि गाली गर्छौं। ढल थुनिने गरी प्लाष्टिक, ईंटा, बालुवा, फलफूलका बोक्रा, चुइङ्गम, कसिङ्गर बाटामा फाल्छौं। घरको फोहोरमैला बढारेर वा पखालेर बाटामा हालिदिन्छौं। दह्राखराबीचको वादविवादमा परियो भने दुवैतिर दोधारे कुराले चोसोमोसो मिलाएर ठिक्क पार्ने र दम लुकाएर सुईंकुच्चा ठोक्ने गर्छौं। नराम्रै गरे पनि आफ्नो काम वा कुरालाई माथि पार्नु, अप्ठ्याराबाट भाग्नु, जिम्मेवारीबाट पन्छिनु, दुःख परेकाबाट तर्किनु हाम्रो विशेषता हो। ठीकलाई ठीक र बेठीकलाई बेठीक भन्न सक्दैनौं। यी माथि भनिएका आदत, बानी, व्यहोरा, चालचलन अधिकांश घरमा विद्यमान छन् र सार्वजनिक ठाउँमा प्रतिबिम्बित भइरहेका हुन्छन्।

प्रत्येक घरबाटै हेपिने, दलिने, जोतिने प्रवृत्ति एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएको छ। हामीले हाम्रा साना केटाकेटीलाई सहज र ठीक हुने गरी केही पनि बनाइदिंदैनौं। घरभित्र सुत्ने खाट होस् वा बस्ने टेबुल कुर्सी हुन्, खोपादराज हुन् वा ओढ्ने ओछ्याउनेहरू हुन्, खाने थाल, ग्लास, कचौरा हुन् वा सजिसजावटका सामान हुन्– ठूला मान्छेले भोगचलन वा प्रयोग गर्ने गरी बनाउँछौं, किन्छौं। केटाकेटीलाई सानैदेखि त्यस्ता कुराको प्रयोग गर्न संघर्षमा होमिदिन्छौं। विचराले संघर्ष गर्दै जाँदा कति बिगार्छ, भाँच्छ, फुटाउँछ, मैलाउँछ, च्यात्छ, अरु ऊ आफैं लडेर चोटपटक समेत लगाउँछ। अनि उसैलाई सक्दो गाली गर्छौं, गाला चड्काउँछौं, कान उखेल्छौं, छडी लगाउँछौं। कति बच्चाले त यस्तै कसुरमा शौचालयमा थुनिनुपर्छ। नील डाम बस्ने गरी कुटाइ खानुपर्छ। यसरी नजानिंदो गरी केटाकेटीलाई आमाबाबु वा ठूलाबडासँग शुरूदेखि नै रीस उठाउने, रीस प्रकट गर्ने, निराश हुने वा प्रतिवाद गर्ने बनाउँछौं। त्यसैले आमाबाबु वा घरका ठूला मान्छे कतै चिप्लिए, ठोक्किए वा लडे भने त्यो देखेर केटाकेटीहरू मरीमरी हाँस्छन्। त्यस्तो दृश्यले अनायासै उनीहरूले बदला लिएको ठान्छन्।

अर्काको दोष र अर्घेल्याईं खोतल्न हामी खप्पिस छौं। अर्को कुनै व्यक्तिलाई पात्र बनाएर उसका बारेमा घण्टौं कुरा गर्नु हाम्रो बानी परिसकेको छ। अर्कोले 'यसो पो भन्यो' भनेर कुरा सुनाइहाल्यो भने त्यसबाट बाह्रसत्ताइस कुरा बनाउँछौं, कुरा काट्छौं। हो होइन भनेर उसैसँग सोध्दैनौं। विना सोच प्याट्ट बोल्ने हाम्रो बानी छ। झूटो बोल्यो अनि झूट छोप्न अरू बनावटी कुरा गऱ्यो। अर्काको जमिनको साँध मिच्दा, नापजोखमा अर्कालाई अलिकता ठग्दा, झुक्याएर अरूलाई कुनै कुरामा फसाउँदा, बकमफुसे कुराले अर्कालाई 'हो' भन्ने पार्दा आफूलाई अक्कल भएको बाठो सम्झन्छौं। समाजमा आफ्नै हैकम छ र अर्को छिमेकी आफू बराबर भयो वा उछिन्न खोज्यो भने उसको डाह गर्छौं, खबरदारी गर्छौं र उसका परिवारले गरेका कुराको खिसिटिउरी गर्दै तल पार्छौं।

घरको राखनधरन झन् हाँसउठ्दो हुन्छ। कुनै कुरा थोत्रो भयो, बिग्रियो, काम लागेन भने बनाउनु वा फाल्नुको सट्टा एउटा कुनामा वा दराजमा थुपारेर राख्छौं। पुराना लुगा त्यसैगरी राखेको हुन्छ। चारैतिर माकुराको जालो, धूलो, फोहोरमैला भरिभराउ हुन्छ। घरको कुनाकाप्चादेखि सिलिङ, फ्यान, बिजुलीको वल्ब, स्वीच जम्मै कालै हुन्छन्। ल्याङफ्याङ पारेर झुण्ड्याइएका हुन्छन् झ्तासत्ता। शहरका घरभित्र ट्वाइलेट छ, परै गन्हाउँछन्। गाउँहरूमा रछ्यान र बाटो दुवै गन्हाउँछ। यी माथि विवेचना गरिएका कुराहरू सरकारी कार्यालयको भौतिक स्थिति, कार्यालयभित्र गरिने काम कारबाही र कर्मचारीको बानी व्यहोरासम्म प्रतिबिम्बित भइरहेको पाइन्छ।”

*(पूर्वसचिव नेपालको प्रकाशोन्मुख पुस्तक 'समाज, संस्कार र शासन'बाट साभार।)*



WORLDLINK
Nationwide Network
Internet and Data Connectivity Network
connecting everyone, anywhere, all the time
www.worldlink.com.np
Presence in 58 Districts
With WorldLink Data Connectivity service, I am managing all my regional offices from the convenience of my chair.
Mr. Resta Jha
CEO, PrimeLife
Connect your offices using WorldLink's Nationwide Data Network to improve enterprise productivity.
SERVER ACCESS
Get real-time server access to centralized enterprise software
REMOTE SURVEILLANCE
Monitor and view your remote offices live
DATA TRANSFER
Transfer sensitive files and data securely and instantly
VOICE
Eliminate STD charges by calling remote offices for free using VoIP
SERVICES
| Internet | IP MPLS | VoIP | IPLC | C/DWDM | Web Hosting | Datacenter & Co location |
HEAD OFFICE Jawalakhel Lalitpur, Tel: 5523050 or 5545814 PO Box 8207, Nepal Fax: +977-1-5529403 Email: sales@worldlink.com.np


YAMAHA
बल्ल चित्त
बुझ्यो !
Mileage 72 KMPL
125CC
म.क्षे.हु.नि. द.नं. २४/०६८/६९
पिकअप र पावर यति राम्रो
उकालोमा पनि चित्त बुझ्यो !
YBR125
MAW
M.A.W. Enterprises Pvt. Ltd., Tripureshwor, Kathmandu: 01-4261160, 4268252